महास्मृतिप्रस्थान सूत्र

पालि, शब्दार्थ र अभिप्राय

मूल लेखक
महास्थविर महाशी सयादो
अग्गमहापण्डित

अनुवादक (नेपाल भाषा)
भिक्षु ज्ञानपूर्णिक महास्थविर (धम्माचरिय)
अग्गमहापण्डित

अनुवादक (नेपाली भाषा)
संगिता धाख्वा
परियत्ति सद्धम्म कोविद

पुस्तकको नाम : **महास्मृतिप्रस्थान सूत्र**
पालि शब्दार्थ र अभिप्राय

प्रकाशक : बाबुकाजी शाक्य
चाकुपाट, ल.पु.

मूल लेखक : महास्थविर महाशी सयादो 'अग्गमहापण्डित'

नेपाल भाषा अनुवादक : भिक्षु ज्ञानपूर्णिक महास्थविर 'धम्माचरिय'

नेपाली भाषा अनुवादक : संगिता धाख्वा 'परियत्ति सद्धम्म कोविद'

सर्वाधिकार : अनुवादकमा

प्रकाशन : १००० प्रति

प्रकाशन मिति : बु.सं. २५६६
वि.सं. २०७९
ने.सं. ११४३
ई.सं. २०२२

धर्मदान

मुद्रण : आइडियल प्रिन्टिङ्ग प्रेस
ग्वार्को, ललितपुर, फोनः ५४५०५२२

नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स

अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्रको नयाँ धम्महल भवनमा प्रतिस्थापित बुद्ध प्रतिमा

दाताः

बाबुकाजी शाक्य सपरिवार, चाकुपाट

दुई शब्द

"महासतिपट्ठान सुत्त" "महास्मृतिप्रस्थान सूत्र" मूल पालि, पालिको नेपाल भाषामा शब्दार्थ, अनि कुनै कुनै शब्दको भित्री अर्थ प्रष्फुटन गर्ने अभिप्राय भएको यस ग्रन्थको आफ्नै पहिलो स्थान छ। 'सतिपट्ठान' जस्तो विषयमा यसरी मूल पालि, शब्दार्थ र अभिप्राय भएको ग्रन्थ प्रकाशन हुनु निर्वाण मन पर्नेहरूको निम्ति ठूलो प्रीतिको विषय हुन्छ।

यस ग्रन्थको शब्दार्थ भाषा जान्नेहरूको लेखको शब्दार्थ अथवा शब्दकोषको शब्दार्थ मात्र होइन। विषयवस्तुमा आफूलाई डुबाइसकेको अनुभूति भएको विपस्सना साधनाको व्यक्तित्वले स्मृतिले अनुभव गरिराखेको शब्दार्थ यसमा छ, साथै विषयवस्तुसँग सम्बन्धित पालि वाङ्मयको गहन अध्ययनबाट पोख्त शब्दार्थ प्रमाणको निम्ति **'मे'** या **'मे मया आनन्देन'** भन्नेलाई बुझ्न संगायनाको ऐतिहासिक अन्तरकथा भनिरहेको, भगवाको शब्दार्थ भाग्यवान तथागत देखाइराखेकोमा ' **भगवा'** को शब्दार्थ 'भगवान बुद्धले' मात्रले पुग्दैन भनेर विचार गर्नलाई कोट्याइदिन्छ **'सम्पजानकारी'** शब्दार्थ – अभिप्रायले पसारेको **सम्पजान सम्पजञ्ञ**को टीका व्याख्या एक एक पत्र पत्र खोलेर गइरहेको झन झन सार परमार्थमा घुसिरहेको छ। अनि स्थूल उपमाबाट शूक्ष्म उपमेय इंगित गर्दछ। "सत्तानं"को शब्दार्थमा बुद्ध, प्रत्येक बुद्ध, भावी आर्यश्रावक सम्पूर्ण सत्त्व समूहहरूको भनिने अर्थले, "भिक्खु" को शब्दार्थमा बुद्धशासनमा रहेको भिक्षु वा यस बुद्धशासनमा उद्योग गरिरहेको व्यक्ति भनिने अर्थले, **'लोके'**को शब्दार्थले अटूटरूपले उत्पत्ति विनाश भईरहने उपादानस्कन्ध भनिने पाँच उपादान स्कन्ध संस्कार लोकमा भन्ने अर्थले, **'अत्थि कायोति'**को शब्दार्थले जाने आदि रूप समूह मात्र छ भन्ने अर्थले, **व्यसनेन**को शब्दार्थ आफन्त धन सम्पत्ति विनाश हुनु साथै रोगले सास्ति गर्नु शील भङ्ग हुनु र दृष्टि भ्रम हुनु भनिने अर्थले बोलिरहेको छ,

शब्दार्थमा एउटा शब्दको अर्थ मात्र होइन भाव फुटाउनु पनि शब्दार्थमा नै भइरहेको छ। तर पनि अनुत्तर धर्मको अर्थ प्रष्ट्याउने काम सजिलो छैन। भाषाले पच्चीससय वर्ष भन्दा अगाडिको अभिधारणालाई, त्यसमा पनि राग, द्वेष र मोहको तह तह प्रभावले थिचिरहेकोले हामी पछाडि परीरहेको स्थितिले गर्दा झन मुक्त पुरुषहरूको मुक्तिको भाषा हामीले बुझे पनि नबुझेको झैं भईरहेको हुन्छ। भाषाको आँखाबाट शब्दार्थ देख्नु पनि गाह्रो हुन्छ। **'अनत्त'** धम्ममा शब्दानुवाद सजिलो छैन। **अज्झत्तं** को शब्दार्थ आध्यात्मिक सन्तानमा भइरहेकोले बौद्ध दर्शनको भाव समेट्न गाह्रो छ । पालि भाषाको शब्द संस्कृतकरण गर्नेबेला अति नै विचार गर्नुपर्दछ। किनभने संस्कृत शब्दमा वैदिक वा कर्मकाण्डले भरीएको वर्णवादले रङ्गाएको संस्कारले रञ्जित रंग वा रस हुन्छ, जहाँ कि पालि भाषामा आफ्नै अनिच्च दुक्ख अनत्त संस्कारले सारयुक्त रंग वा रस हुन्छ। शायद यहिं कारणले अनुवादकले कतिपय प्रचलित संस्कृत शब्दार्थ फालेर पालि शब्द नै शब्दार्थमा प्रयोग गरेको हुनुपर्दछ, जस्तो कि **उद्धच्च कुक्कुच्च विचिकिच्छा** शब्द।

यस "महास्मृतिप्रस्थान सूत्र" ग्रन्थको विशेषता 'अभिप्राय' भनेको अंश हो। यस्मा आचार्यहरूको विचार राखिएको छ। भाषाको व्युत्पत्ति अनुसारको अर्थ प्रष्ट्याएको छ। आवश्यक ठाउँमा व्याकरणको विश्लेषणले पनि अर्थ स्पष्ट पारिराखेको छ। अनि कथाको उपमाले विषय वस्तु राम्रो बनाउनुको साथै बुझ्नलाई सजिलो बनाइदिएको छ। उदाहरणको लागि पटाचाराको परिदेव शान्त भएको स्रोतापत्तिदेखि अनागामीसम्मको सम्बन्ध रहेको वर्णन, तिष्य स्थविरले आफ्नो खुट्टा भाँचेर भएको तीब्र वेदना सम्झेर शील, परिशुद्धको प्रत्यवेक्षणाले प्रीति प्रामोद्य उत्पन्न भएको र वेदनालाई हटाएर अरहत्त फलमा पुगेपछि वेदना निरोध र शान्त भएको, नवक भिक्षुले बाघले तानेर लग्दा पनि समाधि बिग्रिन्छ भनेर वेदनालाई सहेको प्रसंग अगाडि सार्न सकिन्छ। आश्वास प्रश्वास क्रमको अभिप्रायमा खराजको उपमा उपमेय अभिव्यक्ति कुरा बुझ्नलाई टेवा मिल्दछ। गइरहेकोछ भने गइरहेछु भनेर थाहा पाउनको लागि चित्तसँगै संशरण भइरहको रूपलाई उत्पन्न भइरहेको हरेक पल्ट

गहिरिएर थाहापाउनु पर्दछ । क्रमशः होश राख्ने जागरुकता हुनुपर्दछ, होइन भने गइरहेको बेलामा गइरहेछु भनेर भन्नुको के अर्थ छ भन्ने मनमा भ्रम हुने कुरालाई 'अभिप्राय' अंशले राम्रोसँग प्रष्ट्याएको छ । जाने को हो भन्ने प्रश्नले 'म' भनेर आत्मवाद ठडाइ दिन्छ । त्यसैले क्षण क्षणको स्वभाव धर्म होश राख्दै जाने कोही होइन, जान सक्ने(जान्ने) म भनिने सत्त्व रहेन भनी, जान चाहने चित्त र कस्सिने टम्म हुने घचेड्ने(ढकेल्ने) हल्लिने रूप समूह मात्रको अभिधारणामा हुनुपर्ने कुरा चारवटा साँढेको उपमा र हावाको कारणले कपडाको पर्दाले चल्ने डुंगादिको उपमा दिएर गहन कुरा सहज रूपमा बुझाइ दिने प्रयास अभिप्रायले गरिराखेको छ । गौचर सम्पजञ्ञको कुरा विभिन्न किसिमले अगाडि सारी भिक्षुहरूको उपमा विशेषतः महाफुस्सदेव स्थविर, महानाग स्थविर र कलम्बघाटको ५० जना भिक्षुहरूको दृष्टान्तले मनमा कोतुहल बढाइदिन्छ ।

कुरालाई बुझ्नको लागि उपमा ठूलो सहयोग हुन्छ । चश्माले, आइग्लासले वा माइक्रोस्कोपले संसारको भौतिकवस्तुको शूक्ष्म रूप देख्दछ । त्यस्तै वीर्य, स्मृति, समाधि र प्रज्ञाले रूप काय शरीरलाई झन झन शूक्ष्मरूपले देख्न सकिन्छ भन्ने उपमा आजकलका मानिसहरूको लागि उचित छ । गोघातकले मासुको टुक्रा वा भाग मात्र देखे झैं सत्त्वको निर्जीव धातु स्वभाव भाविता गर्ने उपमा स्थूल भएर पनि विभत्स छ । शरीरको स्वभाव **आपो, तेजो, वायो र पथवी** धातुको विश्लेषण अभिप्राय सरल भए जस्तै स्पष्ट छ । त्यस्तो भएर पनि बौद्धिक क्षमताको स्तर माथि नपुगेका नेपाली पाठकहरूको निम्ति उपासक उपासिका पाद टिप्पणी भनेको नै प्रयोग गर्न नजान्ने पाठकहरूको निम्ति मूल पालि शब्दार्थ अनि शब्दार्थको भित्री कुरा फोर्ने अभिप्राय सँग सँगै बाहिर निस्किराखेको पढ्ने बेलामा केही अलमल भए पनि आश्चर्यको विषय हुँदैन । कुनै कुनै ग्रन्थको पृष्ठ नम्बर दिइराखेको त झनै अनुवाद साहित्यमा अलमल नै मात्र भयो । रूप उत्पत्तिको कारण समुदय धर्म पाँच वटामा कर्मसँगै खानुपर्ने आहार भइराखेको भनेकोमा यो आहार भनेको भात दाल जस्तो आहार होइन भनेर बुझ्न कठिन हुन सक्छ ।

"तातो चिसो धातुको कारणले तातो रूप चिसो रूप उत्पन्न भएको हो भनेर अविद्या तृष्णा आदि छैन भने यस्ता रूपहरू उत्पन्न हुन सक्दैन भनेर रूपको उत्पत्ति कारण धर्म र विनाशको कारण धर्मलाई पनि पारमी ज्ञान अनुसार विचार गरेर हेर्न सकिन्छ। जस्तो अभिव्यक्तिको + चिन्हले के देखाइरहेको छ **'पारमी ज्ञान'** भनेकोमा '**पारमी'**को तात्पर्य कसरी गहन हुनुपर्दछ होश राख्न गाह्रो भए पनि केहिं आश्चर्य छैन । सच्चदस्सनको अनुभूति अगाडि दर्शाउन स्वयं शब्द नै अक्षर नजान्ने जस्तै हुन्छ । **तदङ्गनिरोध तदङ्गनिब्बान**को प्रसंगमा 'दु:खको शान्ति' र 'शान्त' अर्थ नै लाग्यो । परिज्ञाकृत्य, प्रहाणकृत्य, साक्षात्क्रियाकृत्य, भावनाकृत्य सिद्ध हुने पद्धति योगीले सत्यलाई एकैचोटी विपश्यनामा माथि पुऱ्याउने त्यो पनि प्रतिन्यूनातिन्यूनतम् पलभित्र माथि पुऱ्याउने भनेको साधनाले साध्यत्वले मात्र माथि पुऱ्याउने कुरामा वाङ्मयाभिव्यक्ति नै पंगु हुने विषय हो कि भन्ने मनमा आउँछ ।

भौतिक विकास पच्चीससय वर्ष पहिलेको संसारको अगाडि आजको संसार कतिपय जटैजटाले जगडिएको र गाँठै गाँठो परेको अझ गरूङ्गो भईसक्यो । यता कति उपमाको सशक्तता पनि कमजोर भईसक्यो । विद्युतिय प्रकाशले औंसिको रातको अंध्यारो र चन्द्रमाको प्रकाशलाई हाम्रो मनले छुट्याउन नसक्ने बनाइसक्यो । त्यसैले यस आयामबाट विचार गरी भन्ने बेला प्रतिकूल मनसिकार पर्वको 'पठमपब्ब' देखि नवमपब्ब सम्मको वर्णन हाम्रो जीवनको अनुभूतिबाट दूर भएर गइरहेको छ । मसानमा फालिराखेको मृत मानिसको लाशलाई काग चिल गिद्ध आदिले तानी तानी खाइरहेको, गन्हाएको, कुहिएको आदि हामीले हेर्न देख्न नपाउने भइसक्यो । स्याल चितुवाले खाइरहेको त नदेख्ने भइसक्यो । कंकाल उभिरहेको पनि हामीले देखेनौं। बिजुलीले मानिसको लाश जलाउने बेला झन यस्तो उपमा त बुझ्न पनि गाह्रो हुन्छ ।

कायानुपस्सना भन्दा वेदनानुपस्सना बुझ्न होश राख्न गाह्रो छ। अदुक्ख-मसुख वेदना झन शब्दानुभूति बाहिरको कुरा हो। चित्तानुपस्सना समाधि साधना क्रमले मात्र होश राख्न सकिन्छ। पाँचवटा उपादानस्कन्ध

धर्म सत्त्वको स्वभावधर्म भाविता गर्ने सिद्धान्तहरू अनात्म भए पनि अभ्यास-संस्कारले **अत्त** म भनेर आइरहने हिसाबले भन्दा धम्मानुपस्सना झनै स्वीकार गर्न गाह्रो छ। तर पनि नीवरण, स्कन्ध, आयतन, बोध्यङ्ग, दुःखसत्य, समुदयसत्य, निरोधसत्य र मार्गसत्यको शब्दार्थ विशेषतः यस अभिप्रायले बुझ्न गाह्रो कुरा बरोबर शान्त चित्तले पढ्नेबेलामा बुझे बुझेको जस्तो हुन्छ, बुझ्दै आउँछ, बुझिन्छ नै।

ग्रन्थको अन्त्यमा श्वास भित्र बाहिर जानेलाई विचार गरी स्मृति राखेर मात्र होइन पेट फुल्ने सुक्नेलाई विचार गरी स्मृति राखेर पनि विपस्सना हुने कुरा विभिन्न बुद्धवचन र टीकाको सदाशयले स्पष्ट विवेचना वा स्पटिकरण दिएको पाइन्छ।

जनजीवन नै बौद्ध संस्कारले चलिरहेको, बोली, भाषा, साहित्य र वाङ्मय भित्र मेरुदण्ड नै बौद्धत्व रहेको बर्माका पाठकहरूको निम्ति यस्तो ग्रन्थ पढ्न मन पराउनु, बुझ्नु र प्रसिद्ध हुन्छ। नेपाल - जहाँ धर्मको आस्था र संस्कार नै परिवर्तन र राम्रो बनाउनु पर्दछ - या तेंत्तीसकोटी देव देवीको दासत्त्वले थिचिरहेको धर्म संस्कारमा शाक्यमुनि बुद्धले देशना गर्नुभएको धम्मको यस "महासतिपट्ठान" सच्चधम्म भर्खर उदाएको घाम हो। रूढी र धर्मको यथास्थितिको मोह निंद्रा भगाएर आँखा मिचि मिचि पढ्दा यस पुस्तकबाट बुद्धको **'धम्म'** बुझ्नको लागि ठूलो मदत मिल्छ। विस्तार विस्तारै अझ बारम्बार शान्त चित्तले पढ्नु यस ग्रन्थको विषयवस्तु हो। यस्तो ग्रन्थ नेपाल भाषामा प्रकाशित हुनु ठूलो प्रीतिको विषय हो। अनि यस्तो ग्रन्थ प्रकाशन गर्नको लागि सहयोग गर्नु श्रद्धामा साधुवाद दिनु पनि पुण्य हो।

– **भिक्षु सुदर्शन**

नगर मण्डप श्री किर्ति विहार
अमलसि बजार, कीर्तिपुर, काठमाडौं।
यल पञ्चदान, ने.सं ११०९

थप कुरा

"महास्मृतिप्रस्थान सूत्र" बुद्धभाषित धेरै सूत्रहरू मध्ये अति नै महत्वपूर्ण आफ्नै मूल्य र विषेशता रहेको सूत्र रत्न हो। निर्वाण गमनार्थ आकांक्षा हुनेहरूको निम्ति उद्योग र अभ्यासको सम्पूर्ण विधि सरल भाषामा तर गहनरूपले निर्देशित गरिराखेको २१- वटा पर्वले परिपूर्ण भएको गद्य शैलीको यो वेय्याकरण सूत्र हो। आजका यद्यपि कोहिं पनि विपश्यना भावना निर्देशक आचार्यहरूले यी सबै विधिलाई अंगीकृत गर्न सकेको छैन। यसमा रहेको २१-वटा विधिहरू मध्ये कसैले दुईवटा विधि कसैले तीनवटा चारवटा विधि अनि कसैले छवटा सम्म विधिलाई अंगिकार गरी विपश्यना भावनाको निर्देशन दिने गरिराखेको प्राय देखिन्छ।

स्मृतिप्रस्थान सतिपट्ठान पालि शब्दको संस्कृत रूपान्तरण हो। यस पालि शब्दको अर्थ बुझ्न यहाँ पालिमा भएको जस्तै अलिकति वर्णन गर्ने मनमा राखें। सतिपट्ठान शब्द सामूहिक शब्द हो। सति + पट्ठान दुईवटा शब्दको समूह हो। सति = सम्झनु, होश राख्नु, स्मरण गर्नु, स्मृति राख्नु + पट्ठान – मा पनि प + ठान भनेर छुत्याएर ठान – लाई पनि फेरि ठा + यु भनी छुट्याएको हो। सामान्यरूपले पट्ठान–लाई विग्रह गऱ्यो भने (पतिट्ठाति अस्मिन्ति पट्ठानं) भनेर भन्न मिल्दछ। त्यसपछि फेरि 'प' शब्दको विशिष्ट अर्थ व्यक्त गर्नको निम्ति पट्ठातीति पट्ठानं; उपट्ठाति ओकन्तित्वा पक्खन्दित्वा पत्थरित्वा पवत्ततीति अत्थो–ट्ठ।

पट्ठातीति एत्थ प सद्दो भूसट्ठविसिट्ठं पक्खन्दनं दीपेतीति ओक्कन्तित्वा पक्खन्दित्वा पत्थरित्वा पवत्ततीति अत्थो'ति आह भनिने अर्थकथा र टीकाको वर्णन अनुसार 'प' शब्दको विशिष्ट अर्थलाई पनि व्यक्त हुनको निम्ति तीब्ररूपले दरिलो र दृढतापूर्वक –(आरम्मणको) नजिक पुगेर–डुबेर–घुस्ने गरी गएर–(झम्टेको जस्तो गरी) भित्र धस्सेर – फिजिएर, फैलिएर सर्वत्र फिंजिएर – रहन सक्ने उत्पन्न हुनसक्ने भन्ने अर्थ रहेको भयो। त्यसलाई पनि अलिकति वर्णन गरी

'सति' शब्दसँग जोड्ने प्रयास भयो भने निम्न अनुसारले वर्णन गर्न ठाउँ हुने भयो ।

चत्तारो सतिपट्ठाना भाविता बहुलीकता सत्त सम्बोज्झङ्गे परिपूरेन्तीति आदीसु सतियेव "सतिपट्ठानन्ति वुच्चति – भनिने वर्णन अनुसारले "काय, वेदना, चित्त र धर्म भनिने चारवटा स्मृतिप्रस्थानलाई भाविता गऱ्यो बहुलीकृत गऱ्यो भने सातवटा सम्बोध्यंगलाई पूर्ण गरिदिन्छ भन्ने आदि क्षेत्रमा सति (स्मृति)लाई नै **"सतिपट्ठान"** भनी भनिएको भयो ।"

तस्सत्थो–पट्ठातीति पट्ठानं; उपट्ठाति ओक्कन्दित्वा (ओकन्तित्वा ?) पक्खन्दित्वा पत्थरित्वा पवत्ततीति अत्थो । सतियेव सतिपट्ठानं ।

"त्यसको अर्थ कसरी भने– नजिक बस्ने भएकोले पट्ठान भनिन्छ । नजिक बस्ने भनेको पनि भित्र गएर – डुबेर– सर्वत्र फैलिएर फिंजेर उत्पन्न हुनेलाई भनिन्छ । सति–लाई नै सतिपट्ठान भनिन्छ ।" यो भयो पहिलो विधि अनुसारको अर्थ ।

अर्को किसिमको विधि कसरी त भन्दा –

अथवा सरणट्ठेन सति; उपट्ठानट्ठेन पट्ठानं; इति सति च सा पट्ठानञ्चातिपि सतिपट्ठानं । इदमिधाधिप्पेतं– ट्ठ ।

"अथवा सम्झनु, होश राख्नु, स्मरण गर्नु, स्मृति राख्नु अर्थमा सति हो; नजिक रहेर उत्पन्न हुने हुँदा पट्ठान भनिन्छ । यसरी त्यो सति पनि हो उपस्थान पनि भएको हुँदा सतिपट्ठान भयो । यस दोस्रो अर्थाभिव्यक्ति नै यहाँ अभिप्रेत भयो ।"– अर्थकथा ।

यी सम्पूर्ण वर्णनलाई सारांश रूपमा अर्थ प्रष्ट्याइयो भने निम्न अनुसारले अर्थ प्रष्ट्याउन सकिन्छ । तीब्र रूपले–दरिलो र दृढतापूर्वक – (काय, वेदना, चित्त र धर्म भनिने चारवटा आरम्मण मध्ये पूर्ण वर्तमानमा उत्पन्न भएर आइरहेको आरम्मण(विषय वस्तु) एउटा एउटामा) नजिक पुगेर–धँस्सेर–(झम्टिने जस्तो गरी) डुबेर– सर्वत्र फैलेर फिंजेर–उत्पन्न हुन जान्ने सति (स्मृति) धर्म । तीब्ररूपले– दरिलो

दृढतापूर्वक –(आरम्मणको) नजिक पुगेर–धस्सिने गरी डुबेर–भित्रसम्म–सर्वत्र फैलिएर फिजिरहेको भनिने सति (सम्झनु, होश राख्नु, स्मरण गर्नु, भाविता गर्नु) धर्म। दी–छ–२–३०८; म–छ–१–२४९; अभि–छ–२–२०५।

(यस ग्रन्थमा जति पनि पृ.नं. हरू उल्लेख भैरहेको छ, ती छट्ठ संगायन ग्रन्थ अनुसारको पृष्ठ नं हरू मात्र हुन् भनी थाहापाउनु पर्दछ।)

उपरोक्त कुरालाई नै राम्रोसँग व्याख्या गर्दा अति नै व्यापक रूपले वर्णन गर्न मिल्दछ। यहाँ त खाली भाव मात्र उल्लेख गरी देखाएको भयो। यसै अर्थ अनुरूप साधक साधिका योगीहरूले साधना गर्दै लग्न सक्यो भने सूत्रको प्रारम्भमा तथागतले जुन सातवटा सुपरिणाम अगाडि नै उद्घोषण गर्नु भएको हो; त्यसलाई प्रत्येक साधक साधिका योगीहरूले आ-आफ्नो पारमी संस्कार अनुरूप प्रत्यक्ष अनुभव गर्न पाउने भयो भनेर सुनिश्चित रूपले भन्न सकिने हुन्छ।

अन्तमा सम्पूर्ण सहयोगीहरूलाई साथै प्रकाशक परिवार सम्पूर्णलाई सधन्यवाद साधुवाद व्यक्त गर्दछु। यस ग्रन्थलाई पाठकहरूको हातमा पुऱ्याइ अध्ययन, चिन्तन मनन उद्योग र अभ्यासद्वारा आ-आफ्नो जीवनलाई सफल र सुधार गर्नसक्यो भने जुन अथक प्ररिश्रम यसमा लागेको हो, त्यो सार हुनेछ। उक्त सार हुनको लागि पाठकहरूले यो ग्रन्थलाई सामान्य ग्रन्थ नठानी अमूल्य धर्म ग्रन्थरत्नको रूपमा लिन सकुन्। यसलाई सही सदुपयोग गर्न सकुन्। आ-आफ्नो जीवनलाई सन्तुलित समतामा राख्न सकेर अमृत पद परम शान्ति समेत लाभ गर्नसक्ने होउन् भनी मैत्री र करुणायुक्त प्रार्थना गरी यस थप कुरालाई यही समाप्त गर्दछु।

– **भिक्षु ज्ञानपूर्णिक महास्थविर**
विश्व शान्ति विहार, मीन भवन,
नयाँ बानेश्वर काठमाडौं, नेपाल।

निदान

तथागत सम्यक् सम्बुद्धले बताउनु भएको पाँचवटा निकाय, तीनवटा पिटक, नौवटा अङ्ग, चौरासी हजार धर्मस्कन्ध धेरै उपदेशहरू मध्ये **महास्मृतिप्रस्थान भनिने यस सूत्र देशना** मार्गफल निर्वाणलाई हस्तगत हुने किसिमले प्राप्त गर्नको निम्ति भाविता गरी होश राखी अभ्यास र उद्योग गर्ने विधिहरूलाई सिधा सिधा र स्पष्टरूपले घुमाउरो नगरी बताइराख्नुभएको **पूर्वभाग मार्ग** भनिने **विपश्यना कार्यधर्म क्रम** महान उपदेश नै भयो ।

चित्तको मयल चित्त मल रहित भएर टाढिएर परिशुद्ध हुनको निम्ति; **एउटा मात्र सत्य भएको मार्ग, एक मात्र यथार्थ भएको मार्ग** भनी सुनिश्चित रूपले ठोकेर प्रशंसा गरिराखेको कारणले मार्गफल निर्वाण स्मृतिप्रस्थानले मात्रै पुग्न सकिने भएको र होइन भने पुग्न नसकिने कुरा राम्ररी स्पष्ट भइरहेको भयो । त्यसैले यस महास्मृतिप्रस्थान **सूत्रोपदेशलाई** बुद्ध-शासनमा अति नै महत्वपूर्ण भएर **प्रधान प्रमुख भएको भावना कार्यधर्म क्रम महान उपदेश भनेर** पनि भन्न सुहाउँछ, भन्न योग्य, भन्नुपर्दछ ।

त्यसो भएको कारणले गर्दा नै "गृहत्याग गरी जाने भए स्मृतिप्रस्थान ग्रन्थ बोकेर त्याग गर्नुपर्दछ" भन्ने पौराणिकहरूको कथन अहिले सम्म पनि उदानको रूपमा अङ्कित भइरहेको पाइन्छ ।

उदानको रूपमा अङ्कित भइरहेको मात्र होइन; पहिले पहिलेका सत्पुरुष प्रज्ञावान व्यक्तिहरूले यस महास्मृतिप्रस्थान सूत्रलाई विशेष रूपले नै आदर गौरव राख्दै आएको पाइन्छ । ग्रन्थ अनुसार भन्नुपर्दा – धर्माचरण गर्नेहरूको समूह प्रत्येकको पाँचसय पाँचसय भएका **धम्मिक उपासक समिति समूह** पाँचसयका **प्रधानाध्यक्ष** भइरहेको **महाधम्मिक उपासकले** मरण हुन लागेको अवस्थामा भिक्षुहरूलाई आमन्त्रण गरेर उपदेशहरू पढाएर स्वाध्याय गर्न लगाए । त्यस अवस्थामा भिक्षुहरूले कुन सूत्र सुन्न मनलाग्दछ त भनी सोध्नुभएको थियो । **सम्पूर्ण तथागतहरूले नछोडिकन**

सधैं मनमा स्थापित गर्नुहुने महास्मृतिप्रस्थान सूत्र सुन्न मन लाग्दछ भनी महाउपासकले फेरि जवाफ दियो। यस कुरा... सबै तथागतहरूले यस महास्मृतिप्रस्थान देशनालाई नछोडिकन विशेषरूपले गौरव राखी मान्यता दिनुभएका कुरा र भिक्षुहरूको समूहमा मात्र होइन गृहस्थी उपासकहरूले समेत विशेष रूपले गौरव राखी मान्यता दिएर आएको कुरा स्पष्ट भइरहेको छ।

बर्मा देशमा पनि प्रत्येक महिलाहरू पुरुषहरूले पढेर, हेरेर, सुनेर, चिन्तन मनन अभ्यास उद्योग गरी स्मृतिप्रस्थानको स्वाद सेवन गरी अनुभव गर्नसक्नको निम्ति पहिले पहिलेका पवित्र आचार्य गुरूहरूले यस महास्मृतिप्रस्थान सूत्रलाई पालि शब्द एउटा बर्मी शब्द एउटा गरेर शब्दार्थ अनुसार भाषानुवाद; बर्मीबाट मात्रै भाषानुवाद; अर्थ अभिप्राय व्याख्या गर्ने आदिद्वारा विशेष गौरव राखी लेखेर छापेर प्रचार प्रसार गर्नुहुन्थ्यो।

यस नयाँ निश्रय ग्रन्थलाई लेखेर व्यवस्था गर्नु भएका **महोपकारक महास्थविर महाशी सयादो**ले पनि यस स्मृतिप्रस्थान सूत्रोपदेश अनुसारले नै विपश्यना कार्यधर्म उपदेशलाई प्रत्यक्ष रूपले स्पष्ट हुने गरी बताउने देखाउने निर्देशन दिने गरिरहनु भएकोले शिष्य योगीहरूलाई कर्मस्थान विधि निश्रय सही र यथार्थ हुनको लागि एकतह विधि देखाएर परीक्षण गर्ने निर्देशन दिने सहयोगी सहायकाचार्यहरू पनि धेरै संख्यामा वृद्धि हुनथाले। ती सहयोगी सहायकाचार्यहरू मध्ये पहिलेका सहायकाचार्य भइरहेका सया च्यान् र सया च्वय्त्हरूले "महास्मृतिप्रस्थान सूत्रलाई पालि अर्थ सबै कण्ठ गरी धारण गर्न सजिलो बनाउन र विपश्यना कार्यधर्म क्रमहरू स्पष्टरूपले छुट्याउन नयाँ निश्रय ग्रन्थ एउटा लेखेर व्यवस्था गरी उपकार गर्नुहोस् भनी प्रार्थना सहित निवेदन गरेका कारणले यस महास्मृतिप्रस्थान सूत्रलाई संक्षिप्त निश्रय भाषा अनुवाद गर्नुभएको अनुसार बु.सं २४९३-वर्ष, बर्मी सं.१३११- वर्षको बैशाख कृष्णपक्ष पारूको दिन नै इति श्री गर्नु भएर सया च्यान् र सया च्वय्त्हरूलाई दिनुभएको थियो।

उक्त पाण्डुलिपि निश्रयलाई श्रमण गृहस्थ धेरैभन्दा धेरै शिष्यहरूले पालै पालो सारेर लिइरहेको भएर अति नै शास्ति भएको; माग अनुसार

उपलब्ध हुन नसकेको, शुद्ध रूपले हुन नसकेको, हेर्दा नराम्रो आदि धेरै धेरै दोषहरूको सामना गर्नुपरेको कारणले; उक्त निश्रयलाई छापेर प्रकाशनको लागि **सद्धम्मपाल विपस्सना प्रचार प्रसार समितिले** प्रार्थना र निवेदन गरेको भयो । त्यसो भएकोले युनियन बर्मा **बुद्धसासनानुग्गह महासमितिको** आमन्त्रणलाई **स्वीकार गरी** बु.सं. १३११ - वर्षदेखि **रंगुन, सासना यैतामा** विराजमान भएर विपस्सना आधार पद्धतिलाई निर्देशित गरी बताउनु भई देखाउनु भइरहेका यस ग्रन्थका लेखक **महास्थविर महाशी सयादो**ले १३११ - वर्षमा नै लेख्ने कार्य सम्पन्न गर्नु भई उक्त निश्रयमा अलि अलि मात्र संशोधन र परिवर्द्धन गरिसके पछि, छपाउनको लागि अनुमति दिनु भएकोले स्वेभो शहर, छइख्खन् गाउँ, सद्धम्मपाल-विपस्सना प्रचारक समितिले बहुसंख्यक श्रमण गृहस्थीहरूले सजिलैसँग किनेर पढ्न सकुन् भनी यस **स्मृतिप्रस्थान सूत्र पालि निश्रयलाई** दुईपटक सम्म छपाएर प्रचार गरेको थियो । अहिले फेरि तेस्रो पटक रंगून, २४ - मार्गः इच्छासय छापाखानामा छपाएर प्रचार प्रसार गर्नुपर्ने भयो ।

यस **निश्रय** हेर्नु पढ्नुद्वारा तुरुन्त लाभ हुनुका फलहरू (१) निश्रय नै भए पनि साधारण भाषा जस्तै नै पढ्न सजिलो, बुझ्न सजिलो हुनु (२) स्वाभाविक अनुसार (भावना) अभ्यास र उद्योग गरिसकेकाहरूलाई स्वानुभूतिसँग सिधै मिलेको हेर्न पाउनु; (३) अभ्यास र उद्योग गरिरहेकाहरूलाई सहयोग र अनुबल प्राप्त हुनु; (४) उद्योग र अभ्यास नगरेका व्यक्तिहरूलाई उद्योग र अभ्यास गर्नका निम्ति आधार विधि राम्रोसँग प्राप्त हुनु जस्ता लाभलाई प्रत्यक्ष अनुभव गर्नसक्ने छन् ।

पाठक परिषद्हरूले यस निश्रय आद्योपान्त पढीसके पछि स्वयंले नै निर्णय दिनसक्ने छन् भन्ने मैले आशा लिएको छु ।

बु.सं. २४९५ – वर्ष कार्तिक

ब.सं. १३१३ – वर्ष

अश्यिङ् ऊ विचार
महाशी कर्मस्थानाचार्य
सासना यइता; रंगून

महास्मृतिप्रस्थान सूत्र अध्ययनको साथै अभ्यास पनि गरी लाभ लिऔं ।

कुनै एक बिरामीले आफूलाई भएको रोगबाट मुक्त हुन डाक्टर, वैद्य कहाँ जाँदा बिरामीको रोग निरीक्षण परीक्षण गरिसकेपछि डाक्टर, वैद्यले दिएको निर्देशन अनुरूप औषधी सेवन गर्नुपर्ने हुन्छ । रोगी व्यक्तिले आफूलाई भइरहेको रोग पनि यथार्थरूपले बताउनुपर्ने हुन्छ । साथै डाक्टरले दिने औषधी सेवन गर्ने आदि परामर्श पनि राम्ररी सुन्नुपर्दछ । सही मात्रामा समय मिलाएर औषधि सेवन पनि गर्नुपर्दछ ।

बिरामी व्यक्तिले औषधी सेवन गर्दा सेवन गर्ने विधि थाहा पाउनु पर्ने जस्तै शोक परिदेव आदिबाट मुक्त हुनको लागि विपस्सना अभ्यास गर्ने निर्देशन विधि थाहा पाउनुपर्छ । रोग निको पार्न चाहने रोगीले परामर्श अनुरूप औषधी सेवन गर्नुपरेजस्तै संसार दुःख चक्रबाट मुक्त हुन चाहनेले निर्देशित विधि अनुरूप अभ्यास गरेर व्यवहारमा पनि उतार्नुपर्दछ ।

पर्याप्त बल शक्ति लगाउन सक्ने युवावस्थामा नै शान्त र अनुकूल वातावरण भएको ध्यानकेन्द्रहरूमा १० दिने,... ३० दिने आदि ध्यान शिविरमा जाँदा विपस्सना ध्यान भावना निर्देशन विधि शुरूमा स्पष्ट र बुझिने गरी राम्ररी सुन्नुको साथै अभ्यासको क्रममा आइरहेका विभिन्न शंका उपशंका, अप्ठयारा, कठिनाईहरूलाई ध्यान जाँचको क्रममा गुरूहरूसंग छलफल गर्ने, शिविरको दौरानमा योगीहरूलाई सुनाउने धर्मउपदेशबाट पनि योगीहरूको अभ्यासलाई अगाडी बढाउन थप मार्गनिर्देशन प्राप्त हुनुको साथै अभ्यास विधि स्पष्ट भई सन्तोष हुने गरी दृढरूपले सजिलैसंग अभ्यास गर्न पाउने हुन्छ । ध्यान विधिलाई राम्ररी जानी बुझी बस्ने, जाने, उभिने, लेट्ने यी चार ईर्यापथमा भइरहने हरेक गतिविधिमा राम्ररी स्मृति राख्नसकेको अवस्थामा समाधि भई उत्पन्न विषयवस्तुको स्वभावधर्म पनि थाहापाउन सकिने हुन्छ ।

शिविरहरूमा बसी अभ्यस्त भईसकेपछि आ-आफ्नो ठाउँमा रही विभिन्न काममा ब्यस्त रहेपनि समय समयमा ध्यान सम्बन्धी निर्देशन र उपदेशहरू सुनेर, पुस्तकहरू अध्ययन गरेर घरमा नियमितरूपमा ध्यान अभ्यास गर्दा ध्यान अभ्यास सम्बन्धी जिज्ञासाका कुराहरू अनुकूल समय मिलाएर गुरुहरूसँग छलफल गरिरहँदा र ध्यान सम्बन्धी अनुभवका कुराहरू एक आपसमा छलफल गरिरहँदा, अभ्यास गरिरहेका व्यक्तिहरूसित पनि संगत गरेर उनीहरूको अनुभवहरूबाट पनि प्रेरणा लिंदा अभ्यासमा फाइदा पुग्ने नै हुन्छ ।

आफूहरूले विपस्सना ध्यान सम्बन्धी विधि थाहापाइराखेको छ र अभ्यास पनि बराबर गरिरहेको छ भने कुन अवस्थामा कसरी स्मृति राख्नुपर्छ भन्ने तुरन्तै थाहापाएर होशमा रहनसक्ने हुन्छ र कुनै खालि समयमा पनि आनो शरीरमा मन पठाई वा मानसिक अवस्थालाई भाविता गर्न सकी समयलाई सदुपयोग गर्नसक्ने हुन्छ र क्षणभरको समयमा पनि मन चञ्चल भएर बस्न नपरी शान्तदान्त भएर बस्नसक्नेहुन्छ ।

कुनै ठाउँमा जाँदा यसरी जानुपर्छ, फलाना ठाउँमा पुगेपछि दायाँ, बायाँ मोडनुपर्छ वा सीधा जानुपर्छ, जाँदाजाँदै बीच बाटोमा कुनै किसिमले रोकावट भएर सीधा अगाडी जान नसकेको अवस्थामा मोडेर फलाना बाटो समातेर सरासर बढ्दै जानु, त्यहाँबाट गइरहँदा फलाना बाटो भेट्नासाथ कहीं पनि नहेरी सीधा बाटो लिएर अगाडी बढेपछि पुग्नुपर्ने ठाउँमा पुगिन्छ भन्ने राम्रो मार्ग प्रदर्शक भएको अवस्थामा कुनै ठाउँमा जाँदा जानुपर्ने गन्तव्यस्थानमा शंका सन्देह नलिई अगाडी बढ्न सजिलो हुन्छ ।

ध्यान अभ्यास गरिसकेका व्यक्तिहरूले ध्यान गर्न नपाएका, गर्न नजानेका र ध्यान नगरिकन बसिरहेका आफन्त, साथीभाइलाई ध्यान विधि सम्बन्धी पुस्तकहरू अध्ययन गर्न प्रेरणा दिएर, ध्यान गर्ने स्थानहरूमा संगसंगै लगेर ध्यान गर्न लगाएर प्रेरणा दिइ उपकार गर्न सकिने हुन्छ ।

आफूहरू लौकिक आदि जुनसुकै क्षेत्रमा उच्चस्तरको दक्षता र क्षमता भएतापनि यदि क्लेशलाई शमन दमन गरी मनलाई शुद्ध र शान्त पार्ने सतिपट्ठान विपस्सना ध्यान अभ्यास गर्ने विधि सुनिराखेको

छैन, अध्ययन गरिराखेको छैन भने विभिन्न अवस्थामा कुन रूपमा स्मृति राख्नुपर्छ भन्ने कुरा थाहा पाउन सक्दैन । विधि थाहा नपाएको कारणले विपस्सना ध्यानको अभ्यास पनि गर्न सक्दैन जसले गर्दा सतिपट्ठान भावना अभ्यासबाट प्रत्यक्ष लाभ लिन सक्ने चित्तविशुद्धि आदि प्रतिफलहरू पाउन नसकी संसारको चक्रमा बारम्बार जन्म भई दुःखको भुमरीमा परिराख्नु पर्ने हुन्छ ।

बुद्ध, आर्य अर्हत् पुद्‌गलहरू जानुभएको स्मृतिप्रस्थान विपश्यना आचरण मार्ग १) सम्पूर्ण सत्त्व समूहको चित्त मलबाट रहित भई शुद्ध गर्नको निम्ति, २) शोक गर्ने, ३) डाह हुने, विलाप गर्नेलाई अतिक्रमण गरी पार हुनको लागि, ४) शारीरिक दुःख, ५) मानसिक दुःख निरोध र शान्त पार्नको लागि ६) आर्यमार्ग प्राप्त गर्नको लागि र ७) निर्वाण साक्षात्कार गर्नको लागि एक मात्र मार्ग हो भन्ने स्मृतिप्रस्थान विपश्यनाको ७ प्रतिफललाई जान्न सकेको अवस्थामा मात्र व्यक्तिहरू, योगीहरूले यसलाई श्रद्धा राखी राम्ररी अभ्यास गर्न सकिने हुन्छ । अभ्यासबाट पाइने फाइदा थाहा नभएसम्म, नदेखेसम्म अभ्यास गर्न मन लाग्दैन र अभ्यासमा श्रद्धा पनि उत्पादन गर्न सक्दैन । त्यसैले विपस्सनाको प्रतिफलमा श्रद्धा विश्वास पनि हुनुपर्छ, ध्यान अभ्यास गर्ने इच्छा राखी विधि पनि राम्ररी जानिराख्नुपर्छ ।

आनो अनुभवको आधारमा अनि ध्यान शिविरहरूमा योगीहरूलाई सहयोग गरिरहेको समयमा योगीहरूको अभ्यास स्थितिलाई देख्दा पनि ध्यान शिविरमा आउनु अघि नै ध्यान विधिलाई बराबर सुन्दै, अध्ययन गर्दै राम्ररी बुझेर आउन सकेको खण्डमा योगीहरू ध्यान शिविरमा सहभागी हुन आउँदा, जाँदा लक्षित दिनसम्म राम्ररी नै ध्यान अभ्यास गर्न सकी सन्तोष प्राप्त हुन्छ जस्तो लाग्छ, सो अभ्यास र शिविरको क्षण अरूअरू शिविरमा थप प्रगति तथा सन्तोष हुने गरी अभ्यास गर्न प्रेरणा मिलिरहेको हुन्छ । आनो स्वानुभूतिबाट प्राप्त भएको प्रेरणा जीवनमा धेरै महत्वपूर्ण भइरहेको हुन्छ । जुन प्रेरणा कसैबाट सुनेर, ग्रन्थ अध्ययनबाट प्राप्त ज्ञानभन्दा धेरै फरक भएको हुन्छ ।

दुःखबाट मुक्त हुन आचरण गर्नु पर्ने एउटै मार्गको रूपमा भगवान

बुद्धले देशना गर्नुभएको स्मृतिप्रस्थान सूत्रलाई आधार बनाइ अभ्यास र उद्योग गर्ने योगी साधक साधिकाहरुले सजिलै बुझ्न सकिने गरी महोपकारक महाशी सयादोजिले लेख्नु भएको यस पुस्तकलाई ध्यान अभ्यास गर्ने विधि अध्ययन गरी वा सुनी थाहापाइराख्नसकेमात्र ध्यान गर्न श्रद्धा उत्पन्न भई प्रेरणा प्राप्त भई पछि सम्म पनि अभ्यास गर्न सकिरहने भएकोले बढी से बढी व्यक्तिहरूले ध्यान विधि अध्ययन गर्न पाई ध्यान अभ्यास गर्न सहयोग होस् भन्ने उद्देश्य राखी श्रद्धेय गुरुवर दिवंगत भिक्षु ज्ञानपूर्णिक महास्थविरज्यूले नेपालभाषामा अनुवाद गर्नुभई वि.सं. २०४६ सालमा प्रकाशन गर्नुभएको थियो । काठमाडौं बौद्धका श्रद्धालु उपासिका हेरादेवी शाक्यले आफ्ना श्रीमान पदमराज शाक्यको गुणानुस्मरण गरी पुस्तक प्रकाशनमा सहयोग गर्नुभएको हो । नेपालभाषामा नै २०७२ सालमा दोश्रो संस्करणको रुपमा प्रकाशन भएको थियो । महास्मृतिप्रस्थान सूत्रको पालि शब्दार्थ र अभिप्राय सहित प्रकाशन गर्नुभएकोले ध्यानमा अभिरुची भएका श्रद्धालुहरुले यस पुस्तकको अध्ययनले ध्यान अभ्यास गर्न ठूलो प्रेरणा लिन पाइराखेकाछन् ।

नेपाल बौद्ध परियत्ति शिक्षाको कोविद अन्तिम वर्षको पाठयक्रममा समावेश भइरहेको यो पुस्तक नेपालभाषा नबुझ्ने विद्यार्थीहरुलाई सहज हुने गरी कोविद उपाधिधारी विद्यार्थी सुश्री संगीता धाख्वा उपासिकाले नेपालीभाषामा अनुवाद गर्नुभएको सुखद विषय रहन गएको छ ।

यो पुस्तक प्रकाशन गरी धर्मदान गर्नुभएका चाकुपात निवासी श्रद्धालु उपासक बाबुकाजी शाक्य परिवारको शासनिक योगदानलाई साधुवाद दिन चाहन्छु र प्रकाशक परिवारलाई निरोगी, सुस्वास्थ्य दीर्घायु तथा निरन्तर प्रगतिको कामना गर्दछु । प्रत्यक्ष र अप्रत्यक्ष रूपले सहयोग गर्नुहुने सबैलाई आरोग्य तथा मंगल मैत्रीको कामना सहित सबैलाई साधुवाद ।

– भिक्षु बोधिज्ञान

विश्व शान्ति विहार, मीनभवन

२०७९ मंसीर ६

धर्मप्रीतिका शब्दहरू

अग्गमहापण्डित महाशी सयादोद्वारा लिखित एवं भिक्षु ज्ञानपूर्णिक महास्थविरद्वारा नेपालभाषामा अनुदित "महास्मृतिप्रस्थान सूत्र पालि शब्दार्थ र अभिप्राय" लाई नेपाली भाषामा संगिता धाख्वाद्वारा अनुवाद गरिएको यस पुस्तक धर्मदान स्वरूप प्रकाशन गर्न पाएकोमा धर्मप्रीति उत्पन्न भएको छ ।

मिति २०७८ भाद्र ७ गते अन्तराष्ट्रिय बौद्ध भावना केन्द्रको नव निर्मित धम्महल भवनमा बुद्ध मूर्ति प्रतिस्थापना कार्यक्रम सकेपछि मैले अग्गञाणी गुरुमालाई "मेरो ठूलो ईच्छा बुद्ध मूर्ति दान एवं प्रतिस्थापना गर्ने थियो, त्यो पूरा भयो, मलाई धरै खुशी लाग्यो । अब मेरो अर्को ईच्छा भनेको एउटा किताब छापेर धर्मदान दिने हो । प्रकाशन गर्नुपर्ने कुनै किताव छ गुरुमां ?" भनेर सोध्दा गुरुमाले 'स्मृतिप्रस्थान ध्यान भावनामा दिलचस्पी राख्ने तथा ध्यान अभ्यास गर्ने योगीहरूलाई त्यस्तै परियत्ति विद्यार्थीहरूलाई उपयोग हुने महाशी सयादोद्वारा लिखित श्रद्धेय ज्ञानपूर्णिक महास्थविरले नेपाल भाषामा अनुवाद गर्नुभएको **महास्मृतिप्रस्थान सूत्र** भन्ने एउटा किताबलाई नेपाली भाषामा मेरो दीदीले अनुवाद गरिराख्नु भएको छ' भन्नुभयो । अनि म खुशी भएर हुन्छ गुरुमा, मैले त्यो किताब प्रकाशन गर्छु, त्यसको लागी गुरुमाले व्यवस्था मिलाई दिनुस्' भनें । गुरुमाले मैले अनुरोध गरेको अनुसार अनुवाद गरिएको कापीलाई राम्ररी प्रुफ हेर्ने, प्रेसमा सर्म्पक राख्ने आदि आवश्यक व्यवस्था गरी किताब तयार गर्नमा ठूलो सहयोग गर्नुभयो । त्यसैले व्यवस्था गर्ने श्रद्धेय अग्गञाणी गुरुमाप्रति कृतज्ञता व्यक्त गर्दछु । अथक परिश्रम गरी नेपाली भाषमा अनुवाद गर्नुहुने संगिता धाख्वालाई धेरै साधुवाद छ ।

म बौद्ध कुलमा जन्मी बौद्ध संस्कारमा हुर्केको र नेपालका प्रथम संघमहानायक श्रद्धेय प्रज्ञानन्द महास्थविर (कर्मशील) भन्ते, श्रद्धेय

बुद्धघोष महास्थविर, श्रद्धेय ज्ञानपूर्णिक महास्थविर आदि जस्ता श्रद्धेय भन्तेहरूको संगत गर्न पाएकोले नै पुण्यकर्म गर्नमा मेरो श्रद्धा जागीरहेको हुन्छ । स्मरणीय छ, मेरो बुबा सिंहराज शाक्य सिकिस्त बिरामी भएको बेला चिनीनानी (उप्पलवण्णा गुरुमा)ले कर्मशील भन्तेलाई पाठ गराउन भनी बोलाउनु भएको तर भन्ते आउनु अगाडि नै मेरो बुबाको २०१२ बैशाख कृष्ण अष्टमीको दिन निधन भयो । त्यसपछि कर्मशील भन्तेको उपदेश सुनी प्रभावित भएर बिहारमा जान थालेको र भन्तेहरूको संगत गर्न पाएको हो । श्रद्धेय ज्ञानपूर्णिक भन्तेले त्रिशुली सुगतपुर विहारमा मलेसियन दाताहरू र नेपालीहरूलाई दुर्लभ प्रव्रज्या गरी ध्यान गराउनु भएको बेला म पनि श्रामणेर भएर ध्यान बसेको थिएँ । अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्रमा हरेक शनिवार नियमितरूपमा भईराखेको ध्यान र उपदेश सुन्ने कार्यक्रममा सकेसम्म भाग लिई राखेको र पछि शरीर सिथील भएपछि जान सकेन । तर मैले हरेक दिन आफ्नो निवास स्थानमै बुद्ध पूजा, शील प्रार्थना, परित्राण पाठ र ध्यान भावना गरीराखेको छुं । समय समयमा भिक्षु संघ र अनागारिका संघलाई घरमा निमन्त्रणा गरेर भोजन दान दिने गरीराखेको छुं ।

स्मरणीय छ, अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्रमा भिक्षु संघलाई महान कथिन चीवर दान पनि एकचोटी गरीसकें । मेरो प्रथम जंकु भिमरथारोहण, दोस्रो जंकु चन्द्ररथारोहण र तेस्रो जंकु देवरथारोहण पनि थेरवाद परम्परा अनुसार घरमा महापरित्राण आयोजना गरी मनाईएको थियो । यसरी तिनपटकसम्म भिक्षुमहासंघबाट महापरित्राण पाठ श्रवण गर्न पाएकोमा खुसि लागेको छ ।

"सब्बदानं धम्मदानं जिनाति" "सबै दान मध्ये धर्मदान नै ठूलो" भन्ने बुद्ध वचनलाई महसूस गरी बिभिन्न अवसरमा बुद्ध धर्मका पुस्तकहरू यो सहित ११ वटा पुस्तकहरू प्रकाशन गर्न पाएँ । बेला बखतमा यसरी गरेका पुण्यहरू स्मरण हुँदा मनमा सन्तोष उत्पन्न हुन्छ । यस पुनीत कार्य गर्नमा सहयोग गर्ने मेरा परिवारजन, इष्टमित्रहरू सबैलाई धन्यवाद छ ।

धर्मदानको रूपमा यस “महास्मृतिप्रस्थान सूत्र पालि शब्दार्थ र अभिप्राय” पुस्तक प्रकाशन गरेको पुण्यको आनुभावले अनन्त गुणोपकारी मेरो प्रातः स्मरणीय पिता दिवंगत सिंहराज शाक्य र माता दिवंगत आशामाया शाक्य , त्यस्तै धर्मपत्नी दिवंगत कयो शाक्य र कान्छा छोरा दिवंगत रत्नकाजी शाक्यलाई निर्वाण प्राप्त गर्नका लागि हेतु बनोस् भनी कामना गर्दछुं ।

अन्तमा, पाठकहरूले यस पुस्तको अध्ययन अध्यापन एवं ध्यान निर्देशन अनुसार भावना अभ्यास गरी लाभ लिन सकून भनी आशिका पनि गर्दछु ।

बाबुकाजी शाक्य
चाकुपाट,ल.पु ।
२०७९ मंसिर

अनुवादकको भनाइ

"महास्मृतिप्रस्थान सूत्र" बुद्धभाषित धेरै सूत्रहरू मध्ये अति नै महत्वपूर्ण सूत्र हो। अग्गमहापण्डित महास्थविर महाशी सयादोद्वारा बर्मिज भाषामा लिखित **"महास्मृतिप्रस्थान सूत्र पालि, शब्दार्थ र अभिप्राय"** यस पुस्तक नेपाल भाषामा भिक्षु ज्ञानपूर्णिक महास्थविरबाट अनुवाद गर्नु भएको थियो । नेपाल भाषाको यस पुस्तकको प्रकाशन पहिलो पटक वि.सं. २०४६ सालमा र दोस्रा पटक वि.सं. २०७२ सालमा गरी दुईपटक श्रद्धालु दाता हेरादेवी शाक्य सपरिवारबाट भएको थियो । अहिलेसम्म यो पुस्तक नेपालीमा प्रकाशित भएको छैन । यस पुस्तकलाई नेपाल बौद्ध परियत्ति शिक्षाको सद्धम्म कोविद तहमा पाठ्‌च पुस्तकको रूपमा समावेश गरिएको छ । नेपाल भाषा नबुझेका विद्यार्थीहरूलाई एवं पाठकहरूलाई बुझ्न सजिलो होस् भन्ने मनसायले मैले यस पुस्तकलाई नेपालीमा अनुवाद गरेकी हुँ ।

मलाई यस पुस्तक अनुवादको कार्यमा श्रद्धेय अनागारिका अग्गञाणी गुरुमाले आफ्नो अमूल्य समय दिनु भई आवश्यक सरसल्लाह र सुझाव दिनु भएको थियो। साथै श्रद्धेय ज्ञानपूर्णिक महास्थविरले बर्मी त्रिपिटक अनुसार स्रोत ग्रन्थको पेज नम्बर देखाउनु भएकोलाई विपश्यना विशोधन विन्यास, इगतपुरीबाट प्रकाशित त्रिपिटक अनुसार पेज नम्बर मिलाई दिनु भएको थियो। त्यस्तै प्रेसमा सर्म्पक राखी प्रुफ हेर्ने काममा समेत ठूलो सहयोग गर्नु भएकोमा उहाँ गुरुमाप्रति धेरै आभार प्रकट गर्दछु । भाषाशुद्धिमा सहयोग गर्नुहुने श्री नारायण प्रसाद चौलागाईंप्रति कृतज्ञता व्यक्त गर्दछु ।

यो पुस्तक श्रद्धालु दाता श्री बाबुकाजी शाक्यले आफ्नो ९५औं जन्म दिनको उपलक्ष्यमा धर्मदान स्वरूप प्रकाशन गर्नुभएका उहाँ दाता र उहाँका परिवारप्रति हार्दिक आभार प्रकट गर्दछु । यस पुस्तकमा प्रेरणात्मक मन्तव्य लेख्नु भएकोमा श्रद्धेय भिक्षु बोधिज्ञान महास्थविर भन्तेप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु । यस अनुवाद कार्यमा प्रेरणा

दिने दिदी सबिता धाख्वालाई पनि आभार प्रकट गर्दछु । त्यस्तै अनुवाद कार्यको लागि आवश्यक वातावरण दिनु भएकोमा आमा रत्नदेवी धाख्वा, बुबा अष्टरत्न धाख्वा र दिदी बहिनीहरू सबैलाइ कृतज्ञता व्यक्त गर्दछु । समयमै पुस्तक छापिदिनुभएकोमा आइडियल प्रिटिंग प्रेश परिवारलाई पनि हार्दिक धन्यवाद छ ।

यस पुस्तक परियत्ति शिक्षा, कलेज तथा विश्व विद्यालयमा बुद्धधर्म अध्ययन, अध्यापन एवं अनुसन्धान गर्नेहरुको लागि त्यस्तै ध्यान भावना अभ्यास गर्ने योगीहरूको लागि पनि उपयोगी हुनेछ भन्ने आशा एवं विश्वास गरेको छु । कहिंकतै सच्याउनु पर्ने देखिएमा विज्ञ पाठकहरूबाट सुझावको अपेक्षा राख्दै सबैमा मंगलमैत्री कामना व्यक्त गर्दछु ।

भवतु सब्ब मङ्गलं ॥

संगिता धाख्वा
शान्तिनगर, नयाँ बानेश्वर
काठमाडौं
२०७९ । ०८ । ०७

विषय – सूची

विषय	पृ.नं
प्रतिज्ञा	**१**
सूत्रको निदानको अर्थ	**३**
धर्म घोषणा	**६**
उद्देश – संक्षिप्त कुरा	**१९**
कायानुपस्सना	**२६**
आनापान पर्व	२६
इर्यापथ पर्व	३८
सम्प्रजन्य पर्व	६४
प्रतिकूल मनसिकार पर्व	९०
धातुमनसिकार पर्व	९४
सिवथिक पहिलो भाग	९८
सिवथिक दोस्रो भाग	१०१
सिवथिक तेस्रो भाग	१०३
सिवथिक चौंथो भाग	१०५
सिवथिक पाँचौं भाग	१०६
सिवथिक छैठौं भाग	१०७
सिवथिक सातौं भाग	१०९
सिवथिक आठौं भाग	११०
सिवथिक नवौं भाग	११४
वेदनानुपस्सना	**११७**
चित्तानुपस्सना	**१२७**
धम्मानुपस्सना	**१३३**

नीवरण पर्व	१३३
स्कन्ध पर्व	१४५
आयतन पर्व	१४८
बोध्यङ्ग पर्व	१५४
सत्य पर्व	१६३
सत्य पर्व दुःखसत्य काण्ड	१६३
सत्य पर्व समुदयसत्य काण्ड	१७७
सत्य पर्व निरोध सत्य काण्ड	१८४
सत्य पर्व मार्ग सत्य काण्ड	१९०
आनिशंस कथा	**२०१**
निगमन कथा	**२०१**
परिशिष्ट	२०८

महास्मृतिप्रस्थान सूत्र

(पालि, शब्दार्थ र अभिप्राय)

नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स

प्रतिज्ञा

येनेव यन्ति निब्बानं - बुद्धा तेसञ्च सावका ।

एकायनेन मग्गेन - सतिपट्ठान-सञ्ञिना ॥

तं दीपकस्स सुत्तस्स-सुबोध अत्थनिस्सयो ।

अत्थाय मन्दबुद्धीनं-सङ्खेपेन करीयते ॥

अर्थ

बुद्धा च = सम्पूर्ण बुद्धहरू र; तेसं सावका च = वहाँ बुद्धहरूका सबै श्रावक शिष्यहरू पनि; एकायनेन = निर्वाणमा जानको निम्ति एक मात्र सत्य बाटो एउटा मात्र यथार्थ मार्ग भइरहेको; सतिपट्ठान-सञ्ञिना = स्मृतिप्रस्थान नाम भएको; येनेव[१]

अभिप्राय

टिप्पनी: [१] येनेव- भनी अवधारण अर्थ भएको 'एव' शब्दले सीमित गरी भनिराखेकोमा आधारभूत साधक नमूना के हो भने ......

एकायनं जातिखयन्तदस्सी । मग्गं पजानाति हितानुकम्पी ॥
एतेन मग्गेन तरिंसु पुब्बे । तरिस्सन्ति ये च तरन्ति ओघं ॥
भनिने स्मृतिप्रस्थान संयुक्त पालि;

मग्गेन = जुन बाटोबाट मात्रै; निब्बानं = निर्वाणमा, यन्ति = बाहिर निस्केर मुक्त भई पुग्नु भएको हो ।

तं दीपकस्स = स्मृतिप्रस्थान उक्त सत्य मार्गलाई विभाजन गरी प्रकटरूपले निर्देशित गरीराखेको; सुत्तस्स = महास्मृतिप्रस्थान सूत्रको; सुबोधो = हेर्नु मात्रले पनि देख्न जान्न सजिलो; अत्थनिस्सयो = आफ्नो भाषामा भाषा उल्था गरी आधार लिन योग्य भएको निश्चय ग्रन्थलाई; मन्दबुद्धीनं अत्थाय = मन्द बुद्धि भएका श्रमण गृहस्थहरूले सजिलो हुने गरी स्मरण गरी धारण गर्न सक्नुको निम्ति; सङ्खेपेन = मुख्य कुरा संक्षिप्त रूपले; मया = आयुष्मान शोभन भनिने पहिलेको नामसँग स्थानको आधारमा महाशी भनिने नाम प्रज्ञप्ति भएको म स्थविरले; करीयते = नयाँ बनाएर व्यवस्थित रूपले लेख्दै छु ।

एकायनमग्गो वुच्चति पुब्बभागसतिपट्ठान-मग्गो

एसेव मग्गो नत्थञ्ञो, दस्सनस्स विसुद्धिया ..... भनेर स्मृतिप्रस्थान सूत्र अर्थकथामा उल्लेख गरिराखेको सूत्र पालि र ...... **इमिनाव मग्गेन .... अनेका सम्मासम्बुद्धा, अनेकसता पच्चेकबुद्धा, गणनपथं वीतिवत्ता अरियसावका चाति इमे सत्ता सब्बे चित्तमले पवाहेत्वा परमविसुद्धिं पत्ता ......** भनिने यस सूत्रको व्याख्या अर्थकथाहरू नै हुन् ।

महास्मृतिप्रस्थान सूत्र

सूत्रको निदान

एवं मे सुतं.....एकं समयं भगवा कुरूसु विहरति कम्मासधम्मं नाम कुरूनं निगमो । तत्र खो भगवा भिक्खू आमन्तेसि भिक्खवोति । भदन्तेति ते भिक्खू भगवतो पच्चस्सोसुं । भगवा एतदवोच ॥

सूत्रको निदानको अर्थ

भन्ते कस्सप = भन्ते महाकाश्यप; इदं सुतं = यस महास्मृतिप्रस्थान सूत्र; मे-मया आनन्देन = म आनन्दले; (भगवतो = भगवान बुद्धको; सम्मुखा = समुख); एवं = अहिले बताउन लागेको आकार प्रकारले; सुतं = राम्रोसँग सुनेर सम्झिराखेको छु भन्ते ।

कथं = कसरी सुनेको छु भने – एकं समय = एक समय; भगवा = भाग्यवान तथागत; कुरूसु[1]= कुरू देशमा; कम्मासधम्मं नाम = कम्मासधम्म भनिने; कुरूनं निगमो = कुरू देशको[2] ठूलो

अभिप्राय

१ **कुरूसु-** भनी बहुवचनले क्षत्रिय अधिकारी धेरैं राजकुमारहरूलाई लक्ष गरी पालि व्याकरणको नियम अनुसार मात्र भनिराखेको हो । कुरू राष्ट्र धेरै भएर होइन; कुरू राष्ट्र त एउटै मात्र हो । यस्तो ठाउँमा बहुवचनले भन्नलाई निर्देशित गर्ने हाम्रो व्याकरण रूल पनि छैन । त्यसैले **"कुरू राष्ट्रमा"** भनेर एकवचले मात्र भाषा अनुवाद गरेको भयो ।

२ **कुरूनं** पदको अनुवादमा पनि यहीं अनुसार बुझ्नुपर्दछ । त्यस

अवस्थामा कुरू भनेर प्रख्यात भइरहेको त्यस राष्ट्रको आधारभूत स्थान अहिलेको भारत राष्ट्रको पश्चिम-उत्तरमा अवस्थित **दिल्ली क्षेत्र** नै हो ।

त्यस युगमा कुरू राष्ट्रको नागरिकहरूमा अनुकूल ऋतु आदि सम्पन्न भइरहेकोले शरीर र मन स्वस्थ निरोगी भएर गम्भीर धर्म श्रवण गरी स्मरण गर्नसक्ने शक्ति र निम्न: स्तरीय नोकर चाकरदेखि लिएर श्रमण गृहस्थ धेरैसँग स्मृतिप्रस्थान धर्म **सुनाउने, सुन्ने अभ्यास गर्ने बानी भएकोले** यो सूत्र कुरू राष्ट्रमा बताउनु भएको हो भनेर अर्थकथामा उल्लेख भएको छ । उक्त भनाई २१-वटा पर्वले सुविस्तृत रूपले सम्पूर्ण हुने गरी बताइराख्नु भएको पहिलो उपदेशलाई मात्र उद्देश्य गरिराखेको हुनुपर्दछ । कारण किनभने..... स्मृतिप्रस्थान देशनालाई सुनाउने (भन्ने), देखाउने र अभ्यास गर्ने बानी भएको कारणले कुरू राष्ट्रमा नै बताउनु भएको हो भनेर भनिराखेको उहाँको (अर्थकथाचार्यको) भनाईमा नै त्यो भन्दा पहिलेको समयमा पनि **बताइसकेको, सुनिसकेको** भन्ने अर्थ स्पष्ट भईसकेको मात्र होइन **स्मृतिप्रस्थान संयुक्तमा** अरू अरू धेरै ठाउँहरूमा पनि बताइसकेको थियो भन्ने कुरा उल्लेख गरिराखेकोले हो । त्यसो भएकोले, त्यो भन्दा पहिलेको समयमा पनि यस स्मृतिप्रस्थान देशनालाई संक्षिप्त रूपले बताउनु भइसक्यो भन्ने कुरा र अरू अरू धेरै ठाउँमा पनि धेरै पटक बताएका थिए भन्ने कुरा थाहापाउनु पर्‍यो ।

राजधानी नभएकोले नगर वा शहर भनेर भन्न अप्ठ्यारो भए पनि धेरै पसलहरू र बजारहरू भएर रमाइलो हुलमूल र गुल्जार भएको शहर जस्तो भएको देखिने ठूलो गाउँलाई **निगम** भनेर भनिन्छ । कम्मासधम्म निगम त्यस गाउँमा बस्नुभएको थियो भनिए तापनि निगमलाई **भिक्षाचरण** गर्ने स्थान बनाई उक्त निगमबाट टाढा पनि होइन नजिक पनि नभएको एउटा जङ्गलमा बस्नुभएको थियो भनेर अर्थकथामा भनिएको छ ।

निगम गाउँ; अत्थि = छ । तत्थ = त्यस निगम गाउँमा; विहरति = विहार गरी बस्नुभएको थियो। तत्र खो = यसरी बस्नुभएको अवस्थामा; भगवा = भगवान बुद्धले; भिक्खू = भिक्षहरूलाई; भिक्खवो' ति = भिक्षुहरू भनी; आमन्तेसि = ध्यान दिनको निम्ति सचेत गरी बोलाउनु भयो । ते भिक्खू = ती भिक्षुहरूले; भगवतो = भगवान बुद्धलाई; भदन्ते'ति = भन्ते भनी; पच्चस्सोसुं = जवाब दिने किसिमले निवेदन गरे। भगवा = भगवान बुद्धले; एतं = अहिले नै पढ्न लागेको यो उपदेश; अवोच = देशना गर्नुभयो ।

धर्म घोषणा

एकायनो अयं भिक्खवे मग्गो सत्तानं विसुद्धिया, सोक-परिदेवानं समतिक्कमाय, दुक्ख-दोमनस्सानं अत्थङ्गमाय, ञायस्स अधिगमाय, निब्बानस्स सच्छिकिरियाय; यदिदं चत्तारो सतिपट्ठाना ।

धर्म घोषणाको अर्थ

भिक्खवे = भिक्षुहरू; चतारो = चारवटा; यदिदं ये इमे सतिपट्ठाना[1] = दृढ रूपले सम्झनु स्मृति बलवान् हुनु भनेको जुन-जुन स्मृतिप्रस्थान; सन्ति = छन् ; अयं = दृढरूपले सम्झन - स्मृति बलवान हुनु - स्मृतिप्रस्थान भनेको यस आचरण मार्ग; सत्तानं = बुद्ध, प्रत्येक बुद्ध, भावी आर्यश्रावक[2] सम्पूर्ण सत्त्व समूहहरूको;

अभिप्राय

१ **सति**-सम्झिनु + **पट्ठान**=(काय, वेदना, चित्त र धर्ममा, नजिक रहेर - समावेश भएर अटूट रूपले उत्पन्न भइरहेको-दृढरूपले बलियो भएको । **सतिपट्ठान**=नजिक स्थिर भइरहेको सम्झना (स्मरण)-समावेश भएर अटूट रूपले उत्पन्न भइरहेको सम्झना-बलवान् भएको स्मृति । अर्को अर्थमा.... **पट्ठान**=नजिकै स्थिर हुनु समावेश भएर निरन्तर उत्पन्न हुनु, दरिलो(दृढ) हुनु । सतिपट्ठान = स्मृति नजिकै स्थिर हुनु-स्मृति गहीराइमा दुबेर निरन्तर (अटूट रूपले) उत्पन्न हुनु, स्मृति दरिलो हुनु ।

२ चार असंख्य र एक लाख कल्पभित्र उत्पन्न हुनुभएका सम्यक्सम्बुद्ध तथागतहरू, प्रत्येक बुद्धहरू, आर्य श्रावकहरू यस स्मृतिप्रस्थान मार्गबाट मात्रै पूर्ण रूपले पारिशुद्धीमा पुग्नु भएको हो भनेर भनिराखेको अर्थकथाको भनाई नमूना देखाउने निर्देशन मात्र हो । मुख्य थाहा दिलाउन मन लागेको कुरा त चार असंख्य र एक

विसुद्धिया = चित्त मलबाट मुक्त भएर विशुद्ध हुनको निम्ति; एकायनो[३]

लाख कल्पको भित्र नै होस् वा बाहिर नै जुनसुकै कालमा भए पनि उत्पन्न हुनु भइसकेका, उत्पन्न भइरहनु भएका पछि उत्पन्न हुने बुद्ध, प्रत्येक बुद्ध, आर्यश्रावक सबै यस **स्मृतिप्रस्थान मार्गबाट मात्रै** पूर्णतः विशुद्धिमा पुग्नुहुन्छ भनेर सम्पूर्ण रूपले राम्रोसँग थाहा दिलाउन मन लागेको भयो । त्यसैले.... माथि उल्लेख गरी आएको **संयुक्त पालिमा**.... **एतेन मग्गेन तरिसु पुब्बे, तरिस्सन्ति ये च तरन्ति ओघं** भनिने शब्दले कल्पको सीमाना नराखी त्रिकालमा यही स्मृतिप्रस्थान मार्गबाट मात्र ओघ(बाढी) लाई नाघेर जानुपर्ने कारण उल्लेख भइसक्यो । यति मात्र होइन ......दीर्घनिकाय पाथिक वर्ग **सम्पसादनीय** सूत्रमा पनि तीनै कालका बुद्धहरू सबै **(चतूसु सतिपट्ठानेसु सुपतिट्ठितचित्ता) चार स्मृतिप्रस्थानमा राम्रोसँग स्थिर भइरहेको चित्त भएका भएर** सम्यक् सम्बोधि ज्ञानमा पुग्नुभएका कुरा स्पष्ट र सुनिश्चित रूपले नै बताउनु भइसकेको भयो । त्यसैले यहाँ **सत्तानं** भनेको सामान्य पदले विशुद्धिमा पुग्नसक्ने सबै भावी आर्यहरू सबैलाई ग्रहण गर्नुपर्ने भयो ।

३ **एक =** एक मात्र वा एउटा मात्र + **अयन =** मार्ग वा बाटो- **एकायन =** एउटा मात्र बाटो । क्लेश शुद्ध गर्नलाई .... निर्वाण साक्षात्कार गर्नलाई यस स्मृतिप्रस्थान आचरण **बाटो एउटै मात्र छ** । स्मृतिप्रस्थान भन्दा अलग्ग भएर अन्य बाटो छैन भन्ने अभिप्राय हो । यस ठाउँमा **(एकमग्गो'ति एको एव मग्गो; न हि निब्बानगामि मग्गो अञ्ञो अत्थी'ति)** एकायन-एकमग्ग भनिने एक मात्र बाटो हो । साँच्चै हो; स्मृतिप्रस्थान बाहेक अन्य निर्वाणमा जाने बाटो छँदै छैन भनेर जान्नुपर्दछ भनी व्याख्या गरीराखेको टीकालाई विशेषरूपले होस राख्नुपर्दछ । अर्को .... मज्झिमनिकाय मूलपण्णास **-महासीहनाद** सूत्रमा जस्तै **एकायनो मग्गो** - भनिने यस पदले अन्य अर्को बाटो भुलेर छुटेर जाने सानो सानो शाखा बाटोहरू नभइकन एक मात्र बाटोलाई भनिने पद हो । त्यसैले

मग्गो = एक मात्र बाटो-एक मात्र मार्ग हो ।

[४]सोकपरिदेवानं = शोक हुनु, मन दाह हुनु, रुनु, कराउनुलाई;

एक = एउटा मात्र **+अयन =** जाने बाटो = **एकायन मग्ग-** एउटा मात्र जाने-भएको बाटो **- एक मात्र मार्ग** । यस स्मृतिप्रस्थान मार्गबाट गयो भने बाटो सिमान्त अवस्थामा निर्वाणमा सिधा पुगिने हुन्छ । निर्वाणको अतिरिक्त अन्यत्र भुलेर जान सकिने शाखा बाटोहरू नभएको **सुनिश्चित रूपले महामार्ग** (राजमार्ग) भइरहेको बाटो हो भन्ने अभिप्राय भयो ।

४ यस स्मृतिप्रस्थान मार्गले सन्तति अमात्यहरू जस्तै शोकबाट पनि नाघेर जान सकिन्छ । पटाचारा स्थविराहरू जस्तै परिदेवबाट पनि नाघेर जान सकिन्छ । यहाँ उपदेश सुन्दा सुन्दै मार्गफलमा पुगेका व्यक्तिहरूले स्मृतिप्रस्थान विधि अनुसार भाविता गर्नु नपर्ने गरी सुन्न पाएको उपदेशबाट काम सिद्ध भयो भनेर मनमा लिने हुनाले यसरी मनमा राख्नु उचित नभएको कारणलाई अर्थकथामा यसरी स्पष्टीकरण दिएर देखाएको भयो । कसरी भन्दा ..... **यं पुब्बे तं विसोसेहि-** आदि गाथा सुनेर **सन्तति महामात्य** अरहन्त भएको अवश्य पनि हो । यस अतिरिक्त ..... **न सन्ति पुत्ता ताणाय-** आदि गाथा सुनेर **पटाचारा स्थविरा** श्रोतापन्न भएको पनि अवश्य हो । तर त्यसो भएता पनि **काय, वेदना, चित्त र धर्म** भनिने स्मृतिप्रस्थानको चार आरम्मणमध्ये एउटा एउटालाई समेत नछोएर भाविता नगरी विपश्यना ज्ञान, मार्ग ज्ञानहरू उत्पत्ति गर्न सकिने प्रज्ञा भावना भने उत्पत्ति हुने स्वभाव छैन । त्यसैले सन्तति महामात्य र पटाचारा स्थविराहरूले पनि स्मृतिप्रस्थानको एउटा न एउटा आरम्मणलाई स्मरण गरी भाविता गरेर **स्मृतिप्रस्थान मार्गबाट नै** मात्र शोक परिदेवलाई नाघेर गएका हुन् भनी दरिलो र दृढरूपले सम्झनु पर्ने कुरा अर्थकथामा स्पष्ट गरेर देखाएको छ ।

उपदेश सुनिरहँदा स्मृतिप्रस्थान उत्पन्न हुन सक्ने कसरी भन्दा .... **यं पुब्बे तं विसोसेहि**–पहिलेको संस्कार समूहमा उत्पन्न

हुन सक्ने क्लेशलाई सुकाउनु पर्दछ भन्ने यस पादले पहिले पहिले देखी आएको, स्पर्श गरी आएको, जानी आएको सबैलाई दोहोऱ्याएर स्मरण गर्ने क्षण क्षणमा राग, द्वेष आदि क्लेश उत्पत्ति हुनसक्नुलाई र उक्त क्लेश उत्पन्न हुन नसकिने किसिमले भाविता गर्नुपर्ने कुरा देखाएको छ । के लाई भविता गर्नुपर्दछ त भन्दा ..... उत्पत्ति क्षणको रूप र नामलाई अटूट रूपले भाविता गऱ्यो भने पुराना आरम्मणहरूलाई चिन्तना गर्न भ्याउँदैनन् । यसरी चिन्तना गर्नु नपर्ने भयो भने त्यसलाई प्रत्यय गरेर क्लेश उत्पत्ति हुन सक्दैन । त्यसो भएकोले पुरानो आरम्मणमा फेरि विचार गरेर क्लेश उत्पत्ति हुन नसक्ने गरी उत्पत्ति क्षणको रूप र नामलाई पनि निरन्तर स्मृति राखेर भाविता गर्दै जानुपर्दछ। यसको अतिरिक्त ..... पुरानो आरम्मणलाई फेरि विचार गर्न पुगियो भने उक्त विचारलाई दृढरूपले होश राखेर निरन्तर विचार गरियो भने क्लेशलाई तोड्न सकिने हुन्छ । त्यसो भएकोले फेरि विचार गरेर क्लेश निरन्तर उत्पन्न हुन नसकिने गरी उक्त विचारलाई पनि छुट्टिने अवस्थासम्म स्मृति राखेर भाविता गर्नुपर्दछ । सन्तति महामात्यले यस अर्थ अभिप्रायलाई बुझेर उसलाई मनपर्ने केटीसँगै बसेर आएको अवस्थालाई विचार गर्ने पल पलमा उक्त चित्तलाई होश राखी भाविताद्वारा र पुरानो अवस्थालाई फेरि विचार नगरिने किसिमले उत्पत्ति क्षणको रूप र नामलाई निरन्तर भाविता गरेर उपदेश सुनिरहेको अवस्थामा नै स्मृतिप्रस्थान धर्मलाई वृद्धि गरिरहेको छ भन्ने कुरा जान्नु पर्दछ ।

पच्छा ते माहु किञ्चनं-भविष्यको संस्कार समूहमा चासो राखीरहने क्लेश उत्पत्ति गर्नु हुन्दैन–भनेर भनिराखेको यस पादले पनि भविष्यको कुरालाई चासो राखेर विचार गरीने क्षण क्षणमा शोकाकुलित भइराख्ने आशा लिईराख्ने आदि क्लेशहरू उत्पत्ति हुनसक्नेलाई र उक्त क्लेशहरू उत्पत्ति हुन नसकिने गरी भाविता गर्नुपर्दछ भन्ने कुरा देखाएको भयो । के लाई भाविता गर्ने त

भन्दा ...... भविष्यको विषयलाई चासो लिई विचार गर्ने अवसर नदिइकन उत्पत्ति क्षणको रूप र नामलाई पनि अटूटरूपले स्मृति राखेर भाविता गर्नुपर्दछ । भविष्यको विषयलाई विचार गर्न पुगियो भने उक्त चित्त समेत नटुतेसम्म स्मृति राखी भाविता गर्दै जानुपर्दछ। सन्तति महामात्यले यस अर्थ अभिप्रायलाई बुझेर पछि पछि ती केटीलाई भेट्न मन लागेको, सँगै बस्ने चाहेको आदि राग युक्त कल्पनाहरू, "अब कहिले पनि भेट्न नपाउने भयो, म एक्लै बस्नुपर्ने भयो" आदि भनेर सम्झनाले सताएर शोक र डाह हुने शोकयुक्त कल्पनाहरू उत्पन्न हुने बित्तिकैको क्षणमा भाविता गर्नुद्वारा र भविष्यको सम्बन्ध विचार नगरीने किसिमले उत्पत्ति क्षणको नामलाई अटूट रूपले भाविता गर्नुद्वारा उपदेश सुन्दा सुन्दै स्मृतिप्रस्थान धर्मलाई वृद्धि गरिरहेको हो भनेर जान्नुपर्‍यो ।

मज्झे चे नो गहेस्ससि- बीचको रूप र नाम वर्तमान संस्कारमा आशक्त भएन भने भन्ने यस पादले पनि देख्ने क्षणमा, सुन्ने क्षणमा इत्यादि वर्तमान रूप र नाममा शुभ मानेर मज्जा लिन नसकिने किसिमले, आत्म हो, सत्व हो भनी ठान्ने उपादान उत्पन्न हुन नसकिने किसिमले उत्पत्ति हुने बित्तिकैको क्षणहरूमा स्मृति राखेर भाविता गर्नुपर्ने कुरालाई देखाएको भयो । सन्तति महामात्यले यस अर्थ अभिप्रायलाई बुझेर त्यस क्षणमा उत्पत्ति भईरहेको देखिने, सुनिने, विचार गरीने आदि रूप र नामलाई अटुटरूपले स्मृति राखेर उपदेश सुनिरहेको हुनाले नै स्मृतिप्रस्थान धर्मलाई वृद्धि गरिरहेको हो भनेर जान्नुपर्‍यो। यस सन्दर्भमा "एउटा गाथा सुनिरहेको क्षणभित्र यति धेरै स्मृति राखेर भाविता गरेको हुन सक्ला र ?" भनेर विचार गरेर **संशय लिइराख्नु आवश्यक छैन** । स्मृतिप्रस्थान कार्य धर्मलाई मात्र दृढरूपले भित्रिदेखि अभ्यास गरेर हेर । समाधि ज्ञान बलियो भएर आउनेबेला यति धेरै भाविता गरेर स्मृतिराख्ने काम एकक्षण भित्रमा नै हुनसक्ने ज्ञान आ-आफैले प्राप्त गर्न सकिने हुन्छ ।

यसरी निरन्तर होश राखीराख्ने कारणले गर्दा पुरानो पुरानो कुरालाई लिएर विचार गरेर पनि क्लेश उत्पत्ति हुँदैन । भविष्यको कुरालाई कल्पना गरेर पनि क्लेश उत्पन्न हुँदैन । वर्तमानको देख्ने, सुन्ने, स्पर्श गर्ने, जान्ने(थाहापाउने) क्षणको रूप र नाममा पनि उत्पत्ति हुने, विनाश हुने, अनित्य हुनेलाई प्रत्यक्ष रूपले जानीराख्ने हुनाले तृष्णा दृष्टि आदि क्लेशहरू उत्पन्न हुने अवसर नहुने भयो । सन्तति महामात्यले यहि विधि अनुसार निरन्तर स्मृतिपूर्वक होश राख्दै गर्दा क्लेश शमन भएर एक आशन भित्रै चारवटा मार्ग ज्ञानहरू क्रमशः उत्पन्न गरेर अरहत फलमा पुगेको हो भनेर जान्नुपर्‍यो । यसरी हुन सक्नेलाई लक्ष्य राखेर **उपसन्तो चरिस्ससि-**क्लेश अग्नि बिल्कुल शान्त दान्त भएर जान्छ–भनेर अन्तिम पाद बताउनु भयो ।

न सन्ति पुत्ता ताणाय- न पिता नापि बन्धवा ।
अन्तकेनाधिपन्नस्स-नत्थि ञातीसु ताणता ॥
एतमत्थवसं ञत्वा-पण्डितो सीलसंवुतो ।
निब्बानगमनं मग्गं-खिप्पमेव विसोधये....॥

भनिने यी गाथा दुईवटा सुनेर पटाचारा स्थविरा श्रोतापन्न भइन् भनेर **धम्मपदमा** उल्लेख भएको छ । त्यस मध्ये **पहिलो गाथाले** "एकदिन आफू स्वयंलाई पनि भयानक मरण भयले छोइनेछ (स्पर्श हुनेछ); त्यस अवस्थामा छोरा-छोरी आमा-बुवा आफन्तहरू अगाडि भएता पनि मरण भयबाट रक्षा गर्न नसकिने र भरोसा लिन लायक नभएको कुरालाई" स्पष्ट गरी **स्मृति संवेग ज्ञान** उत्पत्ति गरीन्छ । **दोस्रो गाथाले** अरुहरू आफ्नो आधार भरोसा हुन नसक्ने; आधार भरोसा लिन लायक(योग्य) हुने गरी आचरण गर्दैगयो भने **आफू स्वयं मात्रै आफ्नो आधार भरोसा** लिन लायक हुनसक्ने कुरालाई जानेर देखेर बुझेको व्यक्तिले शीलले सम्पन्न भएर **निर्वाण मार्गलाई** साक्षात्कार गर्न जति सक्यो त्यति छिटो **शुद्ध गर्दै जानु आवश्यक (योग्य) भएको कुरालाई"** देखाएको छ । पटाचाराले पनि यस अर्थ अभिप्रायलाई बुझेर **स्मृति संवेग उत्पन्न**

गरेर पुरानो बोलिबचन व्यवहार नबोली, नगरी बस्छु भनेर उपदेश सुन्दा सुन्दै धारण र मनन गरी सबैभन्दा पहिले शीलमा प्रतिस्थित भएर **निब्बानगमनं मग्गं**-भनिराखेको अनुसारले यस स्मृतिप्रस्थान विधि अनुसारले स्मृति राख्दै भाविता गरेर एकै आशनभित्र नै **स्रोतापत्ति फलमा** पुगेको हो भनेर थाहापाउनु पर्दछ। उपदेश सुन्दा सुन्दै मार्ग र फलमा प्रतिस्थित हुने व्यक्तिहरू यहीँ विधि अनुसारले मात्र हुन्छ। त्यसैले अर्थकथामा **तेपि इमिनाव मग्गेन**-उपदेश सुन्दा सुन्दै मार्ग र फलमा पुगेका ती व्यक्तिहरू पनि यस स्मृतिप्रस्थान मार्गबाट मात्र नै पुगेका हुन् भनेर जान्नुपर्ने कुरालाई सुनिश्चित रूपले परिधि (सीमाना) राखेर निर्णय दिइराखेको भयो। यस ठाउँमा टीकामा गाथा सुनीसकेपछि चतु सत्य कर्मस्थान उपदेशलाई पनि सुनेर स्मृतिप्रस्थानबाट नै विशिष्ट धर्म प्राप्त हुने हो भनेर भनेको छ। यो भनाई पनि उचित र श्रेष्ठ हो।

पटाचारा स्रोतापत्ति फलमा पुगेर परिदेवबाट मुक्त भयो भनेर भनिएको यस अर्थकथाको भनाईमा पनि प्रश्न गर्ने ठाउँ छ। कसरी भने .... परिदेवलाई अनागामि मार्गबाट मात्रै कुनै शेष बाँकी नराखी हटाउन सक्ने भएर स्रोतापत्ति मार्गले कुनै शेष बाँकी नराखी हटाउन सक्दैन होइन र ? यसरी प्रश्न गर्ने ठाउँ छ। स्रोतापत्ति मार्गले परिदेवको कारण भइरहेको दौर्मनस्य चित्तलाई शेष बाँकी नराखी हटाउन नसक्ने त अवश्य पनि हो। तर पनि पटाचाराले पूर्व भाग विपश्यना मार्गसँग सँगै स्रोतापत्ति मार्गद्वारा त्यस क्षणमा उत्पन्न भइरहेको उक्त परिदेव दौर्मनस्य चित्तलाई हटाइसकेपछि केही समय नबित्दै माथिको मार्ग तीनवटामा पनि पुगेको हो। **स्रोतापत्ति मार्गमा** पुगेदेखि नै पटाचाराको सन्तानमा त्यो जस्तै **परिदेव दोमनस्स** फेरि उत्पन्न हुने नभएर **अनागामि मार्गद्वारा** निरवशेष रूपले नाघेर गएकोलाई लक्ष्य गरेर भनिएको हो भनेर थाहापाउनु पर्दछ। यसरी भन्न सक्नुको कारण युक्ति के हो भन्दा ....**मज्झिम निकाय मूल पण्णास चुलवेदल्ल** सूत्रमा "सम्पूर्ण

समतिक्कमाय = नाघेर जानको निम्ति वा अतिक्रमण गर्नको निम्ति एउटा मात्र बाटो एक मात्र मार्ग हो ।

[५] **दुक्ख दोमनस्सानं = शारीरिक दुःख मानसिक दुःखलाई;**

सुख वेदनामा रागानुसय समावेश भएको छ त ? कि सम्पूर्ण सुख वेदनामा रागानुसय हटाउन लायक छ ?" **भन्ने प्रश्नलाई "प्रथम ध्यानबाट-** काम रागलाई हटाएर काम रागबाट सधैंको निम्ति टाढा रही क्रमशः **अनगामि मार्गमा** पुगेको व्यक्तिमा **प्रथम ध्यानमा** कामराग समावेश छैन र **प्रथम ध्यानद्वा**रा नै कामरागलाई हटाइसक्यो भनेर" उत्तर दिइएको छ । यसरी उत्तर दिइराखेकोमा अनागामि मार्गबाट मात्रै केही पनि शेष बाँकी नराखी हटाउनु पर्ने **काम रागानुसयलाई** प्रथम ध्यान उत्पत्ति भए देखि नै **उत्पन्न हुने अवसर नभएको हुँदा प्रथम ध्यानबाट नै हटाइदियो** भनीराखे जस्तै यहाँ पनि अनागमि मार्गले मात्रै कुनै शेष बाँकी नराखी हटाउनुपर्ने **परिदेव दोमनस्स चित्त**लाई स्रोतापत्ति मार्ग उत्पन्न भएदेखि नै **उत्पन्न हुने अवसर नभईसकेको हुँदा स्रोतापत्ति मार्गबाट मुक्त भएर गयो भनेर** भन्न योग्य छ । देवराज इन्द्र सुब्रहा देवपुत्रहरूको दौर्मनस्य निरोध र शान्त भएको कारणलाई देखाउने अवस्थामा पनि यसरी नै हो भनेर धारण राख्नुपर्दछ । साँच्चै हो, यी देवराज इन्द्र र सुब्रहा देवपुत्रहरूमा श्रोतापत्ति मार्गमा पुगेदेखि ईर्ष्या मात्सर्य अपाय भय आदिसँग सम्बन्धित भएको त्यो जस्तो दौर्मनस्यहरू उत्पन्न हुने अवसर नभएकै भयो ।

५ शरीरमा दुख्ने, क्त कत् दुख्ने, सहन गाह्रो हुने सबै (दुक्ख) शारीरिक दुःख हो । मनमा पीर हुने, मन नरमाइलो हुने सबै (दोमनस्स) मानसिक दुःख हो । यी दुई प्रकारका दुःखलाई पनि स्मृतिप्रस्थान आचरण मार्गद्वारा बिल्कुल निरोध र शान्त गर्न सकिन्छ । यस **स्मृतिप्रस्थान आचारण मार्ग** पूर्ण रूपले उत्पन्न गर्नसक्यो भने तिष्य स्थविरहरूले जस्तै दुःखलाई पनि शान्त पार्न सकिन्छ । **देवराज इन्द्रहरूको जस्तै** दौर्मनस्यलाई पनि शान्त पार्न सकिन्छ

भनेर अर्थकथामा भनिएको छ । त्यस्मा **तिष्य स्थविरको दुःख शान्त** भएको कसरी भने-श्रावस्ती देशमा तिष्य भन्ने महाजन पुत्रले अंश भाग नछुत्याएको (४०) **चालीस करोड** धन आफ्नो भाइ चूलतिष्यलाई सुम्पेर त्याग गरी भिक्षु भएर एउटा अरण्य निवासमा **श्रमण धर्म अभ्यास गरी बसिरह्यो** । त्यस अवस्थामा चूलतिष्यको श्रीमतीले आयुष्मान तिष्य बुद्ध-शासनमा बसेर रमाउन नसकी गृहस्थी भएर फर्क्यो भने अंश भाग आधा दिनुपर्ने हुन्छ भनेर चिन्ता भएकोले डाँकाहरूलाई पैसा दिएर आयुष्मान तिष्यलाई मार्न पठाए । ती डाँकाहरूले पनि आयुष्मान तिष्यलाई समातेर मार्ने कोशिस गरे । त्यस अवस्थामा आयुष्मान तिष्यले **क्लेशबाट मुक्त नभईकन मर्नुदेखि अति घृणा भएको र डराएको कारणले गर्दा** हे उपासकहरू, मलाई आधा रात जति मात्र स्वतन्त्र पूर्वक भावना उद्योग गर्ने अवसर देऊ । म कहीँ पनि भाग्न नसक्ने गरी विश्वास गर्न लायक जिम्मेवारी मैले दिइराख्छु' भनेर **प्रार्थना गरेर** आफ्नो दुईवटा तिघ्राको जोर्नीहरू भाँचिने गरी ठूलो ढुंगाले **स्वयं आफैले हानेर** भाँची जिम्मा दिईसकेपछि भावनालाई मात्र जोड तोडले उद्योग गरी रह्यो । अति तीब्रगतिले दुःखेको वेदनालाई स्मृति राखेर भाविता गर्दा गर्दै शील परिशुद्ध भएकोलाई प्रत्यवेक्षण गर्न पुगेकोले प्रबल भएको प्रीति प्रामोद्य (उहाँमा) उत्पन्न भएर आयो । त्यस अवस्थामा वेदनामा मनसिकार भनिने **मनले होश राख्ने नभएकोले** दुःखेको वेदना हराएर शान्त भएर गएको जस्तो भयो, यसरी हुनुलाई **"वेदनं विक्खम्भित्वा** वेदनालाई ताँछेर निकालिरह्यो" भनेर अर्थकथामा भनिएको भयो । यसरी सहन गाह्रो वेदनाबाट आस्वस्त भएर उत्पत्ति क्षणको नाम रूपलाई स्मृति राखी भाविता गरेर विपश्यनालाई क्रमशः वृद्धि गरी बिहान अरूणोदय भएको बेलामा **अरहत्त फलमा** (उहाँ) पुग्नुभयो । अरहत्त फलमा पुगेपछि **परिनिर्वाण भएसँगै शारीरिक दुःख सबै राम्रोसँग पूर्णरूपले निरोध र शान्त भयो ।**

बाघको आहार बन्न पुगेका नवक भिक्षुको दुःख शान्त भएको कुरा... तीसजना भिक्षुहरूले भगवान बुद्धसँग कर्मस्थान ग्रहण गरेर एक अरण्य निवासमा वर्षावास बसेर भावना अभ्यास गरिरहेका थिए । रूखमुनि झारपात आदि भएको अनुकूल स्थानमा भावना अभ्यास गरिरहँदा बिहान सबेरै एक एकजना भिक्षुलाई बाघले तानेर लगेको रहेछ । बाघले तान्दै लगेको भिक्षुले पनि बाघले लगेको कुरा **चिच्याएर कराएमा** सँगै रहेका अरू योगी भिक्षुहरूको **समाधि बिग्रिन्छ भनेर डराएकोले** आवाज नदिई **चूपचाप नै** बाघले जहाँ जहाँ लग्यो त्यहीं त्यहीं जाने स्वभाव भएको रहेछ । यहिं रूपले भिक्षुहरू आठ दशजनाको संख्या घट्दै गएपछि मात्रै कारण बुझेर **संघ स्थविरले** बाघले तान्न आउने बेला कराएर शब्द दिनको निम्ति बलियो आदेश दिए । एक दिन बाघले नवक भिक्षु एक जनालाई पनि पहिले पहिले जस्तै तान्न आयो । ती नवक भिक्षुले “भन्ते ! बाघ आयो, भन्ते ! बाघ आयो” भनेर शब्द दियो । सहनिबासी भिक्षुहरूले पनि लौरो, लट्ठी आदि समातेर (ती नवक भिक्षुलाई) बाघको मुखबाट छुटाउन सक्दो प्रयास गरेको रहेछ । तर बाघले नछोडिकन मानिसहरू आउन नसक्ने गरी हाम्फालेर उता पारी भीरमा गयो । त्यसबेला भिक्षुहरूले “भो सत्पुरुष, अब तिमीलाई मुक्त गराइ दिनको निम्ति हामीहरूसित केही पनि शक्ति बाँकी रहेन । यस्तो अवस्थामा भिक्षुहरूले आ-आफ्नो **विशेष पराक्रम** देखाउनुपर्ने अवस्था नै भयो । त्यसो भएकोले भावनालाई मात्र मनले होश राख्दै जानु” भनेर उक्त भिक्षुलाइ होश राख्न सचेत गराए । ती नवक भिक्षुले आफूलाई बाघले निर्दयता र क्रुरता पूर्वक मुरुररर मुरुररर आवाज आउने गरी दाँतेले टोकेर खाँदा उत्पन्न भएर आएको **अतितीब्र वेदनालाई स्मृति राखेर भाविता गर्दै** जाँदा र प्रीति प्रामोद्य आदि द्वारा उक्त वेदनालाई हटाएर उत्पन्न भएको **नाम रूपलाई स्मृतिपूर्वक (होश राखेर) भाविता गर्दै जाँदा गोडासम्म खाईसकेको बेलामा स्रोतापन्न** भयो । **घुँडासम्म**

खाइसकेको बेलामा सकृदागामी भयो। **नाभीस्थानसम्म खाइसकेको बेलामा अनागामी** भयो। **फोक्सो, मुटु** खानुभन्दा अगाडि नै **अरहन्त** भएर सम्पूर्ण दुःखबाट निरोध र शान्त भयो।

देवराज इन्द्रको दौर्मनस्य शान्त भएको कुरा .... देवराज इन्द्र पूर्व निमित्त पाँचवटा देखेर जानेर आफू मर्यो भने आफूभन्दा जान्ने इन्द्र एकजना **उत्पन्न हुने** र आफ्नो ऐश्वर्य सम्पत्ति **अरूको अधीनमा जाने हुँदा** डराएर चिन्ता लिई अति नै मन दुःखित भएर भगवान बुद्धकहाँ आएर "देव र मनुष्यहरू भय उपद्रव र दुःखबाट सधैंको निम्ति अलग भएर आनन्द र सुखपूर्वक बस्न मन पराउने भएर पनि के कारणले गर्दा तीनीहरूले भय उपद्रव दुःख मात्रै झेलिरहेका हुन्छन् ?" भन्ने यस प्रश्नबाट शुरू गरेर सोध्यो। त्यसबेला भगवान बुद्धले "आफूभन्दा प्रगति भएकोलाई **हेर्न नसक्ने ईर्ष्याले** गर्दा, आफू जस्तै अरूको राम्रो, भलो हुनु, सुख हुनुलाई मन नपराउने **कन्जूसी स्वभाव मात्सर्य** भनिने यी दुई संयोजनहरू भएर नै देव र मनुष्यहरूले सुख मन पराउने भएर पनि सुखपूर्वक रहन नसकेर भय उपद्रव र दुःख झेल्नु परेका हुन्" भन्ने उत्तरदेखि लिएर **'सक्क पञ्ह सुत्त'** देशना गर्नुभयो। उक्त देशनामा सेवन गर्न योग्य भएको र सेवन गर्न योग्य नभएको वेदनालाई विभाजन गरेर बताउनु भएको अवस्थामा देवराज इन्द्रले भित्री हृदयदेखि बुझेर सेवन गर्न अयोग्य भएको (घर गृहस्थी सम्बन्धी) **गेहस्सित** वेदनालाई **स्मृतिपूर्वक भाविताद्वारा अलग्ग गरेर** सेवन गर्न योग्य भएको (सांसारिक भोग विलास र तृष्णाबाट निस्कनुसँग सम्बन्धित भएको नेक्खम्मस्सित वेदनालाई उत्पत्ति गरी स्मृतिप्रस्थान भावना वृद्धि गरेर **स्रोतापन्न भएपछि** पहिले उत्पन्न भएको **ईर्ष्या, मात्सर्य सम्बन्धी** मन दुःखित हुनुबाट बिल्कुल मुक्त भएर गयो।

सुब्रह्म देवपुत्रको दौर्मनस्य शान्त भएको कुरा ... देवपुत्री परिषद् हजार जनासँग नन्दनवन उद्यानमा रमाइलो गरिरहेको देवपुत्र फूल फुलिरहेको रूखमाथि चढेर, नाचगान गरी फूल

टिपिरहेका पाँचसय देवपुत्री परिषदहरू **फूल टिपिँदै गर्दा च्यूत भई** नर्कमा उत्पन्न भएर **अति दुःख भोगिरहेको देखेको** कारणले गर्दा ऊ आफू स्वयं पनि बाँकी भएका पाँचसय देवपुत्रीहरूसँगै **सातदिन भित्रमा नै च्यूत भएर** उक्त नर्कमा नै **उत्पन्न हुन जाने देखेको** कारणले गर्दा अति नै मन दुःखीत भएर भगवान बुद्धकहाँ आएर "बाँकी भएका पाँचसय देवपुत्रीहरूसँगै आफू स्वयं पनि सातदिन भित्रमा नै च्यूत भएर उक्त नर्कमा भोग गर्न जानुपर्ने (अनुप्पन्नकिच्छ भन्ने) अहिले उत्पन्न नभइएका **भविष्यको दुःख र** नर्कमा पुगिसकेका देवपुत्रीहरूले अनुभव गरी भोगीरहेका (उप्पतितकिच्छ भन्ने) उत्पन्न भईरहेको वर्तमान दुःखको कारणले मेरो चित्त निरन्तर कम्प भई थर्कमान भईरहेको छ । डराउनु नपर्ने प्रदेश र भय रहित हुने गतिलो विधि र बाटो भए बताउनु भए हुन्छ भगवान शास्ता" भनी निवेदन गर्यो । त्यसबेला भगवान बुद्धले **"बोधि, तप, इन्द्रिय संवर, सब्बनिस्सग्ग** भनिने यी चारवटा धर्म मात्र सत्त्व प्राणीहरूको भय उपद्रव हटेर सुख शान्ति दिने साँच्चैको कारणहरू हुन्" भनेर बताउनुभयो । सुब्रह्म देवपुत्रले पनि उक्त धर्मलाई राम्रोसँग बुझेर सब्बनिस्सग्ग-भनिने **निर्वाणलाई देख्न र जान्नको निम्ति** इन्द्रिय संवरद्वारा चित्तलाई संयम गरेर तप भनिने**-सम्यक प्रधान वीर्यद्वारा** निरन्तर होश राख्नसक्ने किसिमले उद्योग गरेर बोधि भनिने **पूर्वभाग विपश्यना मार्ग** साथै **आर्यमार्गलाई** तत्क्षणमा नै उत्पत्ति र अभिवृद्धि गरी **स्रोतापन्न भईसकेपछि** पाँचसय देवपुत्री परिषद्हरूसँगै अपाय भय सम्बन्धी थर्कमान भई कम्प भइरहेको मानसिक दुःख पूर्ण रूपले मुक्त भएर गयो । (यहाँ बोधि, तप, इन्द्रिय संवर स्मृतिप्रस्थान चारवटामा समावेश भईरहेको धर्महरू हुन् ।)

सच्छिकिरियाय = [६]निर्वाणलाई साक्षात्कार गर्नको निम्ति; एकायनो मग्गो = एउटा मात्र बाटो एक मात्र मार्ग हो ।

६ निर्वाणलाई मार्ग ज्ञानले साक्षात्कार गर्ने कुरा, **ञायस्स अधिगमाय** भनिने पादले नै प्रकट भइसकेको भएर, **निब्बानस्स सच्छिकिरियाय** भनिने यस पादमा **फल ज्ञानले साक्षात्कार गर्नुलाई** ग्रहण गर्न योग्य भएको कारण **मूलपण्णास टीकामा** भनिराखेको छ । अति नै उचित छ ।

यस स्थानमा आर्य मार्ग प्राप्त गर्नलाई निर्वाण साक्षात्कार गर्नलाई सम्यक् प्रधान आदि अन्य अरू भावनाहरू पनि भएका हुन्छन् होइन र ?..... भएको त अवश्य पनि हो; तर त्यसो भए पनि स्मृतिप्रथानलाई छोडेर सम्यक् प्रधान आदि अरू अरू भावना हुन सक्दैन । त्यसैले यहाँ **स्मृतिप्रस्थानलाई** "आर्य मार्ग प्राप्त गर्नलाई र निर्वाण साक्षात्कार गर्नलाई **एक मात्र मार्ग**" भनेर भनिराखेको छ । यस संक्षिप्त भनाईमा **स्मृतिलाई मात्र** स्मृतिप्रस्थान भनी देखाइराखेको पनि प्रधान नय (नीति) हिसाबले देखाइराखेको हो ।

वास्तविक अनुसारले त स्मृति एउटाले मात्र भावना कृत्य सिद्ध हुँदैन । **वीरिय, पञ्ञा** भनिने सम्प्रयुक्त धर्मसँग सहभागी भएर मात्र भावना कृत्य सिद्ध गर्न सकिने हुन्छ । त्यसो भएकोले विस्तृत रूपमा देखाइराखेकोमा **आतापी सम्पजानो** भनेर वीर्य र प्रज्ञालाई पनि स्मृतिप्रस्थान भावना अन्तर्गत समावेश गरेर देखाइराखेको हो ।

विशेष जान्नुपर्ने के हो भने .. "आर्य मार्ग प्राप्तिको निम्ति र निर्वाण साक्षात्कारको निम्ति एउटा मात्र बाटो एक मात्र मार्ग" भनेर बताइराख्नु भएको कारणले गर्दा **स्मृतिप्रस्थान चारवटा समावेश नभएको** भावना विधि सबैलाई "मार्ग फल र निर्वाणमा पुऱ्याइ दिने राम्रो प्रत्यय विधि र मार्ग होइन, **गलत विधि गलत बाटो मात्र हो"** भनी दृढरूपले जान्नुपऱ्यो । त्यति मात्र होइन "स्मृतिप्रस्थान देशना अनुरूप भाविता, वृद्धि र अभ्यास गर्दै गयो भने बाटो भुलिने चिप्लेर जाने नभई **"मार्गफल र निर्वाणमा** नै **सुनिश्चित रूपले पुग्न सकिन्छ"** भनेर पनि दृढरूपले जान्नुपऱ्यो ।

उद्देश – संक्षिप्त कुरा

कतमे चत्तारो ? इध भिक्खवे भिक्खु काये कायानुपस्सी विहरति आतापी सम्पजानो सतिमा विनेय्य लोके अभिज्झा दोमनस्सं। वेदनासु वेदनानुपस्सी विहरति आतापी सम्पजानो सतिमा विनेय्य लोके अभिज्झा-दोमनस्सं ।

चित्ते चित्तानुपस्सी विहरति आतापी सम्पजानो सतिमा विनेय्य लोके अभिज्झा-दोमनस्सं ।

धम्मेसु धम्मानुपस्सी विहरति आतापी सम्पजानो सतिमा विनेय्य लोके अभिज्झा-दोमनस्सं ।

उद्देश-संक्षिप्त शीर्षक

चतारो = चारवटा स्मृतिपस्थान भनेको; कतमे = के के हुन्; भिक्खवे = भिक्षुहरू; इध [1]भिक्खु= यस बुद्धशासनमा (रहेको)

अभिप्राय

१ स्मृतिप्रस्थानलाई भाविता गर्ने व्यक्तिहरू भिक्षु भिक्षुणी उपासक उपासिका र देव ब्रह्माहरू भनेर धेरै भए तापनि यहाँ भिक्खु- भनेर भिक्षुलाई मात्र उल्लेख गरेर बताउनु भएको भगवान बुद्धको उपदेशलाई स्वीकार गरी आचरण गर्दै जाने व्यक्तिहरूमध्येमा भिक्षुहरू अववाद उपदेश सबैको आधार भईरहेको हुँदा परमोत्तम भएकोले बताउनु भएको हो । यसरी प्रधान नय अनुसार भिक्षुलाई बताउनु भएकोमा अप्रधान भईरहेका भिक्षुणी, उपासक, उपासिका र देव ब्रह्माहरू पनि समावेश भएको भयो । अर्को अर्थमा यस स्मृतिप्रस्थान आचारणलाई **आचरण गर्ने सबैलाई भिक्षु भन्न पाउने (लायक) नै भयो ।** (पटिपन्नको हि देवो वा होतु मनुस्सो वा भिक्खूति

भिक्षु; वा= यस बुद्धशासनमा उद्योग गरीरहेको व्यक्ति; [२]आतापी

सङ्कं गच्छति येव-अट्ठकथा) "यस बुद्धशासनमा उद्योग गरिरहेको व्यक्ति" भनेर दोस्रो अर्थ दोहोऱ्याएर भाषा अनुवाद गरिएको भयो ।

२ **आतापी सम्पजानो सतिमा-** यस तीनवटा पादले, कायानुपस्सीको अनुसार **कायानुपश्यनाको स्वरूप** देखाइरहेको छ । वेदनानुपस्सना आदिमा पनि यहीं विधि हो । रूप समूह कायमा अनित्य, दु:ख, अनात्म र अशुभ स्वभाव रहेका छन् । उक्त रूप समूह कायलाई अनित्य, दु :ख, अनात्म र अशुभ भनी साँच्चै प्रकट हुने किसिमले भाविता गर्नु **कायानुपश्यना** हो । भावना रहित व्यक्तिहरूले रूप समूह कायमा अति नै मान वृद्धि गरीरहेका हुन्छन् । ठूला ठानीरहेका हुन्छन् । जीवनभर एकनाश भईरहेको रूप उही एउटै शरीर हो भनी **सधैं स्थिर रूपले** मनमा लिइरहेका हुन्छन् । **राम्रो भईरहेको छ, सुख भईरहेको छ भनेर पनि** मनमा लिइरहेका हुन्छन् । मनमा सोचेजस्तो भईरहेको छ, भोगीरहेको छ, काम गर्न सकिरहेको छ, कुरागर्न सकिरहेको भएर आफ्नो **अधीनमा भएको आत्म हो, सजीव भईरहेको सत्त्व हो** भनेर पनि मनमा लिइरहेका हुन्छन । **राम्रो छ, शोभा छ भनेर पनि** मनमा लिइरहेका हुन्छन् । यसरी ठूलो थानीरहेको रूप कायमा अनित्य, दु:ख, अनात्म र अशुभ भनेर साँच्चै भाविता गरेर देख्नसकिनु सजिलो छैन, कठीन छ । संसारमा प्रकृति आँखाले देख्न नसकिने पदार्थलाई चश्मा, आइग्लाश, माइक्रोस्कोपले हेर्दा मात्र देखिन सकिने जस्तै नै नित्य आदि भनी विचार गरीरहेको रूपकाय शरीरमा अनित्य आदि भनेर जस्तो छ त्यस्तै देखिन सकिने गरी योगीसँग सहयोगी **शस्त्र अस्त्र उपकरणहरू हुनु** आवश्यक छ । ती आवश्यक शस्त्र अस्त्र उपकरणहरू **वीर्य स्मृति समाधि प्रज्ञा** नै हुन् । त्यसैले वीर्य, स्मृति, समाधि, प्रज्ञा भनेका यी असल शस्त्र अस्त्र जडेर रूप काय शरीरलाई यथार्थ रूपले देख्ने गरी हेर्दै जाऊ भनेर निर्देशन दिनु हुनको निम्ति "**काये कायानुपस्सी विहरति"** भनिने पाद अनुसार

स्वरूप धर्मलाई उल्लेख गर्दै "**आतापी सम्पजानो सतिमा**" भनी दोहोऱ्याएर फेरि बताउनु भएको हो। **कायानुपस्सी विहरति**" भनिने पाद अनुसार स्वरूप धर्मलाई उल्लेख गर्दै "**आतापी सम्पजानो सतिमा**" भनी दोहोऱ्याएर फेरि बताउनु भएको हो।

काये कायानुपस्सी ति एत्थ अनुपस्सनाय कम्मट्ठानं वुत्तं। आतापेन सम्मप्पधानं, सतिया पटिलद्ध समथो, सम्पजञ्ञेन विपस्सना, अभिज्झा-दोमनस्सविनयेन भावना फलं वुत्तं - भनिने अर्थकथा... **सतिग्गहणेनेव चेत्थ समाधिस्सापि गहणं दट्ठब्बं** भनिने टीका अनुरूप योगीले प्रकट रूपले उत्पन्न भईरहने रूपको आकार प्रकार गतिविधि सबैलाई सम्झेर भाविता गर्न सकिने गरी अटुटरूपले उद्योग व्यापार गर्नुपर्दछ। यस उद्योग **आताप** भनिने **सम्यक् प्रधान वीर्य हो**। प्रबल यस वीर्यद्वारा निरन्तर उद्योग र व्यापार गर्दै गएमा योगीले उत्पन्न भईरहेको रूपको क्रियाकलाप गतिविधि सबैलाई नछुटाइकन, भाविता गर्न सकिने हुन्छ ; सम्झन सकिने हुन्छ। यस्तो सम्झना (स्मरण) नै **स्मृति हो**।

यस स्मृतिले प्रत्येकपल्ट होश राखिरहेको अवस्थामा सम्झिरहेको रूपको गतिविधि आरम्मणमा धसेर भित्रसम्म गएको जस्तो गरी र ट्याक्क ट्याक्क खसेको जस्तो गरी दृढरूपमा क्षण क्षणमा स्थिर हुँदै गएको समाधि प्रकट रूपले उत्पन्न भएर आउँछ। यो समाधि स्मृतिको प्रभावले गर्दा उत्पन्न हुने **विपश्यना क्षणिक समाधि** हो। यो समाधिद्वारा गम्भीरतापूर्वक ध्यान दिने अवस्थामा रूपको गतिविधि सबैलाई स्पष्ट स्पष्ट रूपले जान्दै आएको हुन्छ। काण्ड काण्ड भाग भाग विभाजन गरेर पनि जानीरहेको हुन्छ। उत्पन्न भएर विनाश विनाश हुँदै गएको पनि थाहा भएर आउँछ। अनित्य, दुःख, अनात्म र अशुभ भनेर पनि थाहा पाइरहेको हुन्छ। यो ज्ञान **सम्प्रजन्य भनिने अनुपश्यना ज्ञान** हो। त्यसैले उत्पत्ति भएर आएको जति पनि रूपको स्वभाव गतिविधि सबैलाई नटुटिने गरी निरन्तर उद्योग र व्यापार गरेर स्मृति राखेर होसपूर्वक भाविता

गर्दै गरेको योगीसँग **वीर्य, स्मृति, समाधि** र **प्रज्ञा** (ज्ञान) चारवटा परिपूर्ण रूपले नै प्रत्येकपल्ट स्मरणमा उत्पन्न भएर **अनित्य, दुःख, अनात्म** र **अशुभ भइरहेको** रूप समूह कायमा अनित्य, दुःख, अनात्म र अशुभ भइरहेको रूप समूह काय मात्र भनी **वास्तविक रूपले** भाविता गरेर देखिने कायानुपश्यना पूर्णत सम्पन्न हुने हुन्छ। त्यसो भएकोले काये कायानुपस्सी विहरति आतापी सम्पजानो सतिमा–भनिने वाक्यद्वारा कायानुपस्सी स्वरूपलाई यसरी परिपूर्ण रूपले स्मृति राखेर भाविता गर्दै जानको निम्ति फेरि व्याख्या गरी सूचित गरेर देखाएको हो भनेर जान्नुपर्दछ।

विनेय्य लोके अभिज्भा – दोमनस्सं भनिने पादद्वारा भावनाको आनिशंसलाई देखाएको भयो। कसरी भने ... **प्रकट भइरहेको** रूपको आकार प्रकार गतिविधिलाई देखाउँदै आएको विधि अनुसार भाविता गरेर **हेर्न सकेन भने** उक्त रूपको गतिविधिमा "सधैं विद्यमान भइरहेको म भन्ने सत्त्व, असल भएर सुखपूर्वक रहेको शोभा भएको म भन्ने सत्त्व, भनी **मनमा राखी आशक्त भएर अभिज्भा** भनिने लोभ लाग्ने मनपर्ने स्वभाव **लोभ पनि उत्पन्न हुनसक्छ। दोमनस्स-** भनिने मनमा सुख नहुने साथै मन बिग्रिने रीस उठ्ने द्वेष आघात भनिने स्वभाव **दोष पनि उत्पन्न हुनसक्छ।** प्राणी मात्रको सन्तानमा लोभ द्वेष उत्पन्न भइरहने **यहीं क्रम अनुसार नै हुन्छ।** यहिं कारणले यसरी भाविता नगरेको कारणले उत्पन्न हुनसक्ने लोभ र द्वेषलाई "**भाविता नगर्नाले उत्पन्न हुनसक्ने लोभ र दोष"** भनेर निश्चयमा भनिराखेको छ। अटुटरूपले स्मृति राखी भाविता गरेर उत्पन्न भइरहेको सबै रूपको गतिविधिलाई अनित्य, दुःख, अनात्म र अशुभ भनेर सुनिश्चित रूपले **बुझेर जानेर देखीरहेको योगीसँग** जान्न देख्न सकिने उक्त रूपको गतिविधिमा "नित्य भइरहेको छ, सुख भइरहेको छ, हित भइरहेको छ, राम्रो भएर शोभा भइरहेको छ, आत्म र सत्त्व हो" भनी **विचार गर्ने देख्ने आशक्त हुने आदि नहुने भयो।** त्यसैले नित्य, सुख, आत्म र शुभ भनी **आशक्त भएमा मात्र**

उत्पन्न भएर आउन सक्ने लोभ दोष **जानी देखीसकेको** उक्त रूपको गतिविधिमा **बिल्कुलै उत्पन्न हुनसक्ने अवसर नभइसकेको भयो ।** यसरी लोभ द्वेष उत्पन्न हुने अवसर नभएर उत्पन्न हुन नसक्ने गरी **यथार्थ रूपले जान्दै(थाहा हुँदै) आएकोलाई नै** "अनुपश्यना ज्ञानले **तदङ्ग प्रहाणद्वारा हटाएको हो"** भनी भनिएको छ । यो भयो भाविता गरेको आरम्मणमा **तदङ्ग विनयद्वारा** लोभ दोषलाई हटाएको विधि ।

यसको अतिरिक्त, प्रकट रूपले उत्पन्न भएका जति रूपको गतिविधि सबैलाई अटुट रूपले स्मृति राखी भाविता गरेर "अनित्य, दुःख, अनात्म र अशुभ" भनी छुटाइ छुटाइकन जानिसके पछि **वीर्य, स्मृति, समाधि** भन्ने **समाधिस्कन्ध शमथ** धर्महरू दृढरूपले उत्पन्न हुने हुन्छ । यस शमथको आनुभावले गर्दा चित्त नै नरम कोमल भएर आउने हुन्छ । जति जति समय बितेर जान्छ, त्यति त्यति नै नरम कोमल हुने हुन्छ । त्यसैले भाविता गर्न बाँकी अन्य रूप वेदना संज्ञा संस्कार विज्ञानमा पनि विचार गरेर कल्पना गरेर लोभ दोषहरू विशेष गरी उत्पन्न हुन नसकी शान्त भइरहेको हुन्छ। स्मृति राखेर भाविता नगरी विश्राम गरुञ्जेल पनि स्थूल वा कोरा भएको लोभ दोषहरू पहिले जस्तै उत्पन्न नभएर शान्त भइरहेको हुन्छ । "स्थूल क्लेशहरू उत्पन्न हुनसक्दैन" भनेर समेत पनि योगीमा विचार आउने हुन्छ । (यसरी क्लेश शान्त भईरहेकोलाई स्वयं अभ्यास गरेर **स्वयं साक्षात्कार गर्नुद्वारा** निर्णय गर्नुपर्दछ ।) यसरी स्मृति राखेर भाविता गर्नुको प्रभावले भाविता नगरेको (बाँकी) आरम्मणमा समेत क्लेश शान्त भइरहेको स्मृति राखी भाविता गर्नुमा समावेश भईरहेको समाधिस्कन्ध शमथको **विक्खम्भन विनय** हो । **विक्खम्भन विनय द्वारा** लोभ दोषलाई हटाएको हो ।

यसकारण "भाविता गरेको आरम्मणमा क्लेश शान्त हुनु भनेको **तदङ्ग विनय**, भाविता नगरेको आम्मणमा समेत क्लेश शान्त हुनु भनेको **विक्खम्भन विनय** यी दुईवटा आनिशंसलाई योगीले सम्झेर हरेक पटक भाविता गरेर प्राप्त गरिरहेको हुन्छ ।

क्लेशको दाग मनको मयललाई तताएर पोलेर डढाएर (सुकाएर) हटाउन सक्ने सम्यक् प्रधान वीर्य भएको (व्यक्ति) भएर; वा = दृढरूपले उद्योगगर्ने भएर; सतिमा = स्मृति भएको सम्झनसक्ने भएको भएर; सम्पजानो = राम्रोसँग प्रकार प्रकारले जानेको भएर; काये = अनित्य, दु:ख, अनात्म र अशुभ स्वभावको रूप समूह कायमा; कायानुपस्सी = अनित्य, दु:ख, अनात्म र अशुभ भईरहेको रूप समूह मात्र हो भनी भाविता गरेर हेरी; लोके = भाविता गर्ने र देख्नु पर्ने रूप समूह लोकमा; वा = उपादानस्कन्ध पाँचवटा भनिने लोकमा; अभिज्झा-दोमनस्सं = भाविता नगरेको (नभ्याउने) बेलामा उत्पन्न हुन सक्ने; अभिध्या र दौर्मनस्यलाई; वा = भाविता नगरेको बेला उत्पन्न हुन सक्ने; लोभ र दोषलाई; विनेय्य = उत्पन्न हुने अवसर नदिई, तदङ्ग विक्खम्भन (विष्कम्भन) प्रहाण द्वारा हटाएर नाश गरी; विहरति = बस्दछ ।

आतापी = क्लेशको दाग मनको मयललाई तताएर पोलेर सुकाएर हटाउन सक्ने सम्यक् प्रधान वीर्य भएको (व्यक्ति) भई; वा = दृढरूपले उद्योगगर्ने भई; सतिमा = स्मृति भएको सम्झनसक्ने भएको भई; सम्पजानो = राम्रोसँग प्रकार प्रकारले जानेको भई;

यी दुईवटा आनिशंस प्राप्त हुने किसिमले प्रकट रूपले उत्पन्न भएर आएको रूपको गतिविधि सबैमा निरन्तर स्मृति राखेर भाविता गर्दै कायानुपश्यनालाई वृद्धि गर्नुपर्दछ:" भन्ने अभिप्राय हो । वेदनानुपश्यना इत्यादिमा पनि यहिं क्रम अनुसार विस्तृत रूपमा जान्नुपर्दछ । **विशेषता के भने** ... कायमा अशुभ भनी भाविता गरेर देख्नको निम्ति अनि वेदना, चित्त र धर्ममा क्रमशः **अनित्य, दु:ख र अनात्म** भनी भाविता गरेर देख्नको निम्ति विशेष रूपले आवश्यक छ भनेर अर्थकथामा भनिएको छ । **सामान्य किसिमले त** काय, वेदना, चित्त र धर्म सबैमा नै अनित्य, दु:ख, अनात्म र अशुभ भनी भाविता गरेर हेर्नु देख्नुको निम्ति आवश्यक भएकै भयो ।

वेदनासु = अनित्य, दुःख, अनात्म स्वभाव भएर अनुभव मात्र भइरहेको वेदनामा वेदनानुपस्सी = अनित्य, दुःख, अनात्म अनुभूति मात्र हो भनी भाविता गरेर हेरी, लोके = भाविता गरेर देख्न सक्नुपर्ने अनुभूतिको लोकमा; वा=उपादानस्कन्ध पाँचवटा भनिने लोकमा; अभिज्भा-दोमनस्सं = भाविता नगरेकोबेला उत्पन्न हुनसक्ने अभिध्या र दौर्मनस्यलाई; वा= भाविता गर्न नसक्ने (नभ्याउने) अवस्थामा उत्पन्न हुनसक्ने लोभ र दोषलाई; विनेय्य =उत्पन्न हुने अवसर नदिई तदङ्ग, विष्कम्भन प्रहाण द्वारा हटाएर नाश गरी; विहरति= बस्दछ ।

आतापी = क्लेशको ...... उद्योग गर्ने(व्यक्ति) भई; सतिमा ..... भई; सम्पजानो ..... भई, चित्ते = अनित्य, दुःख, अनात्म स्वभाव भएको जान्ने मात्र भईरहेको चित्तमा; चित्तानुपस्सी = अनित्य, दुःख, अनात्म जान्ने मात्र भनी भाविता गरेर हेरी; लोके = भाविता गरेर देखिनु पर्ने चिन्तनको लोकमा; वा = उपादानस्कन्ध पाँच भनिने लोकमा; अभिज्भादोमनस्सं.....लोभ र दोषलाई; विनेय्य ..... विनाश गरी; विहरति=बस्दछ ।

आतापी = क्लेश..... भई; सतिमा .... भई; सम्पजानो = भई; धम्मेसु = अनित्य, दुःख, अनात्म स्वभाव भएर आत्म नभएको स्वभाव धर्ममा; धम्मानुपस्सी=अनित्य, दुःख, अनात्म स्वभाव भएर आत्म नभई स्वभाव धर्म मात्र भनी भाविता गरेर हेरी; लोके=भाविता गरेर देखिनु पर्ने स्वभाव धर्म लोकमा; वा=उपादानस्कन्ध पाँचवटा भनिने लोकमा; अभिज्भा-दोमनस्सं=...... लोभ र दोषलाई; विनेय्य = ... विनाश गरी; विहरति=बस्दछ ।

उद्देशवार कथा समाप्त भयो ।

निद्देसवार १-कायानुपस्सना, १-आनापानपब्ब

कथञ्च पन भिक्खवे ! भिक्खु काये कायानुपस्सी विहरति । इध भिक्खवे ! भिक्खु अरञ्ञगतो वा, रुक्खमूलगतो वा, सुञ्ञागारगतो वा, निसीदति, पल्लङ्कं आभुजित्वा, उजुं कायं पणिधाय, परिमुखं सतिं उपट्ठपेत्वा, सो सतोव अस्ससति, सतोव पस्ससति । दीघं वा अस्ससन्तो दीघं अस्ससामीति पजानाति, दीघं वा पस्ससन्तो दीघं पस्ससामीति पजानाति । रस्सं वा अस्ससन्तो रस्सं अस्ससामीति पजानाति; रस्सं वा पस्ससन्तो रस्सं पस्ससामीति पजानाति । सब्बकायपटिसंवेदी अस्ससिस्सामीति सिक्खति; सब्बकायपटिसंवेदी पस्ससिस्सामीति सिक्खति । पस्सम्भयं कायसङ्खारं अस्ससिस्सामीति सिक्खति; पस्सम्भयं कायसङ्खारं पस्ससिस्सामीति सिक्खति ।

सेय्यथापि भिक्खवे, दक्खो भमकारो वा भमकारन्तेवासी वा दीघं वा अञ्छन्तो, दीघं अञ्छामीति पजानाति । रस्सं वा अञ्छन्तो, रस्सं अञ्छामीति पजानाति । एवमेव खो भिक्खवे, भिक्खु दीघं वा अस्ससन्तो, दीघं अस्ससामीति पजानाति; दीघं वा पस्ससन्तो, दीघं पस्ससामीति पजानाति । रस्सं वा अस्ससन्तो रस्सं अस्ससामीति पजानाति; रस्सं वा पस्ससन्तो, रस्सं पस्ससामीति पजानाति । सब्बकायपटिसंवेदी; अस्ससिस्सामीति सिक्खति; सब्बकायपटिसंवेदी; पस्ससिस्सामीति सिक्खति । पस्सम्भयं कायसङ्खारं अस्ससिस्सामीति सिक्खति; पस्सम्भयं कायसङ्खारं पस्ससिस्सामीति सिक्खति ।

इति अज्झत्तं वा काये कायानुपस्सी विहरति । बहिद्धा वा

काये कायानुपस्सी विहरति; अज्भत्तबहिद्धा वा काये कायानुपस्सी विहरति। समुदय–धम्मानुपस्सी वा कायस्मिं विहरति। वयधम्मानुपस्सी वा कायस्मिं विहरति । समुदयवय–धम्मानुपस्सी वा कायस्मिं विहरति । अत्थि कायोति वा पनस्स सति पच्चुपट्ठिता होति । यावदेब ञाण–मत्ताय पटिस्सतिमत्ताय अ–निस्सितो च विहरति । न च किञ्चि लोके उपादियति । एवम्पि खो भिक्खवे, भिक्खु काये कायानुपस्सी विहरति ।

आनापान–पब्बं निट्ठितं

निद्देशवार १–कायानुपस्सना, १–आनापानपर्व

भिक्खवे = भिक्षुहरू; भिक्खु = भिक्षु; काये = रूप समूहमा; कथं च = कसरी; कायानुपस्सी = रूप समूह भनी स्मृति राखेर भाविता गरी; विहरति पन = बस्दछ त ?

[1] **भिक्खवे = भिक्षुहरू; इध भिक्खु = यस शासनमा रहेको**

अभिप्राय

१ यस **पादले** अभ्यास गर्नको लागि प्रबन्ध गर्ने **परिकर्मलाई** देखाइएको छ। यस पादले जंगल रूख मुनि सुनसान विहारलाई **छानेर** सूचित गरिरहेको भर्खर भर्खर अभ्यास गर्ने व्यक्तिसँग **विशेष अनुकूल भइरहेको कारणले** हो । समाधि ज्ञान परिपक्व भइसकेको व्यक्तिले त स्थान नछानिकन पनि अभ्यास गर्न सकिन्छ । ती तीनवटा स्थानमा पनि **एकान्त भएको स्थान नै** मुख्य हो । यति मात्र होइन, बस्ने इर्यापथलाई मात्र सूचित गरिराखेको पनि भर्खर भर्खर अभ्यास गरेको व्यक्तिको लागि विशेष अनुकूल भएकै कारणले हो । पछि पछि त **इर्यापथ चारैवटामा पनि** नटुटाइकन अभ्यास गर्दै जानुपर्दछ । पलेटी मारेर बस्नको निम्ति सूचित गरीराखेको पनि लामो समयसम्म बस्नसक्नको निम्ति हो । पछि पछि त **अरू अरू किसिममले बसेर पनि** अभ्यास गर्न सकिन्छ । **विशेष होश**

भिक्षु; वा = यस शासनमा अभ्यास गरीरहेको व्यक्ति; अरञ्ञगतो वा = जंगलमा गएर वा; रुक्खमूलगतो वा = रूखमुनि बसेर वा; सुञ्ञागारगतो वा = मानिसहरू नभएको सुनसान भएको विहारमा गएर; पल्लङ्कं आभुजित्वा = पलेटी मारेर बसी; उजुं कायं पणिधाय = माथिल्लो शरीरको भागलाई सिधा राखी; सतिं = होस राख्ने स्मृतिलाई; परिमुखं उपट्ठपेत्वा = स्मृति राखेर भाविता गर्नुपर्ने आरम्मणलाई अगाडि राखी; निसीदति = बस्दछ ।

[२]सो = (बसिसकेको) उक्त व्यक्तिले; सतो–एव = होस

राख्नुपर्ने कुरा त पलेटी मारेर बस्ने अवस्थामा खुट्टालाई थिचेर दबाएर बस्नुहुँदैन । नथिचिकन नदबाएर खुकुलो गरी बस्नुपर्दछ । यसरी बसे मात्र लामो समयसम्म बस्न सक्ने गरी क्रमशः लामो समयसम्म समाधि ज्ञानलाई वृद्धि गर्न सकिने हुन्छ ।

२ **यस पादले** आनपान अभ्यास गर्ने विधिलाई **संक्षिप्तले** देखाइएको छ । श्वास भित्र तान्ने बाहिर पठाउने प्रत्येक अवस्थामा स्मृतिपूर्वक होश राखेर यस विधि अनुसारले अभ्यास गरिरहेको योगीमा (१) दीघं आदि पहिलो विधि (२) रस्सं आदि दोस्रो विधि (३) सब्बकायपटिसंवेदी आदि तेस्रो विधि (४) पस्सम्भय आदि चौंथो विधि अनुसार विस्तृत रूपले देखाइरहेको विधि चारवटा अनुसार विशेषरूपले जान्नुपर्ने, विशेषरूपले उत्पन्न हुने सबै **स्वतः** नै क्रमशः उत्पन्न भए**र सिद्ध भएर जाने हुन्छ ।**

अवश्य पनि हो; श्वास भित्र आउने बाहिर जाने स्पर्श हुने स्थान नाकको टुप्पोमा दृढ भई स्मृतिपूर्वक ध्यान राखेर भित्र आउने बाहिर जानेलाई नटुटाइकन **भित्र आइरहेको छ; बाहिर गइरहेको छ** भनी निरन्तर स्मृतिपूर्वक होस राखेको योगीले समाधि अलिकति बलियो भएर आउने बेलामा लामो लामो श्वास भित्र तान्ने र बाहिर पठाउने गरेकोलाई पनि जानीरहेको हुन्छ । छोटो छोटो श्वास भित्र तान्ने र बाहिर पठाउने गरेकोलाई पनि जानीरहेको

हुन्छ । त्यो भन्दा झन समाधि बलवान् भएर आउने बेलामा श्वास भित्र बाहिर जाने शूक्ष्म भएर स्पर्श भइरहेको छ भने उत्पत्तिको शुरुदेखि शूक्ष्म शूक्ष्म हुँदै अन्त्य हुनेस्थानसम्म आदि मध्य, अन्त्य सबैलाई पनि स्पष्टरूपले जानीरहेको हुन्छ । यसरी जान्न सकिने गरी दृढरुपले स्मृतिपूर्वक भाविता गर्नुपर्ने कुरालाई उद्देश्य गरेर **"सब्बकायपटिसंवेदी अस्ससिस्सामीति सिक्खति, पस्ससिस्सामीति सिक्खति"** भनी बताउनु भयो । **यस कुरामा** "भित्र आउने श्वास र बाहिर जाने श्वासको आदि, मध्य र अन्त्य सबै स्पष्ट स्पष्टरूपले जान्नको लागि जोड तोडले उद्योग गरी भित्र तान्ने बाहिर पठाउने गर्नुपर्दछ भनी **दृष्टि र विचार गलत राख्नु हुँदैन** । प्रकृति अनुसारले वा स्वाभाविकरूपले शूक्ष्म भइरहेको आरम्मणमा भाविता गर्न सकेमा जान्न सकेमा मात्र समाधि ज्ञान बलवान् भएर आउँछ । **आरम्मण स्थूल भएर** स्पष्टरूले देख्ने **समाधि ज्ञानको सामर्थ्य होइन; आरम्मणको सामर्थ्य** मात्र हो । भावनाको धर्मता स्वभाव अनुसार भन्नुपर्दा शमथ योगीमा होस् वा विपश्यना योगीमा समाधि ज्ञान **परिपक्व हुँदै आएपछि** श्वास भित्र आउने बाहिर जाने **झन् झन् शूक्ष्म हुँदै जाने** स्वाभाविक नै हो । समाधि अति नै शक्तिशाली भइरहेको बेलामा आश्वास प्रश्वास बिल्कुल शान्त र निरोध भइरहेको जस्तो हुने हुन्छ । तर बिल्कुल शान्त र निरोध भएको त होइन । ज्ञान शक्ति कमजोर भएर थाहापाउन नसकेको मात्र हो । अटूटरूपले क्रमशः दृढतापूर्वक भाविता गरेर होश राख्दै गर्दा अति शूक्ष्म भएको आश्वास प्रश्वासमा **शमथ हिसाबले** प्रतिभाग निमित्त देख्नमा आई उपचार, अर्पणा समाधिमा पुग्न सकिन्छ । **विपश्यनाको हिसाबले** उदयब्यय ज्ञानमा पुग्न सकिन्छ । यसरी स्थूल भएको आश्वास प्रश्वास शान्त र निरोध भएर अति शूक्ष्म आश्वास प्रश्वासमा शमथ विपश्यना उत्पत्ति हुने स्थितिसम्म र उक्त शमथ र विपश्यनाको प्रभावले मार्गफलमा पुगिने अवस्थासम्म निरन्तर उद्योग गर्दै जानुपर्नेलाई उद्देश्य गरी

“पस्सम्भयं कायसंखारं अस्ससिस्सामीति सिक्खति, पस्ससिस्सामीति सिक्खति” भनेर बताउनु भएको हो । **यस कुरामा पनि** “आश्वास प्रश्वासलाई रोकीराख्नु पर्दछ” **भनेर गलतदृष्टि राख्नु हुँदैन ।**

देखाउँदै आएको अनुसारले भित्र आउँदै छ, बाहिर जाँदैछ भनेर अटूट रूपले स्मृति राख्दै मात्रमा पनि लामो लामो श्वास भित्र तान्ने बाहिर पठाउने गरेकोलाई पनि जान्न सकिने, छोटो श्वास भित्र तान्ने बाहिर पठाउने गरेकोलाई पनि जान्न सकिने, आदि, मध्य र अन्त्य सबैलाई पनि प्रकटरूपले जान्न सकिने, स्थूल भएको आश्वास प्रश्वासहरू शान्त भएर गएकोलाई पनि **जान्न सकिने भएकोले “सतोव अस्ससति सतोव पस्ससति”** भनिने यस पादलाई **विस्तृतरूपले देखाइएको चतुष्क चारैवटाको संक्षिप्त कुरा** भनी प्रतिसम्भिदामार्ग, विशुद्धि मार्गसँग जोडेर समानरूपले सम्झिराख्नु पर्दछ ।

विशेष होश राख्नुपर्ने के हो भने – अस्सास=बाहिर निकाल्ने श्वास, पस्सास = भित्र आउने श्वास, भन्ने अर्थ साधारण रूपले दिने अर्थ हो । तर अहिले तेस्रो संस्करणमा अस्ससति = भित्र आउने श्वास भित्र तान्दैछु, पस्ससति = बाहिर जाने श्वास बाहिर फाल्दैछु–आदि भनी संशोधन गरेको छु । यसरी संशोधन गरिएको अर्थ योगीहरूको अभ्यास क्रमसँग सुत्तन्त अर्थकथासँग र निम्न प्रतिसम्भिदा मार्ग पालि अनुसार छ ।

अस्सासादिमज्झपरियोसानं सतिया अनुगच्छतो अज्झत्तं विक्खेपगतं चित्तं समाधिस्स परिपन्थो । पस्सासादिमज्झपरियोसानं सतिया अनुगच्छतो बहिद्धा विक्खेपगतं चित्तं समाधिस्स परिपन्थो – आश्वासको आदि, मध्य र अन्त्यमा स्मृतिद्वारा क्रमशः पछ्याउँदै जाने व्यक्तिलाई शरीर भित्र विक्षिप्त अवस्थामा पुग्ने चित्त समाधिको भय अन्तराय विरोधपक्ष (बिघ्न बाधा) हो । प्रश्वासको आदि, मध्य र अन्त्यमा स्मृतिद्वारा क्रमशः पछ्याउँदै जाने व्यक्तिलाई बाहिर विक्षिप्त अवस्थामा पुगिने चित्त समाधिको भय अन्तराय (बिघ्न

राखेर नै; वा = स्मृतिपूर्वक नै; अस्ससति = श्वास भित्र तान्दछ; सतो–एव = होस राखेर नै; वा = स्मृतिपूर्वक नै; पस्ससति = श्वास बाहिर पठाउँछ ।

दीघं वा अस्ससन्तो = लामो लामो श्वास भित्र तान्दा पनि; दीघं अस्ससामीति = लामो लामो श्वास भित्र तान्दैछु भनी; पजानाति = जान्दछ; दीघं वा पस्ससन्तो = लामो लामो श्वास बाहिर पठाउँदा पनि; दीघं पस्ससामीति = लामो लामो श्वास बाहिर पठाउँदै छु भनी; पजानाति = जान्दछ ।

रस्सं वा अस्ससन्तो = छोटो छोटो श्वास भित्र तान्दा पनि; रस्सं अस्ससामीति= छोटो छोटो श्वास भित्र तान्दैछु भनी; पजानाति = जान्दछ । रस्सं वा पस्ससन्तो = छोटो छोटो श्वास बाहिर पठाउँदा पनि; रस्सं पस्ससामीति = छोटो छोटो श्वास बाहिर पठाउँदै छु भनी; पजानाति = जान्दछ । सब्बकायपटिसंवेदी = भित्र आउने श्वास समूहको आदि, मध्य, अन्त्य सबैलाई स्पष्टरूपले जानी; अस्ससिस्सामीति = श्वास भित्र तान्दछु भनी; सिक्खति = अभ्यास गर्दछ । सब्बकायपटिसंवेदी = बाहिर जाने श्वास समूहको आदि, मध्य, अन्त्य सबैलाई स्पष्टरूपले जानी; पस्ससिस्सामीति = श्वास बाहिर पठाउँछु भनी; सिक्खति = अभ्यास गर्दछ ।

कायसङ्खारं = श्वास लिने कडा भई स्थूल भइरहेको भित्र आउने श्वासलाई; पस्सम्भयं = शान्त पारी; अस्ससिस्सामीति = श्वास भित्र तान्दछु भनी; सिक्खति = अभ्यास गर्दछ । कायसङ्खारं = श्वास फेर्ने कडा भई स्थूल भइरहेको बाहिर जाने श्वासलाई; पस्सम्भयं = शान्त पारी; पस्ससिस्सामीति = श्वास बाहिर पठाउँछु भनी; सिक्खति = अभ्यास गर्दछ ।

बाधा) हो । (पटिसं –१५८)

भिक्खवे = भिक्षुहरू, सेय्यथापि = उपमा कसरी भन्दा; दक्खो = दक्ष र चतुर; भमकारो वा = खराज गर्ने नाइके वा; भमकारन्तेवासी वा = खराज गर्ने नाइकेका शिष्यले, दीघं वा अञ्छन्तो = खलाँती (खराज)को डोरीलाई लामो लामो गरी तानेमा; दीघं अञ्छामीति = लामो लामो गरी तान्दैछु भनी; पजानाति सेय्यथापि = जानीरहेको जस्तै वा; रस्सं वा अञ्छन्तो = खलाँती (खराज)को डोरीलाई छोटो छोटो गरी तान्ने अवस्थामा पनि; रस्सं अञ्छामीति = छोटो छोटो गरी तान्दैछु भनी; [३]पजानाति– सेय्यथापि = थाहापाए जस्तै; (सब्बञ्छन पटिसंवेदी = तानेको आदि, मध्य र अन्त्य सबैलाई प्रकट रूपले जानी; अञ्छिस्सामीति = तान्दछु भनी; सिक्खति – सेय्यथापि = अभ्यास गरीने जस्तै; ओलारिकञ्छनं = कोडा तान्नुलाई; पस्सम्भयं = शान्त गरेर; अञ्छिस्सामीति = तान्दछु भनी; सिक्खति सेय्यथापि = अभ्यास गरीने जस्तै;)

भिक्खवे = भिक्षुहरू; एवमेव खो = यी खराज गर्ने मानिसले जस्तै नै; भिक्खु = आश्वास प्रश्वास दुईवटामा होश राखीरहेको भिक्षुले; दीघं वा अस्ससन्तो = लामो लामो हुने गरी श्वास भित्र तानीरहेको बेलामा; दीघं अस्ससामीति = लामो लामो हुने गरी श्वास भित्र तान्दैछु भनी; पजानाति = जान्दछ । (यहाँदेखि पालिको अर्थ माथिको विधि अनुसारले उल्लेख गरी भन्नुपर्‍यो ।) कायसंखारं=श्वास बाहिर पठाउने(फेर्ने) कडा भएर स्थूल भइरहेको प्रश्वासलाई;

---

३ यस ठाउँमा **प-जानाति** = भनेर भने तापनि लामो लामो गरी तान्ने छोटो छोटो गरी तान्ने **विशेषरूपले विभाजन गरी जानीराख्नु पर्दैन ।** त्यसो भएकोले **पजानातिसँग सम्पर्क भएको सबैमा** प्रकार प्रकारले जान्नेलाई **अति नै बढाइ चढाइ नगर्नको निम्ति** होश राख्नुपर्दछ ।

पस्सम्भयं = शान्त पारेर; पस्ससिस्सामीति = श्वास बाहिर छोड्छु भनी; सिक्खति = अभ्यास गर्दछ । इति = यो बताउँदै आएको विधि अनुसारले; अज्झत्तं वा काये = आफ्नो आश्वास प्रश्वास रूप समूहमा पनि; कायानुपस्सी विहरति = रूप समूह मात्र हो भनी भाविताद्वारा हेरी बस्दछ । [४]बहिद्धा वा काये= बाहिर भएको अरूको आश्वास प्रश्वास रूप समूहमा पनि; कायानुपस्सी विहरति=रूप समूह मात्र हो भनी भाविताद्वारा हेरी बस्दछ । [५]अज्झत्तबहिद्धा वा काये = आफू र अरू दुवैजनाको आश्वास प्रश्वास रूपसमूहमा पनि; कायानुपस्सी विहरति = रूप समूह मात्र हो भनी भाविताद्वारा हेरी बस्दछ ।

[६]कायस्मिं = आश्वास प्रश्वास रूपसमूहमा; समुदय–

अभिप्राय

४ आफ्नो आश्वास प्रश्वासमा भाविता गर्दै स्मृति राखेर यथार्थ स्वभावलाई जानेर आउने बेलामा "अरूको सन्तानमा श्वास भित्र तान्ने बाहिर पठाउने प्रक्रियामा पनि यस्तै स्वभाव रहेछ" भनी विचार आउँछ । यसरी विचार आउनेलाई नै अरूको सन्तानमा भएको रूप समूहमा भाविताद्वारा देखीरहेको हुन्छ भनेर भनेको हो । अरूले श्वास भित्र तान्ने बाहिर पठाउने गरिरहेको प्रक्रियालाई **त्यतिकै हेरेर चिन्तन गरी** भाविता गर्नको निम्ति निर्देशित गरिएको त यो होइन ।

५ कहिले कहिले आफ्नो आश्वास प्रश्वासलाई भाविता गरेर स्मृति राख्दै गर्दा बीच बिचमा "अरूको सन्तानमा पनि यस्तो नै स्वभाव भएको रहेछ" भनी बरोबर विचार आएको हुन्छ । त्यस अवस्थामा आफू अरू दुवैको रूप समूहमा भाविताद्वारा देखिरहेको भनिन्छ ।

६ १) खलाँतीको पूर्ण द्रव्य शरीर २) खलाँतीको ढुङ्ग्रो (आगो फुक्ने साधन) ३) तान्ने- भनिने यी तीनवटा कारणले गर्दा खलाँतीबाट हावा क्रमशः नटुटीकन बाहिर गईरहने जस्तै नै १) पेट आदि

रूप द्रब्य २) नाकको प्वाल ३) चित्त भनिने यी तीन कारणले गर्दा योगीको शरीरमा आश्वास प्रश्वास रूप समूह क्रमशः भित्र बाहिर गइरहेको हुन्छ । त्यसैले पेट आदि रूप द्रब्य, नाकको प्वाल र चित्त यी तीनवटा **समुदय-धम्म–** उत्पत्ति कारण धर्म भयो । योगीले आश्वास प्रश्वासलाई भाविता गरेर स्मृति राख्दै जाँदा नै यी कारण तीनवटाले गर्दा आश्वास प्रश्वास उत्पन्न भइरहेको छ भनी चित्त बुझेमा, **समुदय-धम्मानुपस्सी** भनिने कुरा अर्थकथामा भनिएको छ । नाकको टुप्पो आदि संघट्टन (घर्षण) स्थानमा आश्वास प्रश्वास क्रमशःसंघट्टन (घर्षण) भएर अलग्ग अलग्ग नयाँ नयाँ बारम्बार उत्पन्न हुनेलाई केलाइ केलाई हेरी जानी देखीरहेको योगीलाई पनि **समुदय–धम्मानुपस्सी** उत्पन्न स्वभावलाई भाविताद्वारा देखीरहेको भनिन्छ । त्यसको अतिरिक्त खलाँती पनि छैन; त्यसको ढुंङ्ग्रो पनि छैन; हावा बाहिर आउने किसिमले तानिने पनि छैन भने खलाँतीबाट हावा निस्किने नहुने जस्तै नै पेट आदि रूप द्रब्य पनि छैन; नाक पनि छैन; चित्त पनि छैन भने आश्वास प्रश्वास रूप उत्पन्न नभईकन नै निरोध र शान्त भएर जाने हुन्छ । त्यसैले शरीर नाक र चित्त नभएको, आश्वास प्रश्वासको निरोध हुने, नभएर जाने कारण भयो भनी चित्त बुझ्दै गयो भने **वयधम्मानुपस्सी** भनेर भनिने कुरा अर्थकथामा भनिएको छ । नाकको टुप्पो आदि ठाउँमा स्पर्श गर्दै गर्दै लुप्रुक्क लुप्रुक्क स्वात्त स्वात्त क्रमशः विनाश विनाश भएर गएकोलाई स्मृतिपूर्वक भाविता गरिरहेको क्षणमा नै देखी जानिरहेको योगीलाई पनि, **वयधम्मानुपस्सी** विनाश स्वभावलाई भाविता गरी देखी जानिरहेको कहलिन्छ । यहाँनिर "**उत्पत्ति विनाश**लाई देखाइराखेको अर्थकथामा भन्दा पनि बढी भयो भनेर मनमा राख्नु उचित छैन । उत्पत्ति र विनाशको कारणलाई थाहा पायो भने उत्पन्न हुने र विनाश हुनेलाई पनि जान्ने हुनाले उत्पत्ति र विनाशको कारणलाई समावेश गरेर अर्थकथामा देखाइराखेको भनेर बुझ्नुपर्‍यो । कारण किनभने ...

“आश्वास प्रश्वास रूप उत्पन्न हुने विनाश हुने नभई, स्वाभाविक रूपले सधैं भईरहेको हुन्छ” भनेर मनमा लिईराख्नु भनेको उत्पत्ति र विनाश कारण धर्म हो भनेर ग्रहन गर्न नसक्नुले हो । त्यति मात्र होइन, इर्यापथ पर्व आदिमा उत्पन्न हुने र विनाश हुनेलाई पनि अर्थकथामा देखाइराखेकै छ । त्यसरी देखाइराखेकोमा संवण्णेतब्ब – (अर्थ अभिप्राय खुलेर देखाउनुपर्ने वा देखाउन योग्य) पद उक्त काण्डमा पनि **समुदय-धम्मानुपस्सी वय-धम्मानुपस्सी** भनेर **समान रूप**ले नै हुनुपर्दछ; पद समान भएमा **स्वरूप र अर्थ पनि समान हुनुपर्दछ । विशेषता हुनु हुँदैन ।** त्यसैले उत्पन्न हुनु विनाश हुनुलाई उत्पत्ति र विनाश कारण अन्तर्गत समावेश गरेर उल्लेख गरीरहेको छ भनेर दृढरूपले सम्झिनु पर्दछ ।

विशेषतः- समुदय-धम्मानुपस्सी वयधम्मानुपस्सी आदि **यो कथनले** यस **आनापान पर्वलाई पनि** स्मृतिप्रस्थान सूत्रमा **विपश्यनालाई मात्र प्रधानता दिएर** (बुद्धले) **बताउनु भएको कुराले** स्पष्ट भइरहेको छ । **कारण किन भने** शमथ भावनाको क्षेत्रमा उत्पत्ति र विनाश कारण धर्म, उत्पन्न हुने विनाश हुने धर्मलाई भाविता गरेर हेर्नु(देखिनु) आवश्यक छैन । तृष्णा दृष्टिद्वारा आधार लिने आशक्त हुनुबाट अलग्ग नभएको कारणले गर्दा अनिस्सित पनि हुन सक्दैन । न उपादियति स्वभाव अनुसारले पनि हुनसक्दैन । विपश्यना भावनाको क्षेत्रमा मात्र यी सबै सम्पन्न हुनसक्दछ । यो भयो विपश्यनालाई प्रधानता दिएर देखाइएको भनेर जान्न योग्य कारणहरू ।

त्यसैले **आनापान पर्बमा विपश्यना उत्पन्न हुनुलाई** यसरी थाहापाउनु पर्दछ । आनापान प्रतिभाग निमित्तमा प्रथम ध्यानलाई भए पनि द्वितीय तृतीय चतुर्थ ध्यान चारैवटालाई भए पनि प्राप्त गरीसकेको व्यक्तिले ध्यानमा समाविष्ट भईसकेपछि उक्त ध्यानलाई नै भए पनि ध्यानको आरम्मण आश्वास प्रश्वासलाई भए पनि भाविता गरेर होश राखी उत्पत्ति विनाशलाई स्पष्ट हुने गरी देखिनु

धम्मानुपस्सी वा विहरति = उत्पत्ति कारण धर्म र उत्पन्न हुने स्वभावलाई भाविताद्वारा हेरी बस्दछ। कायस्मिं = आश्वास प्रश्वास रूपसमूहमा; वयधम्मानुपस्सी वा विहरति = विनाश कारण धर्म र विनाश स्वभावलाई पनि भाविताद्वारा हेरी बस्दछ। समुदय–वयधम्मानुपस्सी वा विहरति = उत्पत्ति र विनाश कारण धर्म साथै उत्पन्न हुने र विनाश हुने स्वभावलाई पनि भाविताद्वारा हेरी बस्दछ।

वा पन = स्मृति प्रकट हुने अर्को विधि के भने ; कायो अत्थीति = आश्वास प्रश्वास रूप समूह मात्र छ (श्वास भित्र बाहिर गर्ने व्यक्ति छैन) भनी; अस्स सति = ती भिक्षुको स्मृति; पच्चुपट्ठिता होति=अगाडि प्रकट भइरहेको हुन्छ। सा सति = त्यसरी प्रकट हुने स्मृति; यावदेव ञाणमत्ताय = तह तह (क्रमशः) ज्ञान वृद्धि गर्नको निम्ति मात्र हो। यावदेव पटिस्सतिमत्ताय = क्रमशः स्मृति वृद्धि गर्नको निम्ति मात्र हो।

जानिनुद्वारा विपश्यना ज्ञान क्रमश अभिवृद्धि गरेर अनिस्सित अनुपादान आशक्त नहुने निराधार हुने कृत्य सम्पन्न गरी मार्ग ज्ञान फल ज्ञानबाट निर्वाणलाई साक्षत्कार हुने हो भनी जान्नुपर्दछ। **यो भयो** ... सो झाना वुट्ठहित्वा अस्सासपस्सासे वा परिग्गण्हति झानङ्गानि वा–आदि अर्थकथा अनुरूप ... शमथयानिक व्यक्तिलाई विपश्यना उत्पन्न हुने विधि हो।

विपस्सनायानिक पुद्गलमा भए ... नाकको टुप्पो ओंठको माथि टुप्पोमा आश्वास प्रश्वास स्पर्श हुने हरेक क्षणमा भाविता गरी होश राखेर स्पर्श भएको वायु प्रष्टव्य रूपको उत्पत्ति विनाशलाई स्पर्श भएर थाहापाएको उत्पत्ति विनाशलाई र भाविता गरी होश राख्नुको उत्पत्ति विनाशलाई स्पष्ट स्पष्टरूपले जान्नु देख्नुद्वारा विपश्यना ज्ञान क्रमशः अभिवृद्धि गरेर अनिस्सित अनुपादान–निराधार हुने र आशक्त नहुने कृत्य सम्पन्न गरी मार्ग ज्ञान फल ज्ञानबाट निर्वाणलाई साक्षात्कार हुने हो भनेर जान्नुपर्दछ।

सो भिक्खु = होश राख्दै जानीरहेको त्यस भिक्षु; अनिस्सितो च = तृष्णा दृष्टिद्वारा नटाँसीकन पनि; विहरति = बस्दछ भनी भन्ने गरीन्छ ।

लोके = निरन्तर उत्पत्ति विनाश भइरहने उपादानस्कन्ध भनिने संस्कार लोकमा; किञ्चि = कुनै एउटालाई पनि; न च उपादियति = म मेरो सम्पत्ति भनी तृष्णा दृष्टिद्वारा आशक्त हुने हुँदैन ।

भिक्खवे = भिक्षुहरू; भिक्खु = भिक्षु; एवम्पि = यो बताइसकेको विधि अनुसारले पनि; काये = रूप समूह कायमा; कायानुपस्सी = रूप समूह मात्र भनी भाविताद्वारा हेरी; विहरति = विहार गर्दछ ।

आनपान–पब्बं = आश्वास प्रश्वासलाई भाविता गर्ने विधि पर्व; निट्ठितं=समाप्त भयो ।

महास्मृतिप्रस्थान सूत्र पालि र शब्दार्थ

१-कायानुपस्सना २-इरियापथपब्ब

पुन च परं भिक्खवे भिक्खु गच्छन्तो वा गच्छामी'ति पजानाति; ठितो वा ठितोम्ही'ति पजानाति; निसिन्नो वा निसिन्नोम्ही' ति पजानाति; सयानो वा सयानोम्ही'ति पजानाति ।

यथा यथा वा पनस्स कायो पणिहितो होति; तथा तथा नं पजानाति ।

इति अज्झत्तं वा काये कायानुपस्सी विहरति । बहिद्धा वा काये कायानुपस्सी विहरति । अज्झत्तबहिद्धा वा काये कायानुपस्सी विहरति । समुदय-धम्मानुपस्सी वा कायस्मि विहरति, वय-धम्मानुपस्सी वा कायस्मिं विहरति, समुदय वय–धम्मानुपस्सी वा कायस्मिं विहरति ।

अत्थि कायोति वा पनस्स सति पच्चुपट्ठिता होति; यावदेव ञाणमत्ताय,पटिस्सतिमत्ताय; अनिस्सितो च विहरति, न च किञ्चि लोके उपादियति । एवं पि खो भिक्खवे भिक्खु काये कायानुपस्सी विहरति ।

इरियापथपब्बं निट्ठितं

१-कायानुपश्यना २- इर्यापथ पर्ब

भिक्खवे = भिक्षहरू; पुन च = फेरि; अपरं = अर्को भाविता गर्ने विधि के हो भने; भिक्खु = भिक्षुले; [1]गच्छन्तो वा = गइरहेको

अभिप्राय

१ गइरहेको छ भने, **गइरहेको छु भनी जान्नको निम्ति** निर्देशन दिइराखेको **यस बुद्ध-वचनमा नजानेका नबुझ्फेकाहरूले किञ्चित् वा गौण देख्न सकिन्छ ।** त्यसैले ती **नजानेका नबुझ्फेकाहरूको दृष्टिले** हुने तर्क वितर्कलाई उल्लेख गरी अर्थकथामा यसरी स्पष्टिकरण दिएर बुद्धवचनलाई **समर्थन गरीराखेको छ ।** कामं सोणसिङ्गालादयोपि गच्छन्ता गच्छामा'ति जानन्ति । न पनेतं एवरूपं जाननं सन्धाय वुत्तं । एवरूपञ्हि जाननं सत्तूपलद्धिं न पजहति । अत्तसञ्ञं न उग्घाटेति । कम्मट्ठानं वा सतिपट्ठानभावना वा न होति । इमस्स पन भिक्खुनो जाननं सत्तूपलद्धिं पजहति, अत्तसञ्ञं उग्घाटेति, कम्मट्ठानञ्चेव सतिपट्ठानभावना च होति । इदञ्हि को गच्छति, कस्स गमनं, कि कारणा गच्छतीति एवं सम्पजाननं सन्धाय वुत्तं । ठानादीसुपि एसेव नयो ।

सोणसिङ्गालादयोपि=कुकुर, स्याल आदि तल्लोस्तरको प्राणीहरूले समेत पनि; गच्छन्ता = गइरहेका छन् भने; गच्छामाति=गइरहेका छौं भनी; कामं जानन्ति = जानेका त पक्कै हो । (यो कुरा विपश्यना ज्ञान उत्पन्न गर्न नपुगेका विपश्यनाको क्षेत्रमा नजानेका नबुझ्फेका व्यक्तिहरूको दृष्टि र विचारलाई केही अंशमा स्वीकार गरी उल्लेख गरिएको हो । **गरहा** अर्थ भएको **पि शब्दले** "विपश्यना कार्य नभएका साधारण श्रमण गृहस्थहरूले पनि कुकुर, स्याल आदिले जस्तै जान्न सक्ने कुरालाई केहीं भन्नु छैन" भनेर अर्थभाव संग्रह गरी देखाइएको पाइन्छ ।) पन = त्यसो भएता पनि; एतं = गएको छ भने पनि जाँदैछु भनेर जानेको छ भन्ने यस बुद्ध-वचनले; एवरूपं जाननं सन्धाय = साधारण श्रमण गृहस्थहरू

साथै कुकुर, स्याल आदि तल्लोस्तरको प्राणीहरूको, (भाविता गरेर होश राखेको नभई त्यसै त्यसै भइरहेको) यसरी **अभ्यासवश उत्पन्न हुने ज्ञानलाई** उद्देश्य गरेर; न वुत्तं = बताइराख्नु भएको होइन । (यो भनाई "भाविता गरी होश नराखीकन त्यतिकै उत्पन्न भइरहेको ज्ञानलाई भन्ने उद्देश्य नभएको र भाविता गरेर होश नराखी स्वतः उत्पन्न भइरहेको प्रकृति ज्ञान र भाविता गरी स्मृतिपूर्वक भाविता गरिरहेको योगीको ज्ञानलाई समान स्तरमा राखेर गौण देख्न योग्य नभएको कुरा" उल्लेख गरिएको छ ।) हि = अभ्यासवश उत्पन्न हुने ज्ञानलाई उद्देश्य नगर्नुको कारण के हो भने; एवरूपं जाननं = त्यसै त्यसै उत्पन्न भइरहने यस्तो सामान्य ज्ञानले; सत्तूपलद्धिं न पजहति = प्राणी भनेर आशक्त हुने दृष्टिलाई हटाउन सक्दैन; अत्तसञ्ञं न उग्घाटेति = म भनी, आत्म भनी मनन गर्नुलाई पनि उप्काएर, उखेलेर फाल्न सक्दैन; कम्मट्ठानं वा = कर्मस्थान नै भए पनि; सतिपट्ठान भावना वा = स्मृतिप्रस्थान भावना नै भए पनि; न होति = कुनै एउटा पनि भइरहेको छैन । पन = वास्तविक अनुसारले त; इमस्स भिक्खुनो = (गइरहेको छ भने गइरहेको छु भनेर जानेको छ भन्ने बुद्ध-वचनसँग मिल्ने गरी भाविता गरिरहेको ती भिक्षुको; जाननं=जानेका ज्ञान (यस पद्मा-**प-शब्द नभए पनि** उद्देश्य अनुरूपले **पजानन शब्द नै अभिलक्षित हो । त्यसैले** "**पजानाति पजानन** पदको क्षेत्रमा प-शब्द नभएर **जानाति, जाननं -** भनेर भन्नसक्ने कुरा र यसरी भन्नुमा पनि उद्देश्य अनुसार अभिप्राय **कमशल हुन नजाने** कुरा थाहा पाउनु पर्दछ । भाषा अनुवाद गर्ने बेलामा पनि **प-शब्दको अर्थ लोप गरेर** पजानाति = जान्दछ, पजाननं-जानेको ज्ञान-भनेर भाषा अनुवाद गर्नसक्ने कुरामा र यसरी भाषा अनुवाद गर्ने बेलामा पनि उद्देश्य अनुसार अर्थ अभिप्राय **कमशल हुन नजाने कुरा" जान्नुपर्दछ** ।) सत्तूपलद्धिं पजहति = प्राणी भनी आशक्त हुने दृष्टिलाई हटाउँछ । अत्तसञ्ञं उग्घाटेति = म भनेर-आत्म भनी मनन गरीराख्नुलाई

पनि उप्काएरर उखेलेर फालिने हुन्छ । कम्मट्ठानञ्चेव = साँच्चैको कर्मस्थान पनि हुनजान्छ । सतिपट्ठानभावना च होति = साँच्चैको स्मृतिप्रस्थान भावना पनि हुनजान्छ । हि = भइरहेको कसरी भने; इदं = गइरहेको छ भने गइरहको छु भनेर जान्दछ-भनिने यस (बुद्ध) वचनले; को गच्छति = को जान्छ; कस्स गमनं = कसको जानु हो; कि कारणा गच्छति = के कारणले जान्छ; इति = यी तीनवटा प्रश्न अनुसार; एवं सम्पजाननं सन्धाय = यसरी राम्रो किसिमले जान्नेलाई लक्ष्य गरी; वुत्तं = बताइराख्नु भएको शब्द हो । ठानादीसुपि = उभिने आदि इर्यापथमा पनि; एसेवनयो = यहीँ क्रम अनुसारले हुन्छ ।

उपरोक्त अर्थकथाले बुद्ध-वचन पालिलाई **विरोध गरेको पनि होइन संशोधन र सम्वर्द्धन गरेको पनि होइन ।** वास्तवमा त बुद्ध-वचन प्रति नराम्रो दृष्टिले हेर्ने व्यक्तिहरूलाई शुद्ध दृष्टि राखेर आदर गौरव राख्न दिनको निम्ति **स्पष्ट गरेर** बुद्ध-वचनलाई **समर्थन गरेको कुरा मात्र हो ।** त्यसो भएकोले हामीहरूले पनि यस विषयमा उक्त अर्थकथालाई नै आधार लिएर संशयात्मक विषयवस्तुलाई परिशुद्ध र निराकरण गरी **पालि विधि अनुसारले** नै **यथार्थ भावना पद्धति भइरहेको कुरालाई** योगीहरूको अनुभव सँगै राखेर समर्थन शब्दहरू लेख्दै जान्छु ।

भाविता गरी होश राख्ने बानी नभएका सामान्य श्रमण गृहस्थहरूले पनि गइरहेको छ भने गइरहेकोछु-भनी जानीरहेको छ होइन र ? श्रमण गृहस्थहरूलाई मात्र भन्ने त के कुरा, कुकुर, स्याल आदि पशुहरूले समेत यसरी जान्न सकिरहेका छन् होइन र ? **भन्दा**....**जान्न सकिरहेका छन्** भनेर नै स्वीकार गर्नु पर्ला । यसरी जान्न सकिरहेको नै छ भने ... **"गइरहेको बेलामा गइरहेछु भनी जान्दछ"** भने योगी भिक्षुको ज्ञान ती साधारण श्रमण गृहस्थहरूको ज्ञानसँग समान नै भइरहेको छ होइन त ? कुकुर स्याल आदि पशुहरूको ज्ञानसँग समेत समान भइरहेको छ होइन त ? भन्दा ...

समान छैन आकाश र पातालजस्तै अलग अलग छुटेर रहेको छ। यो कुरालाई स्पष्ट पारेर देखाउँछु – भावनाद्वारा होश राख्ने बानी नभएका सामान्य मानिसहरूले र कुकुर; स्याल आदि पशुहरूले गइरहेको अवस्थामा जान मनलागेको(चाहेको) चित्तसँगै संशरण (संक्रमण) भइरहने रूपलाई प्रत्येकपल्ट उत्पन्न हुँदा पनि राम्रोसँग जानीरहेको हुँदैन। जान मनलागेको चित्त क्रमिकरूपले तह तह गरेर उत्पन्न भएर आएको कारणले गर्दा हलचल गर्ने रूप क्रमिकरूपले तह तह उत्पन्न भएर आएको पनि प्रत्यक्ष अनुभव गरी जानीरहेको छैन । क्रमिकरूपले तह तह गरेर जान चाहेको र क्रमिकरूपले तह तह संशरण (संक्रमण) भइरहेको मात्र हो भनेर पनि प्रत्यक्ष अनुभव गरी जानीरहेको छैन। एउटा गतिबाट अर्को गतिमा नपुगी टुक्रा टुक्रा भई लोप र निरोध भएर गएकोलाई पनि प्रत्यक्ष अनुभव गरी जानीरहेको छैन । **साँचै त** ...कुकुर, स्याल आदि सहित ती सामान्य मानिसहरूले शुरूमा पाईला चालेको बेला होस् मध्य भागमा होस् अन्तिम भागमा होस्। एक दुईचोटी एक क्षण मात्र जानीरहेको छ। **धेरैजसो** आफू स्वयं गइरहेकोलाई होस नराखीकन अरू अरू ठाउँमा मात्र कल्पना गरी चिन्तन र मनन गरी होस हवास नराखीकन गइरहेको समय नै मात्र सीमाना नहुने गरी बढी भइरहेको हुन्छ। एक दुईचोटी होस भएर आएता पनि सधैं स्थिर भईरहेको 'म'को रूपमा मात्रै जानीरहेको हुन्छ। जानुभन्दा अगाडि भइरहेको चित्त र रूपकाय शरीर नै गइरहेको हो भनी मनमा राखेको हुन्छ । गइरहेको अवस्थामा भएको चित्त र रूप नै नयाँ ठाउँमा पुगेको हो भनी मनमा राखिरहेको हुन्छ । जानु अगाडि र गइरहेको अवस्थामा त्यस्तै नै गइसकेको अवस्थामा एक्लै एकजना मात्र एउटा आत्म नै मात्र हो भनी मनले चिताइरहेको हुन्छ। यसै कारणले गर्दा यस्तो ज्ञानले सत्त्व जीव भनेर मनमा राख्ने आशक्त हुने दृष्टिलाई पनि छोड्न सकिंदैन । आत्म हो म हुँ भनी मनमा राख्नुलाई पनि उखेलेर फाल्न सकिंदैन। त्यस्तो ज्ञानलाई आरम्मण

गरेर मानिसहरूको सन्तानमा फेरि होस राखेर जानिने विपश्यना उत्पन्न हुने नभएको भएर "**भावना कम्मस्स ठानं"भनिने** वचनार्थ अनुसारले कर्मस्थान भनिंदैन, त्यस्तो ज्ञानबाट फेरि विपश्यना ज्ञान उत्पन्न हुन नसकिने कारणले गर्दा "**भावना कम्ममेव उत्तरुत्तरि भावनाय ठान"** भनिने वचनार्थ अनुसारले पनि **कर्मस्थान** भनिंदैन। दृढ स्थिर भएको होश राखीरहनु भनेको स्मृतिप्रस्थानसँग एकढिक्का भएर उत्पन्न हुने ज्ञान नभएको कारणले पनि **स्मृतिप्रस्थान भावना** नहुने नै भयो। त्यसो भएकोले "**गइरहेको छ भने गइरहे छु भनी जान्दछ"** भनिने बुद्ध-वचन कुकुर स्याल आदि साथै भाविता गरेर होश राख्ने नभएका **सामान्य मानिसहरूको** यस्तो ज्ञानलाई उद्देश्य गरीराखेको वचन होइन भनेर जान्नुपर्दछ।

प्रत्येकपल्ट गइरहेको क्षणमा, प्रत्येकपल्ट पाइला सारेको क्षणमा, प्रत्येकपल्ट पाइला खुम्च्याएको क्षणमा, प्रत्येकपल्ट पाइला टेकेको क्षणमा, निरन्तर दृढरूपले भाविता गरी स्मृति राखिरहेको योगीले जान मन लागेको चित्तलाई गड्‌बड् नगरी अलग्ग अलग्ग छुट्‌याइ जानीरहेको हुन्छ। कस्सिने, टम्म हुने, धकेलिने, हलचल भइरहने रूपलाई पनि चित्तसँग गड्‌बड् नगरी अलग्ग अलग्ग छुट्‌याइ छुट्‌याइ हेर्न जानीरहेको हुन्छ। जान मन लागेको चित्त तह तह गरेर उत्पन्न भएको कारले गर्दा कस्सिने, टम्म हुने, धकेलिने, चलीरहेको(हलिरहेको) रूप तह तह गरेर उत्पन्न भएर आउनेलाई पनि प्रत्यक्ष रूपले हेरेर जानीरहेको हुन्छ। क्रमशः जान मनलागेको र कस्सिने टम्म हुने धकेलिने चलिरहेको क्रमशः भइरहेको मात्रलाई पनि स्पष्ट रूपले जानीरहेको हुन्छ। जान मन लागेको, हलचल हुने पनि सरेर जाने अवस्थामा पुगेन, हल्लिने पनि एक स्थितिबाट अर्को स्थिति नपुगी टुक्रा टुक्रा भई अन्त्य भएर गईरहेकोलाई पनि प्रत्यक्ष रूपले देखी, जानीरहेको हुन्छ। एक एक पाइला भित्र (अर्थकथामा देखाइराखेको अनुसार **उठाउनु, माथि उचाल्नु, सार्नु, छोड्नु, तल झार्नु, टेक्नु भनेर)** छ प्रकारले

वा त्यो भन्दा बढी विभिन्न टुक्रा टुक्रा भएर निरोध र अन्त्य भईरहेकोलाई पनि भाविताद्वारा स्मृतिपूर्वक होश राख्दै जाँदा स्पष्ट रूपले थाहापाउँदै आएको हुन्छ ।

त्यसैले ती योगीको ज्ञान (१) **को गच्छति =** को जान्छ, जान सक्ने आत्म, सत्त्व, म छ त...? (२) **कस्स गमनं =** कसको जानु हो, जानुको अधिकारी आत्म सत्त्व म छ त....? (३) **किं कारणा गच्छति = के** कारणले जान्छ त - जानु उत्पन्न गर्नुको कारण के हो ..? भनिने **यी तीनवटा प्रश्न अनुसार** समाधान हुने किसिमले जानिराख्ने हुनाले **सम्पजानन ञाण** भनिन्छ । **असम्मोह सम्प्रजन्य** भन्ने अभिप्राय हो । यहिं **ज्ञान नै** पटिविपस्सना भनिने थपेर भाविता गरी स्मृति राख्ने आरम्मण भईरहेकोले "**भावना कम्मस्स ठानं"** भनिने वचनार्थ अनुसारले पनि **कर्मस्थान भनिने गरिन्छ ।** पछि पछिको विपश्यना ज्ञानलाई तीक्ष्णरूपले उत्पन्न गरिने हुनाले **"भावना कम्ममेव उत्तरुत्तरि भावनाय ठानं"**भनिने वचनार्थ अनुसार कर्मस्थान भनिन्छ । दृढरूपले बलियो भएको स्मृति भनिने स्मृतिप्रस्थानसँगै क्रमशः एकनाशले उत्पन्न भएर आएको ज्ञान भएको हुँदा **स्मृतिप्रस्थान भावना पनि** भयो ।

प्रश्न तीनवटा अनुसारले समाधान हुने किसिमले जानिने (थाहापाउने) कसरी भन्दा... प्रत्येक पल्ट उत्पन्न भइरहेको शरीर र मनको आकार प्रकारलाई दृढरूपले निरन्तर भाविता गरी स्मृतिराखीरहेको योगीले समाधि ज्ञान परिपक्व हुने अवस्थामा प्रत्येक गइरहेको क्षणमा प्रत्येक चलिरहेको क्षणमा नै दृढरूपले ध्यान दिई भाविता गरी स्मृति राखीरहने हुँदा जान मनलागेको चित्त र कस्सिने टम्म हुने धकेलिने र विनाश भएर गइरहेकोलाई प्रत्यक्ष रूपले देखिने हुन्छ । त्यसैले **"कोहीं पनि गएको होइन; जान सक्ने आत्मभाव सत्त्व म भन्ने छैन । जान मनलागेको चित्त र कस्सिने टम्म हुने धकेलिने हलचल हुने रूप समूह मात्र छ"** भनेर छर्लङ्ग हुने गरी जानिने हुन्छ । यस ज्ञान...**को गच्छति-** भनिने

पहिलो प्रश्न अनुसारले समाधान हुने किसिमले जानिने हो ।

त्यति मात्र होइन, योगीले कस्सिने टम्म हुने धकेलिने हलचल हुने भनेको उक्त जाने आकार प्रकारमा आधिकारिक रूपले व्यवस्था र प्रवन्ध गर्नसक्ने अधिकारीलाई भने देख्न सकिँदैन । क्रमिकरूपले जान मनलागेको चित्तको कारणले कस्सिने टम्म हुने धकेलिने हलचल हुने क्रमिकरूपले अटूटरूपमा नयाँ नयाँ उत्पन्न भइरहेकोलाई मात्र देखिरहेको हुन्छ । त्यसैले **"जानु भनेको कसैको क्रियाकलाप होइन । जानु लाई आधिकारिक रूपले अधीनमा राखीने आत्मभाव सत्त्व प्राणी भनेर नभएको भयो"** भनेर स्पष्ट रूपले जानिरहेको हुन्छ । यस ज्ञान ... **कस्स गमनं** भनिने **दोस्रो प्रश्न** अनुसारले समाधान हुने किसिमले जानिने हो ।

यस अतिरिक्त योगीले जानु अगाडि नै जान मन लागेको चित्त उत्पन्न भएर आएकोलाई होश राखी जानिरहेको हुन्छ । उक्त चित्तको शक्तिले क्रमिकरूपले स्मृतिराख्दै जानिरहेको हो । त्यसैले **"म गइरहेको छु, ऊ गइरहेको छ भन्ने भनाइ व्यवहारमा प्रयोग गरेको मात्र हो । वास्तविक रूपले भन्नुपर्दा जान मन लागेको चित्तको कारणले गर्दा एक पछि अर्को क्रमिकरूपले उत्पत्ति विनाश भएर गइरहेको कस्सिने टम्म हुने धकेलिने हलचल हुने समूह मात्र भइरहेको छ"** भनी स्पष्ट रूपले जानेर आउँछ । यस ज्ञान ... **किं कारणा गच्छति** भनिने तेस्रो प्रश्न अनुसारले समाधान हुने किसिमले जान्ने हो । यस ठाउँमा सुनिश्चित रूपले सम्झनका निम्ति अर्थकथाको भनाइलाई पनि उल्लेख गरेर देखाउँनेछु ।

तत्थ को गच्छतीति न कोचि सत्तो वा पुग्गलो वा गच्छति । कस्स गमन'न्ति न कस्सचि सत्तस्स वा पुग्गलस्स वा गमनं । किं कारणा गच्छती' ति चित्तकिरिय-वायोधातुविप्फारेन गच्छति । तस्मा एस एवं पजानाति ... गच्छामीति चित्तं उप्पज्जति । तं वायं जनेति । वायो विञ्ञत्तिं जनेति । चित्तकिरिय-वायोधातुविप्फारेन सकलकायस्स पुरतो अभिनीहारो गमन'न्ति वुच्चति । ठानादीसुपि

एसेव नयो । तत्रापि हि तिट्ठामि निसीदामि सयामीति चित्तं उप्पज्जति । तं वायं जनेति । वायो विञ्ञत्तिं जनेति । चित्तकिरिय वायोधातु-विप्फारेन सकलकायस्स कोटितो पट्ठाय उस्सितभावो ठानन्ति वुच्चति । चित्तकिरिय-वायोधातु-विप्फारेन हेट्ठिमकायस्स समिञ्जनं उपरिमकायस्स उस्सितभावो निसज्जा'ति वुच्चति । चित्तकिरिय-वायोधातु-विप्फारेन सकलकायस्स तिरियतो पसारणं सयन'न्ति वुच्चती'ति ।

"तत्थ = प्रश्न तीनवटा अनुसारले, समाधान हुने किसिमले जानिरहेको छ" भन्ने यस कुरामा; अथवा = उक्त प्रश्न तीनवटामा; को गच्छती'ति = को गइरहेछ भनिने प्रश्नमा; कोचि सत्तो वा पुग्गलो वा = सत्त्व पुद्गल कोहीं एकजना; न गच्छति = जाने होइन । कस्स गमन'न्ति = कसको जाने-भन्ने प्रश्नमा; कस्सचि सत्तस्स वा पुग्गलस्स वा = सत्त्व पुद्गल कोहीं एकजनाको पनि; गमनं = जानु होइन । किं कारणा गच्छती'ति = के कारणले गइरहेको त भन्ने प्रश्नमा; चित्तकिरिय-वायोधातु-विप्फारेन = चित्तले बनाइरहेको कस्सिने टम्म हुने चलिरहने (वायु धातु) फिजेर चलिने कारणले; गच्छति=जान्छ; तस्मा = त्यसैले; एस = गइरहेको बेलामा गइरहे छु भनेर भाविता गरी स्मृति राखिरहेको ती योगीले; एवं पजानाति = यसरी प्रभेद गरेर जानिरहेको हुन्छ । ... गच्छामीति चित्तं = जान्छु भनेर विचार गर्ने चित्त; उप्पज्जति = पहिले उत्पन्न हुने हुन्छ; त = उक्त चित्तले; वायं जनेति = कस्सिने टम्म हुने चलिरहनेलाई उत्पन्न गरीने हुन्छ; वायो = कस्सिने टम्म हुने चलिरहनुमा; विञ्ञत्तिं = काय-विज्ञप्ति भनिने घचेड्ने धकेलिने शक्ति विशेषलाई; जनेति = उत्पन्न गरीने हुन्छ । (गइरहेको क्षणमा स्मृतिपूर्वक भाविता गरिरहेको योगीलाई खुट्टा आदि शरीरको अङ्गमा् टम्म हुने कस्सिने प्रकट हुन्छ । यस टम्म हुने कस्सिने वायु धातुको **वित्थम्भन** भनिने **स्वभाव लक्षण हो** । क्रमशः चलिरहेको पनि प्रकट हुन्छ । यी **चलिरहने** वायु धातुको **समुदीरण** भनिने **कृत्य रस हो** ।

जान मनलागेको तर्फ अगाडि घचेडेको धकेलेर लगेको जस्तो प्रकट हुन्छ । यी घचेडेको धकेलेको आकार प्रकार वायु धातुको **अभिनीहार प्रत्युप्रस्थान** भनिने (योगीको ज्ञानमा उत्पन्न भएर आउने आकार प्रकार हो । त्यसैले जान्न सजिलोको लागि वायु धातुलाई "टम्म हुने कस्सिने चलिरहने" भनी भाषा उल्था गरेको हो । वायु विज्ञप्तिलाई उत्पन्न गर्दछ, भन्नेमा धकेलिने घचेड्ने शक्ति विशेषसँग वायु रूप उत्पन्न भएर आउनेलाई देखाउने मूल उद्देश्य हो । वास्तविक अनुसारले त वायुसँग विज्ञप्ति रूप चित्तबाट उत्पन्न हुने **चित्तज रूप मात्र हो ।** वायुको कारणले **उ**त्पन्न हुने वायुज रूप भनेर भएको त होइन ।) चित्तकिरिय-वायोधातु-विप्फारेन = चित्तले बनाइराखेको कस्सिने टम्म हुने चलिरहने (वायुधातु फिजरे चलिने कारणले; सकलकायस्स = सम्पूर्ण शरीरको; पूरतो अभिनीहारो अगाडि तिर सिधा लगिनुलाई गमनन्ति वुच्चति = जाने भनेर भनिन्छ । ठानादीसु पि =उठ्न आदिमा पनि; एसेव नयो = यहिं नियम हुन्छ । हि = विस्तृत गरेर देखाउँछु; तत्रापि = उक्त उठ्ने आदिमा पनि; तिट्ठामि, निसीदामि, सयामीति चित्तं = उठ्ने, बस्ने, लेट्ने भनेर विचार गरीने चित्त; उप्पज्जति = पहिले उत्पन्न हुने हुन्छ । तं = उठ्छु बस्छु लेट्छु भनेर विचार गर्ने उक्त चित्तले; वायुं जनेति = टम्म हुने कस्सिने चल्नेलाई उत्पन्न गरीने हुन्छ । वायो = टम्म हुने कस्सिने चल्नेमा; विञ्ञत्तिं = घचेड्ने धकेल्ने शक्ति विशेषलाई; जनेति = उत्पन्न गरीने हुन्छ । (यस ठाउँमा समानता भएकोले पालि बाँकी राखेको छु ।) चित्तकिरिय-वायोधातु-विप्फारेन = चित्तले बनाइराखेको कस्सिने टम्म हुने फिजेर चलिरहने कारणले; सकलकायस्स = सम्पूर्ण शरीरको; कोटितो पट्ठाय उस्सितभावो = तलको भागदेखि टनक्क भएर सिधा रहनेलाई; ठानन्ति वुच्चति = उभिने(उठ्ने) भनेर भनिन्छ । चित्तकिरिय-वायोधातु-विप्फारेन = चित्तले बनाइराखेको कस्सिने टम्म हुन फिंजरे चल्ने कारणले; हेट्ठिमकायस्स समिञ्जनं, उपरिमकायस्स

उस्सितभावो = तलको शरीरको भाग खुम्चेर माथिको शरीरको भाग टनक्क भएर सिधा रहनुलाई; निसज्जाति वुच्चति = बस्ने भनेर भनिन्छ । चितकिरिय-वायोधातु-विप्फारेन = चित्तले बनाइराखेको कस्सिने टम्म हुन फिजरे चल्ने कारणले; सकलकायस्स = सम्पूर्ण शरीरको; तिरियतो पसारणं = तेर्सिएर, छड्के खुकुलो रहनुलाई, सयन्ति वुच्चति = लेटिने(पल्टिने) भनेर भनिन्छ । इति = यसरी भनी; पजानाति = छुट्याएर जानिरहेको हुन्छ ।

(यस अर्थकथा अनुसार योगीको **पजानन ज्ञान प्रभेद अनुसारले जानेकोमा "सम्पूर्ण शरीर** अगाडि सर्ने (बढ्ने), **सम्पूर्ण शरीर** सीधा रहने, **आधा शरीर** खुम्चेर **आधा शरीर** सीधा रहने, **सम्पूर्ण शरीरको** तेर्सो रहने" समावेश भइरहेको विशेष होश गर्न लायक छ । यसको अतिरिक्त आँखा एकचोटी झिमिक गर्ने भित्रमा एक लाख कोटि भन्दा बढी रूप कलापहरू उत्पत्ति विनाश भइरहेकोलाई भाविता गरी जान्ने देख्ने विचार गर्ने क्रमहरू त समावेश भएको छैन । चित्त र वायु धातुलाई मात्र भाविता गरी जान्ने देख्ने क्रम स्पष्ट छ । यस विषयलाई पनि **गम्भीर रूपले होश गर्न लायक छ ।**)

तस्स एवं जानतो एवं होति ... सत्तो गच्छति सत्तो तिट्ठतीति वुच्चति । अत्थतो पन कोचि सत्तो गच्छन्तो वा तिट्ठन्तो वा नत्थि । यथा पन सकटं गच्छति सकटं तिट्ठतीति वुच्चति । न च किञ्चि सकटं नाम गच्छन्तं वा तिट्ठन्तं वा अत्थि । चत्तारो पन गोणे योजेत्वा छेकम्हि सारथिम्हि पाजेन्ते सकटं गच्छति सकटं तिट्ठतीति वोहारमत्तमेव होति । एवमेल पाजनीयट्ठेन सकटं विय कायो । गोणा विय चित्तजवाता । सारथी विय चित्तं । गच्छामीति चित्तं उप्पन्ने वायोधातु विञ्ञत्तिं जनयमाना उप्पज्जति । चित्तकिरिय-वायोधातु-विप्फारेन गमनादीनि पवत्तन्ति । ततो "सत्तो गच्छति, सत्तो तिट्ठति, अहं गच्छामि, अहं तिट्ठामीति वोहारमत्तं होती" ति ।

एवं जानतो = यसरी बताउँदै आएको अनुसारले "जान मन लागेको चित्त आदिको कारणले उत्पन्न भएर आउने कस्सिने टम्म

हुने चल्ने शक्ति अनुसारले जाने आदि उत्पन्न भइरहेको हो" भनी जान्ने; तस्स = उक्त योगीलाई; एवं होति = यस्तो निश्चय गर्ने स्वभाव अनुकूल हुने हुन्छ । सत्तो गच्छति सत्तो तिट्ठतीति = सत्त्व गइरहेछ, सत्त्व उभिरहेछ, भनी; वुच्चति = धेरै मानिसहरूले भनेर व्यवहार गर्ने भयो; पन = तापनि; अत्थतो = वास्तविक स्वभाव अनुसारले; गच्छन्तो वा तिट्ठन्तो वा = जान सक्ने (जान्न); उभिन जान्ने; कोचिसत्तो = कोही एकजना प्राणी पनि; नत्थि = छैन । पन = उपमा दिएर देखायो भने; सकटं गच्छति सकटं तिट्ठतीति = गाडा गइरहेछ, गाडा रोकी रहेछ भनी; वुच्चति = धेरै मानिसहरूले व्यवहारिकरूपले भनिन्छ । च = त्यसो भए तापनि; तिट्ठन्तं वा गच्छन्तं वा = स्वयं आफै जान सक्ने रोक्न जान्ने; किञ्चि सकटं नाम = कुनै एउटा गाडा भनिने; न अत्थि = छंदै छैन; पन = वास्तविकरूपले त; चत्तारो गोणे योजेत्वा = गोरु चारवटा जोतेर; (इर्यापथ चारवटासँग सम्बन्धित भएको **वायु धातु चारवटासँग** तुलना गर्नको लागि **चारवटा गोरुलाई** देखाइराखेको हो भनेर धारण गर्नुपर्दछ ।) छेकम्हि सारथिम्हि पाजेन्ते = चतुर गाडावानले हाक्यो भने; सकटं गच्छति, सकटं तिट्ठतीति = गाडा गइरहेछ, गाडा रोकीरहेछ भनी; वोहारमत्तमेव = व्यवहार मात्र; होति यथा = भइरहेको जस्तै; एवमेव = त्यस्तै नै; पाजनीयट्ठ = हाँक्नु पर्ने अर्थको कारणले; कायो = शरीर; सकटं विय = गाडा समान भैरहेको छ । चित्तजवाता-जान मन लागेको उठ्न मन लागेको लेट्न मन लागेको चित्तको कारणले उत्पन्न हुने कस्सिने टम्म हुने हलचल हुने वायु धातु चारवटा; गोणा विय = चारवटा गोरु समान छ । चित्तं = जान मन लागेको उठ्न मन लागेको बस्न मन लागेको लेट्न मन लागेको चित्त; सारथी विय = गाडावान समान छ । गच्छामीति चित्ते उप्पन्ने = जाने आदि भनी विचार गर्ने चित्त उत्पन्न हुने बितिक्कै; (इति = शव्द आदि अर्थ भएको भयो) वायो धातु = कस्सिने; टम्म हुने चल्ने; विञ्ञत्तिं जनयमाना

उप्पज्जति = घचेड्ने हल्लिने थिचिने शक्ति विशेषलाई उत्पन्न गराएर उत्पत्ति हुन्छ । चित्तकिरिय-वायोधातु-विप्फारेन = चित्तले बनाउने कस्सिने टम्म हुने हलचल हुने फिजेर पनि चलिरहने कारणले; गमनादीनि = जाने इत्यादि; पवत्तन्ति = नटुटिने गरी उत्पन्न हुने हुन्छ । ततो = यसरी नटुटिने गरी उत्पन्न हुने हुनाले; सत्तो गच्छति, सत्तो तिट्ठति, अहं गच्छामि, अहं तिट्ठामीति = सत्त्व गइरहेछ, सत्त्व उठिरहेछ; म गइरहेछु; म उठिरहेछु आदि भनेर; वोहारमत्तं होति = व्यवहार मात्र भइरहेको हुन्छ । इति = यसरी निश्चय गर्ने स्वभाव अनुकूल हुने (चित्त बुझिने) हुन्छ ।

तेनाह ... नावा मालुतवेगेन, जिया वेगेन तेजनं ॥
यथा याति तथा कायो, याति वाताहतो अयं ।
यन्तं सुत्तवसेनेव, चित्तसुत्तवसेनिदं ।
पयुत्तं काययन्तम्पि, याति ठाति निसीदति ।
को नाम एत्थ सो सत्तो, यो विना हेतु-पच्चये ।
अत्तनो आनुभावेन तिट्ठे वा यदि वा वजेति ॥

तेन = यस किसिमले निर्णय गरेर स्वभाव अनुकूल हुन सक्नु (चित्त बुझाउन सक्नु) को कारणले; आह = पुरानो पुरानो अर्थकथामा भनिराखेको के छ भने; नावा = कपडा हावाले फहराएर जाने डुङ्गा (नाउ); मालुतवेगेन = हावाको वेगले; याति यथा = जाने झैं; तेजनं = वाण; जिया वेगेन = धनुष डोरीको वेगले; याति यथा = जाने जस्तै; तथा = त्यस्तै नै; अयं कायो = यस रूपकाय शरीर; वाताहतो = चित्तज हावाको वेगले मात्र; याति = जाने हुन्छ (यस गाथाले **पच्चय** भनिने उपकारक सहयोगी कारण भइरहेको वायु धातुको कारणले रूपकाय शरीरको जाने गति सम्पन्न भएकोलाई देखाइरहेको छ ।)

यन्तं = यन्त्र चक्र, वा = यन्त्रचालित रूप; सुत्तवसेन = डोरीको शक्तिले; पयुत्तं = घचेटेर पठाउने हुँदा; याति इव = जाने जस्तै; इदं काययन्तंपि = यस रूपकाय शरीर भनिने यन्त्र चक्र रूप पनि;

चित्तसुत्तवसेन = चित्त रूपी डोरीको शक्तिले; पयुत्तं = घचेडेर पठाउने हुँदा; याति = जान पनि जाने हुन्छ; ठाति = उभिन पनि उभिने हुन्छ, निसीदति = बस्न पनि बस्ने हुन्छ। सयति = लेटिन पनि लेटिने हुन्छ। (यस गाथाले **हेतु** भनिने मूल कारण भइरहेको चित्तले गरेर रूपकाय शरीरको जाने गति आदि सम्पन्न भएकोलाई देखाइरहेको छ।)

योे = जुन सत्त्व; विना हेतुपच्चये = चित्त भनिने **मूल कारणले** कस्सिने टम्म हुने हलचल हुने भनेको **उपकारक सहयोगी कारणले** अलग भएर; अत्तनो आनुभावेन = आफ्नो आनुभावले मात्रले; तिट्ठे वा = उठ्न भए पनि सक्नुपर्दछ; यदि वा वजे = जान भए पनि सक्नुपर्दछ; सो सत्तो = त्यस्तो सत्त्व; यत्थ = यस लोकमा; को नाम = कस्तो सत्त्व होला; वा = कहाँ मात्र हुनसक्ला; नभएकै भयो; इति = यसरी भनी पुरानो अर्थकथामा बताइराखेको भयो। (को नाम-मा **किं** शव्द प्रतिक्षेप अर्थ भएको भयो, नत्थि सँग समानार्थि भएको छ।)

तस्मा एवं हेतुपच्चयवसेनेव पवत्तानि गमनादीनि **सल्लक्खेन्तो** एस "गच्छन्तो वा गच्छामीति पजानाति। ठितो वा ... निसिन्नो वा ... सयानो वा सयानोम्हीति पजानाती' वेदितब्बो।

तस्मा = (जाने बेलामा गइरहेछु भनेर आदि रूपले होश राखेर भाविता गरेर जानिरहेको योगीले जान मन लागेको चित्त आदि सँगै उक्त चित्तको कारणले उत्पन्न हुने कस्सिने टम्म हुने हलचल हुने रूप समूह मात्रलाई देखेर "जान सक्ने उठ्न जान्ने बस्न जान्ने लेट्न जान्ने पुद्गल सत्त्व भनेर छैन। जान मन लागेको चित्त आदि र उक्त चित्तको कारणले उत्पन्न हुने कस्सिने टम्म हुने हलचल हुने मात्र भएको छ। यस चित्त यस रूपको इच्छा अनुसारले जाने आदि अटूट रूपले उत्पन्न भइरहेको छ" भनी निश्चय गरेर समर्थन गर्न सक्ने (चित्त बुझाउन सक्ने) उक्त कारणले; (यहाँ ' त' शव्दले एवं जानतो एवं होति-लाई तानिएको छ। त्यसैले

स्पष्ट गर्नको लागि लामो कुरा उल्लेख गरेर अर्थ लगाएको भयो ।) एवं = यसरी भन्दै आएको अनुसारले; हेतुपच्चयवसेनेव पवत्तानि = चित्त भनिने मूल कारणले, कस्सिने टम्म हुने हलचल हुने भनेको उपकारक सहयोगी कारणको इच्छा अनुसारले मात्र अटूट रूपले उत्पन्न भइरहेको; गमनादीनि = जाने गति आदिलाई; सल्लक्खेन्तो = राम्रोसँग स्मृतिपूर्वक भाविता गरिरहेको; एस = यस योगीलाई; (वेदितब्बो = जान्न लायक छ मा सम्बन्ध राख्नु । सल्लक्खेन्तो **राम्रोसँग स्मृतिपूर्वक भाविता गरिरहेको**-भन्ने यस पालि र अर्थलाई पनि विशेष होश राख्नुपर्दछ ।) गच्छन्तो वा ...पे ... सयानोम्हीति पजानातीति = जाँदा जाँदैछु भनी जानेको हुन्छ, उभिंदा उभिदैछु भनी जानेको हुन्छ, बस्दा बस्दैछु भनी जानेको हुन्छ, लेटिंदा लेट्दै छु भनी जानेको हुन्छ भनेर यसरी; वेदितब्बो = जान्नु पर्‍यो ।

उपरोक्त अर्थकथा वाक्यमा **हेतुपच्चयवसेनेव पवत्तानि गमनादीनि** भनिने भनाईले “जान मन लागेको आकार प्रकार गइरहेको आकार प्रकार आदि द्वारा निरन्तर उत्पन्न भइरहेको चित्त र रूपलाई नै जानु उठ्नु बस्नु लेट्नु भनेर भनिने कुरा” जान्न दिने हो । **गमनादीनि “सल्लक्खेन्तो एस** आदिद्वारा “जानु आदिलाई नै निरन्तर रूपले छुट्याइ छुट्याइ राम्ररी होश राखेर जानुपर्दछ” भनी र “यसरी भाविता गरिरहेको योगीले नै जाँदा जाँदैछु भनी उभिंदा उभिंदै छु भनी बस्दा बस्दैछु भनी लेटिंदा लेटिंदै छु भनेर जानेको(व्यक्ति) भनिन्छ” भनेर जान्न दिएको हो ।

यस ठाउँमा उल्लेख गरिसकेको सम्पूर्ण अर्थकथाको कुरा **गच्छन्तो वा गच्छामीति पजानाति** आदि पालिमा **पजानातिको** स्वरूप अनुसारले छुट्याइ छुट्याइकन जानेको **सम्पजानन** भनिने असम्मोह **सम्पजञ्ञञाण** उत्पन्न हुने विधि पूर्ण रूपले खुलेर देखाइएको अर्थकथाको कुराहरू हुन् । यस अर्थकथा कुरा भन्दा बढी प्रभेद गरेर जानिने विधिलाई देखाउने **पालि अर्थकथा**

टीका नभएको भयो । त्यसैले यहाँ देखाइसकेको अनुसारले **प्रश्न तीनवटालाई** समाधान हुने किसिमले थाहा पायो भने पजानातिको स्वरूप अनुसारले प्रभेद गरी राम्रोसँग यथार्थ रूपले जानेको **असम्मोह सम्पजञ्ञ** उत्पन्न भयो भनेर सुनिश्चित रूपले थाहा पाउनु पऱ्यो । यस **असम्मोह सम्प्रजन्य** पनि हरेकपल्ट जाँदाखेरी हरेकपल्ट पाइला सार्दाखेरी **सँग सँगै नियालेर निरन्तर भाविता गरी थाहा पाउँदै जानु** भनेको **गोचर सम्पजञ्ञ** पूर्ण भयो भने मात्र हुन सकिने हुन्छ । गोचर सम्पजञ्ञ **पूर्ण भएन भने हुन सकिंदैन** । त्यसैले "योगीले असम्मोह सम्पजञ्ञ ञाण उत्पन्न गर्नको निम्ति हरेकपल्ट जाँदा हरेकपल्ट पाइला सार्दा **सँग सँगै नियालेर भाविता गरी होश राखिरहनु** भनेको **गोचर सम्पजञ्ञलाई नै** अटूट रूपले उत्पन्न गरिरहनु पर्दछ" भनेर जान्न दिने अभिप्रायले **गच्छन्तो वा गच्छामीति पजानाति** भनिने यस देशना वाक्य बताउनु भएको भनेर निःसन्देह होश राख्नुपर्ने भयो ।

विशेष होश राख्नुपर्ने विषय... यहाँनिर "अर्थकथाले पालिलाई संशोधन र संवर्धन गऱ्यो" भनेर मनमा राखी पालि नियमलाई एकातिर पन्छायो भने **अर्थकथाचार्यको** इच्छा विपरीत मात्र हुने होइन **बुद्धवचनलाई समेत** विरोध गरेको हुन जाने कारणले **महान अपराध** हुन जाने कुरामा विशेष होश राख्नु पर्दछ । वास्तवमा पालिबाट **गोचर सम्पजञ्ञ**को स्वरूप अनुसारले भाविता गरी होश राख्दै जाने विधि अलिकति पनि नबङ्ग्याइ सिधा उल्लेख गरिएको भयो । अर्थकथाले उक्त **विधि अनुसारले भाविता गरी भाविता गरिरहेको योगीमा नै** समाधि ज्ञान परिपक्व भएर आउने अवस्थामा **असम्मोह सम्पजञ्ञ** उत्पन्न भएर आउने तरिका देखाएर **उक्त पालि नियमलाई समर्थन गरिरहेको भयो ।** भगवान बुद्धको धर्म सांदृष्टिक गुणले साँच्चै युक्त भएको रहेछ । साँच्चै अभ्यास गरेर हेऱ्यो भने स्वयं नै जान्नसकिने देख्न सकिने भयो । स्वयं देख्न सकिने यस्तो **सांदृष्टिकधर्मलाई श्रुतमय चिन्तामय ग्रन्थ अध्ययन**

छ भने, गइरहेको भए पनि (वा-जाँदै गर्दा, गइरहेको अवस्थामा, गइरहेको क्षणमा पनि); गच्छामी'ति = गइरहेको छु भनी; पजानाति = जान्दछ ।

ठितो वा = उभिरहेको भए पनि - उभिंदा पनि (वा = उभिँदै गर्दा, उभिरहेको अवस्थामा, उभिरहेको क्षणमा पनि) ठितो अम्हीति = उभिरहेको छु भनी;

पजानाति = जान्दछ । निसिन्नो वा = बसिरहेको भए पनि; बसेको भएमा पनि (वा = बस्दै गर्दा, बसिरहेको अवस्थामा, बसिरहेको क्षणमा पनि) निसिन्नो अम्हीति = बसिरहे छु भनी; पजानाति = जान्दछ । सयानो वा = लेटिरहेको(पल्टिरहेको) भए पनि, लेटिएको भए पनि (वा = लेटिदै गर्दा, लेटिरहेको अवस्थामा, लेटिरहेको क्षणमा पनि);सयानो अम्हीति = लेटिरहेको छु भनी; पजानाति = जान्दछ ।

[२]वा पन = अर्को तरिकाले जान्ने विधि कसरी भने;

मात्रले टीका टिप्पणी विचार विमर्श गरेर शंका उपशंका द्वारा विरोध गरेर प्रतिपक्षी भइरहनुमा कुनै पनि लाभ हुन सक्दैन । साँच्चै अभ्यास गरेर हेऱ्यो भने मात्र पालि अर्थकथामा उल्लेख गरे जस्तो विशिष्ट धर्मरस **स्वयं अनुभव गरेर** साँच्चै महान फल प्राप्त गर्नसक्ने हुन्छ । त्यसो भएकोले राम्रोसँग निर्देशन दिनसक्ने गुरू कहाँ गएर गौरवपूर्वक विधि प्राप्त गरेर "पालि अर्थकथाको भनाइ सबै नै सत्य हो" भनेर **प्रत्यक्ष रूपले निर्भिक भएर समर्थन गर्न सकिने गरी** पूर्ण रूपले उद्योग गर्नको निम्ति मात्र विशेष होश राख्नुपर्ने भयो ।

२ यस पादलाई "**सब्ब संगाहिक-**सम्पूर्णलाई समाविष्ट गरी बताइराखेको कुरा" भनेर अर्थकथामा भनिराखेको छ । त्यसैले रूप समूह काय चाहे जस्तोसुकै तौर तरिका(स्वभाव)ले रहेको

होस् उक्त रहि रहेको तौर तरिका अनुसारले नै उक्त रूप समूह कायलाई होश राखेर थाहापाउनु पर्दछ। स्वरूप अनुसारले उल्लेख गर्दै गयो भने "गइरहेको तौर तरिका अनुसारले उक्त रूप समूह कायलाई गइरहेछु गइरहेछु भनेर नै होश राख्दै थाहापाउनु पर्दछ।" भनेर भन्ने अभिप्राय हो। यस अतिरिक्त.. जाँदै गर्दा उभिंदै गर्दा बस्दै गर्दा लेटिंदै गर्दा छड्के भएर जाने फर्कने निहुरिने माथि हेर्ने विभिन्न किसिमले चल्ने जिब्रो ओंठ मिलाउने **पेट फुलेको सुकेको** आदि विभिन्न शूक्ष्म तरिकाले भइरहेको भए पनि "बांगो भइरहेछ, फर्किरहेछ, निहुरिंदैछु, माथि हेर्दैछु, चलिरहेछ, मिलाउँदै छु **फुलिरहेछ सुकिरहेछ** भनी त्यस्तै त्यस्तै ढंग(स्वभाव)ले होश राखेर जान्नुपर्दछ। साँच्चै हो, **प्रकट भइरहेको जति पनि सबै** ती शूक्ष्म शूक्ष्म भएको शरीरको स्वभावलाई पनि भाविता नगरिनाले अनित्य, दु:ख, अनात्म भनेर जानेन भने त्यसलाई पनि नित्य, सुख, आत्म भनी **विचार गरेर आशक्त भएर क्लेश उत्पन्न हुनसक्छ।** विपश्यना भनेको क्लेश उत्पन्न हुनसक्ने सबैलाई भाविताद्वारा होश राखेर **अनुसय भूमिलाई विनाश गरी प्रज्ञा भूमि उत्पन्न हुने किसिमले** परिवर्तन गरेर जग निर्माण गर्ने धर्म हो। त्यसो भएकोले चारवटा इर्यापथको तौर तरिका साथै यी शूक्ष्म शूक्ष्म स्वभावहरूलाई पनि शेष बाँकी नराखी एकढिक्का गरेर संग्रह गरी भाविता गरी होश राख्नको निम्ति निर्देशन दिइराखेको **सब्ब-संगाहिक** वाक्य हो भनेर सम्भिराख्नुपर्दछ। (फेरि दिइराखेको स्पष्टीकरणलाई किताबको पछाडि रहेको परिशिष्टमा हेर्नुहोस्।)

अर्को अनुसारले - ये वा पन, ये वा पन - आदि भनेर भनिराखेको अन्य धरैजसो पालिमा... **वा पन-**सँगै राखेर भनिराखेको यस्तो पादले बताउँदै देखाउँदै आइसकेको हुंदा **बाँकी भएको** भनिने अर्थलाई मात्र ग्रहण गर्नुपर्दछ। बताउँदै देखाउँदै आइसकेकोलाई नै फेरि एकपटक ग्रहण गरीराखेको क्षेत्रहरू छँदै छैन कि भन्ने जस्तो गरी नै स्वल्प भइरहेको छ। त्यसैले **वा पन -** सँगै राखेर

अस्स = उक्त योगी भिक्षुको; कायो = रूप समूह शरीर; यथा यथा = जुन जुन तौर तरिकाले; पणिहितो होति = रहेको छ । नं कायं = उक्त रूप समूह कायलाई; तथा तथा = त्यस्तै त्यस्तै तौर तरिकाले रहेको अनुसारले; पजानाति = जानिरहेको हुन्छ ।

इति = यो बताउँदै आएको विधि अनुसारले; अज्झत्तं वा काये = आफ्नो रूप समूह कायमा पनि; कायानुपस्सी विहरति = रूप समूह मात्र भनी हेरी बस्दछ ।

[३] बहिद्धा वा काये = बाहिरतिर रहेको अरूको रूप समूह

बताइराखेको यस पादले बताउँदै देखाउँदै आइसकेको चारवटा इर्यापथले **बाँकी भएको** सानो सानो आकार प्रकारलाई मात्र ग्रहण गर्न योग्य छ । यसरी ग्रहण गऱ्यो भने अन्य अन्य धेरै पालिमा ग्रहण गर्ने नीति नियमसित एकताबद्ध भएर विशेष रूपले नै परिशुद्ध हुने हुन्छ । **विशेष सम्झिनुपर्ने के हो भने...** गहिराइमा दुबुल्की मारिरहेको आकार प्रकारमा फुल्ने र सुक्ने आश्वास प्रश्वाससँग सम्बन्ध राखेर उत्पन्न हुने हुँदा छ प्रकारका वायु धातुमा **आश्वास प्रश्वास पनि समावेश** भइरहेको छ भनेर जान्नुपर्दछ । कसरी भन्दा... आश्वास प्रश्वास, पेट आदि शरीरसँग सम्बन्ध भइरहेको काय प्रतिबद्ध भएर कायसंखार (कायसंस्कार) भनिए जस्तै नै हो ।

३ यस पादले अरू गइरहेको तौर तरिका आदिलाई विचार गरेर वा हेरेर होश राखि भाविता गर्दै जानको निम्ति निर्देशन दिइ राखेको भनी मनमा लिनु हुँदैन । **वास्तवमा** आफ्नो जाने क्रियाकलाप आदि लाई होश राख्ने बेलामा जान मनलागेको चित्त आदिको कारणले कस्सिने टम्म हुने चल्ने रूप समूह मात्र क्रमशः अटूटरूपले उत्पत्ति विनाश भइरहेको देखेर 'जान सक्ने म भन्ने त छैन रहेछ, जान मनलाग्ने चित्त आदिको कारणले जाने आदि रूप समूह मात्र क्रमिकरूपले उत्पन्न भइरहेकोलाई म गइरहेछु आदि शब्दले व्यवहार गर्ने गर्दछ" भनी स्वज्ञानले बुझ्दै आउने बेलामा "अरू गइरहेछ,

कायमा पनि; कायानुपस्सी विहरति = रूप समूह मात्र हो भनी हेरी बस्दछ। अज्झत्तबहिद्धा वा काये = कहिले आफ्नो रूप समूह कायमा; कहिले अरूको रूप समूह कायमा पनि; कायानुपस्सी विहरति = रूप समूह मात्र भनी भाविता गरी हेरी बस्दछ।

कायस्मिं = रूप समूह कायमा; [४]समुदय-धम्मानुपस्सी

उभिरहेछ आदि शब्दले व्यवहार हुने बेलामा पनि यस्तै रहेछ" भनी बुझ्दै आउने बेलामा चित्त बुझेर निर्णय दिएको हुन्छ। **यस किसिमले विचार गरी निर्णय गर्नुलाई मात्र** निर्देशित गरीराखेको हो भनेर मात्र होश राख्नुपर्दछ। अज्झत्तबहिद्धा वा आदि कुरामा पनि... कहिले आफ्नो जानु आदिलाई होश राखेर भाविता गरेर बुझी कहिले अरूको शरीरमा विचार र निर्णय गरी **प्रत्यक्ष अनुमान ज्ञानले** अलग्ग अलग्ग गरी उत्पन्न भइरहेकोलाई देखाइरहेको हो भनेर सम्झिनु पर्दछ।

४ रूपको उत्पत्ति कारण चारवटा, उत्पत्ति एउटा हिसाबले यस **समुदय धर्म पाँचवटालाई** हेरी बस्दछ भने, **समुदय-धम्मानुपस्सी** भनेर भनिन्छ। रूपको विनाश कारण चारवटा, विनाश हुने एउटा हिसाबले यस **व्यय धर्म पाँचवटा** हेरी बस्दछ भने **वय-धम्मानुपस्सी** भनेर भनिन्छ। ती मध्ये **उत्पत्ति कारण चारवटा भनेको कुन कुन भन्दा** ...अविद्या भइरहने एउटा; तृष्णा भइरहने एउटा; कर्म भइरहने एउटा; खानुपर्ने आहार भइरहने एउटा; **यी चारवटा नै हुन्। उत्पत्ति एउटा भनेको**....नयाँ नयाँ रूप उत्पन्न भएर आउने-**निब्बत्तिलक्खणा** (निबृत्ति लक्षण) नै हो। **विनाश हुने कारण चारवटा भनेको**... अविद्या नहुनु एउटा, तृष्णा नहुनु एउटा, कर्म नहुनु एउटा, आहार नहुनु एउटा, **यी चारवटा नै हुन्। विनाश हुनु एउटा भनेको** उत्पन्न भईसकेको रूप लोप भएर विनाश हुनु - **विपरिणाम लक्खणा** (विपरिणाम लक्षण) नै हो। **हेर्ने विधि कसरी भने-**जाने आदि इर्यापथ रूप आकार प्रकारलाई राम्रो

वा = उत्पत्ति कारण धर्म र उत्पत्ति स्वभावलाई हेरेर पनि; विहरति = बस्दछ । कायस्मिं = रूप समूह कायमा; वय-धम्मानुपस्सी

सँग अटूटरूपले भाविता गरिरहेको योगीमा, **पच्चय-परिग्गह-ञाण** (प्रत्यय परिग्रह ज्ञान) अवस्था देखि नयाँ नयाँ उत्पत्ति भएर आउने **निब्बत्ति लक्खणा** देख्नमा आउँछ। त्यसबेलादेखि रूपको उत्पत्तिलाई देखेको हुन्छ । उत्पत्ति देखेको कारणले नयाँ जन्म भएर आएको क्रमलाई पनि बुझी चित्त बुझाएको पनि हुन्छ। त्यसैले नयाँ नयाँ उत्पत्ति भइरहेको रूपको आकार प्रकारलाई भाविता गरी होश राख्दै गर्दा बीच बीचको समयमा "जस्तो छ त्यस्तै नजानेका स्वभाव, उल्टो किसिमले जान्ने-**अविद्या** भइरहेको कारणले यस रूप उत्पन्न हुनुपरेको हो; असल छ राम्रो छ भनी लोभ गर्ने रमाइलो मानिरहने-**तृष्णा** भइरहेको कारणले यस रूप उत्पन्न हुनु परेको हो; फल दिनसक्ने **काम गरीने कर्म** भइरहेकोले यस रूप उत्पन्न हुनुपर्ने हो; खानुपर्ने **आहार** भएकोले यस रूप कसरी उत्पत्ति हुनुपर्ने हो, त्यसरी सधैं उत्पन्न भइरहेको छ भनेर; जान मन लागेको आदि **चित्तको कारणले** यस रूप उत्पन्न भइरहेको छ भनी; **तातो चिसो धातुको कारणले** तातो रूप चिसो रूप उत्पन्न भइरहेको हो भनेर **अविद्या तृष्णा** आदि छैन भने यस्ता रूपहरू उत्पन्न हुनसक्दैन भनी"रूपको उत्पत्ति कारण धर्म र विनाश कारण धर्मलाई पनि पारमी ज्ञान अनुसार विचार गरेर देख्न सकिने हुन्छ । उत्पन्न भइसकेको रूप लोप भएर विनाश भएर जाने भनेको **विपरिणाम लक्खण** मात्र **सम्मसनञाण** अवस्थादेखि योगीमा देख्नमा आएको हुन्छ। त्यसबेला देखि रूपको विनाश र लोप हुनेलाई देख्न सकिने हुन्छ। **विशेषतः...** रूपको उत्पत्ति विनाशलाई भाविताद्वारा देखिने **उदयब्बयञाण (उदय व्यय ज्ञान) परिपक्व हुने अवस्थादेखि** विशेष रूपले स्पष्ट हुने गरी उत्पन्न हुने हुन्छ। त्यस मध्येमा रूपको विनाशलाई देखिने **भङ्गञाण** (भंग ज्ञान) देखि **विशेषरूपले झन** स्पष्ट हुने हुन्छ।

वा = विनाश हुने कारण धर्म र विनाश हुने स्वभावलाई भाविता गरेर हेरी पनि; विहरति = बस्दछ । कायस्मिं = रूप समूह कायमा; समुदय-वय-धस्मानुपस्सी वा = उत्पत्ति कारण र विनाश कारण धर्म सँगै उत्पत्ति र विनाश हुने स्वभावलाई भाविता गरेर हेरी पनि; विहरति = बस्दछ ।

[५]वा पन = स्मृति प्रकट हुने अर्को विधि के हो

---

५ यस पादले समाधि ज्ञान विशेष परिपक्व हुने अवस्थामा स्मृति उत्पन्न हुनेलाई देखाउने हो । समाधि ज्ञान अपरिपक्व भएको योगीमा जाने इत्यादिलाई निरन्तर भाविता गरिरहे तापनि भाविता गर्नु अगाडि जस्तै नै दृष्टि र उपादान पनि भइरहेको हुन्छ । जाने इत्यादिलाई सिद्ध गर्ने व्यक्ति वा आत्म भएको जस्तै नै देखिरहेको हुन्छ । हात खुट्टा आदि शरीरको अङ्ग प्रत्यङ्ग आकार निमित्त पनि प्रकट रूपले भएको जस्तै हुन्छ । उक्त शरीरको अङ्ग प्रत्यङ्गलाई आफ्नो अङ्ग प्रत्यङ्ग हिसाबले र आफुसँग सम्बन्धित रमाउन लायक हिसाबले विचार गरी हेरीने पनि हुन्छ । यसरी हेरीने भनेको सबै भंगज्ञान बलियो हुने गरी उत्पन्न हुने अवस्थादेखि पूर्ण रूपले निरोध हुने हुन्छ । त्यस अवस्थामा जाने आदिलाई भाविता गरी भाविता गरिरहेको योगीमा होश राखी जान्नुपर्ने उक्त रूपको आकार प्रकार सबै खुरु खुरु द्रूतगतिले विनाश विनाश भएर हराउँदै गएको स्पष्ट भइरहेको हुन्छ । हात खुट्टा आदि रूपाकार र निमित्तहरू पनि देखिंदैन । त्यसैले योगीले स्मृति राख्दै गरेको पलहरूमा हराउँदै हराउँदै गएको रूपाकार मात्रलाई मात्र देखिरहेको हुन्छ । जानु आदिलाई सिद्ध गर्ने सत्त्व पुद्गल हिसाबले आशक्त हुनसक्नेलाई त देखिने हुँदैन । आफूसँग सम्बन्धित हात खुट्टा आदि अनुसारले आशक्त हुन लायकलाई पनि देखिंदैन । यस्तो स्मृति प्रवल रूपले उत्पन्न हुनुलाई नै उद्देश्य गरी अर्थकथामा....**अत्थि कायोति वा पनस्साति** कायो व अत्थि, न सत्तो, न पुग्गलो, न इत्थी, न पुरिसो,

न अत्ता, न अत्तनियं, नाहं, न मम, न कोचि, न कस्सचीति एवमस्स सति पच्चुपट्ठिता होति... भनी व्याख्या गरीराखेको भयो ।

अत्थि कायोति वा पनस्साति =.... भनिने; कायो र अत्थि = जाने आदि रूप समूह काय मात्र छ; न सत्तो = जाने आदिलाई गर्न जान्ने सत्त्व वा व्यक्ति भन्ने त छैन; न पुग्गलो = जाने आदि गर्न सक्ने पुद्गल भन्ने त छैन; न इत्थी = जाने आदि गर्न सक्ने स्त्री भन्ने पनि छैन; न पुरिसो = जाने आदि गर्न सक्ने पुरुष भन्ने छैन; न अत्ता = जाने आदि गर्न सक्ने आत्म भन्ने छैन; न अत्तनियं = आत्म सँग सम्बन्धित भएको रमाइलो गर्न लायक अङ्ग प्रत्यङ्ग भन्ने छैन; न अहं = जाने आदि गर्न सक्ने म छैन; न मम = म सँग सम्बन्धित भएको रमाउन लायक अङ्ग प्रत्यङ्ग भन्ने छैन; न कोचि = जाने आदि गर्न सक्ने कोहीं एकजना छैन; न कस्सचि = कोहींसँग पनि सम्बन्धित रमाउन लायक अङ्ग प्रत्यङ्गहरू छैन; इति एवं = यसरी; अस्स सति = उक्त भिक्षुको स्मृति; पच्चुपट्ठिता होति = अगाडि प्रकट हुने हुन्छ ।

यस व्याख्यामा निवत्तेतब्ब पद दशवटा (१०) मध्ये न अतनियं, न मम, न कस्सचि = भनिने यस तीनवटा पदले आत्म सँग सम्बन्धित भएको अङ्ग प्रत्यङ्गहरू छैन भन्ने देखाएको छ । न सत्तो आदि बाँकी भएको सातवटा पदले जीवात्म नभएको देखाइरहेको छ । पद दशवटाले **आत्म शून्य भावनालाई** देखारहेको छ । यो प्रकट हुने विधिलार्य **विशुद्धि मार्ग संस्कारूपेक्षा ज्ञान विषय** मध्ये दसाकार-शून्यतानुपश्यना विषयमा देखाएको छ । त्यसैले यस्तो स्मृति प्रकट हुने विधि संस्कारूपेक्षा ज्ञान क्षेत्रमा पूर्ण रूपले उत्पन्न हुने हुन्छ भनेर होश राख्नुपर्दछ ।

टाँसिने, आशक्त रहित हुने कसरी भने.. प्रकट हुँदा हुँदै भाविता नगरेको धर्ममा नित्य, सुख, आत्म सम्भी तृष्णा दृष्टि उत्पन्न हुनसक्छ । यसरी उत्पन्न हुन सक्नुलाई नै "**तृष्णा दृष्टिद्वारा टाँसिरहेको छ"** भनेर भन्नुपर्दछ । प्रकट रूपले देखिरहेको बेलामा नै

भाविता गरी होस राखिरहेको कारणले अनित्य, दुःख, अनात्म भनी स्पष्ट रूपले थाहापाइसकेको धर्ममा तृष्णा दृष्टि उत्पन्न हुनसक्दैन। यसरी उत्पन्न हुन नसक्नुलाई नै "**तृष्णा दृष्टिद्वारा टाँसिएको छैन**" भनेर भन्नुपर्दछ। यस विषयमा जाने आदिलाई निरन्तर भाविता गरी होस राखेर खुरु खुरु उत्पत्ति विनाश भइरहेको रूप समूहलाई मात्र हेरेर "नित्य होइन, दुःख हो; आत्म होइन" भनी स्पष्ट रूपले जानिरहेको योगीमा उक्त थाहा पाइसकेको रूप धर्ममा तृष्णा दृष्टि उत्पन्न हुँदैन, **तदङ्ग निरोध** अनुसारले निरोध र शान्त नै हुने भयो। त्यसो भएकोले आशक्त हुनुपर्ने छैन भनेर भन्नुपर्दछ। अनि फेरि भाविता गरिसकेको आरम्मणमा **तदङ्ग प्रहाण** अनुसारले टाँसको छैन भने भाविता नगरेको रूप, वेदना, संज्ञा, संस्कार र विज्ञानमा पनि आशक्ति हुनसक्दैन। **विक्खम्भन निरोध** अनुसारले निरोध र शान्त हुने नै भयो। त्यसैले आशक्त पनि भएन भनेर भन्नुपर्दछ।

चारवटा सत्यलाई जान्ने देख्ने कसरी भन्दा... बताइसकेको नियम अनुसारले जाने आदिलाई होस राखेर टाँसिने आशक्त रहित हुने किसिमले जानिरहेको योगीको सम्झनामा हरेकपटक जान मनलाग्ने आदि रूपको सँगै सम्झेर थाहा पाउने स्मृति ज्ञानको उत्पत्ति विनाश हुने अनित्य लक्षण आदिलाई जानेकोले गर्दा दुःख सत्यलाई छुट्याइ छुट्याइ जानिने भनेको **परिज्ञा कृत्य** पनि सिद्ध हुने हुन्छ। जान्नु पर्ने उक्त दुःख धर्ममा आश गर्ने रमाइलो मान्ने-समुदय सत्यलाई तदङ्ग प्रहाणबाट हटाउने **प्रहाण कृत्य पनि** सिद्ध हुने हुन्छ। उत्पत्ति, विनाश-अनित्य लक्षण आदिलाई नजान्ने र मिथ्यारूपले जान्ने-अविद्या देखि लिएर उत्पत्ति हुनुपर्ने क्लेश, कर्म, विपाक स्कन्ध भनिने संसार दुःखको शान्तिलाई सिद्ध हुने गरी **तदङ्ग निरोध** भनिने **तदङ्ग निर्वाणलाई** साक्षात्कार गर्नु भनेको **साक्षात्क्रिया कृत्य** पनि सिद्ध हुने हुन्छ। (शान्त हुने सिद्ध हुने मात्रलाई मात्र अभिप्रेत हो, उक्त शान्त हुनुलाई जानी देखिरहेको छ भनेर त अभिप्रेत होइन।) यथार्थ रूपले जान्ने-सम्यक् दृष्टि

भने; अत्थि कायोति = जाने आदि रूप समूह मात्र छ भनी; अस्स सति = उक्त भिक्षुको सम्झना भनिने स्मृति; पच्चुपट्ठिता होति = अगाडि

आदि पूर्वभाग मार्गलाई उत्पत्ति गर्नुद्वारा **लौकिक मार्ग सत्यलाई** वृद्धि गरीने भनेको **भावना कृत्यबाट पनि** सिद्ध हुने हुन्छ ।

कृत्य चारवटालाई सिद्ध गर्ने यस नीति अनुसारले योगीले हरेकपटक भाविता गर्दा चारवटा सत्यलाई एकैचोटी जानेर विपश्यना ज्ञानलाई क्रमिकरूपमा वृद्धि गरेर **आर्य मार्गद्वारा निर्वाणमा पुगिने हुन्छ ।** त्यस अवस्थामा निर्वाणलाई प्रत्यक्ष रूपले जानेको र देखेकोले गर्दा भाविता गरी होश राख्ने-स्मृति सँग सँगैं उत्पत्ति विनाश सबै संस्कार धर्म समूहलाई दुःख भनी विस्मृति नभई थाहापाउन सकिने हुन्छ । त्यसो भएकोले दुःख सत्यलाई **छुट्याएर जान्ने** कृत्य पनि सिद्ध हुन्छ । परिज्ञा प्रतिवेध नै हो । दुःख भनेर जान्न सकिने कारणले गर्दा उक्त संस्कार धर्म समूहमा मन पराउने टाँस्सिने मन पराउने रमाउनेलाई पनि निर्मूल रूपले शान्त गर्ने हुन्छ । त्यसैले समुदय सत्यलाई **हटाएर पठाउने कृत्य** पनि सिद्ध हुन्छ । प्रहाण प्रतिवेध पनि हो । निर्वाणलाई जानी र देखी आर्य मार्ग उत्पन्न भएर आएकोले मार्ग सत्यलाई **वृद्धि गर्ने कृत्य** पनि सिद्ध हुन्छ । भावना प्रतिवेध पनि हुन्छ । निरोध सत्यलाई **साक्षात्कार गर्ने कृत्य** सिद्ध हुने विधि त स्पष्ट भैसकेको भयो । यसरी आर्य मार्ग क्षणमा निर्वाणलाई प्रत्यक्ष रूपले जानी देखी दुःख सत्य समुदय सत्य, मार्ग सत्यमा परिज्ञा प्रतिवेध, प्रहाण प्रतिवेध, भावना प्रतिवेध कृत्य सिद्ध भएकोलाई नै **"आर्य मार्ग ज्ञान द्वारा चारवटा सत्यलाई एकैचोटी देखिने हो"** भनेर ग्रन्थमा भनिराखेको भयो । यो भन्दै आएको अनुसारले चारवटा सत्यलाई एकैचोटी देखेर र जानेर चारवटा आर्य मार्ग कृत्यलाई सिद्ध गर्न सक्ने कारणले इर्यापथ पर्व देशना अनुसारले भाविता गरेर होश राख्ने यस भावना विधिलाई संसार दुःख **विमुक्त गरीने कारण शुद्ध विधि सिधा मार्ग एउटा भनेर** अर्थकथामा भनिराखेको छ ।

प्रकट हुने हुन्छ; सा सति = त्यसरी प्रकट भएको सम्झना भनिने त्यस स्मृति; यावदेव ञाणमत्ताय = तह तह (क्रमिकरूपमा) ज्ञान वृद्धि गर्नको निम्ति हो; यावदेव पटिस्सतिमत्ताय = क्रमिकरूपमा फेरि स्मृति अभिवृद्धि गर्नको निम्ति मात्र हो । सो भिक्खु = स्मृति राखेर जानी हेरीरहेको उक्त भिक्षु; अनिस्सितो च विहरति = तृष्णा दृष्टिद्वारा नटाँसिकन पनि बसीरहेको भनिन्छ । लोके = उपादान स्कन्ध पाँचवटा भनिने लोकमा; किञ्चि = कुनै एउटा रूप, वेदना, संज्ञा, संस्कार र विज्ञान मात्रमा पनि; न च आदियति = म मेरो सम्पत्ति भनी तृष्णा दृष्टिद्वारा आशक्त पनि हुँदैन । भिक्खवे = भिक्षुहरू; भिक्खु = भिक्षुले; एवम्पि = यसरी बताइसकेको नीति अनुसार पनि; काये = रूप समूह कायमा; कायानुपस्सी = रूप समूह मात्र भनी भाविताद्वारा हेरी; विहरति=बस्दछ ।

इरियापथपब्बं = इर्यापथलाई भाविता गर्ने विधि देखाउने काण्ड; निट्ठितं=समाप्त भयो ।

१-कायानुपस्सना ३-सम्पजञ्ञपब्ब

पुन च परं भिक्खवे भिक्खु अभिक्कन्ते पटिक्कन्ते सम्पजानकारी होति ।

आलोकिते विलोकिते सम्पजानकारी होति । समिञ्जिते पसारिते सम्पजानकारी होति। सङ्घाटि-पत्तचीवर-धारणे सम्पजानकारी होति । असिते पीते खायिते सायिते सम्पजानकारी होति । उच्चार-पस्सावकम्मे सम्पजानकारी होति । गते ठिते निसिन्ने सुत्ते जागरिते भासिते तुण्हीभावे सम्पजानकारी होति ।

इति अज्झत्तं वा काये कायानुपस्सी विहरति [१]पे... । न च किञ्चि लोके उपादियति । एवम्पि खो भिक्खवे भिक्खु काये कायानुपस्सी विहरति ।

सम्पजञ्ञपब्बं निट्ठितं

१ - कायानुपश्यना ३ - सम्प्रजन्य पर्व

भिक्खवे = भिक्षुरू; पुन च = फेरि; अपरं = अर्को भावना विधि कसरी भने; भिक्खु = भिक्षु; अभिक्कन्ते = अगाडि बढ्यो भने; पटिक्कन्ते = पछाडिबाट आयो भने [२]सम्पजानकारी = ज्ञान

अभिप्राय

१ पे-पेय्याल । यस ठाउँमा उल्लेख नगरेर लोप गरिरहे तापनि अगाडि सम्पूर्ण रूपमा देखाइएको आनापान-इरियापथपब्ब पालि अनुसारले उल्लेख गर्न सकिन्छ । उक्त अनुसार नै उल्लेख गर्दै जान्छु भनी देखाइएको भयो ।

२ अर्थकथामा **सम्पजान** पदलाई **सम्पजञ्ञ** पद जस्तै नै **ज्ञानवाची** हो भनेर लिई ...सम्पजञ्ञेन सब्बकिच्चकारी, सम्पजञ्ञमेव वा कारी भनेर व्याख्या गरीएको छ । यस व्याख्या अनुसार ...**ज्ञान बुद्धि**द्वारा गरिरहेको भनी, ज्ञान बुद्धि उत्पन्न गरिरहेको भनी अर्थ

दुई किसिमले दिइराखेको छ । त्यसमध्ये पहिलो अर्थाभिव्यक्ति अनुसार अग्रसर भएर अगाडि बढ्न आदि कृत्य सबैलाई गर्न मन लाग्यो भने ज्ञान बुद्धिद्वारा मात्र गर्नुपर्दछ। ज्ञान बुद्धि नभइकन गर्नु हुँदैन – भन्ने अर्थ हो । दोस्रो अर्थाभिव्यक्ति अनुसार अगाडि बढ्ने अग्रसर हुने) आदि काम गर्नेबेला ज्ञान बुद्धि उत्पन्न गर्नुपर्दछ भन्ने अर्थ हो । त्यसको अतिरिक्त **जानेर गरिरहेको** – भनेर दिइएको **तेस्रो अर्थ** ... सम्पजानो हुत्वा कारी – सम्पजानकारी – भनेर व्याकरण नियम अनुसारले वचनार्थ हुन लायक मात्र होइन अर्थाधार पनि सिधा भएको कारणले गर्दा अर्थ दिन योग्य भएको **अति उचित अर्थ नै हो ।** यस अर्थाभिव्यक्ति अनुसारले अगाडि बढने आदि गऱ्यो भने **जानेर मात्र नै गर्नुपर्दछ ।** नजानिकन गर्नु हुँदैन – भन्ने कुरा अति नै स्पष्ट छ । जानेर गरिरहेको भनिने अर्थाभिव्यक्ति दिइएको यस तेस्रो अर्थ, सम्पजान कतं-जानेर गर्न योग्य छ भनिने पदार्थ, सम्पजान मुसावादी-जानेर झुटो कुरा गर्नु पदार्थ सँग पनि समवाय भइरहेको छ । त्यसैले पछि पछिको पदमा पनि यस तेस्रो अर्थ मात्र प्रस्ट्याउनेछु ।

सम्पजञ्ञ पदको अर्थ ... सम्मा, समन्ततो, सामञ्च पजानन्तो सम्पजानो असम्मिस्सतो ववत्थाने अञ्ञ धम्मानुपस्सिताभावेन सम्मा-अविपरीतं, सब्बाकार पजाननेन समन्ततो, उपरूपरि विसेसावहभावेन पवत्तिया सयं, पजानन्तोति अत्थो । (उद्देसमा सम्पजानो – पदको व्याख्या टीका) ।

समन्ततो पकारेहि, पकट्ठं वास-विसेसं जानातीति सम्पजानो । सम्पजानस्स भावो सम्पजञ्ञं । तथा पवतञाणं । सम्मा पजाननं सम्पजाननं (निद्दस-सम्पजञ्ञ पर्वमा व्याख्या टीका) ।

यस टीका व्याख्या अनुरूप... **सं-**यथार्थरूपले, सर्वत्र (चारैतिर) – परिपूर्ण हुने गरी, - स्वयं आफैले + प = प्रकार प्रकारले, विशेष रूपले, + **जान-जञ्ञ** = जान्दछ-जान्नु = **सम्पजान-सम्पजञ्ञ-** (१) यर्थाथरूपले प्रकार प्रकारले जान्नु । (२) यर्थाथ रूपले विशेष

प्रकारले जान्नु। (३) परिपूर्ण रूपले प्रकार प्रकारले जान्नु। (४) परिपूर्ण रूपले विशेष प्रकारले जान्नु । (५) स्वयं आफैले प्रकार प्रकारले जान्नु। (६) स्वयं आफैले विशेष प्रकारले जान्नु भनेर यसरी छ वटा अर्थ लगाउन सकिन्छ । त्यसो भएता पनि यर्थाथ रूपले जान्नु भन्ने शब्दले, **उद्देश्य अनुसारले** जान्न योग्य सबैलाई परिपूर्ण रूपले जान्नु र स्वयं आफैले जान्नुलाई पनि उल्लेख गर्न सकिने भयो । **प्रकार प्रकारले जान्नु** भनेको पनि सभावलक्खण (स्वभाव लक्षण) सङ्खत लक्खण (संस्कृत लक्षण) सामञ्ञ लक्खन (सामान्य लक्षण) भनिने प्रकार प्रकारले जान्नु नै भएकोले साधारण ज्ञानबाट विशिष्ट भएकोलाई जान्नु नै हुनजान्छ । त्यसैले **उद्देसवारमा** सम्पजानो पदलाई यथार्थ रूपले प्रकार प्रकारले जान्दछ - भनेर एक प्रकारको अर्थ मात्र देखाएको भयो । यस ठाउँमा अर्थ छोटो गर्नलाई **"ज्ञान** भनेर वा **जानी(जानेर)**-भनेर यति मात्र अर्थ लगाउनु पर्दछ। ज्ञान वा जानी भनिने यस अर्थ मात्रले पनि माथि उल्लेख भइसकेको छ वटा अर्थलाई नै उद्देश्य गरी निर्देशन गरेर देखाएको हो भनी मनमा राख्नुपर्दछ। साँचै हो **प्रज्ञा ज्ञान** भनिने शब्दले **यर्थाथ रूपले जान्नुलाई** नै देखाइरहेको छ। **मिथ्यारूपले जान्नुलाई त** देखाइरहेको छैन । जान्न लायक सबैलाई **पूर्ण रूपले थाहा पाएमा मात्र** यथार्थ रूपले जान्ने भनेर हुन्छ। आधा मात्र थाहा पाउँदैमा यर्थाथ रूपले जानेको हुन सक्दैन । स्वयं आफैले खोजेर **साक्षात्कार गरी थाहा पाएमा मात्र** ज्ञान भनेर भन्न सुहाउँछ । अरूबाट सुनेको आादि द्वारा जान्नु विपस्सना क्षेत्रमा ज्ञान नै भनेर भन्न सकिंदैन। यसको अतिरिक्त सभाव (स्वभाव) संखत (संस्कृत) सामञ्ञ (सामान्य) **लक्षणबाट जानेमा मात्र** विपस्सना क्षेत्रमा ज्ञान भनेर भनिन्छ । यस्तो ज्ञान प्रकृति (साधारण) ज्ञानबाट विशिष्ट भएको जान्नु पनि हुन जाने हुन्छ। त्यसैले "प्रज्ञा ज्ञान, जानी (जानेर)" भनिने दुईवटा अर्थ मात्र राम्रोसँग पूर्णभयो भनेर बुझ्नुपर्दछ।

सम्प्रजन्य ४ - वटा ..... सम्प्रजन्य भनिने **प्रज्ञा ज्ञान**

(१) सात्थक सम्पजञ्ञ (सार्थक सम्प्रजन्य) (२) सप्पाय सम्पजञ्ञ (सप्पाय सम्प्रजन्य) (३) गोचर सम्पजञ्ञ (गौचर सम्प्रजन्य) र (४) असम्मोह सम्पजञ्ञ (असम्मोह सम्प्रजन्य) भनेर चार प्रकारका छन् । त्यसमध्ये जाने आदि कुनै एउटा काम गर्न मनलाग्यो भने, तुरुन्तै नगरी लाभ हुन्छ हुँदैन पहिले विचार गर्नुपर्दछ । विचार गरिसकेपछि लाभ भएमा मात्र गर्नुपर्दछ । लाभ नभएमा गर्नु हुँदैन । यसरी काम गर्नु अगाडि लाभ छ छैन पहिला विचार गर्नु **सात्थक सम्पजञ्ञ** हो ।

लाभ हुने काम – कुरा नै भए पनि गर्न योग्य छ छैन लाई विचार गरेर गर्नुपर्दछ । विचार गरिसकेपछि योग्य भएमा मात्र गर्नुपर्दछ । योग्य नभएमा गर्नु हुँदैन । उपमा देखाउनु पर्‍यो भने, चैत्य दर्शन गर्नलाई जानु लाभ हुने काम हो । तर परिषद्हरू जम्मा हुने बौद्ध उत्सवको अवस्थामा जानेबेला योगीहरुको निम्ति उचित हुँदैन । लाशमा अशुभ भनी भाविता गर्नु पनि लाभ हुने काम भयो । तर स्त्री जातिको लाशमा पुरुष जातिले भाविता गर्न योग्य हुँदैन । उपदेश सुनाउनु पनि लाभ हुने काम हो । तर सामाजिक कामको निम्ति भेला भइराखेको ठाउँ आदिमा र काम कुरा बढी भइरहेको अवस्थामा त्यस्तै विपरीत लिङ्गको व्यक्तिलाई शून्शान भएको ठाउँमा उपदेश दिनु पनि उचित छैन; आदि रूपले फल भएको काम नै भए पनि उचित नभएको विषयहरू धेरै नै छन् । यस ठाउँमा योग्य अयोग्यलाई विचार गर्नु **सप्पाय सम्पजञ्ञ** हो ।

यी सात्थक सम्पजञ्ञ र सप्पाय सम्पजञ्ञ दुईवटा लौकिक लोकुत्तर दुईवटै क्षेत्रमा धेरै उपकार भइरहेका छन् । यी सम्प्रजन्य दुईवटाले पूर्ण भयो भने लोकमा पनि सुख अभिवृद्धि हुने हुन्छ । शमथ विपश्यना भावनाको क्षेत्रमा पनि समाधि प्रज्ञालाई द्रूतगतिले पूर्ण गर्न सकिन्छ । तर यी सम्प्रजन्य दुईवटा शमथ पनि होइनन्, विपश्यना पनि होइनन् । शमथ र विपश्यनाको पृष्ठभूमिमा टेवा

दिने मात्र भयो । यी सम्प्रजन्य दुईवटालाई नै **पारिहारिक प्रज्ञा** भनिन्छ भनी **विशुद्धि मार्गमा** भनिराखेको छ ।

शमथ योगीले शमथ कर्मस्थान आरम्मणमा विपश्यना योगीले उपादान स्कन्ध भनिने विपश्यनाको आरम्मणमा अटूटरूपले मनन गर्नु **– भाविता गरेर होस राख्नु गोचर सम्पजञ्ञ** हो । त्यसैले यस सम्प्रजन्य पर्व अनुसार अभ्यास र उद्योग गरिरहेको विपस्सना योगीले अगाडि जानेबेलामा हरेकपल्ट खुट्टा उठाइरहेको क्षणमा उठाइरहेछु हरेकपल्ट पाइला सारिरहेको क्षणमा सारिरहेछु गइरहेछु आदि भनी दृढतापूर्वक निरन्तर होसराख्दै जानुपर्दछ ।

पछाडि जानेबेला इत्यादिमा पनि यहिं विधि भयो । यस विषयमा स्मृतिप्रस्थान ४-वटासँगै त्यसको आरम्मण ४-वटालाई पनि योगीको गौचर क्षेत्र भएकोले **गोचर** भनेर...र उक्त आरम्मण ४-वटामा अटूट रूपले उत्पत्ति गर्नुपर्ने होश राखी जानीराख्ने प्रज्ञा ज्ञानलाई नै **गोचर सम्पजञ्ञ** भनेर सम्झनुपर्दछ । त्यसैले नै **सतिपट्ठान संयुत्तमा** यसरी बताउनु भएको छ ।

गोचरे भिक्खवे, चरथ सके पेत्तिके विसये । गोचरे भिक्खवे, चरतं सके पेत्तिके विसये न लच्छति मारो ओतारं; न लच्छति मारो आरम्मणं । कोच भिक्खवे, भिक्खुनो गोचरो सको पेत्तिको विसयो ? यदिदं चतारो सतिपट्ठाना ।

भिक्खवे = भिक्षुहरू; सके पेत्तिके विसये = बुवा हुनुभएका तथागतको निजी सार निजी अंश निजी क्षेत्र भइरहेको; गोचरे = आहार खोज्ने क्षेत्रमा; चरथ = विचरण गर । भिक्खवे = भिक्षुहरू; सके पेत्तिके विसये = बुवा हुनुभएका तथागतको निजी सार निजी अंश निजी क्षेत्र भइरहेको; गोचरे = आहार खोज्ने क्षेत्रमा; चरतं = विचरण गरिराख्यो भने; वा = विचरण गरिराखेकाहरू; वो = तिमीहरूलाई; मारो = क्लेश मार भनिने ज्यानमाराले; ओतरं = आएर सास्ति गर्ने अवसर; न लच्छति = हुँदैन । मारो = क्लेश मार भनिने ज्यानमाराले; आरम्मणं = भित्र आएर सास्ति गर्ने कारण

आरम्मणलाई; न लच्छति = लाभ गर्न पाउँदैन । भिक्खवे = भिक्षुहरू; सको पेत्तिको विसयो = बुबा हुनुभएका तथागतको निजी सार निजी अंश निजी क्षेत्र भइरहेको; भिक्खुनो गोचरो = भिक्षुको विचरण गर्ने आहार खोज्ने क्षेत्र; को च = के हो भने; यदिदं चत्तारो सतिपट्ठाना = यस स्मृतिप्रस्थान चारवटा नै भयो ।

यस पालि अनुरूप, भाविताद्वारा होश राखीराख्नु – स्मृतिप्रस्थानलाई अटुट रूपमा उत्पति गरीराख्नु नै **गौचरसंप्रजन्य** हो भनेर दृढरूपले सम्झीराख्नुपर्दछ । त्यसो भएकोले नै अर्थकथामा कम्मट्ठानस्स पन अविजहनमेव गोचर सम्पजञ्ञं भनी बार बार भनिराखेको छ । यस **अभिक्कन्त पटिक्कन्त** भनेको गौचर ग्राममा कर्मस्थान नछुटिनुलाई देखाइएको स्मृति टुट्न सक्ने ठाउँमा समेत जानेबेला पनि फर्कनेबेला पनि स्मृति नटुटिने गरी अभ्यास र उद्योग गर्नुपर्ने कुरा थाहा दिन मन लागेकोले विशेष उल्लेख गरिराखेको मात्र हो । त्यसरी देखाइराखेकोले गर्दा “भिक्षाचरण गरीने गाउँमा मात्र गौचर सम्प्रजन्य भइराख्ने हो, विहारमा त हुँदैन” यसरी भनी मनमा राख्नु योग्य नभएको भयो ।

यस गौचर सम्प्रजन्यको क्षेत्रमा अर्थकथामा चार प्रकारका व्यक्तिहरू छुट्याएर देखाइएको छ । कसरी भन्दा...(१) जानेबेला मात्र (भावना) लिएर गई, फर्किनेबेला लिएर नआउने भिक्षु १-जना, (२) जानेबेला लिएर नजाने फर्किनेबेला मात्र लिएर आउने भिक्षु १-जना (३) जानेबेलामा पनि आउनेबेला पनि लिएर नआउने भिक्षु १-जना (४) जानेबेला पनि आउनेबेला पनि लिएर आउने १-जना । यी ४-जनामध्ये, **पहिलो भिक्षुले;** चंक्रमण गर्ने बस्नेद्वारा दिनभरी अटूटरूपले अभ्यास र कोशिस गरी नीवरणबाट अल्लग भई चित्तलाई शुद्ध बनाइ दिन्छ । प्रथम याममा पनि त्यसरी नै अभ्यास गरिरहेको हुन्छ । मध्यम याममा सुतेर अन्तिम याम बिहानी पखको समयमा बस्नु र चंक्रमण गर्नुद्वारा त्यसरी नै अभ्यास र मिहेनत गरिसकेपछि गर्नुपर्ने चेतियंगण ब्रत आदि गर्न सिध्याएर,

चूप लागेर बस्न नसकी २-चोटी, ३-चोटी जति कर्मस्थान विचार गरी अभ्यास गरिसकेपछि कर्मस्थानलाई नटुटाइकन भिक्षा जान्छ। फर्किने बेलामा, श्रामणेर र नवक भिक्षुहरूसँग कुरा गरेर कर्मस्थान नगरिकन फर्किन्छ । यस्तो भिक्षुलाई जानेबेला मात्र लिएर गई आउनेबेला लिएर नआउने भिक्षु भनिन्छ ।

दोस्रो भिक्षु रात दिन पहिलो भिक्षुले जस्तै निरन्तर उद्योग गरिरहेको हुन्छ । तर भिक्षाटन जाने अवस्थामा भोक लागेर पेट पोलेको कारणले शरीरबाट पसिना निस्केर सास्ति हुन्छ। मन दिएर भाविताद्वारा होश राखे तापनि ध्यान जाँदैन। त्यसैले कर्मस्थानलाई विचार गर्न नसकिने गरी नै भिक्षाटन गर्न जानुपर्ने हुन्छ । यागु(भातको क्वाँति) भए पनि भोजन भए पनि प्राप्त गरी दुईचोटी तीनचोटी खान पिन गरिसकेपछि देखि पेट पोलेको शमन भएर बस्न हिड्न सजिलो भई कर्मस्थान नछोडिकन खान पिन गर्न सिध्याए पछि पनि कर्मस्थान नछोडिकन नै विहारमा फर्किन्छ। यी भिक्षु जानेबेलामा धारण नगरी फर्किने बेलामा मात्र धारण गरेर आउने भिक्षु भयो । यस्ता भिक्षुहरू यागु खाँदा खाँदै भोजन खाँदा खाँदै नै अरहत्त फलमा पुग्नेहरू गन्न नसकिने गरी धेरै छन् भनेर भनिराखेको छ । लंका द्वीपमा त्यस त्यस ग्राम निगममा रहेको भोजन शालामा यागु पिउँदा पिउँदै भोजन खाँदा खाँदै भिक्षुहरू अरहत्त फलमा नपुगेको स्थानहरू कुनै छैन भनेर भनिन्छ । (यो कुरा **बुद्ध सम्बत् (९७०)** पहिले लेखेको अर्थकथाको कुरा हो । त्यसैले **बुद्ध सम्वत् (९७०)को भित्र उत्पन्न भइरहेको लंका** द्वीपको गतिविधिलाई मात्र देखाइएको छ। वर्तमान गतिविधिलाई देखाइएको छैन।) यसरी खान पान गर्दा गर्दै पनि अरहत्त फलमा पुगेको कुरा उल्लेख गरिएको भएर विपश्यना योगीहरूले खान पानको समय र खानपानलाई सित्तिकैको समय, सित्तिकै गएको काम भनेर सम्झिनु उचित हुँदैन। खानपानको बेलामा पनि गौचर सम्प्रजन्यलाई गौरव राखेर वृद्धि गर्नुपर्दछ ।

जानेबेला र फर्किने (आउने)बेला दुईवटै स्थानमा धारण नगर्ने **तेस्रो भिक्षु** "भिक्षुहरूमा उद्योग गर्नुपर्ने **कर्मस्थान छ।** भावना उद्योग गर्नुपर्दछ" भनेर समेत पनि विचार नगरी, भाविता गरी होश राख्ने मनमा बिल्कुल नभएको भिक्षु हो । यस्तो भिक्षु सधैं प्रमादी भएर अल्छी भएर बस्ने बानी भएको भएर **प्रमाद विहारी** व्यक्ति नै भयो । यसको अतिरिक्त "यस जन्ममा मार्गफल प्राप्त गर्न सक्दैन भनी र प्राप्त हुने किसिमले पनि उद्योग गर्न सक्दैन भनी" भावना कार्यमा राम्रो सँग भार बिसाइरहेको भएको कारणले गर्दा **निक्खित्तधुर** पुद्गल पनि भयो । यति मात्र होइन, बुद्ध प्रति शङ्का गर्ने, धर्म प्रति शङ्का गर्ने, संघ प्रति शङ्का गर्ने, शिक्षाचरणमा शङ्का गर्ने, सहधर्मीहरू प्रति रीस उठाउने(भावना उद्योग गरिरहेका व्यक्तिहरूसित बिरोधी भइरहेको जस्तै भयो) भनेको चेतोखिल भनिने चित्तको पाँचवटा काँडाले पनि घोचिएको हुन्छ । त्यसपछि फेरि कामगुणमा प्रबल आशक्ति हुने, आफ्नो शरीर प्रति प्रबल आशक्ति हुने, बाहिरिक रूप-अरूको शरीर प्रति आशक्ति हुने, भुंडी फुल्ने गरी मनलागे सम्म खाएर कोल्टे फेरि सुत्ने सुख, मोजले लेटेर सुख अनुभव गरिरहने, देवलोकलाई मात्र प्राप्त गर्ने आशा गरेर बसिराख्ने भनेको चेतोविनिबन्ध नाम भइरहेको चित्तको पाँचवटा बन्धनले पनि बांधिनु परेको हुन्छ । त्यसैले यस्तो भिक्षुको रात दिन विहारमा रहेको बेलामा पनि भावना उद्योग गर्नको निम्ति बिल्कुल होश हुँदैन । शहरमा गाउँमा जाने बेलामा पनि होश हुँदैन । उपासिकाहरूसँग भेट् हुँदा कुरा गर्ने बेलामा पनि व्यवहार गर्ने बेलामा पनि गृहस्थीहरूले आपसमा कुरा गरे जस्तै व्यवहार गर्ने जस्तै कर्मस्थान नहुने गरी खाली भएरै भिक्षाटनबाट फर्केको हुन्छ । गौचर सम्प्रजन्य अलिकति पनि नभएको व्यक्ति भयो । शासनिक दृष्टिले हेऱ्यो भने अति नै **लज्जा मान्न लायक** पुद्गल भयो ।

जानेबेलामा पनि फर्किने बेलामा पनि दुईवटै स्थानमा धारण

गरिने **चौंथो भिक्षु** भने पहिलो भिक्षुले जस्तै रातमा पनि दिनमा पनि भिक्षाटन जानेबेलामा समेत कर्मस्थान नछोड्ने मात्र होइन भिक्षाटनबाट फर्किने बेलामा पनि अटूट रूपले भाविता चित्तद्वारा होश राखेर फर्किन्छ । सुत्ने समयलाई छोडेर रात दिन कहिले पनि कर्मस्थानलाई नछोडिकन अटूट रूपले भाविता गरी होश राखिराख्ने भिक्षु भयो । यसरी धेरै काम भएर कर्मस्थान टुट्नसक्ने अवस्थामा समेत कर्मस्थान नटुटाइकन उद्योग गर्नुलाई **गत पच्चागतिक ब्रत** भनिन्छ । (गत = जाँदा + पच्चागत = फर्केर आउँदा + इक = अटूट रूपले भइरहने ब्रत) भगवान **बुद्धको पालामा र बुद्ध-सम्वत् (९००) वर्ष भन्दा बढी समयसम्म** प्रतिपति विकाश भएको पहिलेको समयमा यस पच्चागतिक ब्रत आचरण गरिरहेको घटना अर्थकथामा कसरी उल्लेख गरिएको छ भने...

आफूहरूको साँच्चैको हित र अर्थको कामना भएका कुलपुत्रहरूले बुद्धशासनमा भिक्षुत्व ग्रहण गरिसकेपछि दशजना बीसजना चालीसजना पचासजना सयजना भए पनि एकै स्थानमा बस्ने बेलामा यसरी **अधिष्ठान** गर्ने गर्दछन् । कसरी भने...

"आवुसहरू, तिमीहरू ऋणको आगोले पोलेर भिक्षु भएका पनि होइनौ, राज भय आदि देखेर डराएर भिक्षु भएका पनि होइनौ, जीविका गर्न गाह्रो भएर भिक्षु भएका पनि होइनौ, साँच्चै भन्नुपऱ्यो भने संसार चक्रको दुःखबाट मुक्त हुने चाहना भएकोले भिक्षु भएका हुन् । त्यसो भए पनि भिक्षु मात्र भएर संसार दुःखबाट मुक्त हुन सक्दैन । संसार दुःखको मूल कारण भइरहेको क्लेशलाई हटाउन सके मात्र मुक्त हुन सकिन्छ । त्यसैले गइरहेको क्षणमा उत्पन्न भइरहेको क्लेशलाई गइरहेको क्षणमा नै छेदन गर्ने र शान्त हुने किसिमले दमन गर्नुपर्दछ (उचित तरिकाले विचार गरी वा भावित गरी होश राखेर हटाउनु पर्दछ भन्ने मतलव हो ।) उभिरहेको क्षणमा, बसिरहेको क्षणमा, लेटिरहेको क्षणमा उत्पन्न भएर आएको क्लेशलाई, उभिरहेको क्षणमा नै बसिरहेको क्षणमा नै लेटिरहेका

क्षणमा नै छेड्न भएर शमन हुने किसिमले दमन गर्नुपर्दछ" भनेर प्रतिज्ञा गरिरहेको हुन्छ । यसरी बसीरहेको अवस्थामा त्यस्तै गइरहेको क्षणमा क्लेश उत्पन्न भएको भिक्षुले गइरहेको क्षणमा नै उक्त क्लेशलाई दमन गर्दछ। दमन गर्न सकेन भने उभि नै रहन्छ। अगाडि गइरहेको उक्त भिक्षु उभिरहेको छ भने पछाडि आइरहेको भिक्षु पनि उभिरहेको हुन्छ। त्यस अवस्थामा क्लेश उत्पन्न भइरहेको भिक्षुले "पछाडि आइरहेको भिक्षुले पनि तिम्रो विचारलाई थाहा पाइसक्यो । यस्तो विचार तिमीलाई **नसुहाउने विचार हो ।** के तिमिमा लाज छैन ?" आदि भनी आफूले आफैलाई दोष दिई विपश्यना भाविता गरेर आर्यत्वमा पुगेकाहरू पनि छन् । उभिरहंदा दमन गर्न सकेन भने फेरि बस्नु पर्ने हुन्छ। त्यस अवस्थामा पछाडि रहेको भिक्षुले पनि बस्नु परेकोले दोष दिने आदि पहिलेको जस्तै भयो । यसरी विचार गरिने भाविता गर्नुद्वारा आर्यत्वमा पुग्न नसके पनि उत्पन्न भइरहेको क्लेशलाई हटाएर कर्मस्थानलाई विचार गरेर नै गएको हुन्छ । कर्मस्थान नभइकन भने खुट्टा उचालेको हुँदैन । उचालेर खुट्टा सार्न पुग्यो भने पहिलाकै मूल स्थानमा फर्केर मात्रै भाविता गरी होश राखेर फेरि जाने गर्दछ । यसरी उद्योग गरिने कुरा आलिन्दक विहारमा बास गर्नुभएका **महाफुस्सदेव स्थविरको** आचरण आदि द्वारा उल्लेख गरिराखेको भयो ।

महाफुस्सदेव स्थविरले (१९) वर्षसम्म गत पच्चागतिक ब्रत आचरण गरिरहेको भयो। भिक्षाटन जाने बाटोको नजिकै खेत खनेर धान रोपेर धान भित्र्याएर धान कुट्ने काम गरिरहेका मानिसहरूले ती स्थविरलाई फर्की फर्की आउने जाने गरिरहेको देखेर "यी स्थविर फर्की फर्की आउने जाने गरिरहेको बाटो भुलेर हो कि केहीं एउटा बिर्सेर छुटेकोले हो कि" भनी एक आपसमा कुरा गरिरहेका थिए । तर पनि ती स्थविरले मानिसहरू कुरा गरिरहेकोलाई ध्यान नदिई स्मृतिबाट अलग नभएको चित्तले मात्र श्रमण धर्म अभ्यास गरेर (२०)**वर्ष पुगेको भित्र अरहन्त हुनु भयो ।**

यसको अतिरिक्त **कालवल्लि मण्डप विहारमा बस्नुभएका महानाग स्थविरले पनि** गतपच्चागतिक ब्रत आचरण गरेर पहिले भगवान बुद्धको दुष्करचर्या आचरणलाई पूजा गर्न मन लागेर (७-) वर्षसम्म उभिरहनु, चंक्रमण(हिंड्डुल) गरिरहनुलाई मात्र धारण गरी बसेका थिए । त्यसपछि **(१६)वर्षसम्म** गतपच्चागतिक व्रत आचरण गरी **अरहन्त हुनुभयो** । यी स्थविरको के एउटा विशेषता छ भने... भिक्षाटन गर्ने गाउँ भित्र पस्ने बेलामा मुखमा पानी हालेर जाने रहेछ । कारण किनभने भिक्षादान दिनलाई, वन्दना गर्नलाई आउने दायक दायिकाहरूलाई सुखी होस्; दीर्घायु होस् भनेर आर्शीवाद दिइरहेको क्षण भित्रमा पनि समाधि विचलित नहोस् भन्ने विचारले गर्दा हो । तर पनि मानिसहरूले केही कुरा सोध्दा केही कुरा निवेदन गरिने बेला पानी निलेर जवाफ दिनुहुन्छ । कुराहरू सोध्ने केही नभएको बेलामा गाउँको ढोकामा गएर पानी फालेर जानुहुन्छ । **कलम्वघाट विहारमा** वर्षावास बस्नु भएका (५०-) जना भिक्षुहरूले पनि यहिं विधि अनुसारले आचरण गरेका थिए ।

ती (५०-) जना भिक्षुहरूले आषाढ पूर्णिमाको दिनमा "हामीहरूले अरहन्त फलमा नपुगेसम्म कुरा नगर्ने भयौं" भनी प्रतिज्ञा गरे । (यस प्रतिज्ञा महत्व नभएको सामान्य कुरालाई मात्र नबोल्ने उद्देश्यले हुनुपर्दछ । बिल्कुलै कुरा नगर्ने जस्तो प्रतिज्ञा त गर्न नहुने भयो । गऱ्यो भने भिक्षुहरूलाई आपत्ति (दोष) लाग्छ । त्यसैले **बिल्कुल कुरा नगर्नको निम्ति अधिष्ठान गर्नु, प्रतिज्ञा गर्नु हुँदैन** भनेर थाहा पाउनु पर्दछ ।) गाउँमा भिक्षाटन गर्नको निम्ति भित्र जाने बेलामा पनि मुखमा पानी हालेर भित्र जान्छन् । कुरा सोध्नेहरू भयो भने पानी निलेर जवाफ दिन्छन् । कुराहरू सोध्ने कोही नभएमा गाउँको ढोकामा पुगेपछि पानी फालेर जान्छन् । पानी फालिरहेको ठाउँमा पानी फालिरहेको चिंन्ह हेरर उक्त गाउँमा रहेका मानिसहरूले कति जना भिक्षुहरू आए भनेर थाहा पाउँछन् । यी (५०-) जना भिक्षुहरू वर्षावास तीन महीना भित्र **अरहत्त फलमा प्रतिष्ठित भए ।**

माथि उल्लेख गरिसकेका महाफुस्सदेव स्थविर महानाग स्थविर कलम्बघाट विहारवासी भिक्षुहरूले जस्तै भिक्षाटन जाने अवस्थामा समेत कर्मस्थानबाट मुक्त नभएको चित्तले पाइला सारेर जानुपर्दछ । गाउँ भित्र पस्ने बेलामा पानी निलेर वा व्यर्थ कुराहरू नगर्नको निम्ति अधिष्ठान गरेर भय अन्तराय रहित बाटो हेरेर भित्र जानुपर्दछ । भिक्षाटन चारिका गरिरहेको बेलामा पनि हतार हतारले हस्याङ पस्याङ गरेर जानु हुँदैन । हतार हतारले जानुपर्ने पिण्डपात्र धुताङ्ग भन्ने छैन । समथर जमीनमा गइरहेको पानी हालेको गाडाजस्तै नहल्लिने गरी शान्त दान्त पूर्वक इन्द्रिय संयम गरेर जानुपर्दछ । यसरी होश राखेर जाने स्मृतिबाट मुक्त नभएर इन्द्रियले सम्पन्न भई गइरहनुलाई नै "प्रसन्न हुन लायक अगाडि जाने पछाडि हट्ने सिधा हेर्ने तेर्सो हेर्ने खुम्च्याउने पसार्ने आदिबाट पूर्ण हुनेभयो" भनी पालिमा भनिएको छ । भिक्षाटनबाट फर्केर भोजन गर्ने अवस्थामा पनि भावना आरम्मण गरेर मात्रै खानुपर्दछ।

आहारमा पटिकूलसञ्ञा उत्पन्न गर्नको निम्ति गाडामा तेल हाल्ने उपमा, घाउमा औषधी दल्ने उपमा, नवजात शिशुको मासु खाने उपमा द्वारा विचार गर्नको निम्ति र **नेव दवाय** आदि भनी उल्लेख गरिराखेको आठवटा परिणामलाई विचार गर्नको निम्ति पनि अर्थकथामा निर्देशित गरिएको पाइन्छ। तर विपश्यना योगीले भाविता गरी होश राखेर खानुलाई नै मात्र विशेष रूपले महत्व दिनु योग्य छ । भोजन गरिसकेपछि केही समय विश्राम लिई सकेपछि भोजन गर्नु अगाडि जुन अटूटरूपले भाविता गरी होश राखे जस्तै नै भोजन गरिसकेपछि पनि दिनभरी मध्य रातमा पनि बिहान अरूणोदयको समयमा पनि कर्मस्थानलाई मात्र अटूट रूपले मनन गर्नुपर्दछ । **यसरी अटूट रूपले भाविता गरिरहेको भिक्षुलाई जानेबेलामा फर्केर आउने बेलामा दुईवटै अवस्थामा धारण गरिरहेको भिक्षु भनिन्छ ।**

जानेबेला आउनेबेला धारण गर्ने यस गतपच्चागतिक ब्रत

आचरण गर्ने भिक्षु उपनिश्रय सम्पन्न भएको भयो भने **प्रथम वैशमा नै अरहन्त हुने भयो** । यस्तो भएन भने द्वितीय वैशमा हुने भयो । यस्तो पनि भएन भने तृतीया वैशमा हुने भयो । यस्तो पनि भएन भने **मरणासन्न अवस्थामा अरहन्त हुने भयो** । यस्तो नभएमा दोस्रो जन्ममा देवता भएर अरहन्त हुने भयो । यस्तो पनि नभएमा सम्यक् सम्बुद्धहरू उत्पन्न नहुने अवस्थामा प्रत्येक बुद्ध हुने भयो । यस्तो पनि नभएमा पछि पछिको बुद्धहरूको पालामा क्षिप्रभिज्ञ, महाप्राज्ञ, महर्धिक, धुताङ्गधर, दिव्यचक्षुक, विनयधर, धर्मकथिक, आरण्यक, बहुश्रुत, शिक्षाकाम आदि **एतदग्ग गुण विशेषता मध्ये** एउटा एउटा **एतदग्ग गुणविशेष सँगै** ख्याति प्राप्त अग्रश्रावक, महाश्रावक अरहन्तहरू हुन सकिने भयो । (होश राख्नुपर्ने के हो भने अरहन्त, प्रत्येक बुद्ध, अग्रश्रावक, महाश्रावक हुने भयो भन्ने कुरालाई **उपनिश्रयले सम्पन्न भयो भनेर** भनिने कुरासँग सम्बन्ध राख्नलाई बिर्सिनु नहुने भयो ।) यस विषयमा जानेबेला मात्र धारण गरिने भिक्षु, आउने बेलामा मात्र धारण गरिने भिक्षु, जाने र आउनेबेला धारण नगर्ने भिक्षु, जाने र आउनेबेला धारण गर्ने भिक्षु आदि हिसाबले चारजना भएकोमा **आउनेबेला जानेबेलामा धारण गरिने भिक्षुको गौचर सम्प्रजन्य शिर्षस्थमा पुगेर सम्पन्न हुने भयो ।** उक्त सम्प्रजन्य पूर्ण हुने किसिमले उद्योग गर्नुपर्दछ । यस गौचर सम्प्रजन्य प्रबल सक्षम हुने बेलामा असम्मोह सम्प्रजन्य भनिने झुलिरहने, झुम्म नहुने ज्ञान स्वतः नै उत्पन्न भएर आउँछ । यस ज्ञान उत्पत्ति हुनुलाई धर्मकथिकहरूले समेत प्रयोगमा ल्याउन सक्नको लागि अर्थकथाको मौलिक भनाइसँगै राखेर उल्लेख गर्दैछु ।

अभिक्कमादीसु पन असम्मुय्हनं असम्मोह सम्पजञ्ञं; तं वेदितब्बं । इध भिक्खु अभिक्कमन्तो वा पटिक्कमन्तो वा... यथा अन्धपुथुज्जना अभिक्कमादीसु "अता अभिक्कमति; अत्तना अभिक्कमो निब्बत्तितोति वा; अहं अभिक्कमामि; मया अभिक्कमो निब्बत्तितोति वा" सम्मुय्हन्ति; तथा असम्मुय्हन्तो... अभिक्कमामीति

चित्ते उप्पज्जमाने, तेनेव चित्तेन सद्धिं चित्तसमुट्ठाना वायोधातु विञ्ञत्तिं जनयमाना उप्पज्जति । इति चित्तकिरियवायोधातु-विप्फारवसेन अयं कायसम्मतो अट्ठिसङ्घातो (रूपसङ्घातो) अभिक्कमति । तस्सेवं अभिक्कमतो एकेक पादुद्धरणे पथवीधातु आपोधातूति द्वे धातुयो ओमत्ता होन्ति मन्दा; इतरा द्वे अधिमत्ता होन्ति बलवतियो; तथा अतिहरण-वीतिहरणेसु । वोसज्जने पन तेजो वायो धातुयो ओमत्ता होन्ति मन्दा; इतरा द्वे अधिमत्ता होन्ति बलवतियो । तथा सन्निक्खेपन-सन्निरूम्भनेसु । तथ्य उद्धरणे पवत्ता रूपारूप धम्मा अतिहरणं न पापुणन्ति । तथा अतिहरणे पवत्ता वीतिहरणं; वीतिह्रणे पवत्ता वोसज्जनं; वोसज्जने पवत्ता सन्निक्खेपनं; सन्निक्खेपने पवत्ता सन्निरूम्भनं न पापुणन्ति । तत्थ तत्थेव पब्बं पब्बं सन्धि सन्धि ओधि ओधि हुत्वा "तत्तकपाले पक्खित्ततिला विय पटपटायन्ता" भिज्जन्ति । तथ्य को एको अभिक्कमति; कस्स वा एकस्स अभिक्कमनं । परमत्थतो हि धातूनं येव गमनं; धातूनं ठानं; धातूनं निसज्जा; धातूनं सयनं; तस्मिं तस्मिञ्हि कोट्ठासे सद्धिं रूपेन...

अञ्ञं उप्पज्जते चित्तं; अञ्ञं चित्तं निरुज्झति ।
अवीचि मनुसम्बन्धो; नदीसोतोव वत्तति ।
...एवं अभिक्कमादीसु असम्मुय्हनं असम्मोह-सम्पजञ्ञं नाम ।

अभिक्कमादिसु = अगाडि जाने इत्यादिमा; असम्मुय्हनं = मोहित नभएर थाहापाइरहनु; असम्मोह-सम्पजञ्ञं = असम्मोह सम्प्रजन्य हो; तं = यस असम्मोह सम्प्रजन्यलाई; एवं वेदितब्बं = यसरी जान्नुपर्दछ । इध भिक्खु = यस शासनमा उद्योग गरिरहेको भिक्षुले; अभिक्कमन्तो वा पटिक्कमन्तो वा = अगाडि जानेबेला वा पछाडि जानेबेला; (यी पदहरूलाई, **असम्मुय्हन्तो = मोहित नभइकन गलत तरिकाले नजानीकन** भनिने पदमा सम्बन्ध राखिसकेपछि तथा देखाइने **पजानाति** मा अन्तिम तरिकाले सम्बन्ध राख्नुपर्दछ । त्यसपछि (यथा शब्द देखि तथा शब्द सम्म विपरित किसिमले

उपमा देखाइरहेको भयो।) अन्धपुथुज्जना = श्रुत, चिन्ता, भावना ज्ञान दृष्टि नभएका अन्धपृथग्जनहरूले; अभिक्कमादीसु = अगाडि जाने इत्यादिमा (सम्मुय्हन्ति = सँग सम्बन्ध राख्नु ।) अत्ता अभिक्कमति= हंस, जीव, विज्ञान, आत्म भनिने) जीवात्म अगाडि गइरहेछ (भनेर वा); अत्तना अभिक्कमो निब्बत्तितोति वा = अगाडि जानुलाई जीवात्मले बनाइरहेको छ उत्पन्न गराइरहेको छ भनी; (यी दुईवटा पदले दृष्टिग्राह अनुसार मिथ्यारूपले जान्नु मोहित हुनुलाई देखाइरहेको छ ।) अहं अभिक्कमामि = म अगाडि गइरहेछु; (भनी वा) मया अभिक्कमो निब्बत्तितोति वा = अगाडि जानुलाई मैले उत्पन्न गरीरहेछु-बनाइरहेछु भनी; (यी दुईवटा पदले मानग्राह अनुसार मिथ्यारूपले जान्नु मोहित हुनुलाई देखाइरहेको छ ।) सम्मुय्हन्ति यथा = मिथ्यारूपले जानी मोहित भइरहे जस्तै; तथा असम्मुय्हन्तो = त्यस किसिमले मिथ्यारूपले नजानिकन मोहित नभइकन; **(यस पदलाई –** राखेर देखाइदिने, **पजानाति** – सँग सम्बन्ध राख्नुपर्दछ ।) अभिक्कमामीति चित्ते उप्पज्जमाने = अगाडि जान्छु भनेर चित्त उत्पन्न हुने बित्तिकै; तेनेव चित्तेन सद्धिं = उक्त चित्तसँग नै; चित्तसमुट्ठाना वायोधातु = चित्तबाट उत्पन्न हुने वायोधातु भनेको टम्म हुने, हलचल हुने, अगाडि जाने; विञ्ञत्ति जनयमाना = काय विज्ञप्ति भनेको कस्सिने, लैजाने, हलचल गराउनसक्ने शक्ति विशेष–आकार प्रकार विशेषलाई उत्पन्न गरेर; उप्पज्जति = देखिनमा आउँछ । इति = यसरी देखिनमा आउने; चित्तकिरिय-वायोधातु-विप्फारवसेन = चित्तको आकार प्रकार भइरहेको कस्सिने, टम्म हुने, हलचल हुने, अगाडि लैजाने धातु स्वभाव फैलेर चल्ने हिसावले, कायसम्मतो = शरीर भनिने, अयं अट्ठिसङ्घातो = यी हड्डिको समूह; (अयं रूपसङ्घातो = यस रूप समूह) अभिक्कमति=अगाडि जाने भयो । यस विषयमा अट्ठिसङ्घातो-भनेर भएको पालिमा अर्थकथाचार्यले लेखेर गएको **साँच्चैको मूल पालि हो जस्तो लाग्दैन** । किनभने क्षण क्षणमा निरन्तर उत्पति

विनाश भइरहेको नाम रूप स्वभावलाई मात्र होश राखेर हेरिरहेको विपश्यना योगीले हड्डि समूह संस्थान प्रकट गराइरहेको छ भनेर भन्न लायक छैन । हड्डि समूह भाविता गरिरहेको शमथ योगीमा जान मनलागेको चित्त र उक्त चित्तले गर्दा वायुधातु उत्पन्न भएर आएको तरिकालाई होश राखेर हेरिरहेको भनेर वा नाम रूप धर्मको क्षण क्षणमा निरन्तर उत्पत्ति विनाश **भइरहेको स्वभावलाई होश राखेर हेरिरहेको छ** भनेर यसरी पनि भन्न सुहाउँदैन । त्यसैले **खास लेखिएको मूल पालिमा रूपसञ्ञतो** भनेर मात्र हुनुपर्ने उचित छ ।)

तस्सेवं अभिक्कमतो = अगाडि गएको उक्त रूप समूह कायमा नै; एकेक पादुद्धरणे = एक एक पटक खट्टा उठाउनुमा; पथवीधातु आपोधातूति द्वे धातुयो = पृथ्वीधातु आपोधातु भनिने दुईवटा धातु; ओमत्ता होन्ति मन्दा = शक्ति कमजोर हुने हुन्छ, बल नहुने हुन्छ । इतरा द्वे = बाँकी भएको तेजो, वायोधातु दुईवटा; अधिमत्ता होन्ति बलवतियो = शक्तिमान हुने हुन्छ, बलवान हुने हुन्छ । अतिहरण-वीतिहरणेसु = खुट्टा अगाडि घचेड्नु, सार्नु आदिमा; तथा = उक्त उठाउने सँग समान छ ।

(वायोधातुया अनुगता तेजोधातु उद्धरणस्स पच्चयो; **उद्धरण गतिका हि तेजोधातु** - भनिने टीका अनुसार तेजोधातुमा **हलुको भएर माथि जाने** स्वभाव रहेको छ । यस **हलुको भएर माथि जाने मद्दवानुप्पदान** प्रत्युस्थानमा समावेश भएको छ । नरम बनाइदिने र बाफ फुल्ल आएर बाफ माथि आउने जस्तै शूक्ष्म भएर हलुको भएर माथि जाने स्वभाव अनुसारले मिलेको नै भयो । खुट्टा आदि शरीरको अङ्ग उठाउने - हलुका भई माथि जानुमा पछि पछि आएर अनुबल दिइरहने कस्सिने टम्म हुने हलचल हुने वायो धातु सँगै नरम भई शूक्ष्म रूपले **सजिलोसँग** माथि जाने तेजोधातुको शक्ति सिद्ध भएको हो । त्यसैले उठाउने क्षणमा **हलुका भई माथि जानुलाई थाहा पाउनु** तेजोधातुलाई **मद्दनुवाप्पदान प्रत्युप्रस्थानद्वारा थाहापाउनु हो ।** यस्को अतिरिक्त, तेजोधातुया अनुगता वायोधातु

अतिहरण-वीतिहरणानं पच्चयो; **तिरियगतिकाय हि वायोधातुया** अतिहरण-वीतिहरणेसु सातिसयो व्यापारो- भनिने टीका अनुसार वायोधातु तेर्सो जाने, एकापट्टि लागेर जाने स्वभाव छ । त्यसैले उठाउनु छोड्नु राख्नु, टेक्नु वायोधातुको व्यापार भइरहे पनि अगाडि लग्नु सार्नुमा त्यस्को व्यापार बढी स्पष्ट हुने हुन्छ । अवश्य पनि हो; अगाडि लग्ने क्षणमा, सार्ने क्षणमा प्रकट हुने, कस्सिने, टम्म हुने, धारण गरि राख्ने वायोधातुको **वित्थम्भण लक्खण** (विष्कम्भण लक्षण) हो । विशेष स्पष्ट भइरहेको क्रमशः अगाडि जाने उक्त धातुको **समुदीरण रस** हो । अगाडितिर धकेल्दै धकेल्दै लगेको जस्तै, तान्दै तान्दै लगिरहेको जस्तै देखिरहने स्वभाव उक्त धातुको **अभिनीहार पच्चुपट्ठान** हो । त्यसैले अगाडि लैजाने र सार्ने पछि पछि गएर अनुबल दिनु हलुका हुन तेजोधातु सँगै कस्सिने टम्म हुने हलचल हुने-वायुधातु द्वारा सिद्ध हुने हुन्छ । त्यसैले अगाडि लग्ने क्षणमा; सार्ने क्षणमा **कस्सिनु टम्म हुनु हलचल हुनुलाई थाहापाउनु** वायुधातुलाई **वित्थम्भण लक्खण आदि द्वारा थाहापाउने हो** । (यस स्थानमा रोकीराखेको एकातिरको खुट्टातिर पुगिने गरी अगाडि लग्नुलाई **अतिहरण,** त्यसपछि अगाडि सार्नुलाई **वीतिहरण** भनिन्छ ।)

पन = त्यसपछि अर्को; वोसज्जने = खुट्टाको बेगलाई छोड्नुमा; तेजो वायोधातुयो = तेजोधातु र वायोधातु; ओमत्ता होन्ति मन्दा = शक्ति कमजोर हुने हुन्छ ; बल नहुने भयो । इतरा द्वे = बाँकी भएको पृथ्वी र आपोधातु दुईवटा; अधिमत्ता होन्ति बलवतियो = शक्तिमान हुने हुन्छ; बलवान हुने हुन्छ । सन्निक्खेपन-सन्निरूम्भनेसु = खुट्टा राख्नु (टेक्नु), थिचेर टेक्नुमा; तथा = उक्त छोड्नुसँग समान भयो ।

पथवीधातुया अनुगत्ता आपोधातु वोसज्जनस्स पच्चयो; **गरुतरसभावा हि आपोधातु**-भनिने टीका अनुसार आपोधातुमा गह्रौं स्वभाव भएको पृथ्वीधातु भन्दा पनि झन गह्रौं स्वभाव रहेको

छ । त्यसैले नै बगेर जाने (बाढी) **- पग्घरणलक्खण** रहेको छ । वेगलाई रोकेर उभिरहने क्षणमा खुट्टा गह्रौं भएर तल तल जाने पछि पछि आउने अनुबल भइरहेको पृथ्वीधातु सँगै आपोधातु द्वारा सिद्ध हुने हुन्छ । त्यैलेले बेग रोक्ने क्षणमा तल जाने क्षणमा **गह्रौ हुनुलाई थाहापाउनु** आपोधातुलाई **पग्घरण लक्खणद्वारा थाहापाउनु हो ।** त्यसपछि अर्को आपोधातुया अनुगता पथवीधातु सन्निक्खेपनस्स पच्चयो **पतिट्ठाभावे** विय **पतिट्ठापने** पि तस्स सातिसयकिच्चत्ता; आपोधातुया तस्सा अनुगतभावो । तथा घट्टनक्रियाय पथवीधातुया-वसेन सन्निरूम्भनस्स सिज्झनतो, तत्थापि पथवीधातुया आपोधातु अनुगतभावो-भनिने टीका अनुसार खुट्टाले भूईंमा काठमा टेकीराख्ने(रोकीराख्ने) क्षणमा प्रतिस्थित गराइ राख्नुद्वारा स्पष्ट छ । **पतिट्ठानरसा** भनिराखेको अनुसारले प्रतिस्थान कृत्य द्वारा प्रकट हुने स्वभाव भएको पृथ्वीधातु प्रतिस्थित हुनुमा पनि अत्यधिक कृत्य भएकोले गर्दा **उक्त प्रतिस्थान पृथ्वीको शक्ति विशेष भयो ।** त्यसैले रोकी राख्ने-प्रतिस्थित गराइ राख्नुमा पछि पछि आउने अनुबल भइरहेको आपोधातु सँगै पृथ्वीधातु द्वारा सिद्ध हुने हो । थिचेर टेक्नुमा घट्टन हुने पनि कडा खस्रो लक्षण भएको पृथ्वीधातु द्वारा नै सिद्ध हुने हो । त्यसो भएकोले खुट्टालाई रोकीराख्ने क्षणमा, टेकीराख्ने क्षणमा, **प्रतिस्थित गराइ राख्ने, घचेड्नेलाई जानीराख्ने** पृथ्वी धातुलाई **कक्खलत्त लक्खण आदि द्वारा जान्ने हो ।**

(यस क्षेत्रमा **निश्चित रूपमा सम्झने कसरी भने...** हात खुट्टा आदि उठाउने माथि उचाल्नुमा **हलुको भएर माथि गएको थाहा भयो भने तेजोधातुलाई जानेको हो भनेर होश राख्नुपर्दछ । एकातिर हलचल भएको थाहा भयो भने वायोधातुलाई जानेको हो भनेर होश राख्नुपर्दछ । तलतिर गह्रौं भएर तल गएकोलाई थाहा भयो भने आपोधातुलाई जानेको हो भनेर होश राख्नुपर्दछ । घर्षण भएकोलाई स्पर्श भएकोलाई थाहापायो भने पृथ्वीधातुलाई जानेको हो भनेर होश राख्नुपर्दछ ।** यसरी **खुट्टा एउटा टेक्नुको भित्र,**

हात खुट्टा एकचोटी खुम्च्याउनु पसनिुको भित्र पनि चार धातुलाई छुट्‌याइ छुट्‌याइकन जान्ने सिद्ध हुने हो भनेर सम्झिनु पर्दछ ।)

तत्थ = उक्त उठाउने आदिमा; उद्धरणे पवत्ता = उठाउने क्षणमा अटूट रूपले उत्पन्न भइरहेको; रूपारूपधम्मा = उठाउन मन लागेको चित्त नाम र उठाएर माथि आएको रूप धर्महरू; अतिहरणं न पापुणन्ति = अगाडि लग्ने (सार्ने) क्षणमा पुग्दैनन् । (**रूपारूपधम्ममाति** उद्धरणाकारेन पवत्ता रूप धम्मा, तं समुट्ठापका अरूपधम्मा च-टीका वर्णन । यस क्षेत्रमा होश राखेर थाहा पाउने नामलाई पनि ग्रहण गर्न लायक छ । दोष के (छ) भने...उक्त होश राखेर जान्नेलाई उक्त क्षणमा निरोध भएर बिलाएर गयो भनी मनन गर्न सकेन देख्न सकेन भने म एक्लैले नै सधैं होश राखी जानिरहेको छु भन्ने नित्य-संज्ञा आत्म संज्ञा उत्पन्न हुनसक्छ । वास्तवमा भाविता गरिरहेको क्षणमा नै होश राखेर जान्ने निरोध भएर हराएकोलाई योगीले उदयब्यय ज्ञानदेखि स्पष्टरूपले जान्दछ । भङ्ग ज्ञानदेखि विशेष रूपले स्वच्छ र निर्मल रूपले स्पष्ट हुने गरी जानेर आउँछ । त्यसैले होश राखेर जान्ने नामलाई पनि ग्रहण गर्न लायक भयो । यहाँनिर टीकाचार्यले व्याख्या गरीराखेको **सम्मसन ज्ञानलाई उद्देश्य गरेर हो** भनी मनन गर्नु लायक छ ।) अतिहरणे पवत्ता = अगाडि लग्ने क्षणमा अटूट रूपले उत्पन्न भइरहेका नाम रूप धर्महरू; वीतिहरणं न पापुणन्ति = सार्ने क्षणमा नपुग्ने हुन्छन् । वीतिहरणे पवत्ता = सार्ने क्षणमा अटूट रूपले उत्पन्न भइरहेका नामरूपहरू; वोसज्जनं न पापुणन्ति = बेग छोड्‌ने क्षणमा पुग्दैनन् । वोसज्जने पवत्ता = बेग छोड्‌ने क्षणमा अटूट रूपले उत्पन्न भइरहेका नामरूपहरू; सन्निक्खेपनं न पापुणन्ति = रोकी राखेको क्षणमा पुग्दैनन् । सन्निक्खेपने पवत्ता = रोकी राख्ने क्षणमा अटूट रूपले उत्पन्न भइरहेका नाम रूपहरू; सन्निरुम्भनं न पापुणन्ति = थिचेर टेक्ने क्षणमा पुग्दैन । तथ्य तत्थेव = त्यस त्यस उठाउने क्षण आदि क्षणमा नै; पब्बं पब्बं = टुक्रा टुक्रा; सन्धि

सन्धि = किसिम किसिम; ओधि ओधि हुत्वा = अलग्ग अलग्ग टुक्रा टुक्रा भएर; तत्तकपाले पक्खित्त तिला विय पटपटायन्ता = बेस्सरी तातेको कराइमा राखेको तिल तिरि तिरि पड्केर फुटे जस्तै; भिज्जन्ति = विनाश हुन्छन् ।

(यस ठाउँमा जान्न गाह्रो टीका पालिलाई **बहुश्रुतको निम्ति उल्**लेख गरेर देखाउँछु । अति इत्तरो हि रूपधम्मानं पि पवत्तिक्खणो, गमनस्सादानं देवपुत्तानं हेट्ठूपरियेन पटिमुखं धावन्तानं सिरसि पादे च बद्धखुरधारा समागमतो पि सीघतरो । रूपधम्मानं पि पवत्तिक्खणो = रूप धर्मको उत्पत्ति क्षण पनि; अति इत्तरो = अति नै छोटो छ । हेट्ठूपरियेन = तलको बाटोबाट एकजना माथिको बाटोबाट एकजना माथि तल तह तह भइरहेको आकाश मार्गबाट; पटिमुखं धावन्तानं = मुख मुख(अनुहार) जुधाइ दगुडि रहेकोबेला; वा = मुख मुख(अनुहार) जुधाइ दगुडि रहेका; गमनस्सादानं देवपुत्तानं = कुदने बानी भएका दुईजना देवपुत्रहरूको; सिरसि च = (तल रहेको देवपुत्रको) टाउकोमा र; पादे च = (माथि रहेको देवपुत्रको) पैतालामुनीबाट; बद्धखुरधारा समागमतो पि = तेर्सो ठाडो राखेको माथि तल रहेको, छुरा दुईवटाको धार सिधा समागम हुने क्षण भन्दा पनि; सीघतरो = अति नै बेगवान हुने भयो ।

दौड्ने वासना (बानी) भएका देवपुत्रहरू दुईजना मध्ये एकजना पश्चिमबाट पूर्व हेरी दौडीरहेको होस्; उस्को टाउकोमा कपाल खौरने छुराको धारलाई माथि हेरी तेर्सो जडीराखेको होस्; अर्को एकजना पूर्वबाट पश्चिमतिर हेरी दौडिरहेको होस्; उस्को पैतालामुनि कपाल खौरने छुराको धारलाई तलतिर झुकाइ तेर्सो जडीराखेको होस्; र दौडेर आइरहेको बाटो पूर्वबाट दौडेर आइरहेको देवपुत्रको टाउकोमा सिधा परिरहेको होस्; यसरी अति बेगले मुख जुधाइ दौडेर आइरहेका देवपुत्रहरू दुवैजना आपसमा जुधी नाघेर गएको क्षण नै छोटो हुनसक्छ । तलतिरको देवपुत्रको टाउकोमा रहेको खौरने छुराको धार माथि रहेको देवपुत्रको खुट्टामा रहेको

कपाल खौरने छुराको धार जुधी छिरेर गएको क्षण भन्दा छोटो हुनसक्छ । एक सेकेण्डलाई एक लाख भाग लगायो भने एक भाग जति पनि हुनसक्दैन । रूपको **उत्पत्ति-स्थिति-भङ्ग** भनेको **उत्पत्ति क्षण** त्यो भन्दा पनि बेगवान छ भन्ने मतलव हो । दुवटा हवाईजहाज बाटो छिरेर जानेबेलाको वेग सँग दाँजेर पनि उपमा दिन लायक छ ।)

तत्थ = त्यसरी द्रूतगतिले विनाश भइरहेको नाम रूपमा; एको अभिक्कमति = अगाडि जान सक्ने एकजना; को = कहाँ पाउन सकिन्छ-हुन सक्छ; छैन नभएको भयो । **(किं शब्द प्रतिक्षेप**-अर्थमा हो ।) कस्स वा एकस्स अभिक्कमनं = कस्तो एकजनाको जाने हुन सक्छ त - कोही एकजनाको जाने समेत हुँदैन । परमत्थतो हि = साक्षात्कार गरी जान्नुपर्ने वास्तविक स्वभाव अनुसारले भन्दा; धातूनं येव गमनं = सत्त्व, जीव नभएको नामरूप धातु स्वभावको नै मात्र जाने हो । धातूनं ठानं; धातूनं निसज्जा; धातूनं सयनं = धातु स्वभावको मात्रै उठ्ने, बस्ने, लेट्ने हो । (हि = नाम धर्म पनि त्यस त्यस क्षणमा नै निरोध भएर हराएर जाने हो; जान (हिंड्न) जान्ने सत्त्व छैन भनेको) उक्त कुराँ साँच्चै हो । तस्मिं तस्मिं कोट्ठासे = उठाउने अगाडि लैजाने आदि त्यस त्यस भागमा; रूपेन सद्धिं = उठाउने आदि रूपसँगै; अञ्ञं चित्तं निरुज्झति = उठाउन मन लागेको, उठाउँदै छु भनेर होश राखेर जान्ने आदि अरू अरू पुरानो चित्त निरोध भएर जान्छ; निरोध भएर गएको चित्त अर्को नै भयो । अञ्ञं चित्तं उप्पज्जते = अगाडि लैजान मन लाग्ने, अगाडि लग्दै छु भनी होश राखेर जान्ने आदि अर्को नयाँ चित्त उत्पन्न भएर आएको हो । उत्पन्न भएर आएको चित्त अर्को नै भयो । चित्तसन्तानो = अगाडि पछाडि चित्तको कम; अविचिं अनु सम्बन्धो = सन्धि नदेख्ने गरी एकढिक्का एकजुट भएर; नदीसोतो इव = नदीको पानीको धारजस्तै; वत्तति = उत्पन्न हुन्छ । **"इति पजानाति** = यसरी जानिरहेको हुन्छ ।"

(इति पजानाति - भनिने यस दुईवटा पद अर्थकथा मूल ग्रन्थमा अभाव भइरहेको छ । मूल ग्रन्थ अनुसारले लेखेको बेलामा यी दुईवटा पद पनि अवश्य हुनुपर्दछ । छैन भने, **भिक्खु असम्मुय्हन्तो**-भनिने पदको सम्बन्ध (सन्धि) प्रधान क्रिया नहुने भयो । त्यसो भएकोले यहाँ राखेर अर्थ दिएको भयो ।) एवं = यो बताउँदै आएको विधि अनुसारले; अभिक्कमादीसु = अगाडि जाने आदिमा; **असम्मुय्हनं** = मोहित नहुनु-यर्थाथरूपले स्पष्टरूपले जान्नु; असम्मोह सम्पजञ्ञं नाम = असम्मोह सम्प्रजन्य भनिन्छ ।

मूल सारांश भनाइ के (हो) भने... प्रत्येकपल्ट अगाडि जाने क्षणमा; प्रत्येकपल्ट पछाडि गएको क्षणमा; प्रत्येकपल्ट यता उता छड्के चल्नेबेला दृढरूपले दरिलो **अटूटरूपले जानीरहनु गौचर सम्प्रजन्य हो** । यस सम्प्रजन्य बलवान भएर आउने अवस्थामा **परामर्शन गरी विचार गरीने** सम्मसन ज्ञान उत्पन्न भएर आउँछ । त्यस अवस्थादेखि विशेष ज्ञान उत्पन्न भएर भाविता गरिरहेको बेलामा **आँखा धलमल हुने हराएर गए जस्तै मोहित नभइकन स्पष्टरूपले जानिरहेको हुन्छ ।** कसरी जानिरहेको हुन्छ भने... गइरहेछु गइरहेछु आदि भनी होश राख्दा राख्दै नै; जान्छु भनी विचार गरीने (जान मनलागेको) चित्त उत्पन्न भएर हराएर गएकोलाई पनि प्रत्यक्षरूपले हेरी(देखी) थाहापाइरहेको हुन्छ । उक्त चित्तको कारणले कस्सिने टम्म हुने हलचल हुने क्रमिकरूपले उत्पन्न भएर आएकोलाई पनि प्रत्यक्ष हेरी जानिरहेको हुन्छ । उक्त कस्सिने टम्म हुने हलचल हुने कारणले शरीरभरी भएका रूप समूहहरू क्रमशः चलेर उत्पत्ति विनाश भइरहेकोलाई पनि प्रत्यक्ष हेरी जानिरहेको हुन्छ । उठाइरहेको क्षण आदिमा पनि...उठाइरहेछु आदि भनी होश राख्दा राख्दै नै उठाउन मन लागेको, उठाउँदै माथि आएको, आदि नाम रूपहरू अगाडि लग्ने(सार्ने) क्षण आदिमा नपुगी त्यस त्यस क्षणमा नै टुक्रा टुक्रा भएर हराउँदै गएकोलाई प्रत्यक्ष हेरी जानिरहेको हुन्छ । त्यसैले योगीको त्यस्तो अवस्थामा

बुद्धिद्वारा गरिरहेको; वा = ज्ञान बुद्धि उत्पन्न गरिरहेको; वा = जानेर गरिरहेको; होति = हुन्छ ।

[३]आलोकिते = सीधा हेर्ने बेलामा; विलोकिते = तेर्सो (छड्के)

आँखा धलमल हुने हराउँदै गए जस्तै स्पष्ट रूपले छर्लङ्ग हुने गरी विशेष रूपले जान्ने फेरि उत्पन्न भएर आउँछ । कसरी भन्दा... "जाने आदिलाई बनाउन सक्ने सत्त्व, जीव छैन । क्षण क्षणमा निरन्तर उत्पति विनाश भइरहेको नाम रूप धर्म स्वभावहरू मात्र छन् । नित्य नभएको धर्म मात्र हो; दुःख मात्र हो; जान मन लागेको, जाने आदिमा पनि स्वभाव धर्मको अनुसारले मात्र भएको छ" भनी मोहित नभई छर्लङ्ग हुने गरी निर्णय गरेर विशेष ज्ञान उत्पन्न हुने भयो । **यस ज्ञान असम्मोह सम्प्रजन्य नै हो** । यस सम्प्रजन्य भाविता गरी होश राख्ने गौचर सम्प्रजन्य नभइकन आफु एक्लै उत्पन्न हुन सक्दैन । गौचर सम्प्रजन्य अनुसार भाविता गरी होश राख्दै जाँदा मात्र उत्पन्न हुन सकिन्छ । अर्थकथामा पनि **भाविता गरेर होश राख्दा राख्दै उत्पन्न भएर आउने तरिकालाई मात्र उद्देश्य गरेर** यस असम्मोह सम्प्रजन्यलाई देखाइएको छ । त्यसैले योगीले यस असम्मोह सम्प्रजन्य उत्पत्ति गर्नको निम्ति भाविता गरी होश राखिने गौचर सम्प्रजन्ययलाई मात्र निरन्तर वृद्धि गर्नु पर्दछ ।

३ यस ठाउँमा सिधा हेर्ने तेर्सो हेर्ने-यी दुईवटा नै मात्र योगीहरूसँग सुहाउने हुँदा सिधा उल्लेख गरिएको हो । निहुरेर हेर्ने, माथि हेर्ने, फर्केर हेर्ने नसुहाउने भएकोले नदेखाएको हो । तर त्यसलाई पनि समान रूपले नै होश राख्नुपर्दछ । त्यसैले प्रत्येकपल्ट हेर्नेबेला हेर्न मन लागेको चित्तदेखि लिएर "हेर्न मन लागिरहेछ, हेर्दैछु, देख्दैछु" आदि भनी नछुटाइकन भाविता गरी होश राख्नुपर्दछ । यसरी भाविता गरी होश राख्नु **गौचर सम्प्रजन्य हो** । अर्थकथामा देखाइरहेको कसरी भने...शमथ योगीहरूले आफूहरूको कर्मस्थानलाई महत्व दिएर हेर्नुपर्दछ भनेर भनिराखेको छ ।

कागले आहार हेर्नेबेलामा शत्रुलाई पनि हेरिने जस्तै योगीले

हेर्ने बेलामा; सम्पजानकारी = जानेर गर्ने (व्यक्ति); होति =हुन्छ।

[४] समिञ्जिते = पसारी रहेको हात खुट्टालाई खुम्च्याउने

पनि हेर्न मन लागेकोलाई हेर्दा पनि आफ्नो कर्मस्थानमा मनन गर्नुलाई छोड्नु हुँदैन। हेर्न मन लागेकोलाई एकचोटी कर्मस्थानलाई एकचोटी विचार गर्नुपर्दछ । कर्मस्थानलाई विचार गर्नुतिर चित्त बढी; राख्नुपर्दछ भन्ने मतलब हो । स्कन्ध आयतन धातुलाई भाविता गरी होश राख्नुपर्ने विपश्यना योगीहरूले आफूहरूको सधैं भाविता गरी होश राख्नुपर्ने कर्मस्थान अनुसारले नै भाविता गरी होश राख्नुपर्दछ भनेर भनी राखेको छ। साँच्चै हो। हेर्न मन लाग्नु, हेर्नु आदि पनि विपश्यनाको आरम्मणहरू नै भएकोले हेर्न मन लागेकोलाई होश राखेर जानिरहेको छ भने नामस्कन्ध चारवटा, नाम आयतन दुईवटा, नाम धातु दुईवटालाई जानेको विपश्यना ज्ञान भएर आउँछ । उक्त चित्तको कारणले उत्पन्न भएर आएको आँखा खोल्ने आँखालाई घुमाउने टाउको अनुहार मिलाउनेलाई होश राखेर जानिरह्यो भने पनि रूपस्कन्ध, आयतन, धातुलाई जानेको विपश्यना ज्ञान भएर आउँछ। गहिरेर हर्ने देखिने आदिलाई होश राखेर जानिरहेको बेलामा पनि स्कन्ध पाँचवटा, आयतन चारवटा, धातु चारवटालाई थाहापाउने विपश्यना ज्ञान भएर आउँछ । क्रमशः विचार गर्नेलाई पनि होश राख्दै गयो भने उक्त विचार गर्ने नामस्कन्ध, आयतन, धातुलाई जानेको विपश्यना ज्ञान भएर आउँछ। त्यसो भएकोले हेर्न मन लागेको आदिलाई नटुटिने गरी भाविता गरी भाविता गरिरहेको योगीमा **गौचर सम्प्रजन्य दृढरूपले बलवान् भएर आउने बेलामा** "हेर्न मन लाग्ने चित्तले गर्दा आँखा अनुहार मिलाउने मात्र थरी थरी उत्पन्न भएर बिलाएर जान्छ । हेर्न मन लाग्ने आँखा अनुहार मिलाउने आदिलाई गर्न जान्ने आत्म जीव नभएको भयो" भनी मोहित नभई छर्लङ्ग हुने गरी जानेको **असम्मोह सम्प्रजन्य स्वतः नै उत्पन्न भएर आउँछ।**

४ हात खुट्टालाई खुम्च्याउँदा पसार्दाको प्रत्येक अवस्थामा, चलाएर

बेला; पसारिते = खुम्च्याइरहेको हात खुट्टालाई पसार्दा; सम्पजानकारी = जानेर गरिरहेको; होति = हुन्छ ।

सङ्घाटि-पत्तचीवरधारणे = सङ्घाटि र पात्र चीवरलाई धारण गर्नेबेला र समात्ने बेला; सम्पजानकारी = जानेर गरेको; होति=हुन्छ ।

असिते = खाने बेला; पीते = पिउने बेला; खायिते = चपाउँने बेला; सायिते = चाट्ने बेला; सम्पजानकारी = जानेर गरेको; होति = हुन्छ ।

[५]उच्चार पस्साव कम्मे = दिसा-पिसाब त्याग गर्ने बेला; सम्पजानकारी = जानी गरेको; होति = हुन्छ ।

मिलाउँदाको प्रत्येक अवस्थमा "खुम्च्याउँदै छु; पसार्दै छु" आदि भनी दृढरूपले एकचित्त गरी होश राख्दै जान्नुपर्दछ । समाधि ज्ञान बलवान् भएर आउनेबेला खुम्च्याउने पसार्ने मिलाउन मनलाग्ने चित्तलाई पनि होश राखेर जान्न सकिने हुन्छ । "खुम्च्याउने आदिलाई गर्न जान्ने आत्म जीव भनेर छैन । क्षण क्षणमा निरन्तर उत्पत्ति विनाश भइरहेको नाम रूप स्वभाव धर्म मात्र छ । नित्य नभएको दुःख स्वभाव धर्म मात्र रहेछ" भनी मोहित नभई छर्लङ्ग जान्ने असम्मोह सम्प्रजन्य स्वतः नै भएर आउँछ । यहाँ देखि लेख्न लायक अभिप्राय विपश्यना भाविता गर्ने विधि ग्रन्थ, काण्ड (४) मा भैसकेको भएर विशेष आवश्यक हुनेबेलामा मात्र लेख्ने गर्छु आवश्यक नभएको बेला लेख्दिन । त्यसो भएकोले सम्बन्धित अभिप्राय विपश्यना भाविता विधि ग्रन्थ पहिलो भाग-३११ पेज आदिमा हर्नुपर्‍यो ।

५ विपश्यना भनेको उच्च नीच अनुसारले छान्नु हुँदैन । स्पष्ट रूपले जान्न सकी नित्य, सुख, आत्म भनी आशक्त हुन सक्ने सबैलाई नाम रूप सम्पूर्ण आकार प्रकारलाई पूर्णरूपले स्मृति राखेर भाविता गरी होश राख्नु पर्दछ । त्यसैले यहाँ दिसा पिशाब त्याग गर्दा पनि भाविता गरी होश राख्नको निम्ति देखाइएको भयो ।

गते = जाने बेला; ठिते = उभिने बेला; निसिन्ने = बस्ने बेला; [६]सुत्ते = लेटेर सुत्दा; जागरिते = सुतेर ब्यूँझिदा; भासिते = कुरा गर्ने बेला; तुण्हीभावे = चूप लागेर बसेको बेला; सम्पजानकारी = जानेर गरेको; होति = हुन्छ ।

इति = यसरी बताउँदै आएको विधि अनुसारले; अज्झत्तं वा काये = आफ्नो रूप समूह कायमा पनि; (यहाँदेखि इर्यापथ पर्वको अर्थसँग समान भयो । अत्थि कायोति वा पनस्स-मा; ..."अत्थि कायोति = अगाडि जाने आदि रूप समूह मात्र भएको छ भनी..." यसरी सच्याएर भन्नुपर्दछ । यति मात्र विशेषता भएको भयो ।)

सम्पजञ्ञपब्बं = यर्थाथरूपले छुत्याएर जान्ने सप्रजन्यलाई वृद्धि गर्ने काण्ड, निट्ठितं = समाप्त भयो ।

---

[६] लेटेर सुतिरहेको बेला होश राखेर जान्नुलाई विपश्यना भावना विधि ग्रन्थ पहिलो भाग ३१५-पेजमा हेर्नुपर्‍यो ।

१- कायानुस्सना ४-पटिकूल मनसिकारपब्ब

पुन च परं भिक्खवे भिक्खु इवमेव कायं उद्धं पादतला, अधो केसमत्थका, तचपरियन्तं पूरं नानापकारस्स असुचिनो पच्चवेक्खति...अत्थि इमस्मिं काये केसा, लोमा, नखा, दन्ता, तचो; मंसं, न्हारु, अट्ठि, अट्ठिमिञ्जं, वक्कं, हदयं, यकनं, किलोमकं, पिहकं, पप्फासं; अन्तं, अन्तंगुणं, उदरियं, करीसं, [१]मत्थलुङ्गं; पित्तं, सेम्हं, पुब्बो, लोहितं, सेदो, मेदो; अस्सु, वसा, खेलो, सिङ्घानिका, लसिका, मुत्तन्ति ।

सेय्यथापि भिक्खवे उभतोमुखा पुतोलि पूरा नाना विहितस्स धञ्ञस्स; सेय्यथीदं... सालीनं विहीनं मुग्गानं मासानं तिलानं तण्डुलानं। तमेनं चक्खुमा पुरिसो मुञ्चित्वा पच्चवेक्खेय्य...इमे साली, इमे विही, इमे मुग्गा, इमे मासा, इमे तिला, इमे तण्डुलाति । एवमेव खो भिक्खवे, भिक्खु इममेव कायं उद्ध पादतला, अधो केसमत्थका, तचपरियन्तं पूरं नानापकारस्स असुचिनो पच्चवेक्खति... अत्थि इमस्मिं काये, केसा... पे...मुत्तन्ति ।

इति अज्झत्तं वा काये कायानुपस्सी विहरति । बहिद्धा वा काये कायानुपस्सी विहरति । अज्झत्त बहिद्धा वा काये कायानुपस्सी विहरति । समुदय-धम्मानुपस्सी वा कार्यास्मि विहरति, वय-धम्मानुपस्सी वा कार्यास्मि विहरति, समुदयवय – धम्मानुपस्सी वा कार्यास्मि विहरति ।

अत्थि कायोति वा पनस्स सति पच्चपट्ठिता होति; यावदेव

अभिप्राय

टिप्पणी... [१]यस पद मज्झिम निकाय-मूलपण्णास पुरानो लिपिमा करीसं पदको पछाडि नभई; मुत्तं-पदको पछाडि **"मुत्तं मत्थलुङ्गन्ति"** भनेर रहेको छ ।

ञाणमत्ताय, पटिस्सतिमत्ताय; अनिस्सितो च विहरति, न च किञ्चि लोके उपादियति । एवं पि खो भिक्खवे भिक्खु काये कायानुपस्सी विहरति ।

पटिक्कूलमनसिकारपब्बं निट्ठितं

१- कायानुपश्यना ४-प्रतिकूलमनसिकार पर्व

भिक्खवे = भिक्षुहरू; पुन च = फेरि; अपरं = अर्को भावना गर्ने विधि के (हो) भने; भिक्खु = भिक्षुले; उद्धं पालतला = पाइतलाभन्दा माथि + भएको; अधो केसमत्थका = केशको टुप्पोभन्दा तल + भएको; तचपरियन्तं = चारैतिरको हिसाबले पातलो छाला अन्त्य + भएको; पूरं नानापकारस्स असुचिनो = विभिन्न प्रकारका असुचिले भरिएको; इममेव कायं (आफ्नो रूप समूह) यस शरीरलाई नैं; पच्चवेक्खति = भित्रिदेखि भाविता गरी मनन गरीन्छ । इमस्मिं काये = यस शरीरमा; अत्थि = भइरहेको चीज वस्तुहरू हुन्; केसा = केश; लोमा = शरीरको रौं; नखा = हात खुट्टाको नङ; दन्ता = दाँत; तचो = छाला; मंसं = मासु; न्हारु = नसा (स्नायु); अट्ठि = हाड; अट्ठिमिञ्जं = सेतो मासि; वक्कं = मृगौला । हदयं = मुटु; यकनं = कलेजो; किलोमकं = झिल्ली; पिहकं = फियो; पप्फासं = फोक्सो । अन्त = ठूलो आन्द्रा; अन्तगुणं = सानो आन्द्रा; उदरियं = पेट; करीसं = मल (लादी) । मत्थलुङ्गं = गिदी । पित्तं = पित्त; सेम्हं = खकार; पुब्बो = पीप; लोहितं = रगत; सेदो = पसिना; मेदो = चिल्लोपन । अस्सु = आँसु; वसा = बोसो; खेलो = थुक; सिङ्घानिका = सिंगान; लसिका = र्‍याल; मुत्तं = पिसाब; इति = यी असुचि मात्र भइरहेको भनी दृढरूपले गहिरिएर भाविता गरी मनन गर्दछ ।

+ भएको रहेका भनिने – यस विशेष पदलाई “यस शरीरलाई” भन्ने पद सँग सम्बन्ध राख्नु पर्‍यो ।

भिक्खवे = भिक्षुहरू; सेय्यथापि = उपमा कसरी भने; उभतोमुखा = माथि र तल दुइवटा प्वाल भएको; पुतोलि= चामलको झोला(बोरा); नाना विहितस्स धञ्ञस्स = विभिन्न प्रकारका धानहरूले; पूरा = भरिएको; अस्स = छन् मानौ सेय्यथीदं = कस्तो धानहरूले भरिएका छन् भने; सालीनं = साली भनिने नरम धानले; विहीनं = विही भनिने खस्रो धान; मुग्गानं = मुंगी पनि; मासानं = मास पनि; तिलानं = तिल पनि; तण्डुलानं = चामल; पूरा अस्स = भरिएका छन् भनौं । तमेनं मुञ्चित्वा = उक्त विभिन्न अन्नले भरिएको झोलालाई खोलेर; चक्खुमा पुरिसो = आँखा देख्ने पुरुषले; इमे साली = यी नरम साली धान हुन्; इमे विही = यी खस्रो धान हुन्; इमे मुग्गा = यी मुंगी हुन्; इमे मासा = यी मास हुन्; इमे तिला = यी तिल हुन्; इमे तण्डुला = यी चामल हुन्; इति = यसरी; पच्चवेक्खेय्य = गम्भीररूपले हेरी विचार गर्दछ ।

भिक्खवे = भिक्षुहरू; एवमेव खो = विभिन्न धानलाई छुत्याएर यसरी हेरे जस्तै नै; भिक्खु = भिक्षु; उद्धं पादतला = पैतला मुनिदेखि माथि भएका; [२]पे-मुत्तं = पिशाब; इति = यी असुचि मात्र भइरहेको

अभिप्राय

२ यस पेय्याल अनुसार माथि गइसकेको पालि र अर्थ भए अनुसारले पूर्ण रूपले उल्लेख गर्नको निम्ति देखाइएको भयो + **समुदय-धम्मानुपस्सी; वय-धम्मानुपस्सी; अनिस्सितो; न च किञ्चि उपादियति -** भनिने यी पदद्वारा प्रतिकूल पर्वमा पनि विपश्यनालाई मात्र प्रधानता दिएर बताउनु भएको कुराँ स्पष्ट भयो । कारण किनभने... शमथ मात्रले उत्पत्ति विनाशलाई पनि जान्न देख्न सकिंदैन । तृष्णा दृष्टि उपादानलाई पनि छुटाउन सकिंदैन । विपश्यनाले मात्रै उत्पत्ति विनाशलाई पनि जानेर देखेर उपादानलाई पनि छुटाउन सकिन्छ । त्यसो भएकोले यस प्रतिकूल पर्वमा पनि विपश्यना हुन्छ नि भनेर सम्झनु पर्दछ । कसरी हुन्छ भने...केश

भनी गम्भीररूपले भाविता गरी विचार गर्दछ। इति = यो बताउँदै आएको विधि अनुसारलें; अज्झत्तं वा काये = आफ्नो रूप समूह काय पनि; (यहाँदेखि इर्यापथ पर्वको अर्थ सँग समान भयो। अत्थि कायोति वा पनस्स-मा "अत्थि कायोति = रौं, शरीरको रौं आदि असुचि रूप समूह मात्र छ भनी..." यसरी सच्याएर भन्नुपर्दछ। यति नै मात्र विशेषता भएको भयो।)

पटिक्कूलमनसिकारपब्बं = प्रतिकूल भनी मनन गर्ने पर्व;
निट्ठितं = समाप्त भयो।

शरीरको रौं आदि भनी भाविता गर्ने (उपचार अर्पणा ध्यान) चित्तलाई फेरि होश राखेर केश, शरीरको रौं आदि रूपारम्मण सँगै उक्त भाविता गरिने ध्यान चित्तको उत्पत्ति विनाशलाई योगीले स्पष्टरूपले जान्न सकिने हुन्छ। यसरी जानेको देखेको प्रत्येक क्षणमा भाविता गरिसकेको रूपारम्मणमा र भाविता गरिने ध्यान चित्तमा तृष्णा दृष्टि उपादान रहित हुने भयो। त्यसो भएकोले केश, शरीरको रौं आदि भनी भाविता गरिने ध्यान चित्त सँगैं रौं, शरीरको रौं आदि आरम्मण रूपको उत्पत्ति हुने विनाश हुने भनिने उत्पत्ति विनाशलाई (प्रत्येकपल्ट होश राखीरहेको क्षणमा) जानी देखिरहेकोलाई नै **समुदय धम्मानुपस्सी** आदि भनेर बताउनु भएको हो भनेर पनि तृष्णा दृष्टि उपादानलाई हटाइने विपश्यनाले हो भनेर पनि सम्झनु पर्दछ।

१- कायानुपस्सना ५-धातुमनसिकारपब्ब

पुन च परं भिक्खवे भिक्खु इममेव कायं यथाठितं यथा पणिहितं धातुसो पच्चवेक्खति । अत्थि इमस्स्मिं काये पथवीधातु आपोधातु तेजोधातु वायोधातू ति ।

सेय्यथापि भिक्खवे दक्खो गोघातको वा गोघातकन्टेवासी वा गाविं वधित्वा चतुमहापथे बिलसो विभजित्वा निसिन्नो अस्स । एवमेव खो भिक्खवे भिक्खु इममेव कायं यथाठितं यथा पणिहितं धातुसो पच्चवेक्खति । अत्थि इमस्मिं काये पथवीधातु आपोधातु तेजोधातु वायोधातूति ।

इति अज्झत्तं वा काये कायानुपस्सी...पे...न च किञ्चि लोके उपादियति । एवम्पि खो भिक्खवे भिक्खु काये कायानुपस्सी विहरति ।

धातुमनसिकारपब्बं निट्ठितं

१-कायानुपश्यना ५-धातुमनसिकारपर्व

भिक्खवे = भिक्षुहरू; पुन च = फेरि; अपरं = अर्को तरिकाले भाविता गर्ने विधि कसरी भने; भिक्खु = भिक्षुले; इममेव कायं = (आफ्नो रूप समूह) यस शरीरलाई नै; यथाठितं यथा पणिहितं = स्थिर भइरहेको, विद्यमान भए अनुसारले नै; धातुसो = सत्त्व नभएको जीव नभएको धातु स्वभाव अनुसारले; पच्चवेक्खति = राम्ररी भाविता गर्दछ । इमस्मिं काये = यस शरीरमा; अत्थि = विद्यमान भइरहेको धातु स्वभावहरू; पथवीधातु = [१] कडा

अभिप्राय

१ (टाउकोको) केश अगाडि भएर पिशाब अन्त्य भइरहेको; बत्तीस समूहः मध्ये रौं देखि लिएर गिदी सम्मको समूह बीसवटा कडा खस्रो मात्रा बढी भएको कारणले गर्दा **(पथवी) कडा भएको ठोस**

खस्रो (पृथ्वी भनिने) कडा ठोस धातु एकथरी; आपोधातु = [२]बगेर जाने ढिक्का पार्ने (आपो भनिने) तरल धातु एक थरी; तेजोधातु = [३]तातो हुने पोल्ने चिसो हुने पाक्ने छिपाउने नरम बनाउने (तेजो भनिने) बाफ् धातु एकथरी; वायो धातु = [४]कस्सिने टम्म हुने हलचल हुने

धातु भयो । यी **बीसवटा** धातु सँग स्पर्श हुने अवस्थामा “कडा, खस्रो, नरम, समथर, (गह्रौं, हलुका) छ; स्थिर छ, ग्रहण गर्छ” भनी जान्न पाएको छ । यसरी जान्न पाएको स्वभाव साँच्चैको **परमार्थ पृथ्वी हो ।**

२ पित्त देखि पिशाब सम्मको बाह्रवटा समूह बगेर जाने ढिक्का हुने मात्रा बढी भएको (**आपो) तरल** धातु भनिन्छ । तरल धातु मात्रा बढी भइरहेको यस बाह्रवटा धातु सँग स्पर्श हुने अवस्थामा “पग्लेर गइरहेको छ, बगिरहेछ, झरिरहेछ, गह्रौं भइरहेछ, ओसिलो भइरहेछ, फुलिरहेछ, टाँसिरहेछ, ढिक्का भइरहेछ, डल्लो भइरहेछ” भनी जान्न पाएको हुन्छ । यसरी जान्न पाएको स्वभाव **साँच्चैको परमार्थ आपो** हो ।

३ (१) **सन्तप्पन** = ज्वर आउनेबेला तातो हुने तातो बाफ् (२) **जीरण** = मासु छालालाई छिपिने गरी खुकुलो बनाइ दिने प्रकृति शरीरको बाफ् (३) **दाह** = शरीरलाई भत् भत् पोल्ने बाफ् (४) **पाचक** = खानालाई पचाइ दिने बाफ् भनेका यी चारथरी तातिने पोल्ने मात्रा बढी भएकोले गर्दा **(तेजो) बाफ् धातु** भनिन्छ । यी चार किसिमको धातुसँग स्पर्श हुने अवस्थामा “तातो भइरहेछ, चिसो भइरहेछ, छिपि रहेको छ, कोमल नरम भइरहको छ, हलुका गरिरहेको छ, हलुका भइरहेछ” भनी थाहा पाएको हुन्छ । यसरी थाहा पाएको स्वभाव **साँच्चैको परमार्थ तेजो** हो ।

४ (१) **उद्धंगम** - डकार आउने आदि द्वारा माथि आउने वायु (२) **अधोगम** - तल जाने वायु (३) **कुच्छिसय** - पेटभित्र (आन्द्राको बाहिर) रहेको वायु (४) **कोट्ठासय** - आन्द्राको भित्र रहेको वायु (५) **अङ्गमङ्गानुसारी** - ठूलो सानो अङ्ग प्रत्यङ्गमा घुमेर खुम्च्याउने

(वायो भनिने) वायु धातु एक थरी । इति = यी धातु स्वभाव मात्र भइरहेको छ भनी दृढरूपले भाविता गरी विचार गर्दछ ।

भिक्खवे = भिक्षुहरू; सेय्यथापि = उपमा अनुसार; दक्खो = दक्ष; गोघातको वा = गोरु हत्या गर्ने वा; गोघातकन्टेवासी वा = गोरु हत्या गर्नेको चेला; गाविं वधित्वा = गोरु मारिसकेपछि;

पसार्ने चलाउनेलाई सिद्ध गरिदिने वायु (६) **अस्सासपस्सास** - श्वास बाहिर पठाउने भित्र तान्ने वायु भनिने यी छ प्रकारका कस्सिने टम्म हुने हलचल हुने मात्रा बढी भएकोले गर्दा **(वायो) वायु (हावा) धातु भनिन्छ** । यी छ वटा धातु सँग स्पर्श गर्ने अवस्थामा "टेवा दिइरहेको छ कस्सिरहेछ, खुकुलो भइरहेछ, स्थिर र शान्त भइरहेछ, चलिरहेछ, सरिरहेछ, तानिरहेछ, धकेलिरहेछ" भनी थाहापाउँछ । यसरी थाहा पाएको स्वभाव **साँच्चैको परमार्थ वायो** हो ।

धातु मनसिकारमा विपश्यना हुने कसरी भन्दा...केश देखि लिएर श्वास भित्र तान्ने बाहिर पठाउने अन्त भइरहेको यी **४२-वटा समूहलाई** भाविता गरी उपचार, अर्पणा ध्यान समाधिले पूर्ण भएको शमथ यानिक पुद्गलमा उक्त समाधि चित्तलाई नै फेरि होश राखेर केश आदि रूपारम्मण साथै उक्त समाधि चित्तको उत्पत्ति भएर आउने विनाश भएर जाने उत्पत्ति विनाशलाई प्रकट रूपले जानी देखी उदयब्यय ज्ञान आदि उत्पन्न भएको हुन्छ । यो भयो **धातु मनसिकार द्वारा शमथयानिकमा** विपश्यना उत्पति भएर आउने विधि **विपश्यनायानिकमा भए**... शरीरमा स्पष्टरूपले स्पर्श भइरहेको ठाउँमा दृढरूपले स्मृति राखी होश राख्नुद्वारा चारवटा धातुलाई लक्षण रस आदि अनुसारले छुट्ट्याएर जानी देखी सकेपछि स्पर्श गरेर जान्ने होश राखेर जान्नेसँगै उक्त चारवटा धातुको उत्पत्ति विनाशलाई पनि क्रमशः प्रकट रूपले जानी देखी उदयब्यय ज्ञान आदि उत्पन्न भएर आउँछ । यो भयो **धातुमनसिकार द्वारा विपश्यनायानिकमा** विपश्यना उत्पत्ति हुने विधि ।

चतुमहापथे = चार बाटोको बीचमा; बिलसो विभजित्वा = मासु भाग भाग छुट्ट्याएर; निसिन्नो अस्स = बसिरहेको हुन्छ; वा = मासुको भागलाई मात्र सोचेर बसिरहेको हुन्छ । भिक्खवे = भिक्षुहरू; एवमेव खो = मासु भाग भाग राख्ने अवस्थामा गोरुलाई नदेखी मासुको भागलाई मात्र देखे जस्तै; भिक्खु = भिक्षुले; इममेव कायं = (आफ्नो रूप समूह) यस शरीरलाई पनि; यथाठितं यथा पणिहितं = स्थिर भइरहेको, यथार्थ अनुसारले नै; धातुसो = सत्त्व नभएको जीव नभएको धातु स्वभाव अनुसारले; पच्चवेक्खति = दृढरूपले गहिराइमा डुबेर भाविता गरी विचार गरिरहेको हुन्छ ।

अत्थि इमस्मिं काये = यस शरीरमा भइरहेको धातु स्वभावहरू; पथवीधातु = कडा भएको ठोस धातु एकथरी; आपोधातु = तरल धातु एक थरी; तेजोधातु = बाफ् धातु एकथरी; वायोधातु = वायु धातु एकथरी; इति = यी धातु स्वभाव मात्र रहेको छ भनी दृढरूपले भाविता गरी विचार गर्दछ ।

इति = यो बताउँदै आएको विधि अनुसारले; अज्झत्तं वा काये = आफ्नो रूप समूह शरीरमा पनि; (इयपिथ पर्वसँग अर्थ मिलेको भयो । अत्थि कायोति वा पनस्समा "अत्थि कायोति = चारवटा धातु समूह मात्र रहेका छन् भनी" यसरी सच्याएर भन्नुपर्दछ । विशेषता यति मात्र हो ।)

धातुमनसिकारपब्बं = धातु स्वभाव भनी मनन गर्ने पर्व;
निट्ठितं = समाप्त भयो ।

१-कायानुस्सना, ६-नवसिवथिकपब्ब, १-पठमपब्ब

पुन च परं भिक्खवे भिक्खु सेय्यथापि पस्सेय्य सरीरं सिवथिकाय छड्डितं एकाहमतं वा द्वीहमतं वा तीहमतं वा उद्धुमातकं विनीलकं विपुब्बकजातं; सो इममेव कायं उपसंहरति, "अयम्पि खो कायो एवंधम्मो एवंभावी एवं अनतीतो" ति ।

इति अज्झत्तं वा काये कायानुपस्सी विहरति ....पे न च किञ्चि लोके उपादियति । एवम्पि खो भिक्खवे भिक्खु काये कायानुपस्सी विहरति ।

१-कायानुपश्यना, ६-नवसिवथिक पर्व, १-पहिलो भाग

[१]भिक्खवे = भिक्षुहरू; पुन च = फेरि पनि; अपरं = अर्को

अभिप्राय

१ यस सिवथिक पर्वमा पनि **समुदय-धम्मानुपस्सी** आदिद्वारा विपश्यना उत्पत्ति हुने तरिकालाई देखाइएको मात्र होइन, महाशिव स्थविरले पनि **आदिनवा-नुपस्सना** भनेर भनिएको छ । त्यसो भएकोले सिवथिक भावना द्वारा विपश्यना उत्पत्ति हुने तरिकालाई यसरी होश राख्न लायक छ । छवटा द्वारमा उत्पत्ति क्षणको नामरूपलाई अटूटरूपले भाविता गरिरहेको योगीले त्यसरी भाविता गरी होश राख्दा राख्दै नै आफ्नो शरीरलाई फुलेर सुन्निरहेको लाश आदिजस्तै नै हुने स्वभावको रहेछ भनी मनमा राख्ने भयो । त्यतिकै मनले विचार गरिने कारणले पनि यसरी मनमा आउँछ । उक्त अवस्थामा योगीले मनमा राखी देखिरहेको उक्त शरीरलाई नै देख्दैछु देख्दैछु आदि भनी होश राखेर उत्पत्ति भएर आएको शरीर हराउँदै हराउँदै जानेलाई प्रकट रूपले देखिरहेको हुन्छ । यसरी देखिने जानिनेलाई नै

भाविता गर्ने विधि कसरी भन्दा; भिक्खु = भिक्षु; सिवथिकाय छड्डितं = मसानमा फालिराखेको; एकाहमतं वा = मरेको एकदिन भएको; द्वीहमतं वा = मेरेको दुई दिन नाघीसकेको पनि भएको; तीहमतं वा = मेरेको तीन दिन नाघी सकेको पनि भएको; उद्धुमातकं = फुलरे सुन्निरहेको; विनीलकं = प्रकृति रंग परिवर्तन भएर नीलो भइसकेको; विपुब्बकजातं = पीप सुलुसुलु बाहिर निस्किरहेको; सरीरं = लाशलाई; सेय्यथापि पस्सेय्य = देखीरहे जस्तै; सो = ती भिक्षुले; इममेव कायं = (आफ्नो रूप समूह) यस शरीरलाई नै; उपसंहरति = तुलना गरी विचार गर्दछ । अयम्पि खो कायो = मेरो यो रूप काय शरीर पनि; एवंधम्मो = यस लाश जस्तै नै फुलेर सुन्निने आदि स्वभाव भएको रहेछ । एवंभावी = यो लाश जस्तै नै फुलेर सुन्निरहेको कुहेको शरीर आदि अवश्य पनि हुने रहेछ । एवं अनतीतो = यस लाश जस्तै नै फुलेर सुन्निने आदि

विपश्यना भनी मनमा राख्न लायक छ । साँच्चै हो; यसरी भाविता गर्ने अवस्थामा फुलेर सुन्निरहेको लाश आदि जस्तै भएर प्रकट भएको रूपाकृति आरम्मण साँच्चै उत्पत्ति विनाश हुने वास्तविक **परमार्थ रूप नभए तापनि** नाम प्रज्ञप्ति आकाश प्रज्ञप्ति आदि जस्तै आधार लिन लायक ठोस द्रव्य प्रदार्थ बिल्कुल नभएको पनि होइन । भाविता गरी होश राखिरहेको योगीमा साँच्चै नै उत्पत्ति विनाश भएर गएको अनुसारले पनि स्पष्ट छ । यस्को अतिरिक्त उक्त रूपाकृतिलाई देखी जानिरहेको मनोविज्ञान चित्त त **साँच्चैको परमार्थ धर्म नै** हो । योगीले उक्त चित्त सँगै नै उत्पत्ति विनाश भएर गएकोलाई देख्न सक्ने रहेछ । त्यसैले प्रकट भएर आएको उक्त रूपाकृति सँगै प्रकट भएर आएको मनोविज्ञान चित्तको उत्पत्ति विनाशलाई “देख्नु नै यस सिवथिक पर्वमा **समुदय धम्मानुपस्सना बय-धम्मानुपस्सना** भनिने भयो” भनी जान्न लायक छ ।

स्वभावलाई नाघेर जान नसक्ने रहेछ; इति = यसरी तुलना गरी विचार गर्दछ ।

इति = यो बताउँदै आएको विधि अनुसारले; अज्झत्तं वा काये = आफ्नो रूप समूह कायमा पनि (इर्यापथ पर्व सँग समान भयो । अत्थि कायोति = फुलेर सुन्निरहेको लाश आदि हुनसक्ने रूप समूह मात्र रहेको छ ;... यति मात्र सच्याएर भन्नुपर्ने विशेषता रहेको भयो ।

१-सिवथिक पहिलो भाग समाप्त भयो

१-कायानुपस्सना, ७-नवसिवथिकपब्ब
२-दुतियपब्ब

पुन च परं भिक्खवे भिक्खु सेय्यथापि पस्सेय्य सरीरं सिवथिकाय छड्डितं काकेहि वा खज्जमानं, कुललेहि वा खज्जमानं गिज्झेहि वा खज्जमानं, कङ्केहि वा खज्जमानं, सुनखेहि वा खज्जमानं, ब्यग्घेहि वा खज्जमानं, दीपीहि वा खज्जमानं, सिङ्गालेहि वा खज्जमानं, विविधेहि वा पाणकजातेहि खज्जमानं। सो इममेव कायं उपसंहरति "अयम्पि खो कायो एवंधम्मो एवंभावी एवंअनतीतो" ति।

इति अज्झत्तं वा काये कायानुपस्सी विहरति ...पे... न च किञ्चि लोके उपादियति। एवम्पि खो भिक्खवे भिक्खु काये कायानुपस्सी विहरति।

१-कायानुपश्यना ७-नवसिवथिक पर्व,
२-दोस्रो भाग

भिक्खवे = भिक्षुहरू; पुन च = फेरि; अपरं = अर्को भाविता गर्ने विधि कसरी भने; भिक्खु = भिक्षुले; सिवथिकाय छड्डितं = मसानमा फालिराखेको; काकेहि वा खज्जमानं = कागहरूले खाइरहेको पनि भएको; कुललेहि वा खज्जमानं = चिलहरूले खाइराखेको पनि भएको; गिज्झेहि वा खज्जमानं = गिद्धहरूले खाइराखेको पनि भएको; कङ्केहि वा खज्जमानं = बाजहरूले खाइराखेको पनि भएको; सुनखेहि वा खज्जमानं = कुकुरहरूले खाइराखेको पनि भएको; ब्यग्घेहि वा खज्जमानं = बाघहरूले खाइराखेको पनि भएको; दीपीहि वा खज्जमानं = चितुवाहरूले खाइराखेको पनि भएको; सिङ्गालेहि वा खज्जमानं = स्यालहरूले खाइराखेको पनि भएको; विविधेहि वा पाणकजातेहि खज्जमानं = विभिन्न प्रकारका कीराहरूले खाइराखेको

पनि भएको; सरीरं = लाशलाई; सेय्यथापि पस्सेय्य = देखे जस्तै नै; सो = उक्त भिक्षुले; इममेव कायं = (आफ्नो रूप समूह) यस शरीरलाई नै; उपसंहरति = तुलना गरी विचार गर्दछ । अयम्पि खो कायो = मेरो यो रूप काय पनि; एवंधम्मो = यस लाश जस्तै नै काग चिल आदि विभिन्न सत्त्वहरूको आहार बनिनुपर्ने स्वभाव रहेको छ । एवंभावी = यी लाश जस्तै नै, काग चिल आदि विभिन्न सत्त्वहरूको आहार बनिनुपर्ने अवश्य हुनेछ । एवं अनतीतो = यी लाशजस्तै नै काग चिल आदि विभिन्न सत्त्वहरूको आहार बनिनुपर्ने स्वभावलाई नाघेर जान नसक्ने रहेछ । इति = यसरी तुलना गरी विचार गर्दछ ।

इति = यो बताउँदै आएको विधि अनुसारले; अज्झत्तं वा काये = आफ्नो रूप समूह शरीरमा पनि; (इर्यापथ पर्बसँग समान भयो । अत्थि कायोति = काग चिल आदि विभिन्न सत्त्वहरूले खाइनुपर्ने रूप समूह मात्र रहेछ... भनी यति नै मात्र सच्याएर भन्ने विशेषता रहेको भयो ।)

२-सिवथिक दोस्रो भाग समाप्त भयो

१-कायानुपस्सना ८-नवसिवथिक पब्ब

३-ततियपब्ब

पुन च परं भिक्खवे भिक्खु सेय्यथापि पस्सेय्य सरीरं सिवथिकाय छड्डितं अट्ठिक सङ्खलिकं समंसलोहितं न्हारु सम्बन्धं । सो इममेव कायं उपसंहरति, "अयम्पि खो कायो एवंधम्मो एवंभावी एवंअनतीतो" ति ।

इति अज्झत्तं वा काये कायानुपस्सी विहरति... पे... न च किञ्चि लोके उपादियति । एवम्पि खो भिक्खवे भिक्खु काये कायानुपस्सी विहरति ।

१-कायानुपश्यना, ८-नवसिवथिक पर्ब, ३-तेस्रो भाग

भिक्खवे = भिक्षुहरू; पुन च = फेरि पनि; अपरं = अर्को किसिमले भाविता गर्ने विधि कसरी भन्दा; भिक्खु = भिक्षुले; सिवथिकाय छड्डितं = मसानमा फालिराखेको; समंसलोहितं = मासु रगत अलि अलि बाँकी भएको; न्हारु सम्बन्धं = नसाहरू (स्नायु)ले बलियो गरी जोडिएको; अट्ठिक- सङ्खलिकं सरीरं = कंकाल लाशलाई; सेय्यथापि पस्सेय्य = देखीरहे जस्तै; सो = ती भिक्षुले; इममेव कायं = (आफ्नो रूप समूह) यो शरीरलाई नै; उपसंहरति = तुलना गरी विचार गर्दछ । अयम्पि खो कायो = मेरो यो रूप काय पनि; एवंधम्मो = यस लाशजस्तै नै, कंकाल हुने स्वभावको रहेछ । एवंभावी = यो लाशजस्तै नै कंकाल भइनु पर्ने रहेछ । एवं अनतीतो = यस लाश जस्तै नै कंकाल हुने स्वभावलाई नाघेर जान नसक्ने रहेछ ; इति = यसरी तुलना गरी विचार गर्दछ ।

इति = यो बताउँदै आएको विधि अनुसारले; अज्झत्तं वा कायेे = आफ्नो रूप समूह शरीरमा पनि; (इर्यापथ पर्बसँग समान भयो । अत्थि कायोति = कंकाल हुने रूप समूह मात्र रहेछ भनी... यति नै मात्र सच्याएर भन्नको निम्ति विशेषता भएको भयो ।)

३-सिवथिक तेस्रो भाग समाप्त भयो

१-कायानुपस्सना ९-नवसिवथिकपब्ब

४-चतुत्थपब्ब

पुन च परं भिक्खवे भिक्खु सेय्यथापि पस्सेय्य सरीरं सिवथिकाय छड्डितं अट्ठिक सङ्खलिकं निम्मंस-लोहित- मक्खितं न्हारु सम्बन्धं। सो इममेव कायं उपसंहरति, "अयम्पि खो कायो एवंधम्मो एवंभावी एवंअनतीतो" ति।

इति अज्झत्तं वा काये कायानुपस्सी विहरति...पे..... न च किञ्चि लोके उपादियति। एवम्पि खो भिक्खवे भिक्खु काये कायानुपस्सी विहरति।

१-कायानुपश्यना, ९-नवसिवथिक पर्ब, ४-चौथो भाग

भिक्खवे = भिक्षुहरू; पुन च = फेरि पनि; अपरं = अर्को भाविता गर्ने विधि कसरी भने; भिक्खु = भिक्षु; सिवथिकाय छड्डितं = मसानमा फालिराखेको; निम्मंस-लोहितमक्खितं = मासु ढिक्का नभएको रगत अलि अलि लागिराखेको; न्हारु सम्बन्धं = स्नायुले बलियो हुने गरी जोडिरहेको; अट्ठिक सङ्खलिकं सरीरं = अस्थिक कंकाल लाशलाई; सेय्यथापि पस्सेय्य = देखिरहे जस्तैं; सो = ती भिक्षुले; (सिवथिक तेस्रो भाग सँग समान भयो।)

४-सिवथिक चौंथो भाग समाप्त भयो

१-कायानुपस्सना, १०- नवसिवथिकपब्ब,
५-पञ्चमपब्ब

पुन च परं भिक्खवे भिक्खु सेय्यथापि पस्सेय्य सरीरं सिवथिकाय छड्डितं अट्ठिक सङ्खलिकं अपगत-मंस-लोहितं न्हारु सम्बन्धं। सो इममेव कायं उपसंहरति, "अयम्पि खो कायो एवंधम्मो एवंभावी एवंअनतीतो" ति।

इति अज्झत्तं वा काये कायानुपस्सी विहरति... पे... न च किञ्चि लोके उपादियति। एवम्पि खो भिक्खवे भिक्खु काये कायानुपस्सी विहरति।

१-कायानुपश्यना १०-नवसिवथिक पर्व,
५-पाँचौं भाग

भिक्खवे = भिक्षुहरू; पुन च = फेरि पनि; अपरं = अर्को भाविता गर्ने विधि कसरी भने; भिक्खु = भिक्षु; सिवथिकाय छड्डितं = मसानमा फालिराखेको; अपगत-मंस-लोहितं = मासु रगत बिल्कुल नभएको; न्हारु सम्बन्धं = स्नायुले बलियो हुने गरी बाँधिएको; अट्ठिक सङ्खलिकं सरीरं = कंकाल लाशलाई; सेय्यथापि पस्सेय्य = देखिरहे जस्तै; सो = ती भिक्षुले; (सिवथिक-तेस्रो भाग सँग समान भयो।)

५-सिवथिक पाँचौं भाग समाप्त भयो

१-कायानुपस्सना ११-नवसिवथिकपब्ब

६-छट्ठमपब्ब

पुन च परं भिक्खवे भिक्खु सेय्यथापि पस्सेय्य सरीरं सिवथिकाय छड्डितं, अट्ठिकानि अपगत सम्बन्धानि दिसा विदिसा विक्खित्तानि अञ्ञेन हत्थट्ठिकं, अञ्ञेन पादट्ठिकं, अञ्ञेन गोप्फकट्ठिकं, अञ्ञेन जङ्घट्ठिकं, अञ्ञेन उरुट्ठिकं, अञ्ञेन कटिट्ठिकं, अञ्ञेन फासुकट्ठिकं, अञ्ञेन पिट्ठिट्ठिकं, अञ्ञेन खन्धट्ठिकं, अञ्ञेन गीवट्ठिकं, अञ्ञेन हनुकट्ठिकं, अञ्ञेन दन्तट्ठिकं, अञ्ञेन सीसकटाहं, सो इममेव कायं उपसंहरति, "अयम्पि खो कायो एवंधम्मो एवंभावी एवंअनतीतो" ति ।

इति अज्झत्तं वा काये कायानुपस्सी विहरति...पे... न च किञ्चि लोके उपादियति । एवम्पि खो भिक्खवे भिक्खु काये कायानुपस्सी विहरति ।

१-कायानुपश्यना ११-नवसिवथिक पर्ब,

६-छैंठौं भाग

भिक्खवे = भिक्षुहरू; पुन च = फेरि पनि; अपरं = अर्को भाविता गर्ने विधि कसरी भने; भिक्खु = भिक्षु; सिवथिकाय छड्डितं = मसानमा फालिराखेको; सरीरं = लाशलाई; पस्सेय्य = देखेको हुन्छ; अपगतसम्बन्धानि = जोर्नी फुस्किएर; दिसा विदिसा विक्खित्तानि = यताउता छरेर तित्तर वितर रहेका; अट्ठिकानि = हाडहरूलाई; (पस्सेय्य = देखेको हुन्छ); अञ्ञेन हत्थट्ठिकं = एकातिर हातको हड्डिलाई; अञ्ञेन पादट्ठिकं = अर्कोतिर खुट्टाको हड्डिलाई; अञ्ञेन गोप्फकट्ठिकं = एकातिर कुर्कुच्चाको हाड; अञ्ञेन जङ्घट्ठिकं = कहीं जाँघको हड्डिलाई; अञ्ञेन

उरुट्ठिकं = कहीं तिघ्राको हड्डिलाई; अञ्ञेन कटिट्ठिकं = कहीं [1]नितम्बको हड्डिलाई; अञ्ञेन फासुकट्ठिकं = कहीं करंगको हड्डिलाई; अञ्ञेन पिट्ठिट्ठिकं = कहीं पिठचुँको हड्डिलाई; अञ्ञेन खन्धट्ठिकं = कहीं काँधको हड्डिलाई; अञ्ञेन हनुकट्ठिकं = कहीं चिउँडोको हड्डिलाई; अञ्ञेन गीवट्ठिकं = कहीं गर्धनको हड्डिलाई; अञ्ञेन दन्तट्ठिकं = कहीं दाँतको ढिक्काको हड्डिलाई; अञ्ञेन सीसकटाहं = एकातिर खप्परको हाडलाई; सेय्यथापि पस्सेय्य = देखेको जस्तै; सो = ती भिक्षु; (सिवथिक-तेस्रो भाग सँग समान भयो ।)

६- सिवथिक छैंठौं भाग समाप्त भयो

टिप्पणी ... [1]पुरानो निश्रयमा कम्मरको हड्डिलाई भनेको यस नितम्बको हड्डिलाई नै उद्देश्य गरेर भनिएको हो । मेरुदण्डको हड्डिलाई त पिट्ठिट्ठिक भनिने पिठ्चुँको हड्डिमा समावेश गरेको छ ।

१- कायानुपस्सना, १२- नवसिवथिकपब्ब,
७- सत्तमपब्ब

पुन च परं भिक्खवे भिक्खु सेय्यथापि पस्सेय्य सरीरं सिवथिकाय छड्डितं अट्ठिकानि सेतानि सङ्खवण्ण-पटिभागानि । सो इममेव कायं उपसंहरति, “अयम्पि खो कायो एवंधम्मो एवंभावी एवंअनतीतो” ति ।

इति अज्झत्तं वा काये कायानुपस्सी विहरति...पे... न च किञ्चि लोके उपादियति । एवम्पि खो भिक्खवे भिक्खु काये कायानुपस्सी विहरति ।

१-कायानुपश्यना, १२-नवसिवथिक पर्व,
७-सातौं भाग

भिक्खवे = भिक्षुहरू; पुन च = फेरि पनि; अपरं = अर्को भाविता गर्ने विधि कसरी भन्दा; भिक्खु = भिक्षुले; सिवथिकाय छड्डितं = मसानमा फालिराखेको; सरीरं = लाशलाई; (पस्सेय्य = देखेको हुन्छ) सङ्खवण्ण-पटिभागानि सेतानि = शङ्खको वर्ण समान सेतो भइसकेको; अट्ठिकानि = हाडलाई; सेय्यथापि पस्सेय्य = देखे जस्तै; सो = ती भिक्षुले (सिवथिक-तेस्रो भाग सँग समान भयो ।)

७-सिवथिक सातौं भाग समाप्त भयो

१- कायानुपस्सना, १३- नवसिवथिकपब्ब, ८- अट्ठमपब्ब

पुन च परं भिक्खवे भिक्खु सेय्यथापि पस्सेय्य सरीरं सिवथिकाय छड्डितं । अट्ठिकानि पुञ्जकितानि तेरोवस्सिकानि । सो इममेव कायं उपसंहरति, "अयम्पि खो कायो एवंधम्मो एवंभावी एवंअनतीतो" ति ।

इति अज्झत्तं वा काये कायानुपस्सी विहरति...पे... न च किञ्चि लोके उपादियति । एवम्पि खो भिक्खवे भिक्खु काये कायानुपस्सी विहरति ।

१-कायानुपश्यना, १३- नवसिवथिक पर्व, ८-आठौं भाग

भिक्खवे = भिक्षुहरू; पुन च = फेरि पनि; अपरं = अर्को भाविता गर्ने विधि कसरी भन्दा; भिक्खु = भिक्षुले; सिवथिकाय छड्डितं = मसानमा फालिराखेको; सरीरं = लाशलाई; (पस्सेय्य = देखेको हुन्छ); [१]तेरोवस्सिकानि = एक वर्षभन्दा पुरानो भइसकेको भएर; [२]पुञ्जकितानि = समूह समूह थुपारिएको; अट्ठिकानि = हड्डिलाई;

अभिप्राय

१ **तिरोवस्स** = **एक वर्ष नाघिसकेको** समयमा+ इक = पुगिसकेको; **तेरोवस्सिक** = **एक वर्षनाघेको हाड** । यस पदले त्यस्तो पुरानो हाडलाई स्वभाविक हुनुपर्ने अवस्थालाई प्रकट गरिएको छ ।

२ यस **पुञ्जकित** पद द्वितीय पाराजिक विनीत वस्तुमा आएको **घाँसको डुंगुर अर्थ व्यक्त गरिएको पुञ्जकित** पद, चूलवग्ग वत्तक्खन्धक आगन्तुक-वत्त काण्डमा आएको **सेनासन समूह अर्थ व्यक्त गर्ने पुञ्जकित** पदहरू सँग शब्दको गतिविधि अनुसारले र शब्दार्थ अनुसारले समान रहेको छ । पाराजिक काण्ड निश्रयमा 'कित' धातुले पद सिद्ध भएकोलाई देखाउँछ । तर गमिक-वत्त खन्धकमा "चतूसु पासाणेसु मञ्च पञ्ञापेत्वा मञ्चे मञ्चं आरोपेत्वा पीठे

पीठं आरोपेत्वा सेनासनं उपरि **पुञ्जं करित्वा** दारुभण्डं मत्तिकाभण्डं पटिसामेत्वा द्वार-वातपानं थकेत्वा पक्कमितब्बं" भनेर यात्रामा जाने भिक्षुले सेनासन परिभोगलाई एक ठाउँमा थुपारी सच्याएर गएको कुरालाई देखाइएको छ । यसरी देखाइएको पालिमा पुञ्जं करित्वा = भनेर 'कर' धातुले देखाइएकोलाई होश राख्नुपर्दछ। यसरी यात्रामा जाने भिक्षुले **पुञ्जं करित्वा =** थुपारेर गएको सेनासनलाई नै आगन्तुक वत्त खन्धकमा... " सचे विहारो उक्लापो होति, मञ्चे वा मञ्चो आरोपितो होति । पीठे वा पीठं आरोपितं होति । सेनासनं उपरि **पुञ्ज कितं** होति । सचे उस्सहति सोधेतब्बो" भनी देखाइएको छ ।

त्यसैले पुञ्जकित **कित पद** 'कर + त ' = **कत पदबाट** बनेको कुरा स्पष्ट छ । वचनार्थलाई कसरी गर्न लायक छ भने... पुञ्जो कतो येसन्ति **पुञ्जकतानि**; पुञ्जकतानियेव **पुञ्जकितानि**-भनेर गर्न योग्य छ । अर्को तरिकाले... **अभूततब्बोमा** ची प्रत्यय द्वारा सिद्ध भइरहेको पुञ्जीकत मूल पदबाट **पुञ्जकित** भएर आएको हो भनेर पनि ग्रहण गर्न योग्य छ । उल्लेख गरेर आइसकेको साधक पालि दुई थरीमा **पुञ्जकितं तिणं** झापेति भनिने पाराजिक पालि थाइ लिपिको किताबमा **मुञ्चक तिणं** झापेति भनेर रहेको छ । अर्को एकथरी... द्वितीय कथिन शिक्षापदमा कण्हकितानि (कण्णकितानि) चीवरानि -भ्यागुतोको अण्डाजस्तो कालो ढुसी' परेको चीवरहरू-भनेर आएको छ। महावग्ग चीवरक्खन्धकमा पंसुकितानि चीवरानि-धुलाम्ये (धूलो लागेको) चीवरहरू भनेर आएको छ। यी पदहरूलाई कण्हकानि सञ्जातानि येसं, पंसुका सञ्जाता येसं - भनी वचनार्थ गरी **तारकादि गणको** इत-प्रत्यय द्वारा नै सिद्ध गर्नुपर्दछ। त्यस्तै नै यस पुञ्जकितानि पदलाई पनि तारकादि गणको इत-प्रत्यय द्वारा नै सिद्ध गर्नुपर्दछ। सिद्ध गर्ने कसरी भन्दा... पुञ्जो विय **पुञ्जकं,** एक राशि जस्तो भएर फुलिरहेको वस्तुलाई लिनुपर्दछ। **पुञ्जकं** सञ्जातं येसन्ति **पुञ्जकितानि** अट्ठिकानि । सातौं सिवथिक पर्वमा आइरहेको

ताजै ताजा भएको हड्डिहरू जस्तै कस्सिरहेको नभएर **थुपारी रहेको हड्डिहरूको चूर्ण जस्तै खुकुलो खुकुलो भइरहेको हड्डि चूर्ण चूर्ण हुने जस्तो स्थितिमा पुगेको हड्डिहरूलाई** लिनुपर्दछ । यस अर्थ विशेष रुपले नै अर्थयुक्ति भएको भयो। कारण किनभने यस सिवथिक पर्वमा फुलेर सुन्निएको लाशदेखि एक भागभन्दा अर्को भाग झन झन बिग्रेर कुहेको लाश हड्डिहरूको राश(समूह) लाई देखाइसकें । सातौं भागमा सेतो भइरहेको ताजै ताजा भएको हड्डिहरू देखाइसकें। नवौं भागमा चूर्ण चूर्ण भई धुलो धुलो भइरहेको हड्डिहरूलाई देखाउने छु। उक्त दुईवटा भागको बीचमा देखाइराखेको यस आठौं भागमा आइरहेको हड्डिहरू सातौं भागमा रहेको हड्डिहरू जति ताजा नभई गुंगूगु भागमा रहेको हड्डिहरू जस्तो पनि मक्केर नगएको, चुण्णक = चूर्ण चूर्ण होला जस्तो गरी बिग्रिरहेको हड्डिहरू नै मात्र हुन लायक छ । त्यति मात्र होइन **तेरोवस्सिकानि** भनिने **हेतु छैन विशेषण** पदले पनि **एक वर्ष नाघेर बिग्रिंदै गइरहेको स्थितिलाई** प्रकट रूपले देखाइरहेको छ । त्यसैले ... **पुञ्जकितानि एक राशि (ढिस्को) जस्तो भएर खुकुलो खुकुलो भइरहेको**-यस अर्थलाई पनि सम्झनु योग्य छ । तर अर्थकथामा ब्याख्या नगरिएको हेऱ्यो भने यति सम्म गाह्रो अर्थ हुनु नपर्ने भयो । त्यसैले अरू अरू पालिमा पनि स्पष्ट भइरहेको अर्थलाई मात्र निश्चयमा आधारको रूपमा देखाउनु पर्ने भयो। आधारको रूपमा देखाइएको उक्त अर्थ अनुसार मसानमा एक वर्ष पुरानो भइसकेको हड्डिहरू तित्तरवित्तर भएर अशोभनिय भइरहेकोलाई यस्तो हुन नदिनको निम्ति एक न एक ठाउँमा थुपारेर राखेकोलाई देखाइराखेको हो भनेर जान्नुपर्दछ । **सयादो ऊ बउको निश्चयमा भने...पुञ्जकितानि - राश तित्तरवित्तर भइसकेको** - भनी भाषा उल्था गरिएको भयो। कात्यायन ग्रन्थमा आइरहेको **कितक** पद जस्तै किर -धातु + त प्रत्यय द्वारा किण्ण -विकिण्णको सत्ता **कित** भनेर सिद्ध गरी पुञ्जो कितो विकिण्णे येसन्ति पुञ्जकितानि भनेर वचनार्थ गर्नुपर्ने भयो। यस अर्थले पनि

सेय्यथापि पस्सेय्य = देखेको जस्तै ; सो = ती भिक्षुले; (सिवथिक तेस्रो भाग सँग समान भयो ।)

८-सिवथिक आठौं भाग समाप्त भयो

एक ढिक्का भएर कस्सिएको समूह समूह भइरहेको चूर्ण समूह बिग्रिंदै खुकुलो भइरहेकोलाई उद्देश्य गऱ्यो भने यस नयाँ निश्रयको टिप्पणीमा देखाइएको अर्थ सँगं समान जस्तो नै भयो । यता एक समूह उता एक समूह हड्डिहरूको थुप्रो अलग अलग भइरहेकोलाई पनि लिन सकिन्छ। यस किसिमले लियो भने; **तेरोवस्सिकानि** भन्ने विशेषण पद द्वारा **के लाई उद्देश्य गरिएको छ त भनी** अन्वेषण गर्नु पर्ने हुन्छ। **सूत्र पालिको निश्रयमा त..., पुञ्जकितानि = औंसाहरूले प्वाल प्वाल पारीसकेको** भनी अर्थ दिइराखेको छ । **भुञ्जकीतानि** पद देखेर यसरी अर्थ दिइएको हुनुपर्दछ । उक्त अर्थमा एक वर्ष नाघिसकेको हड्डिहरू **औंसाहरूले** खाए नखाएकोलाई पनि विचार गर्नुपर्दछ ।

१-कायानुपस्सना १४-नवसिवथिकपब्ब, ९- नवमपब्ब

पुन च परं भिक्खवे भिक्खु सेय्यथापि पस्सेय्य सरीरं सिवथिकाय छड्डितं, अट्ठिकानि पूतीनि चुण्णकजातानि । सो इममेव कायं उपसंहरति, "अयम्पि खो कायो एवंधम्मो एवंभावी एवंअनतीतो" ति ।

इति अज्झत्तं वा काये कायानुपस्सी विहरति...पे... न च किञ्चि लोके उपादियति । एवम्पि खो भिक्खवे भिक्खु काये कायानुपससी विहरति ।

नवसिवथिकपब्बं निट्ठितं
चुद्दस कायानुपस्सना निट्ठिता ।

१-कायानुपस्सना १४-नवसिवथिकपर्ब ९-नवौं भाग

भिक्खवे = भिक्षुहरू; पुन च = फेरि पनि; अपरं = अर्को भाविता गर्ने विधि कसरी भन्दा; भिक्खु = भिक्षुले; सिवथिकाय छड्डितं = मसानमा फालिराखेको; सरीरं = लाशलाई; (पस्सेय्य = देखेको हुन्छ); पूतीनि = कुहिएको; चूण्णकजातानि = चूर्ण चूर्ण भइरहेको; अट्ठिकानि = हड्डिलाई; सेय्यथापि पस्सेय्य = देखे जस्तै; सो = ती भिक्षुले ; इममेव कायं = (आफ्नो रूप समूह) यस शरीरलाई नै; उपसंहरति = तुलना गरी विचार गर्दछ । अयम्पि खो कायो = मेरो यो रूप काय शरीर पनि; एवंधम्मो = यी हाडहरूको चूर्णजस्तै नै पुरानो भएर कुहेर चूर्ण चूर्ण भएर जाने स्वभाव भएको रहेछ । एवंभावी = यी हाडहरूको चूर्णजस्तै नै पुरानो भएर कुहेर चूर्ण चूर्ण हुनु पर्ने रहेछ । एवं अनतीतो = यी हाडहरूको चूर्णजस्तै नै पुरानो भएर कुहेर चूर्ण चूर्ण हुने स्वभावलाई नाघेर जान नसक्ने रहेछ;

इति = यसरी तुलना गरी विचार गर्दछ ।

इति = यो बताउँदै आएको विधि अनुसारले; अज्झत्तं वा काये = यस आफ्नो रूप समूह शरीर कायमा पनि (इर्यापथ पर्व सँग समान भयो । अत्थि कायोति = पुरानो भई कुहिएर चूर्ण चूर्ण भएर जानु पर्ने रूप समूह मात्र रहेको छ भनी;...यति नै मात्र सच्याएर भन्नुपर्ने विशेषता भएको भयो ।

नवसिवथिकपब्बं= सिवथिक नवौं भाग; निट्ठितं = समाप्त भयो ।

९-सिवथिक नवौं भाग समाप्त भयो

चुद्दस कायानुपस्सना = १४-वटा कायानुपश्यना;
निट्ठितं = समाप्त भयो ।

अर्थकथाको विशेष सम्झन लायक निर्णय

तत्थ आनापानपब्बं पटिक्कूल-मनसिकारपब्बन्ति इमामेव द्वे अप्पना कम्मट्ठानानि; सिवथिकानं पन आदीनवानुपस्सना-वसेन वुत्तत्ता । सेसानि द्वादसापि उपचार-कम्मट्ठानानेव ।

तत्थ = उक्त कायानुपश्यना चौधवटा पर्बहरू मध्ये; आनापानपब्बं = आनापान पर्ब र; पटिक्कूल-मनसिकारपब्बं = प्रतिकूल मनसिकार पर्ब; इति = यसरी; इमानि एव द्वे = यी दुईवटा पर्बहरू नै मात्र; अप्पना-कम्मट्ठानानि = अर्पणा ध्यानको कर्मस्थानहरू हुन् । वा = अर्पणा ध्यानलाई प्राप्त गर्ने कर्मस्थानहरू हुन् । पन = त्यसपछि अर्को; सिवथिकानं आदिनवानुपस्सना वसेन वुत्तत्ता = सिवथिक नौवटा पर्वलाई आदीनवानुपश्यना अनुसारले बताइराख्नु भएको भएर; (यो कारण देखाउने शब्दले जान्न दिने के हो भने सिवथिक नवौं पर्वमा लाश कंकालको उपमा समावेश भए पनि त्यो **उपमा मात्र** हो । साँच्चैं भाविता गर्नुपर्ने कर्मस्थान त त्यो होइन । **उपमेय्य** भइरहेको आफ्नो शरीर नै मात्र साँच्चै

भाविता गर्नुपर्ने कर्मस्थान हो । तर पनि **सविज्ञानक भइरहेको आफ्नो शरीरमा** अविज्ञानक लाशमा जस्तै **अर्पणा ध्यानलाई त प्राप्त हुन सक्दैन ।** उपचार समाधि मात्रलाई मात्र प्राप्त गर्ने सकिने हुन्छ । त्यसैले सिवथिक नौवटा पर्बलाई अर्पणा कर्मस्थानको रूपमा बताउनु भएको होइन । **आदिनवानुपश्यनाको रूपमा मात्र** बताउनु भएको हो भनेर महाशिव स्थविरले आज्ञा हुनु भएको हो । त्यसैले अर्पणा ध्यान सँग सम्बन्ध छैन भनेर जान्न दिइएको भयो ।) सेसानि = आनापान पर्व र प्रतिकूल मनसिकार पर्व बाहेक बाँकी भएको; द्वादसापि = कायानुपश्यना १२- वटा पर्बहरू; उपचार-कम्मट्ठानानि एव = उपचार ध्यानको कर्मस्थान; उपचार ध्यानलाई प्राप्त गरिदिने कर्मस्थानहरू नै भयो । (यहाँ **'एव'** शब्दले अर्पणा ध्यानलाई प्राप्त गरिदिने कर्मस्थान होइन भनेर थाहा दिइएको भयो ।)

यस अर्थकथा शब्दले...इर्यापथ पर्ब, सम्प्रजन्य पर्ब, धातुमनसिकार पर्ब, सिवथिक पर्ब नौवटा भनेको यी बाह्रवटा पर्वको देशना अनुरूप अभ्यास गरिरहेको योगीमा **उपचार ध्यान** भनिने उपचार समाधि उत्पन्न भएर **चित्त विशुद्धि अवस्था पनि** पूर्णरूपले सिद्ध भएको छ भनी दृढ रूपले निर्णय गर्नु पर्दछ । यस ठाउँमा **विपश्यना क्षणिक समाधिलाई नै उपचार समाधि** भनेर भनिएको भयो । कारण किनभने ...नीवरणलाई शान्त गरीदिने सामर्थ्य अनुसारले लौकिक ध्यानको अगुवा भइरहेको **उपचार समाधि सँग समानजस्तै भइरहेको कारणले र** मार्गफल अर्पणाको **उपचार क्षेत्रमा प्रतिस्थित भइरहेकोले** हो । यस अतिरिक्त क्षणिक समाधिलाई उल्लेख नगरी उपचार अर्पणा दुईवटालाई मात्र देखाइएको अर्थकथाको कुरा सबैमा पनि यस ठाउँमा जस्तै **उक्त क्षणिक समाधिलाई उपचार समाधिमा समावेश गरिएको छ** भनी जान्नुपर्दछ ।

निद्देसवार २-वेदनानुपस्सना

कथञ्च पन भिक्खवे भिक्खु वेदनासु वेदनानुपस्सी विहरति। इध भिक्खवे भिक्खु सुखं वा वेदनं वेदयमानो सुखं वेदनं वेदयामीति पजानाति । दुक्खं वा वेदनं वेदयमानो दुक्खं वेदनं वेदयामीति पजानाति । अदुक्ख-मसुखं वा वेदनं वेदयमानो अदुक्ख-मसुखं वेदनं वेदयामीति पजानाति ।

सामिसं वा सुखं वेदनं वेदयमानो सामिसं सुखं वेदनं वेदयामीति पजानाति । निरामिसं वा सुखं वेदयमानो निरामिसं सुखं वेदनं वेदयामीति पजानाति ।

सामिसं वा दुक्खं वेदनं वेदयमानो सामिसं दुक्खं वेदनं वेदयामीति पजानाति । निरामिसं वा दुक्खं वेदनं वेदयमानो निरामिसं दुक्खं वेदनं वेदयामीति पजानाति ।

सामिसं वा अदुक्ख-मसुखं वेदनं वेदयमानो सामिसं अदुक्ख-मसुखं वेदनं वेदयामीति पजानाति । निरामिसं वा अदुक्ख-मसुखं वेदनं वेदयमानो निरामिसं अदुक्ख-मसुखं वेदनं वेदयामीति पजानाति ।

इति अज्भत्तं वा वेदनासु वेदनानुपस्सी विहरति, बहिद्धा वा वेदनासु वेदनानुपस्सी विहरति ; अज्भत्त बहिद्धा वा वेदनासु वेदनानुपस्सी विहरति । समुदय-धम्मानुपस्सी वा वेदनासु विहरति, वय-धम्मानुपस्सी वा वेदनासु विहरति ; समुदयवय धम्मानुपस्सी वा वेदनासु विहरति । अत्थि वेदनाति वा पनस्स सति पच्चुपट्ठिता होति, यावदेव ञाणमत्ताय पटिस्सतिमत्ताय अनिस्सितो च विहरति, न च किञ्चि लोके उपादियति । एवम्पि खो भिक्खवे भिक्खु वेदनासु वेदनानुपस्सी विहरति ।

वेदनानुपस्सना निट्ठिता

निर्देशवार २-वेदनानुपश्यना

भिक्खवे = भिक्षुहरू; भिक्खु = भिक्षुले; वेदनासु = अनुभव गरिने वेदनामा; कथञ्च = कसरी; वेदनानुपस्सी = अनुभव गरिने स्वभाव मात्र भनी भाविता द्वारा हेरी; विहरति पन = बस्दछ त भने...

भिक्खवे = भिक्षुहरू; इध भिक्खु = यस शासनमा रहेको भिक्षुले; वा = यस शासनमा उद्योग गरिरहेको व्यक्तिले; [1]सुखं

अभिप्राय

१ सुख हुने बेलामा - राम्रो हुने बेलामा **"सुख भइरहेछ; राम्रो भइरहेछ"** भनेर जान्नको निम्ति निर्देशन गरिराखेको यस **बुद्ध-वचनमा पनि नजानेका नबुझ्नेकाहरूले सामन्य देख्न सक्छन् ।** त्यसो भएकोले अर्थकथामा ती **नजानेका नबुझ्नेकाहरूको विचार र दृष्टिलाई** उल्लेख गरिसकेपछि त्यस्को समाधान पछि **बुद्धवचनलाई समर्थन गरिसकेको भयो ।** अभिप्राय अनुसार यसरी नै भइरहेको छ । उत्तानो पारी सुत्न मात्र जान्ने नवजात शिशुहरूले समेत दुध खाइरहेको अवस्था आदिमा "सुख भइरहछ-राम्रो भइरहेछ" आदि भनी जानीरहेका हुन्छन् होइन त ? यसरी जानेको छ भने ती योगीको ज्ञान उक्त शिशुको ज्ञान सँग समान नै हुन्छ होइन त ? भन्दा जानेको त हो । तर **ज्ञान त समान छैन,** विपरीत किसिमले विशेषता भएर फरक छ । **फरक कसरी भन्दा**- चाहे बच्चा नै होस्, चाहे भाविता नभएको शिक्षित व्यक्ति नै होस्, ती सबै व्यक्तिहरूको ज्ञान समान नै छ । तिनीहरूले सुख उत्पन्न हुँदाको प्रत्येक क्षणलाई जानीरहेको छैन । अरू अरू कुरालाई विचार र कल्पना गरी समय खेर फालिरहेकाहरू मात्रै बढी हुन्छन् । एक दुईपटक जानेता पनि स्वभाव धर्म एउटा मात्रको रूपमा जानीरहेको छैन । "म सुखी भइरहेछु, मेरो राम्रो भइरहेछ" भनी **आत्मको रूपमा मात्र** जानेको हुन्छ । क्षण क्षण भित्र उत्पत्ति विनाश

भइरहने स्वभाव धर्म अनुसारले पनि जानेको हुँदैन, **“पहिले भएको म नै अहिले सुखी भइरहेछु”** भनी नित्य रूपमा मात्र विचार गरी देखीरहेको जानीरहेको हुन्छ । यस्तो ज्ञानले त **सत्त्व हो आत्म हो** भनेर मनमा राखी आशक्त हुनेलाई **हटाउन नसक्ने मात्र होइन, झन मात्र वृद्धि गरेर** दरिलो बनाइदिन्छ । त्यसैले यस्तो ज्ञानलाई **कर्मस्थान पनि भनिन्दैन, स्मृतिप्रस्थान भावना पनि नहुने भयो** । त्यसो भएकोले **“सुख हुने बेलामा सुख भइरहेछु”** भनेर जान्नको लागि निर्देशन गरिरहेको **बुद्ध-वचनले** बच्चाहरूदेखि लिएर भाविता गरी होश राख्ने (बानी) नभएका **साधारण व्यक्तिहरूको ज्ञानलाई उद्देश्य गरीराखेको छैन** भनेर पनि स्पष्टरूपले जान्नुपर्दछ ।

निरन्तर भाविता गरी भाविता गरिरहेको योगीले त सुख उत्पन्न हुँदाको प्रत्येक क्षण(अवस्था)मा पनि जानिरहेको हुन्छ । स्वभाव लक्षण, रस आदि द्वारा पनि स्वभाव धर्म एउटा मात्र भनी जानिरहेको छ । अगाडि पछाडि नहेरी नयाँ नयाँ उत्पन्न भएर विनाश विनाश हुँदै गएकोलाई पनि प्रत्यक्ष हेरी जानिरहेको हुन्छ । त्यस अवस्थामा एकढिक्का एउटा नै भनेर विचार गरीने देखिने **सन्तति-प्रज्ञप्तिले लुकाउन नसक्ने छोप्न नसक्ने कारणले गर्दा** “अनित्य हो, दु:ख हो, आत्म होइन” भनेर पनि स्पष्टरूपले जानिरहेको हुन्छ । त्यसैले को वेदयति = कस्ले अनुभव गरिहेछ- अनुभव गर्ने छ त ? भन्ने प्रश्नमा अनुभव गर्ने त छैन; नयाँ नयाँ उत्पति विनाश भइरहेको अनुभूति स्वभाव तह तह मात्र छन् भनी छर्लङ्ग हुने गरी ज्ञान उत्पत्ति भएर आउँछ । त्यति मात्र होइन, कस्स वेदना-कस्को अनुभूति हो, अनुभव गर्नेको अधिकारी छ त ? भनिने प्रश्नमा पनि... कारण अनुसार नयाँ नयाँ क्रमश: उत्पन्न भइरहेको अनुभव मात्र रहेको छ । उक्त अनुभवको अधिकारी त छैन भनेर छर्लङ्ग हुने गरी ज्ञान प्रकट भएर आउँछ । त्यसपछि अर्को, किं कारणा वेदना- के कारणले गर्दा अनुभव उत्पन्न हुन्छ त ? भन्ने प्रश्नमा पनि ...राम्रो आरम्मणसित संयोग हुने कारणले

वेदनं = सुख भएको अनुभूतिलाई; वेदयमानो वा = अनुभव गर्ने बेलामा पनि;

(वा = अनुभव गर्दै गर्दा, अनुभव गरिरहेको बेलामा, अनुभव गरिरहेको क्षणमा, अनुभव गरिरहँदा पनि;) सुखं वेदनं वेदयामीति = सुख भएको अनुभूतिलाई अनुभव गर्दैछु भनी; पजानाति = जान्दछ ।

दुक्खं वेदनं = दुःख अनुभूतिलाई; वेदयमानो वा = अनुभव गरिने बेलामा पनि; (वा = अनुभव गर्दै गर्दा, अनुभव गरिरहेको बेलामा, अनुभव गरिरहेको क्षणमा, अनुभव गरिरहँदा पनि;) दुक्खं वेदनं वेदयामीति = दुःख भएको अनुभूतिलाई अनुभव गर्दैछु भनी पजानाति = जान्दछ ।

गर्दा सुख हुने उत्पन्न हुन्छ भनेर छर्लङ्ग हुने गरी ज्ञान उत्पन्न हुन्छ । यसरी स्पष्ट स्पष्टरूपले जान्ने योगीको **सम्प्रजन्य ज्ञानलाई उद्देश्य गरी** "सुख हुनेबेलामा सुख भइरहेछ" भनी जान्नको निम्ति निर्देशन उपदेश दिनुभयो । यस ठाउँमा "सुख भइरहेछ, राम्रो भइरहेछ" आदि भनी होश राखेर जान्ने **गौचर सम्प्रजन्य हो** । यस गौचर सम्प्रजन्य परिपक्व हुनेबेलामा तीनवटा प्रश्नलाई छर्लङ्ग र स्पष्टरूपले जान्ने **असम्मोह सम्प्रजन्य** धर्मनियाम अनुसार स्वतः नै उत्पन्न भएर आउँछ । त्यसैले अर्थकथामा ...

वत्थुं आरम्मणं कत्वा वेदना व वेदयतीति सल्लक्खेन्तो एस... "सुखं वेदनं वेदयामीति पजानाती" ति वेदितब्बो भनेर निश्चित रूपले निर्णय गरिसकेको भयो । वत्थुं = सुख उत्पन्न हुने राम्रो आरम्मणलाई; आरम्मणं कत्वा = आरम्मण गरेर; वेदना एव = वेदना नै; वेदयतीति = अनुभव गर्दछ भनेर; सल्लक्खेन्तो = भाविता गरिरहेको; एस = ती योगीले; सुखं वेदनं वेदयामीति = सुखलाई अनुभव गरिरहेछु, राम्रो भइरहेछ ; पजानाति = जानिरहेछ भनिन्छ । इति वेदितब्बो = यसरी जान्नुपर्‍यो ।

अदुक्खमसुखं वेदनं = दुःख पनि होइन सुख पनि होइन नराम्रो पनि होइन राम्रो पनि नभएको अनुभूतिलाई; वेदयमानो वा = अनुभव गर्ने बेलामा पनि; (वा =अनुभव गर्दै गर्दा, अनुभव गरिरहेको बेलामा, अनुभव गरिरहेको क्षणमा, अनुभव गरिरहँदा पनि;) अदुक्खमसुखं वेदनं वेदयामीति = दुःख पनि होइन सुख पनि होइन राम्रो पनि होइन नराम्रो पनि नभएको अनुभूतिलाई अनुभव गर्दैछु भनी; पजानाति = जान्दछ ।

[२]सामिसं सुखं वेदनं = कामगुण (पञ्चकाम गुण)सँग सम्बन्धित खुशि हुनु(सुख वेदना) लाई; वेदयमानो वा = अनुभव

---

२ इच्छा गर्न लायकहरू, मनपराउन लायकहरू, लोभ्याउन लायकहरू श्रीमती श्रीमान् छोरा छोरी गरगहना लुगा सुन चाँदी घर खेत गाई भैंसी घोडा हात्ती आदि बाहिर रहेको चीज वस्तुलाई र शरीर भित्र रहेको रूपलावण्य आँखाले देख्ने सुख हुने, जान्ने बुझ्ने बुद्धि हुने आदि भित्र रहेको चीज वस्तुलाई कारण बनाइ सुख हुनु सामिस सुख हो । कामगुण नसा सँग सम्बन्धित सुख भन्ने मतलब हो । त्यसलाई नै गेहस्सित सोमनस्स भनेर भनिन्छ । काम गुण घरलाई आधार लिई आनन्द र खुशि हुन्छ भन्ने मतलब हो । यस प्रकारको सुख राम्रो रूप लावण्यहरूलाई मूल कारण गरी, स्वास्नी लोग्ने आदि कामवस्तुलाई आरम्मण गरेर खुशी हुने अवस्थामा रूपारम्मणलाई आधार लिएर उत्पन्न हुने हुन्छ । कर्णप्रिय भएको मनपर्ने रमाइलो शब्द आदिलाई मूल कारण गरेर स्वास्नी लोग्ने आदि कामवस्तुलाई आरम्मण गरेर खुशी हुने अवस्थामा शब्दारम्मण आदिलाई आधार लिएर उत्पन्न हुने हो । त्यस्तो कामगुण वस्तुहरू अहिलेको वर्तमान अवस्थामा परिपूर्ण भइरहनुलाई मनमा कल्पना गरेर पनि खुशी हुने हुन्छ । पहिले पहिले परिपूर्ण भएकोलाई विचार गरेर सम्झेर पनि खुशी हुने हुन्छ । यस्तो खुशी हुने(लाई) उत्पन्न हुने बित्तिकै "खुशी भइरहेछ, खुशी भइरहेछ" भनी होश राखेर जान्नुपर्दछ भन्ने मतलब हो ।

गर्नेबेलामा पनि; सामिसं सुखं वेदनं वेदयामीति = कामगुण सँग सम्बन्धित खुशी हुनुलाई अनुभव गर्दैछु भनी; पजानाति = जानिरहेको हुन्छ ।

[3]निरामिसं सुखं वेदनं = काम गुण नसा सँग सम्बन्ध

[3] छवटा द्वारमा प्रकट भइरहेको जति पनि छवटा आरम्मणलाई निरन्तर भाविता गरिरहेको योगीले समाधिज्ञान परिपक्व भएर आउने बेलामा उक्त छवटा आरम्मणको उत्पत्ति हुने विनाश हुनेलाई प्रत्यक्ष रूपले हेरर अनित्य, दुःख र अनात्म लक्षणलाई जानीरहेको हुन्छ। त्यस अवस्थामा प्रत्यक्ष जान्न पाएको वर्तमान आरम्मणसँग तुलना गरेर पहिले पहिले जानेको अतीत आरम्मण छवटालाई र अहिले जानिरहेको आरम्मणलाई “नित्य होइन, दुःख होः, परिवर्तन भइरहेको धर्म मात्र हो” भनेर जानी देखी निर्णय गरिरहेको हुन्छ। यसरी जानेको देखेको व्यक्तिमा प्रत्येकपल्ट होश राखी जानीरहेको क्षणहरूमा खुशी उत्पन्न हुन्छ। यस खुशी हुनु कामगुण नसा सँग सम्बन्ध नभएको **निरामिस सुख** हो । यसलाई नै **नेक्खम्मस्सित सोमनस्स** भनेर पनि भन्दछ । विपश्यनालाई आधार लिई खुशी भएको हो भन्ने मतलब हो। यस्तो खुशी हुनु **भर्खर उदयब्यय ज्ञान उत्पत्ति हुने अवस्थामा** रोकेर रोक्न नसकिने गरी अत्यधिक रूपले उत्पन्न हुन सक्ने हुन्छ। त्यसलाई **प्रत्येकपल्ट उत्पत्ति हुँदा** “खुशी भइरहेछ, खुशी भइरहेछ” भनी **होशराखी जान्नुपर्दछ** भन्ने मतलब हो । त्यसपछि अर्को, बुद्ध गुण आदिलाई मनन गरी विचार गर्ने अवस्थामा प्रीति र सोमनस्स उत्पन्न हुनसक्छ। यी सोमनस्सहरू पनि **निरामिस सुख** नै हो। त्यसलाई पनि होश राखेर जान्नुपर्दछ। यस प्रकारले होश राखेर जान्नुद्वारा अरहत्त फलमा समेत पुग्न सकिन्छ। त्यसैले अर्थकथामा...

बुद्धारम्मणं संघारम्मणं पीतिं उप्पादेत्वा तदेव खयतो वयतो सम्मसन्तो अरहत्तं पापुणाति-भनी आज्ञा हुनु भयो ।

बुद्धारम्मणं पीतिं = बुद्ध गुण नै आरम्मण भएको प्रीतिलाई;

नभएको खुशी हुने (सुख वेदना) लाई; वेदयमानो वा = अनुभव गर्ने बेलामा पनि; निरामिसं सुखं वेदनं वेदयामीति = काम गुण नसा सँग सम्बन्ध नभएको खुशी हुनेलाई अनुभव गरिरहेछु भनी; पजानाति = जानिरहेको हुन्छ ।

[४]सामिसं दुक्खं वेदनं = कामगुण नसासँग सम्बन्धित मन नपर्ने (दुःख वेदना) लाई; वेदयमानो वा = अनुभव गर्ने बेलामा पनि; सामिसं दुक्खं वेदनं वेदयामीति = कामगुण नसासँग सम्बन्धित भएका मन नपर्नेलाई अनुभव गर्दैछु भनी; पजानाति = जानिरहेको हुन्छ ।

सङ्घारम्मणं पीतिं = सङ्घगुण नै आरम्मण भएको प्रीतिलाई; उप्पादेत्वा = उत्पन्न गराएर; तदेव = उक्त प्रीतिलाई नै; खयतो वयतो = क्षय भइरहेछ विनाश भइरहेछ भनी; सम्मसन्तो = ज्ञानले परार्मश गरी-भाविताद्वारा देखेको व्यक्ति; वा = परार्मश गरी भाविताद्वारा देखी अरहत्तं पापुणाति = अरहत्त फलमा पुग्नसक्छ । (प्रीति, **सोमनस्स**सँग एकसाथ भएर मात्र उत्पन्न हुन्छ । **धम्मारम्मण पीति** सीलारम्मण पीति, चागारम्मण पीति आदिलाई भाविता गरेर पनि त्यस्तै नै हुनसक्छ भनेर जान्नुपर्दछ ।)

४ मन पराउन लायक कामगुण आरम्मण वस्तु पहिले पनि पूर्ण भएन, अहिले पनि पूर्ण नभएको कारणले र भय अन्तराय दुःखहरूसँग पहिले पनि अनुभव गर्दै आएँ अहिले पनि अनुभव गरिरहनुपर्ने कारणले गर्दा मन नपर्ने-मन दुःखित हुनुलाई **सामिस** दुःख भनिन्छ । **गेहस्सित दोमनस्स** पनि भनिन्छ । यस्तो मन दःुखित हुने मन नरमाइलो हुने, दिक्दार हुने, सम्झेर शोक हुने, सबैलाई **प्रत्येक पटक उत्पत्ति हुँदा तत्क्षणमा** “मनमा दुःख भइरहेछ, मनमा दुःख भइरहेछ” आदि भनेर **होश राख्दै जान्नुपर्दछ** भन्ने मतलब हो । अबदेखि टिप्पणी अभिप्राय विस्तृत रूपले लेख्दिन । विस्तृत अभिप्राय थाहापाउनु परेमा विपश्यना भावना विधि ग्रन्थ काण्ड (४) मा हेर्नुपऱ्यो ।

[५]निरामिसं दुक्खं वेदनं= कामगुण नसासँग सम्बन्ध नभएको मन नपर्ने (दुःख वेदना)लाई; वेदयमानो वा = अनुभव गर्ने बेलामा पनि; निरामिसं दुक्खं वेदनं वेदयामीति = कामगुण नसासँग सम्बन्ध नभएको, मन नपर्नेलाई अनुभव गर्दैछु भनी; पजानाति = जानिरहेको हुन्छ ।

[६]सामिसं अदुक्ख-मसुखं वेदनं= कामगुण नसासँग सम्बन्धित उपेक्षा भावमा रहने (उपेक्षा वेदना) लाई; वेदयमानो वा = अनुभव गर्नेबेला पनि; सामिसं अदुक्ख-मसुखं वेदनं वेदयामीति = काम गुण नसासँग सम्बन्धित भएको उपेक्षा भावमा बस्नुलाई अनुभव गर्दैछु भनेर; पजानाति = जानिरहेको हुन्छ । निरामिसं अदुक्ख-मसुखं वेदनं = काम गुण नसा सँग सम्बन्ध नभएको उपेक्षा भावमा बस्ने (उपेक्षा वेदना) लाई; वेदयमानो वा = अनुभव गर्ने बेलामा पनि; निरामिसं अदुक्ख-मसुखं वेदनं वेदयामीति = काम गुण नसा सँग सम्बन्ध नभएको उपेक्षा भावमा बस्नुलाई अनुभव गर्दैछु भनी;

---

५ भर्खर भर्खर भावना अभ्यास गर्ने योगीहरूलाई समाधि ज्ञान वृद्धि नहुने बेलामा मनमा दुःख (पिडा) हुन्छ । त्यसलाई **निरामिस दुःख** भनिन्छ । **नेक्खम्मस्सित दोमनस्स** पनि भनिन्छ । उपदेश सुन्नलाई, भावना अभ्यास गर्नलाई, भिक्षु श्रामणेर हुनलाई, अवसर प्राप्त गर्न नसकेर उत्पन्न हुने मनमा दुःख हुने पनि **नेक्खम्मस्सित दोमनस्स** नै भयो ।

६ सधैं अनुभव भइरहने काम गुण वस्तुसँग सम्बन्ध राखेर उपेक्षाभावमा बस्नुलाई **सामिस अदुःख-मसुख भनिन्छ । गेहस्सिस उपेक्खा** पनि भनिन्छ । अञ्ञाणुपेक्खा पनि भनिन्छ । उपक्लेशबाट मुक्त भइसकेको उदयब्यय ज्ञानदेखि छवटा आरम्मणलाई प्रत्येकपल्ट होशराख्दै गर्दा थाहापाउने विपश्यना ज्ञानसँग एकनाश भएर मध्यस्थरूपले उपेक्षा भावमा रहेर अनुभव गर्ने उत्पन्न हुन्छ । त्यसलाई **निरामिस अदुक्ख-मसुख** भनिन्छ । **नेक्खम्मस्सित उपेक्खा** पनि भनिन्छ ।

पजानाति = जानिरहेको हुन्छ।

इति = यो बताउँदै आएको विधि अनुसारले; अज्झत्तं वा वेदनासु = आफ्नो अनुभूति वेदनामा पनि; वेदनानुपस्सी विहरति = अनुभूति मात्र भनी भाविता गरी देखिरहेको हुन्छ। बहिद्धा वा वेदनासु = बाहिरिक भइरहेको अरूको अनुभूति वेदनामा पनि; वेदनानुपस्सी विहरति = अनुभूति मात्र भनी भाविता गरी देखिरहेको हुन्छ। अज्झत्त बहिद्धा वा वेदनासु = कहिले आफ्नो अनुभूति वेदनामा कहिले अरूको अनुभूति वेदनामा पनि; वेदनानुपस्सी विहरति = अनुभूति मात्र भनी भाविता गरी देखिरहेको हुन्छ।

वेदनासु = अनुभूति वेदनामा; समुदय-धम्मानुपस्सी वा = उत्पत्ति कारण धर्म र उत्पत्ति स्वभावलाई भाविताद्वारा हेरी पनि; विहरति = रहेको हुन्छ। वेदनासु = अनुभूति वेदनामा; वय-धम्मानुपस्सी वा = विनाश हुने कारण धर्म र विनाश स्वभावलाई भाविताद्वारा हेरी पनि; विहरति = रहेको हुन्छ। वेदनासु = अनुभूति वेदनामा; समुदयवय-धम्मानुपस्सी वा = उत्पत्ति हुने कारण; विनाश हुने कारण धर्म र उत्पत्ति, विनाश स्वभावलाई भाविताद्वारा हेरी पनि; विहरति = रहेको हुन्छ।

वा पन = स्मृति प्रकट हुने अर्को विधि एउटा के हो भने; अत्थि वेदनाति = अनुभव गर्ने स्वभाव मात्र रहेको छ भनी; अस्स सति = उक्त भिक्षुको होश राख्ने स्मृति; पच्चुपट्ठिता होति = अगाडि प्रकट हुने हुन्छ। सा सति = त्यसरी प्रकट हुने होश राखिरहने स्मृति; यावदेव ञाणमत्ताय = क्रमशः ज्ञान वृद्धि गर्नको निम्ति मात्र हो। यावदेव पटिस्सतिमत्ताय = क्रमशः फेरि होश राखिरहने स्मृति वृद्धि गर्नको निम्ति मात्र हो।

सो भिक्खु = स्मृतिले युक्त भएर जानी देखिरहेको ती भिक्षु; अनिस्सितो च विहरति = तृष्णा दृष्टि द्वारा आधार नलिई आशक्त

नभइकन पनि बसेको भनिन्छ। लोके = उपादानस्कन्ध पाँचवटा भनिने लोकमा; किञ्चि; कुनै एउटा रूप, वेदना, संज्ञा, संस्कार र विज्ञानलाई समेत; न च उपादियति = मेरो आत्म मेरो सम्पत्ति भनी तृष्णा दृष्टिद्वारा आशक्त नहुने पनि भयो।

भिक्खवे = भिक्षुहरू; एवम्पि = यो बताइसकेको विधिद्वारा पनि; वेदनासु = अनुभूति वेदनामा; वेदनानुपस्सी = अनुभूति मात्र भनी भाविता गरेर हेरी(देखी); विहरति = रहेको हुन्छ।

वेदनानुपस्सना = वेदनालाई भाविता गर्ने वेदनानुपश्यना; निट्ठिता = समाप्त भयो।

निद्देसवार ३-चित्तानुपस्सना

कथञ्च पन भिक्खवे भिक्खु चित्ते चित्तानुपस्सी विहरति। इध भिक्खवे भिक्खु सरागं वा चित्तं सरागं चित्तन्ति पजानाति; वीतरागं वा चित्तं वीतरागं चित्तन्ति पजानाति। सदोसं वा चित्तं सदोसं चित्तन्ति पजानाति; वीतदोसं वा चित्तं वीतदोसं चित्तन्ति पजानाति। समोहं वा चित्तं समोहं चित्तन्ति पजानाति; वीतमोहं वा चित्तं वीतमोहं चित्तन्ति पजानाति। संखित्तं वा चित्तं संखित्तं चित्तन्ति पजानाति; विक्खित्तं वा चित्तं विक्खित्तं चित्तन्ति पजानाति। महग्गतं वा चित्तं महग्गतं चित्तन्ति पजानाति; अमहग्गतं वा चित्तं अमहग्गतं चित्तन्ति पजानाति। सउत्तरं वा चित्तं सउत्तरं चित्तन्ति पजानाति; अनुत्तरं वा चित्तं अनुत्तरं चित्तन्ति पजानाति। समाहितं वा चित्तं समाहितं चित्तन्ति पजानाति; असमाहितं वा चित्तं असमाहितं चित्तन्ति पजानाति। विमुत्तं वा चित्तं विमुत्तं चित्तन्ति पजानाति; अविमुत्तं वा चित्तं अविमुत्तं चित्तन्ति पजानाति।

इति अज्झत्तं वा चित्ते चित्तानुपस्सी विहरति; बहिद्धा वा चित्ते चित्तानुपस्सी विहरति; अज्झत्त बहिद्धा वा चित्ते चित्तानुपस्सी विहरति। समुदय-धम्मानुपस्सी वा चित्तस्मिं विहरति; वय-धम्मानुपस्सी वा चित्तस्मिं विहरति; समुदयवय-धम्मानुपस्सी वा चित्तस्मिं विहरति। अत्थि चित्तन्ति वा पनस्स सति पच्चुपट्ठिता होति; यावदेव ञाणमत्ताय पटिस्सतिमत्ताय। अनिस्सितो च विहरति, न च किञ्चि लोके उपादियति। एवम्पि खो भिक्खवे भिक्खु चित्ते चित्तानुपस्सी विहरति।

चित्तानुपस्सना निट्ठिता

निर्देशवार ३- चित्तानुपश्यना पर्व

भिक्खवे = भिक्षुहरू; भिक्खु = भिक्षु; चित्ते = विचार गरी जानिने(थाहापाउने) चित्तमा; कथञ्च = कसरी; चित्तानुपस्सी = विचार गरेर जानिने चित्त स्वभाव मात्र भनी भाविता गरेर हेरी; विहरति = बस्दछ भने-

भिक्खवे = भिक्षुहरू; इध भिक्खु = यस शासनमा रहेको भिक्षु; वा = यस शासनमा अभ्यास र उद्योग गरिरहेको व्यक्ति; [१]सरागं वा चित्तं = रागले युक्त भइरहेको चित्तलाई पनि; सरागं चित्तन्ति = रागले युक्त भइरहेको चित्त भनी; पजानाति = जानिरहेको हुन्छ। वीतरागं वा चित्तं =रागले रहित भइरहेको वीतराग चित्तलाई

अभिप्राय

१ आशक्त हुने मज्जा हुने रमाइलो हुने चित्त उत्पन्न हुनेबेलामा उक्त चित्तलाई "आशक्त भइरहेछ, मज्जा भइरहेछ, रमाइलो भइरहेछ, खुशी भइरहेछ" आदि भनी भाविता गरेर होश राख्नुपर्दछ। यसरी दृढरूपले ध्यान राखी भाविता गरी होस राखिरहेको बेलामा आशक्त हुने रमाइलो हुने चित्त क्रम टुटेर-जान्छ। त्यस अवस्थामा आशक्ति नभएको शुद्ध भएको प्रकृति चित्तहरू मात्र उत्पन्न हुन्छन्। ती चित्तलाई पनि "जानिरहेछु, जानिरहेछु" भनी भाविता गरी होश राख्नुपर्दछ। यसरी भाविता गरेर होश राख्नुलाई नै उद्देश्य गरी **सरागं वा चित्तं** आदिलाई बताउनु भएको हो। त्यसैले अर्थकथामा...यस्मिं यस्मिं खणे यं यं चित्तं पवत्तति, तं तं सल्लक्खेन्तो चित्ते चित्तानुपस्सी विहरति... भनी बताउनु भएको हो।

यस्मिं यस्मिं खणे = जुन जुन क्षणमा; यं यं चित्त = जुन जुन सराग आदि चित्त; पवत्तति = उत्पन्न हुन्छ; तं तं = त्यस त्यस क्षणमा उत्पन्न भएको त्यस त्यस सराग आदि चित्तलाई; सल्लक्खेन्तो = होस राखिरहेको व्यक्तिलाई; चित्तानुपस्सी विहरति = चित्त भनी भाविता गरिरहेको (व्यक्ति) भनिन्छ।

पनि; वीतरागं चित्तन्ति = रागले रहित भइरहेको वीतराग चित्त भनी; पजानाति = जानिरहेको हुन्छ ।

[२]सदोसं वा चित्तं = रीस उठ्ने दोषले युक्त भइरहेको चित्तलाई पनि; सदोसं चित्तन्ति = रीस उठ्ने दोषले युक्त भइरहेको चित्त भनी; पजानाति = जानिरहेको हुन्छ । वीतदोसं वा चित्तं = रीस उठ्ने दोषले रहित भइरहेको वीतदोष चित्तलाई पनि; वीतदोसं चित्तन्ति = रीस उठ्ने दोषले रहित भइरहेको वीतदोष चित्त भनी; पजानाति = जानिरहेको हुन्छ ।

समोहं वा चित्तं = झुलिरहने, मिथ्यारूपले जान्ने मोहले युक्त भइरहेको चित्तलाई पनि; समोहं चित्तन्ति = झुलिरहने, मिथ्यारूपले जान्ने मोहले युक्त भइरहेको चित्त भनी; पजानाति = जानिरहेको हुन्छ । वीतमोहं वा चित्तं = झुलिरहने, मिथ्यारूपले जान्ने मोहले रहित भइरहेको वीतमोह चित्तलाई पनि; वीतमोहं चित्तन्ति = झुलिरहने, मिथ्यारूपले जान्ने मोहले रहित भइरहेको वीतमोह चित्त भनी; पजानाति = जानिरहेको हुन्छ ।

संखित्तं वा चित्तं =निरुत्साहित भई अल्छी भएको चित्तलाई पनि; संखित्तं चित्तन्ति =निरुत्साहित भई अल्छी भएको चित्त भनी; पजानाति = जानिरहेको हुन्छ । विक्खित्तं वा चित्तं = स्थिर नरही कुडिरहने चित्तलाई पनि; विक्खित्तं चित्तन्ति = स्थिर नरही कुडिरहने चित्त भनी; पजानाति = जानिरहेको हुन्छ ।

महग्गतं वा चित्तं = महर्गत ध्यान चित्तलाई पनि; महग्गतं चित्तन्ति = महर्गत ध्यान चित्त भनी; पजानाति = जानिरहेको हुन्छ । अमहग्गतं वा चित्तं = महर्गत नभएको काम चित्तलाई

---

२ सदोस चित्त आदिलाई भाविता गर्ने विधि पनि यहिं नै समान भयो । **विपश्यना भावना विधि ग्रन्थमा** पनि हेर्नुपर्‍यो ।

पनि; अमहग्गतं चित्तन्ति = महर्गत नभएको काम चित्त भनी; पजानाति = जानिरहेको हुन्छ ।

[३]**सउत्तरं वा चित्तं = त्यो भन्दा उत्तम भइरहेको निम्नस्तरको चित्तलाई पनि; सउत्तरं चित्तन्ति = निम्नस्तरको चित्त भनी; पजानाति = जानिरहेको हुन्छ । अनुत्तरं वा चित्तं = त्यो भन्दा उत्तम नभएको उच्चस्तरको चित्तलाई पनि; अनुत्तरं चित्तन्ति = उच्चस्तरको चित्त भनी; पजानाति = जानिरहेको हुन्छ ।**

[४]**समाहितं वा चित्तं = उपचार समाधि र अर्पणा समाधिद्वारा स्थिर भएको चित्तलाई पनि; समाहितं चित्तन्ति = स्थिर भएको चित्त भनी; पजानाति = जानिरहेको हुन्छ । असमाहितं वा चित्तं = उपचार समाधि र अर्पणा समाधि द्वारा स्थिर नभएको**

---

३ महग्गत चित्तको आधारमा काम चित्तलाई **सउत्तर चित्त** भनेर भनिन्छ । उक्त चित्तको आधारमा महग्गत चित्तलाई **अनुत्तर चित्त** भनेर भनिन्छ । अरूप चित्तको आधारमा काम चित्त र रूप चित्तलाई **सउत्तर चित्त** भनेर भनिन्छ । त्यस चित्तको आधारमा अरूप चित्तलाई **अनुत्तर चित्त** भनेर भनिन्छ । अनुत्तर भनिने नाम वास्तवमा त लोकुत्तर चित्तको नाम हो । त्यसै पनि उक्त लोकुत्तर चित्त विपश्यना भावना गर्न हुने धर्म होइन । त्यसैले यस स्मृतिप्रस्थान विपश्यनाको क्षेत्रमा लोकुत्तर चित्तलाई अनुत्तर भनेर भन्न नहुने भयो ।

४ **क्षणिक समाधि द्वारा** स्थिर भएको विपश्यना चित्तलाई यस क्षेत्रमा र उपचार अर्पणा दुई प्रकार मात्र देखाइएको अरू अरू अर्थकथामा र टीकामा, **उपचारसमाधि द्वारा** स्थिर भएको चित्तमा समावेश गरी बताउनु भएको हो । सेसानि द्वादसापि **उपचार कम्मट्ठानानेव** भनेर उल्लेख गरेर आएको पहिलेको अर्थकथाको भनाइलाई आधार लिएर जान्नु पर्‍यो ।

चित्तलाई पनिं; असमाहितं चित्तन्ति = स्थिर नभएको चित्त भनी; पजानाति = जानिरहेको हुन्छ ।

विमुत्तं वा चित्तं = तदङ्ग विष्कम्भन हिसाबले, क्लेशले मुक्त भइरहेको विपश्यना चित्त, [५] ध्यान चित्तलाई पनि; विमुत्तं चित्तन्ति = मुक्त भइरहेको चित्त भनी पजानाति = जानिरहेको हुन्छ; अविमुत्तं वा चित्तं = तदङ्ग विष्कम्भन हिसाबले क्लेशले मुक्त नभएको चित्तलाई पनि; अविमुत्तं चित्तन्ति मुक्त नभएको चित्त भनी; पजानाति = जानिरहेको हुन्छ ।

इति = यो बताइसकेको विधि अनुसारले; अज्भत्तं वा चित्ते = आफ्नो चित्तमा पनि; चित्तानुपस्सी विहरति = विचार गरेर जान्ने चित्त स्वभाव मात्र भनेर भाविता गरी हेरिरहेको हुन्छ । बहिद्धा वा चित्ते = बाहिरिक भइरहेको अरूको चित्तमा पनि; चित्तानुपस्सी बिहरति = विचार गरेर जान्ने चित्त स्वभाव मात्र भनेर भाविता गरी हेरिरहेको हुन्छ । अज्भत्तं बहिद्धा वा चित्ते = कहिले आफ्नो चित्तमा कहिले अरूको चित्तमा पनि; चित्तानुपस्सी विहरति = विचार गरेर जान्ने चित्त स्वभाव मात्र भनेर भाविता गरी हेरिरहेको हुन्छ ।

चित्तस्मिं = विचार गरेर जानिने चित्तमा; समुदय-धम्मानुपस्सी वा = उत्पत्ति कारण धर्म र उत्पत्ति स्वभावलाई भाविता गरेर हेरी पनि; विहरति = रहेको हुन्छ । चित्तस्मिं = विचार गरेर जानिने चित्तमा; वय-धम्मानुपस्सी वा = विनाश हुने कारण धर्म र विनाश स्वभावलाई भाविता गरेर हेरी पनि; विहरति = रहेको हुन्छ । चित्तस्मिं = विचार गरेर जानिने चित्तमा; समुदयवय-धम्मानुपस्सी वा = उत्पत्ति कारण धर्म विनाश कारण धर्म र उत्पत्ति विनाश स्वभावलाई भाविता गरेर देखि पनि; विरहति = रहेको हुन्छ ।

---

५ ध्यान चित्त भनेर भनिएकोमा उपचार ध्यान चित्तलाई पनि समावेश गर्नुपर्दछ ।

वा पन = स्मृति प्रकट हुने अर्को एउटा विधि के हो भने अत्थि चित्तन्ति = विचार गरेर जानिने चित्त मात्र छ भनी; अस्स सति = ती भिक्षुको स्मृति; पच्चुपट्ठिता होति = अगाडि प्रकट हुने हुन्छ। सा सति = त्यसरी प्रकट भएको स्मृति; यावदेव ञाणमत्ताय = क्रमशः ज्ञान बुद्धि विकाशको निम्ति मात्र हो। यावदेव पटिस्सतिमत्ताय = क्रमशः फेरि स्मृति विकाशको निम्ति मात्र हो।

सो भिक्खु = त्यसरी होश राखेर जानी हेरिरहेको ती भिक्षुलाई; अनिस्सितो च विहरति = तृष्णा दृष्टि द्वारा आधार भरोसा नलिइ बसिरहेको(व्यक्ति) भनिन्छ । लोके = उपदान स्कन्ध पाँचवटा भनिने लोकमा; किञ्चि = कुनै एउटा रूप, वेदना, संज्ञा, संस्कार र विज्ञानलाई समेत पनि; न च उपादियति = म, मेरो सम्पत्ति भनी तृष्णा दृष्टिद्वारा आशक्त पनि नहुने भयो।

भिक्खवे = भिक्षुहरू; भिक्खु = भिक्षु ; एवम्पि खो = यो बताइसकेको विधि अनुसारले पनि; चित्ते = विचार गरी जान्ने चित्तमा; चित्तानुपस्सी = विचार गरी जान्ने चित्त स्वभाव मात्र भनी भाविता द्वारा हेरी; विहरति = बसिरहेको हुन्छ।

चित्तानुपस्सना = चित्तलाई भाविता गर्ने चित्तानुपश्यना;
निट्ठिता = समाप्त भयो।

४-धम्मानुपस्सना १-नीवरणपब्ब

कथञ्च पन भिक्खवे भिक्खु धम्मेसु धम्मानुपस्सी विहरति। इध भिक्खवे भिक्खु धम्मेसु धम्मानुपस्सी विहरति पञ्चसु नीवरणेसु।

कथञ्च पन भिक्खवे भिक्खु धम्मेसु धम्मानुपस्सी विहरति पञ्चसु नीवरणेसु ? इध भिक्खवे भिक्खु सन्तं वा अज्झत्तं कामच्छन्दं अत्थि मे अज्झत्तं कामच्छन्दो'ति पजानाति; असन्तं वा अज्झत्तं कामच्छन्दं नत्थि मे अज्झत्तं कामच्छन्दो' ति पजानाति। यथा च अनुप्पन्नस्स कामच्छन्दस्स उप्पादो होति; तञ्च पजानाति। यथा च उप्पन्नस्स कामच्छन्दस्स पहानं होति; तञ्च पजानाति। यथा च पहीनस्स कामच्छन्दस्स आयतिं अनुप्पादो होति; तञ्च पजानाति।

सन्तं वा अज्झत्तं ब्यापादं अत्थि मे अज्झत्तं ब्यापादो'ति पजानाति; असन्तं वा अज्झत्तं ब्यापादं नत्थि मे अज्झत्तं ब्यापादो'ति पजानाति। यथा च अनुप्पन्नस्स ब्यापादस्स उप्पादो होति; तञ्च पजानाति। यथा च उप्पन्नस्स ब्यापादस्स पहानं होति; तञ्च पजानाति। यथा च पहीनस्स ब्यापादस्स आयतिं अनुप्पादो होति; तञ्च पजानाति।

सन्तं वा अज्झत्तं थिमिद्धं अत्थि मे अज्झत्तं थिनमिद्धन्ति पजानाति। असन्तं वा अज्झत्तं थिनमिद्धं नत्थि मे अज्झत्तं थिनमिद्धन्ति पजानाति। यथा च अनुप्पन्नस्स थिनमिद्धस्स उप्पादो होति, तञ्च पजानाति। यथा च उप्पन्नस्स थिनमिद्धस्स पहानं होति, तञ्च पजानाति। यथा च पहीनस्स थिनमिद्धस्स आयतिं अनुप्पादो होति, तञ्च पजानाति।

सन्तं वा अज्झत्तं उद्धच्चकुक्कुच्चं अत्थि मे अज्झत्तं उद्धच्चकुक्कुच्चन्ति पजानाति; असन्तं वा अज्झत्तं उद्धच्चकुक्कुच्चं नत्थि मे अज्झत्तं उद्धच्चकुक्कुच्चन्ति पजानाति। यथा च अनुप्पन्नस्स

उद्धच्चकुक्कुच्चस्स उप्पादो होति; तञ्च पजानाति। यथा च उप्पन्नस्स उद्धच्चकुक्कुच्चस्स पहानं होति; तञ्च पजानाति। यथा च पहीनस्स उद्धच्चकुक्कुच्चस्स आयतिं अनुप्पादो होति, तञ्च पजानाति।

सन्तं वा अज्झत्तं विचिकिच्छं अत्थि मे अज्झत्तं विचिकिच्छा'ति पजानाति। असन्त वा अज्झत्तं विचिकिच्छं नत्थि मे अज्झत्तं विचिकिच्छा'ति पजानाति। यथा च अनुप्पन्नाय विचिकिच्छाय उप्पादो होति; तञ्च पजानाति। यथा च उप्पन्नाय विचिकिच्छाय पहानं होति; तञ्च पजानाति। यथा च पहीनाय विचिकिच्छाय आयतिं अनुप्पादो होति; तञ्च पजानाति।

इति अज्झत्तं वा धम्मेसु धम्मानुपस्सी विहरति; बहिद्धा वा धम्मेसु धम्मानुपस्सी विहरति; अज्झत्तबहिद्धा वा धम्मेसु धम्मानुपस्सी विहरति। समुदय-धम्मानुपस्सी वा धम्मेसु विहरति; वय-धम्मानुपस्सी वा धम्मेसु विहरति; समुदय-वयधम्मानुपस्सी वा धम्मेसु विहरति। अत्थि धम्मा'ति वा पनस्स सति पच्चुपट्ठिता होति; यावदेव ञाणमत्ताय पटिस्सतिमत्ताय। अनिस्सितो च विहरति; न च किञ्चि लोके उपादियति। एवम्पि खो भिक्खवे भिक्खु धम्मेसु धम्मानुपस्सी विहरति पञ्चसु नीवरणेसु।

नीवरणपब्बं निट्ठितं

४-धर्मानुपश्यना १ -नीवरणपर्व

भिक्खुवे = भिक्षुहरू; भिक्खु =भिक्षु; धम्मेसु = सत्त्व होइन, प्राणी नभएको नाम रूप स्वभाव धर्ममा; कथञ्च = कसरी; धम्मानुपस्सी = स्वभाव धर्म मात्र भनी भाविता गरेर हेरी; विहरति पन = रहेको हुन्छ त भने; भिक्खवे = भिक्षुहरू; इध भिक्खु = यस शासनमा रहेको भिक्षु; वा = यस शासनमा अभ्यास र उद्योग गरिरहेको व्यक्ति; पञ्चसु नीवरणेसु = नीवरण पाँचवटा भनिने;

धम्मेसु = स्वभाव धर्ममा; धम्मानुपस्सी = स्वभाव धर्म मात्र भनी भाविता गरी हेरी; विहरति = बसिरहेको हुन्छ ।

भिक्खवे = भिक्षुहरू; भिक्खु = भिक्षु; पञ्चसु नीवरणेसु धम्मेसु = नीवरण धर्म पाँचवटामा; कथञ्च = कसरी; धम्मानुपस्सी = स्वभाव धर्म मात्र भनी भाविता गरेर हेरी; विहरति पन = बसिरहेको हुन्छ भने -

भिक्खुवे = भिक्षुहरू; इध भिक्खु = यस शासनमा रहेको भिक्षुले; वा = यस शासनमा अभ्यास र उद्योग गरिरहेको व्यक्तिले; अज्झत्तं = शरीर भित्र रहेको आध्यात्मिक सन्तानमा; सन्तं वा कामच्छन्दं = भएको [१]कामच्छन्द-लाई पनि; वा = कामच्छन्द रहेछ भने, उत्पन्न भइरहेछ भने पनि; मे = मेरो; अज्झत्तं = आध्यात्मिक सन्तानमा; कामच्छन्दो अत्थीति = कामच्छन्द रहेछ, उत्पन्न भइरहेछ भनेर; पजानाति = थाहापाइरहेको (जानिरहेको) हुन्छ । अज्झत्तं = आध्यात्मिक सन्तानमा; असन्तं वा कामच्छन्दं = नभएको कामच्छन्दलाई पनि; वा = कामच्छन्द छैन भने पनि; मे = मेरो; अज्झत्तं = आध्यात्मिक सन्तानमा; कामच्छन्दो नत्थीति = कामच्छन्द रहेको छैन भनेर; पजानाति = जानिरहेको हुन्छ ।

अभिप्राय

१ इच्छा हुने लोभ्याउने(लोभ लाग्ने) तृष्णा लोभ सबैलाई **कामच्छन्द** भनिन्छ । त्यसलाई प्रत्येकपल्ट उत्पन्न हुँदा होस राखेर जानिरहने, अत्थि मे अज्झत्तं कामच्छन्दो'ति पजानाति सँग समान नै भयो । यसरी एकचोटी दुईचोटी आदि रूपले होस राख्ने कारणले गर्दा उक्त कामच्छन्द उत्पन्न नभइ टुटेर गएकोलाई पनि देख्दछ । त्यस अवस्थामा कामच्छन्द छैन भनेर थाहापाउने नत्थि मे अज्झत्तं कामच्छन्दो'ति पजानाति सँग समान छ ।

च = अनि फेरि; अनुप्पन्नस्स कामच्छन्दस्स = पहिले उत्पन्न नभएको कामच्छन्दको; उप्पादो = अहिले नयाँ उत्पन्न भएर आउने; यथा = [२]अयोनिसो मनसिकार भनिने जुन कारणले; होति = हुन्छ; तञ्च = अयोनिसो मनसिकार भनिने उक्त कारणलाई पनि; पजानाति = जानिरहेको हुन्छ ।

च = त्यसपछि फेरि; उत्पन्नस्स कामच्छन्दस्स = उत्पति भइरहेको कामच्छन्दलाई; पहानं = तदङ्ग, विक्खम्भण (विष्कम्भन) प्रहाणद्वारा हटाउने; तञ्च = [३]योनिसो मनसिकार भनिने जुन

---

२ शमथ विपश्यनाबाट मुक्त भएको अवस्थामा छवटा द्वारमा देखिन आउने नाम रूप आरम्मणलाई नित्य, सुख, आत्म, शुभको रूपमा मनमा राखिने हुन्छ । यसरी मनमा राख्नु **अयोनिसो मनसिकार** हो । यो अकुशल जम्मैलाई उत्पत्ति गर्ने **मूल कारण** हो । यस कामच्छन्दको क्षेत्रमा शुभ भनी मनमा राख्नु मुख्य भएको छ । पहिले उत्पत्ति नभएको कामच्छन्द अयोग्य किसिमले मनमा राख्ने विचार गर्ने यस अयोनिसो मनसिकारको कारणले नै उत्पन्न हुने हो । योगीले यस अयोनिसो मनसिकारलाई पनि साक्षत् रूपले स्पष्ट हुने गरी देखी जानिरहेको हुन्छ ।

३ योनिसो मनसिकार भनेको अनित्य, दुःख, अनात्म, अशुभ अनुसारले भाविता गरी देखिने विपश्यना र अशुभ भनी मनमा राखिने शमथ नै हो । पहिले अयोग्य तरिकाले विचार गर्न पुगेकोले कामच्छन्द उत्पन्न भइरहेको क्षणमा विपश्यना भाविता गरेकोले वा अशुभ भनी मनन गरेकोले उक्त कामच्छन्द उत्पन्न हुन नपाउँदै नै हराउँछ । तदङ्ग, विक्खम्भण प्रहाणद्वारा शान्त भएर जान्छ । त्यसैले योगीले "विपश्यना भाविता गरी दिएको कारणले वा अशुभ भनी मनन गरेको कारणले कामच्छन्द शान्त भयो" भनेर विपश्यना र अशुभ मनसिकार भन्ने उक्त योनिसो मनसिकारको विषयलाई जानिरहेको हुन्छ ।

कारणले; होति = हुन्छ; तञ्च = योनिसोमनसिकार भनिने उक्त कारणलाई पनि; पजानाति = जानिरहेको हुन्छ ।

च = त्यसपछि फेरि; पहीनस्स कामच्छन्दस्स = तदङ्ग, विक्खम्भण प्रहाण द्वारा हटाइसकेको कामच्छन्दको; आयतिं अनुप्पादो = पछि फेरि साँच्चै उत्पन्न हुन नसक्ने; यथा = [४]आर्य मार्ग भनिने जुन कारणले; होति = हुन्छ; तञ्च = आर्य मार्ग भनिने उक्त कारणलाई पनि; पजानाति = जानिरहेको हुन्छ ।

अज्झत्तं = आध्यात्मिक सन्तानमा; सन्तं वा ब्यापादं = रहेको [५]ब्यापादलाई पनि; वा = ब्यापाद छ- उत्पन्न भइरहेको छ भने पनि; मे = मेरो; अज्झत्तं = आध्यात्मिक सन्तानमा; ब्यापादो अत्थीति = व्यापाद रहेछ, उत्पन्न भइरहेछ भनी; पजानाति = जानिरहेको हुन्छ । अज्झत्तं = आध्यात्मिक सन्तानमा; असन्तं वा ब्यापदं = नरहेको ब्यापादलाई पनि; वा = ब्यापाद छैन भनेर पनि; मे = मेरो; अज्झत्तं = आध्यात्मिक सन्तानमा; ब्यापादो नत्थीति = ब्यापाद छैन भनी; पजानाति = जानिरहेको हुन्छ ।

च = त्यसपछि फेरि; अनुप्पन्नस्स = पहिले उत्पन्न नभएको ब्यापादको; उप्पादो = अहिले नयाँ उत्पन्न भएर आउने;

---

४ शमथ विपश्यना द्वारा हटाइसकेको कामच्छन्द भनिने तृष्णा लोभ सबै अरहत्त मार्गद्वारा पूर्णरूपले निरोध र शान्त भएर जान्छ । अरहन्त भइसकेको व्यक्तिले कामच्छन्द पूर्ण रूपले निरोध र शान्त हुने कारण भइरहेको यस अरहत्त मार्गलाई पनि प्रत्यक्ष रूपले जानिरहेको हुन्छ । अरहन्त नभएको योगीले त श्रुत र चिन्तनद्वारा मात्रै जान्नसक्ने भयो ।

५ रीस उठाउनु, मन बिगार्नु, सास्ति गरेर मार्न मन लाग्नु, बिगार्न मन लाग्ने दोष सबैलाई ब्यापाद भनिन्छ ।

यथा = [६]अयोनिसो मनसिकार भनिने जुन कारणले; होति = हुन्छ; तञ्च = अयोनिसो मनसिकार भनिने उक्त कारणलाई पनि; पजानाति = जानिरहेको हुन्छ ।

च= त्यसपछि फेरि; उप्पन्नस्स ब्यापादस्स = उत्पन्न भइरहेको ब्यापादलाई; पहानं = तदङ्ग, विष्कम्भन प्रहाण द्वारा हटाउने; यथा = योनिसो मनसिकार भनिने जुन कारणले; होति = हुन्छ; तञ्च = योनिसो मनसिकार भनिने उक्त कारणलाई पनि; पजानाति = जानिरहेको हुन्छ ।

च = त्यसपछि फेरि; पहीनस्स ब्यापादस्स = तदङ्ग, विष्कम्भण प्रहाण द्वारा हटाइसकेको ब्यापादको; आयतिं अनुप्पादो = पछि फेरि साँच्चै उत्पन्न हुन नसक्ने ; यथा = [७]आर्य मार्ग भनिने जुन कारणले; होति = हुन्छ; तञ्च = आर्य मार्ग भनिने उक्त कारणलाई पनि; पजानाति = जानिरहेको हुन्छ ।

अज्झत्तं = आध्यात्मिक सन्तानमा; सन्तं वा थिनमिद्धं = भइरहेको थिनमिद्धलाई पनि; वा = थिनमिद्ध रहेछ, उत्पन्न भइरहेको छ भने पनि; मे = मेरो; अज्झत्तं = आध्यात्मिक सन्तानमा; थिनमिद्धं अत्थीति = थिनमिद्ध रहेछ - उत्पन्न भइरहेछ

अभिप्राय

६ ब्यापाद भनेको रीस उठ्नु, मन दुखाउनु कुनै एउटालाई नित्य, सुख, आत्म, शुभ भनी मनमा राखी "रीस उठाउनु लायक छ" भनेर मनमा राख्न पुगिने कारणले गर्दा उत्पन्न भएर आउँछ । त्यसो भएकोले 'रीस उठाउन लायक छ' भनेर यसरी मनमा राख्नु अयोनिसो मनसिकार नै हो ।

७ ब्यापाद अनागामि मार्गद्वारा बिल्कुल निरोध र शान्त हुने भयो । उक्त मार्गलाई अनागामि व्यक्तिले साक्षात् रूपले जान्दछ भन्ने मतलब हो ।

भनी; पजानाति = जानिरहेको हुन्छ । अज्झत्तं = आध्यात्मिक सन्तानमा; असन्तं वा थिनमिद्धं = नभएको थिनमिद्धलाई पनि; वा = थिनमिद्ध छैन भने पनि; मे = मेरो; अज्झत्तं = आध्यात्मिक सन्तानमा; थिनमिद्धं नत्थीति = थिनमिद्ध रहेनछ भनी; पजानाति = जानिरहेको हुन्छ ।

च = अनि फेरि; अनुप्पन्नस्स थिनमिद्धस्स = पहिले उत्पन्न नभएको थिनमिद्ध; उप्पादो = अहिले नयाँ उत्पन्न भएको; यथा = अयोनिसो मनसिकार भनिने जुन कारणले; होति = हुन्छ; तञ्च = अयोनिसो मनसिकार भनिने उक्त कारणलाई पनि; पजानाति = जानिरहेको हुन्छ ।

च = अनि फेरि; उप्पन्नस्स थिनमिद्धस्स = उत्पन्न भइरहेको थिनमिद्धलाई; पहानं = तदङ्ग, विष्कम्भन प्रहाण द्वारा हटाउने; यथा = योनिसो मनसिकार भनिने जुन कारणले; होति = हुन्छ; तञ्च = योनिसो मनसिकार भनिने उक्त कारणलाई पनि; पजानाति = जानिरहेको हुन्छ ।

च = अनि फेरि; पहीनस्स थिनमिद्धस्स = तदङ्ग, विष्कम्भन प्रहाण द्वारा हटाइसकेको थिनमिद्ध; आयतिं अनुप्पादो = पछि फेरि साँच्चै उत्पन्न हुन नसक्ने; यथा = [८]आर्य मार्ग भनिने जुन कारणले; होति = हुन्छ ; तञ्च = आर्य मार्ग भन्ने उक्त कारणलाई पनि; पजानाति = जानिरहेको हुन्छ ।

अज्झत्तं = आध्यात्मिक सन्तानमा; सन्तं वा उद्धच्चकुक्कुच्चं = भइरहेको उद्धच्चकुक्कुच्चलाई पनि;

---

८ थिनमिद्ध पूर्ण रूपले निरोध र शान्त हुने कारण धर्म अरहत्त मार्ग हो । त्यसलाई अरहन्त भएको व्यक्तिले साक्षात्रूपले जान्दछ भन्नुको मतलब हो ।

वा = उद्धच्चकुक्कुच्च रहेको छ-उत्पन्न भएको छ भने पनि; मे = मेरो; अज्झत्तं = आध्यात्मिक सन्तानमा; उद्धच्चकुक्कुच्चं अत्थीति = उद्धच्चकुक्कुच्च रहेछ - उत्पन्न भइरहेको छ भनी; पजानाति = जानिरहेको हुन्छ । अज्झत्तं = अध्यात्मिक सन्तानमा; असन्तं वा उद्धच्चकुक्कुच्चं = नभएको उद्धच्चकुक्कुच्च पनि; वा = उद्धच्चकुक्कुच्च नभएको बेला, उत्पन्न नहुने बेलामा पनि; मे = मेरो; अज्झत्तं = आध्यात्मिक सन्तानमा; उद्धच्चकुक्कुच्चं नत्थीति = उद्धच्चकुक्कुच्च रहेनछ भनेर; पजानाति = जानिरहेको हुन्छ ।

च = अनि फेरि अनुप्पन्नस्स उद्धच्चकुक्कुच्चस्स = पहिले उत्पन्न नभएको उद्धच्चकुक्कुच्च; उप्पादो = अहिले नयाँ उत्पन्न भएर आउने ; यथा = अयोनिसो मनसिकार भनिने जुन कारणले; होति = हुन्छ ; तञ्च = अयोनिसो मनसिकार भनिने उक्त कारणलाई पनि; पजानाति = जानिरहेको हुन्छ ।

च = अनि फेरि; उप्पन्नस्स उद्धच्चकुक्कुच्चस्स = उत्पन्न भइरहेको उद्धच्चकुक्कुच्चलाई; पहानं = तदङ्ग, विष्कम्भन, प्रहाण द्वारा हटाउने; यथा = योनिसा मनसिकार भनिने जुन कारणले; होति = हुन्छ ; तञ्च = योनिसो मनसिकार भनिने उक्त कारणलाई पनि; पजानाति = जानिरहेको हुन्छ ।

च = अनि फेरि; पहीनस्स उद्धचचकुक्कुच्चस्स = तदङ्ग, विष्कम्भन प्रहाणद्वारा हटाइसकेको उद्धचचकुक्कुच्चस्स; आयतिं अनुप्पादो = पछि फेरि साँच्चै उत्पन्न हुन नसकिने; यथा = [१]आर्य

---

[१] उद्धच्च अरहत्त मार्गद्वारा पूर्णरूपले निरोध र शान्त हुने भयो । कुक्कुच्च अनागामि मार्गद्वारा पूर्णरूपले निरोध र शान्त हुने भयो । अरहन्त र अनागामिहरूले उक्त आर्यमार्गलाई **साक्षात् रूपले** जान्दछ भन्ने मतलब हो ।

मार्ग भनिने जुन कारणले; होति = हुन्छ; तञ्च = आर्य मार्ग भन्ने उक्त कारणलाई पनि पजानाति= जानिरहेको हुन्छ ।

[१०]अज्झत्तं = आध्यात्मिक सन्तानमा; सन्तं वा विचिकिच्छं;

---

१० यस पादले विचिकिच्छा रहित नभएको(व्यक्ति)ले उत्पन्न भएर आएको विचिकिच्छालाई भाविता गरी होश राखेर थाहापाउनको निम्ति निर्देशन दिइएको भयो । विचिकिच्छा रहित नभएको भनेको पृथग्जन व्यक्ति नै भयो । यसैले पृथग्जन, श्रोतापन्न, सकृदागामि वा अनागामि नै होस्, यस स्मृतिप्रस्थान भावनालाई वृद्धि गर्न लायक भएको कुरा अति नै स्पष्ट भइरहेको छ । यस कथनलाई “स्मृतिप्रस्थान आचारणलाई पृथग्जनहरूले आचारण गर्नु हुँदैन; आर्यहरूले मात्र आचारण गर्नु हुन्छ” भन्ने जो कोहीं व्यक्तिहरूको **मिथ्यावादलाई** निषेध गरिएको भयो । ती कुनै व्यक्तिहरूको धारणा हो.....सोक परिदेवानं समतिक्कमाय, दुक्ख दोमनस्सानं अत्थङ्गमाय भनिने पालिलाई र दिट्ठे वा धम्मे अञ्ञा, सति वा उपादिसेसे अनागामिता भनिने पालिलाई आधार गरी शोक परिदेव दुःख दौर्मनस्यलाई श्रोतपत्ति मार्ग द्वारा हटाउन सक्दैन, अनागामि मार्ग अरहत्त मार्गद्वारा मात्र हटाउन सकिन्छ । त्यसैले स्मृतिप्रस्थान आचरणले शोक आदिलाई पूर्णरूपले निरोध र शान्त गर्न सकिने अनागामि मार्ग अरहत्त मार्गको निम्ति मात्र रहेछ भनेर र यस स्मृतिप्रस्थानलाई भाविता गर्ने व्यक्ति अनागामि र अरहन्त मात्र हुन्छ। श्रोतापन्न सकृदागामि हुन सक्दैन भनेर धारण गरी भनिराखेको भयो । **अत्थि मे अज्झत्तं विचिकिच्छा’ति पजानाति** भनिने यस पादलाई होश राख्न नसकेर त्यसै त्यसै धारण गरी भनिराखेको मात्र हो । भगवान बुद्धको उद्देश्य... यस स्मृतिप्रस्थान भावनाको **सामर्थ्य सबैलाई परिपूर्ण रूपले उल्लेख गर्न मन लागेको थियो ।** । स्मृतिप्रस्थान भावनाको सामर्थ्य आपाय दुःखबाट मुक्त हुने मात्र होइन, लोकमा नराम्रो जति सबैबाट अन्तिममा मुक्त गर्न सकिने हुन्छ । त्यसैले सोकपरिदेवानं समतिक्कमाय, दुक्खदोमनस्सानं

भएको विचिकिच्छालाई पनिं; वा विचिकिच्छा छ, उत्पन्न भइरहको छ भने पनि; मे = मेरो; अज्झत्तं = आध्यात्मिक सन्तानमा; विचिकिच्छा अत्थीति = विचिकिच्छा रहेछ, उत्पन्न भइरहेको छ भनेर पनि; पजानाति = जानिरहेको हुन्छ। अज्झत्तं = आध्यात्मिक सन्तानमा; असन्तं वा विचिकिच्छं = नभएको विचिकिच्छालाई पनि; वा = विचिकिच्छा छैन भने पनि; मे = मेरो; अज्झत्तं = आध्यात्मिक सन्तानमा; विचिकिच्छा नत्थीति = विचिकिच्छा रहेनछ भनी; पजानाति = जानिरहेको हुन्छ।

च = अनि फेरि; अनुप्पनाय विचिकिच्छाय = पहिले उत्पन्न नभएको विचिकिच्छाको उप्पादो = अहिले नयाँ उत्पन्न भएर आउने; यथा = अयोनिसो मनसिकार भनिने जुन कारणले होति = हुन्छ; तञ्च = अयोनिसो मनसिकार भनिने उक्त कारणलाई पनि; पजानाति = जानिरहेको हुन्छ।

च = अनि फेरि; उप्पन्नाय विचिकिच्छाय = उत्पन्न भइरहेको विचिकिच्छालाई; पहानं = तदङ्ग, विष्कम्भन प्रहाण द्वारा हटाउने; यथा = योनिसो मनसिकार भनिने जुन कारणले; होति = हुन्छ; तञ्च = योनिसो मनसिकार भनिने उक्त कारणलाई पनि; पजानाति = जानिरहेको हुन्छ।

अत्थङ्गमाय भनेर आज्ञा हुनु भएको हो। अनि फेरि, श्रोतापन्न सकृदागामि मार्ग मात्र उत्पन्न गर्न सकिने होइन; अरहन्त समेत हुन सकिन्छ। त्यसैले दिट्ठे वा धम्मे अञ्ञा। सति वा उपादिसेसे अनागामिता भनी सबैभन्दा माथिल्लो श्रेणी सम्म निर्देशित गरी बताउनु भयो। यसरी बताउनु भएकोद्वारा अगाडि निश्चित रूपले उत्पन्न हुनुपर्ने विपश्यना क्रमशः भएको तह तह सँगै श्रोतापत्ति मार्ग फल सकृदागामि मार्ग फललाई पनि पहिले नै पुग्न सकिने प्राप्त गर्न सकिने हुन्छ भन्ने अर्थ अभिप्रायलाई सिधा ज्ञान बुद्धि भएका जोसुकैले पनि जान्न सकिने नै भयो।

च = अनि फेरि; पहीनाय विचिकिच्छाय = तदङ्ग, विष्कम्भन प्रहाणद्वारा हटाइसकेको विचिकिच्छाको; आयतिं अनुप्पादो = पछि फेरि साँच्चै उत्पन्न हुन नसकिने; यथा = आर्य मार्ग भनिने जुन कारणले होति = हुन्छ; तञ्च = आर्य मार्ग भनिने उक्त कारणलाई पनि; पजानाति = जानिरहेको हुन्छ ।

इति = यो बताउँदै आएको विधि अनुसारले; अज्झत्तं वा धम्मेसु = आफ्नो नीवरण धर्ममा पनि; धम्मानुपस्सी विहरति = स्वभाव धर्म मात्र भनी भाविता द्वारा हेरिरहेको हुन्छ । बहिद्धा वा धम्मेसु = बाहिर भएको अरूको नीवरण धर्ममा पनि; धम्मानुपस्सी विहरति = स्वभाव धर्म मात्र हो भनी भाविता गरी हेरिरहेको हुन्छ । अज्झत्तबहिद्धा वा धम्मेसु = कहिले आफ्नो नीवरण धर्ममा कहिले अरूको नीवरण धर्ममा पनि; धम्मानुपस्सी विहरति = स्वभाव धर्म मात्र हो भनी भाविता गरी हेरिरहेको हुन्छ ।

धम्मेसु = नीवरण धर्ममा [११]समुदय-धम्मानुपस्सी वा = उत्पत्ति कारण धर्म र उत्पत्ति स्वभावलाई भाविता गरेर हेरी पनि; विहरति = बस्दछ । धम्मेसु = नीवरण धर्ममा; वय-धम्मानुपस्सी वा = विनाश हुने कारण धर्म र विनाश स्वभावलाई भाविताद्वारा हेरी पनि; विहरति = बस्दछ । धम्मेसु = नीवरण धर्ममा; समुदय-वयधम्मानुपस्सी वा = उत्पत्ति कारण, विनाश कारण धर्म र उत्पत्ति विनाश स्वभावलाई भाविताद्वारा हेरी पनि; विहरति = बस्दछ ।

वा पन = अर्को किसिमले फेरि स्मृति प्रकट हुने कसरी

---

फोट्ठब्बे अनिच्चतो जानतो पस्सतो अविज्जा पहीयति; विज्जा उपज्जति– स्पर्श गर्नुपर्ने आरम्मणलाई अनित्य भनी जानेर देखिरहेको व्यक्तिले अविद्यालाई हटाउने नै भयो। (अविद्या हराएर जान्छ।) विद्या-ज्ञान उत्पन्न हुन्छ। (सं. २-२-३२)।

इत्यादि सलायतन संयुक्त देशना पालिसँग पनि मिलेको भयो। महास्मृतिप्रस्थान सूत्रमा आइराखेको आयतन धर्मानुपश्यना अन्तर्गत पनि रहेको छ। अनि फेरि-

या चेव खो पन अज्झत्तिका वायोधातु या च बाहिरा वायोधातु; वायोधातु येवेसा; तं "नेतं मम; नेसो हमस्मिं; न मेसो अत्ता" ति एवमेतं यथाभूतं सम्मप्पञ्ञाय दट्ठब्बं-

जुन शरीर भित्र रहेको आध्यात्मिक वायोधातु र शरीरदेखि बाहिर रहेको बाहिरिक वायोधातु रहेका छन्; ती दुईवटा वायोधातु मात्र हो। उक्त वायोधातुलाई "यो मेरो सम्पत्ति होइन; यो म होइन; यो मेरो आत्म होइन" भनेर यसरी जस्तो छ त्यस्तै यर्थाथरूपले जानेको प्रज्ञाद्वारा जस्तो रहेको छ त्यस्तै भाविता गरी होश राख्नुपर्दछ। (म. २-९३; म, ३-२८४)।

इत्यादि धातु देशना पालिसँग पनि मिलेको भयो। महास्मृतिप्रस्थान सूत्रमा आइरहेको धातु मनसिकार कायानुपश्यना अन्तर्गत पनि रहेको छ। त्यस अतिरिक्त, पेट टम्म हुने कस्सिने चल्ने वायु-रूप रूपउपादानस्कन्ध दुःख सत्य धर्म भएकोले-

कतमञ्च भिक्खवे दुक्खं अरियसच्चं, पञ्चुपादानक्खन्धातिस्स वचनीयं-

भिक्षुहरू, दुःख आर्यसत्य केलाई भनिन्छ ? उपादानस्कन्ध पाँचवटा नै हुन् भनी उत्तर दिनुपर्दछ। (सं. ३-२-४८८)।

दुक्खं भिक्खवे अरियसच्चं परिञ्ञेय्यं-

भिक्षुहरू, दुःख आर्य सत्यलाई विभाजन गरी जान्नुपर्दछ । (सं. ३-२-४९९) । इत्यादि सत्य देशना पालिसँग पनि मिलेको छ । महास्मृतिप्रस्थान सूत्रमा आर्य सत्य धर्मानुपश्यना अन्तर्गत पनि रहेको छ ।

उपर्युक्त साधक नमूना पालिद्वारा पेट फुल्नु सुक्नु भनेको टम्म हुनु कस्सिनु चल्नुलाई भाविता गर्नुहुन्छ भन्ने कुरा पनि स्पष्ट छ । उक्त फुल्नु सुक्नुलाई भाविता गर्नु द्वारा यथार्थ रूपले जानिने देखिने **सम्मादिट्ठि** (सम्यक्-दृष्टि) **विज्जा ञाण**(विद्या ज्ञान) उत्पन्न भएर **मिच्छादिट्ठि** (मिथ्यादृष्टि) **अविज्जा** (अविद्या) लाई हटाउन सक्ने मार्गफल निर्वाणमा पनि पुग्न सकिने कारण समेत स्पष्ट भइरहेको छ ।

सीलवतावुसो कोट्ठिक भिक्खुना पञ्चुपादानक्खन्धा अनिच्चतो दुक्खतो...पे...अनत्ततो योनिसो मनसिकारतब्बा । ठानं खो पनेतं आवुसो, विज्जति यं सीलवा भिक्खु इमे पञ्चुपादानक्खन्धे अनिच्चतो दुक्खतो...पे...अनत्ततो योनिसो मनसिकरोन्तो सोतापत्तिफलं सच्छिकरेय्य...पे...सकदागामि फलं सच्छिकरेय्य...पे... अनागामि फलं सच्छिकरेय्य...पे...अरहत्तफलं सच्छिकरेय्य । (सं. २-१-१५०) ।

आवुसो कोट्ठिक, शीलले सम्पन्न भएको भिक्षुले उपादानस्कन्ध पाँचवटालाई अनित्य, दुःख...अनात्म भनी योग्यरूपले यथार्थरूपले मनन गर्नुपर्दछ; भाविता गर्नुपर्दछ । आवुसो कोट्ठिक, शीलले सम्पन्न भएको भिक्षुले यस उपादानस्कन्ध पाँचवटालाई अनित्य, दुःख... अनात्म भनी योग्य अनुसारले यथार्थरूपले मनन गरेमा भाविता गरेमा स्रोतापत्ति फललाई साक्षात्कार गर्न सकिने कारण रहेको छ । ... स्रोतापन्न पुद्गलले सकृदागामि फललाई साक्षात्कार गर्न सकिने, सकृदागामि पुद्गलले अनागामि फललाई साक्षात्कार गर्न सकिने, अनागामि पुद्गलले अर्हत् फललाई साक्षात्कार गर्न सकिने कारण रहेको छ ।

उपर्युक्त सीलवन्त सूत्रद्वारा उपादानस्कन्ध पाँचवटालाई यथार्थरूपले भाविता गरेमा स्रोतापन्न, सकृदागामि, अनागामि र अरहन्त हुन सकिने स्पष्ट रूपमा देखाइरहेको छ । फुल्नु सुक्नु रूप उपादानस्कन्ध

अर्न्तगत रहेको वायु रूप हो । त्यसो भएको हुँदा उक्त फुल्ने सुक्ने वायु रूपलाई भाविता गर्नुद्वारा स्रोतापन्न पनि हुन सकिने सकृदागामि, अनागामि र अर्हत् पनि हुन सकिने बिल्कुलै स्पष्ट भइरहेको छ ।

यथा यथा वा पनस्स कायो पणिहितो होति, तथा तथा नं पजानाति - रूपकाय शरीर जुन जुन आकार प्रकारले अवस्थित हुने हो; ती ती आकार प्रकारले उक्त रूपकायलाई जान्दछ भनेको-

यस स्मृतिप्रस्थान पालिमा **"यथा यथा** = जुन जुन आकार प्रकारले; **तथा तथा** = ती ती आकार प्रकारले" भनेको कुराहरूले पनि फुल्नु सुक्नु देखि लिएर शरीरको सम्पूर्ण आकार प्रकारलाई देखाउन सकिने नै भयो; देखाउन नसकिने त होइन । उक्त कायको सम्पूर्ण आकार प्रकार पनि अहिले उल्लेख गरी आइसकेको सूत्र पालि अनुसारले र यस्तै अरू अरू सूत्र पालि अनुसारले विपश्यना भाविता गर्न योग्य भएको, गर्न हुने रूप धर्म नै मात्र छ। उक्त काय आकार प्रकार रूपहरू मध्ये विपश्यना भाविता गर्न नहुने रूप भनेको कुनै एउटा पनि छैन । त्यसैले फुल्नु सुक्नु देखि लिएर शूक्ष्मातिशूक्ष्म भएको शरीरको आकार प्रकार जम्मैलाई यस **"यथा यथा वा पनस्स"** आदि वाक्यमा समावेश गरेर देखाएको जुन कुनै पालिसँग पनि विरोध नभएको त्यति मात्र होइन; रूपलाई भाविता गर्नको निम्ति देखाइराखेको सम्पूर्ण पालिसँग पनि समान रूपले मिल्ने फल पनि रहेको छ । यस इर्यापथ पर्वमा भाविता गर्न योग्य भएको रूप धर्म सबै परिपूर्ण हुने फल पनि रहेको छ ।

यसको अतिरिक्त तथागत सम्यक्सम्बुद्धको मनोभावना अनुसारले पनि भाविता गर्न योग्य भएको नाम रूप सबैमा सकिन्छ भने अनित्य, दुःख र अनात्म भनी भाविता गर्नु मात्र अभिवांछित छ । भाविता गर्न सकेर पनि भाविता नगरी बाँकी राख्नु अभिवांछित नभएको भयो । त्यसैले यस इर्यापथ पर्वमा भाविता गर्न योग्य भएको रूप धर्म सबै निःशेषरूपले परिपूर्ण गर्नको लागि तथागत सम्यक्सम्बुद्धको आकांक्षा अनुरूप समावेश गरेर देखाउँदै आएको हो ।

हामीहरूले मात्र समावेश गरेर देखाउँदै आएको होइन महोपकारक लेदी सयादोले पनि अनात्म-दीपनी ग्रन्थको पृष्ठ-(५)-मा निम्न प्रकारले समावेश गरी देखाउनु भएको छ ।

लेदी सयादोको समावेश विधि

यथा यथा वा पनस्स कायो पणिहितो होति; तथा तथा नं पजानाति भन्ने पालिमा "उल्लेख गरी आइसकेको इर्यापथ चारवटामा समावेश भएको शरीरको अङ्ग प्रत्यङ्ग समूहको चल्ने राख्ने लुकाउने लिने उठाउने आदि शरीरको आकार प्रकार समूहलाई काम गर्दै जाने अवस्थामा पनि अघि पछि गर्दै आइरहेको जस्तै होश हवास नराखीकन गर्नु हुँदैन; यसरी गर्दछु भनी शरीरको अङ्गलाई आरम्मण गरेर मात्रै गर्नुपर्दछ" भन्ने विधिलाई देखाउनु भएको छ।

मुख्य कुरा के हो भने कायगतासति भनिराखेको अनुसारले आफ्नो शरीरबाट अलग्ग बाहिरतिर आफ्नो चित्त उडेर नजाने किसिमले स्मृतिद्वारा वशमा राख्नुपर्दछ। यसरी ठूलो सानो इर्यापथमा अघि पछि जस्तै होश हवाश नराखीकन गर्दै आएकोलाई त्यस्तो नगरी सबैलाई पूर्णरूपले जानी जानी मनले देख्ने गरी गर्नु नै मात्र असम्मोहसम्प्रजन्य भनिन्छ।

धेरैजसो अर्थकथामा देखाइराखेको इर्यापथ विधि, असम्मोहसम्प्रजन्य विधिहरू गम्भीर प्रज्ञा ज्ञान भएका व्यक्तिहरूका लागि मात्र योग्य विधि हो। (अनात्म–दीपनी–५)।

उपर्युक्त कुराले शूक्ष्मातिशूक्ष्म भएको शरीरको आकार प्रकार गतिविधिलाई **यथा यथा वा पनस्स**–वाक्यमा महोपकारक लेदी सयादोले समावेश गरी देखाउनु भएको भनाइ हो। उक्त भनाइहरू मध्ये अन्तिम पादमा अर्थकथामा देखाइराखेकोलाई पनि विवेचना गरिराखेकोमा लेदी सयादोले ती विषय लेख्नुभएको बेलामा धेरै अर्थकथा टीकाहरूलाई पनि गहन अध्ययन गरिसकेपछि मात्रै पालिको अर्थ र अभिप्राय पूर्णरूपले उपलब्ध गर्न सकिने सबैभन्दा राम्रो अर्थ छ्यानेर लेख्नुभएको हो भनेर होश राख्नु योग्य छ। सम्बन्धित अर्थकथा र टीकामा उध्दृत गरेर देखाउनु नभएको त ग्रन्थभार हुन नदिने इच्छा भएको कारणले र अर्थकथा टीकाको व्याख्यालाई विस्तृत रूपले टीका टिप्पणी गर्न मन नलागेको कारणले गर्दा मात्र उल्लेख गर्नु नभएको हुनसक्दछ। अर्थकथा टीकालाई टीकाउन (बचाइ राख्न) चाहेको कारणले देखाउनु नभएको

हो भनेर दोष दिन योग्य छैन । हामीहरूले पनि त्यस्तै नै ग्रन्थभार हुन दिन मन नलागेको कारणले र अर्थकथा टीकाको व्याख्यालाई विस्तृत रूपले टीका टिप्पणी गर्न मन नलागेको कारणले गर्दा यस निश्चय पृ.नं. ४६-४७ मा सम्बन्धित अर्थकथा टीका उद्धरण गरेर नदेखाएको हो । परवादी व्यक्ति एकजनाले दोषारोपण गरीराखेकोले सम्बन्धित अर्थकथा टीकाहरूलाई पनि यस ठाउँमा उल्लेख गर्दैछु ।

अर्थकथा उद्धरण

यथा यथा वा पनस्स ... पे ... पजानाती'ति सब्बसङ्गाहिकवचनमेत्तं। इदं वुत्तं होति-येन येन वा आकारेनस्स कायो ठितो होति; तेन तेन नं पजानाति। गमनाकारेन ठितं गच्छतीति पजानाति; ठाननिसज्जासयनाकारेन ठितं सयानोम्ही'ति पजानाती'ति । (दी-ट्ठ-२-३२२ । म.ट्ठ १-२६३) **।**

यथा यथा वा पनस्स । पे । पजानाति भन्ने यो कथन सबैलाई समावेश गरेको कथन हो अर्थाभिव्यक्ति यसरी भयो - अर्को फेरि जुन जुन आकार प्रकारले ती व्यक्तिको शरीर स्थित हुने हो; त्यस त्यस आकार प्रकारले उक्त शरीरलाई जानिरहेको हुन्छ वा जान्दछ । जाने आकार प्रकारले स्थित भइरहेको शरीरलाई गइरहेछु भनी जान्दछ । उठ्ने-बस्ने-लेट्ने आकार प्रकारले स्थित भइरहेको शरीरलाई ... लेटिरहेछु भनी जान्दछ-(अर्थ) ।

सब्बसङ्गाहिकवचनन्ति सब्बेसम्पि चतुन्नं इरियापथानं एकज्झं सङ्गण्हनवचनं । पुब्बे विसुं विसुं इरियापथानं वुत्तत्ता इदं नेसं एकज्झं गहेत्वा वचनन्ति अत्थो । पुरिमनयो वा इरियापथप्पधानो वुत्तो'ति तत्थ कायो अप्पधानो अनुनिप्फादी'ति इध कायं, पधानं अप्पधानञ्च इरियापथं अनुनिप्फादिं कत्वा दस्सेतुं दुतियनयो वुत्तो'ति एवम्पेत्थ द्विन्नं नयानं विसेसो वेदितब्बो । (दी.टी. २–३८३ । म.टी. १–३१५) ।

सम्पूर्णलाई संग्रह गरेर लिएको वचन भनेको, सबै पनि भइरहेको इर्यापथ चारवटालाई एक ढिक्का गरेर संग्रह गरिने वचन हो । इर्यापथलाई पहिले छुट्टा छुट्टै गरी बताउनु पर्ने भएकोले यस (यथा यथा आदि कुरा) त्यसलाई एक ढिक्का एक समूह गरी लिएर, भनिराखेको

वचन हो । अर्को फेरि (गच्छन्तो वा गच्छामी'ति पजानाति आदि) पहिलाको विधि इर्यापथलाई नै प्रधानता दिएर बताइराख्नु भएको हो । त्यसैले उक्त विधिमा काय अप्रधान भएर क्रमशः गएर निष्फन्न हुने भयो (पछि पछि जाने हो) । त्यसो भएकोले यस ठाउँमा कायलाई प्रधान गरेर र इर्यापथलाई क्रमिकरूपले गएर निष्फन्न हुने पछि पछि जाने अप्रधान गरेर देखाउनको निम्ति (यथा यथा वा पनस्स आदि) दोस्रो विधिलाई बताइराखेको भयो – भनेर यस ठाउँमा दुईवटै विधिको विशेषतालाई यसरी पनि जान्नुपर्दछ । (अर्थ)

उपर्यक्त पालि अर्थकथामा अर्थ अभिप्राय ग्रहण गर्ने विधि (१) टीकाको पहिलो उद्धरणलाई आधार गरेर ग्रहण गर्ने विधि र (२) टीकाको दोस्रो उद्धरणलाई आधार गरेर ग्रहण गर्ने विधि भनी दुईप्रकारले छुट्याएको छ ।

टीका प्रथम उद्धरण अनुसारले ग्रहण विधि

त्यसमध्ये (१) टीका प्रथम उद्धरण अनुसार सब्बसंगाहिक वचन भन्ने पद्मा सब्ब– भनेको शरीरको सम्पूर्ण आकार प्रकारलाई भनिराखेको होइन । इर्यापथ सबैलाई मात्र भनिराखेको हो । त्यसो भएकोले यथा यथा येन येन आकारेन– जुन जुन आकारले भन्ने कुरा; तथा तथा तेन तेन आकारेन– ती ती आकारले भन्ने कुराद्वारा शरीरको सम्पूर्ण आकारलाई लिनुहुँदैन; इर्यापथ चारवटा सम्पूर्ण आकारलाई मात्र लिनुपर्दछ । उक्त इर्यापथ चारवटालाई पनि गमनाकारेन ठितं ... सयानोम्ही'ति पजानाती'ति – भन्ने कुराद्वारा पूर्णरूपले स्वरूप उल्लेख गरेर देखाएको छ; त्यो भन्दा बढी लिनु हुँदैन– भनिने मतलब हो । कसरी भने– **चित्तं उप्पन्नं होति रूपारम्मणं वा ...पे ... धम्मारमणं वा; यं यं वा पनारब्भ– भन्ने धम्मसङ्गणी पालिको ब्याख्या अट्ठसालिनीमा–**

यं यं वा पनारब्भाति एत्थ अयं योजना; हेट्ठा वुत्तेसु रूपारम्मणादीसु रूपारम्मणं वा आरब्भ, आरम्मणं कत्वाति अत्थो । सद्दारम्मणं वा ॥ प ॥ धम्मारम्मणं वा आरब्भ उप्पन्नं होति (पेज–१५२) ।

यं यं वा पनारब्भ– भनिने यस पालिमा यो बताउन

लागेको सम्बन्ध राख्ने विधि हो । तल (अगाडि) बताएर आइसकेको रूपारम्मण आदिहरू मध्ये रूपारम्मणलाई भए पनि आरम्मण गरेर भन्ने मतलब हो; शब्दारम्मणलाई भए पनि आरम्मण गरेर ... धर्मारम्मणलाई भए पनि आरम्मण गरेर चित्त उत्पन्न भएर आउँछ । (अर्थ) भनेको –

यस उद्धरणमा जस्तै नै ग्रहण गर्नुपर्दछ । अगाडि रूपारम्मण आदि आरम्मण छवटालाई आरम्मण गरेर चित्त उत्पन्न हुने हो भनेर भनिसकेपछि अनि फेरि क्रमशः भनिराखेको(यं यं वा पनारब्भ) भन्ने कुराद्वारा बढी अर्थ विशेषता भएको अर्थ नभई अगाडि भनिसकेको आरम्मण छवटामध्ये जुन भए पनि एउटा क्रम रहित भएको एउटा एउटालाई आरम्मण गरी चित्त उत्पन्न हुन्छ भन्ने अर्थलाई मात्र ग्रहण गर्नुपर्ने जस्तै यस **यथा यथा वा पनस्स** आदिमा पनि अगाडि भनिसकेको इर्यापथ चारवटा मध्ये जुन भए पनि एउटा क्रमबद्ध नभएको एउटा एउटा इर्यापथद्वारा स्थित भइरहेको शरीरलाई जान्नुपर्दछ– भन्ने मतलब हो । यो भयो टीका प्रथम उद्धरणलाई आधार लिएर ग्रहण गर्ने विधि ।

माथि भनिसकेको परवादी व्यक्तिले उपर्यक्त टीकाबाट प्रथम उद्धरण अनुसार ग्रहण गर्ने विधिलाई मात्र सुदृढ प्रामाणिक आधार मानेर यस निश्चयको पृष्ठ नं ४६–४७ मा समावेश गरेर देखाएकोलाई दूराग्रह पूर्वक भयानक रूपले दोषरोपण र आलोचना गरी प्रतिकार गऱ्यो । वास्तवमा फुल्ने सुक्ने आदि शूक्ष्मातिशूक्ष्म भएको शरीरको आकार प्रकारलाई उक्त टीका उद्धरण प्रथम विधि अनुसारले **यथा यथा वा पनस्स** वाक्यमा समावेश छैन भनेर भन्न सकिने भए पनि धातु मनसिकार देशना, स्कन्ध देशना आदि सयौं अरू अरू सूत्र देशनामा समावेश भइरहेको हुँदा त्यसरी एकपक्षीय अनुसारले आलोचना र आक्षेप गर्न सुहाउँदैन । अनि फेरि उक्त टीकामा नै पहिलो विधिलाई सन्तोष नमानेर पछि फेरि भनीराखेको दोस्रो विधि अनुसारले त उक्त शूक्ष्मातिशूक्ष्म शरीरको आकार प्रकारहरू पनि **यथा यथा वा पनस्स**– आदि उक्त वाक्यमा समावेश गर्न लायक भएकै भयो । समावेश गर्न लायक कुरा स्पष्ट पार्दछु ।

टीका दोस्रो उद्धरण अनुसारले ग्रहण विधि

२) टीका दोस्रो व्याख्यामा **"कायं पधानं अप्पधानञ्च इरियापथं अनुनिप्फादिं कत्वा दस्सेतुं दुतियनयो वुत्तो"** भनिने कुराद्वारा **यथा यथा वा पनस्स** – आदि दोस्रो विधि देशनामा "कायलाई नै प्रधान गरी देखाइराखेको छ; इर्यापथलाई मात्र पछि पछि आउने अप्रधान गरी देखाइराखको छ" भनी भनिराखेकोमा **सब्बसंगाहिकवचन** पदले सब्ब – सबैको स्वरूपलाई पनि प्रधान गर्नुपर्ने कायको आकार प्रकार जम्मैलाई लिनुपर्ने भयो; अप्रधान भइरहेको इर्यापथ, चारवटालाई मात्र लिनुपर्ने होइन । यसरी सम्पूर्ण शरीरको आकार प्रकारलाई लिने बेलामा उक्त शरीरको आकार प्रकारसित सम्बन्धित भएको इर्यापथ चारवटा पनि पछि पछि आउने किसिमले स्वतः नै समावेश भएको भयो । उपमा कसरी भने –

बसिराखेको बेलामा **"यथा यथा तथा तथा**– स्वरूप अनुसारले" शान्तले बसिराख्ने, अगाडि निहुरिने, पछाडि जाने, खुम्च्याउने, पसार्ने, हलचल हुने, फुल्ने, सुक्ने आदिलाई भाविता गरी जान्यो भने बस्ने इर्यापथलाई पनि अप्रधान रूपले जानिराखेको नै भनिन्छ । गइरहेको बेलामा उभिरहेको बेलामा लेटिरहेको बेलामा पनि त्यस त्यस शरीरको आकार प्रकार सबैलाई भाविता गर्नुद्वारा जान्यो भने जाने, उभिने, लेटिने इर्यापथलाई पनि अप्रधान रूपले जानिराखेको नै भनिन्छ । यसरी शरीरको आकार प्रकार एउटा एउटालाई प्रधान गरेर जानिराखेको हुनाले स्वतः समावेश भएर सिद्ध हुँदै गएको इर्यापथलाई टीकामा अनुनिप्फादि– भनी भनिराखेको भयो । यो भयो वा–अर्को–भनी देखाइराखेको टीका व्याख्या दोस्रो विधि अनुसार **"यथा यथा वा पनस्स"** आदि वाक्यमा अर्थ अभिप्राय ग्रहण गर्ने विधि ।

यस्तो हुनेबेला अर्थकथामा इर्यापथ चारवटाद्वारा स्थित भइरहेकोलाई देखाएर शूक्ष्म भएको शरीरको आकार प्रकारद्वारा स्थित भइरहेकोलाई के कारणले नदेखाएको त भन्दा स्पष्टरूपले प्रधान भइरहेको इर्यापथ चारवटा द्वारा स्थित भइरहेको तरिकालाई देखाइसकेपछि अप्रधान भइरहेको शरीरको आकार प्रकार अनुसारले स्थित भइरहेकोलाई पनि जान्न सकिने हुनाले त्यसलाई स्वरूप अनुसार उल्लेख गरेर नदेखाएको

हो भनेर थाहापाउनु पर्दछ । यसरी शरीरको आकार प्रकार सामान्यलाई थाहा दिलाउन मन लागेको भएर यस सूत्रको व्याख्या अर्थकथामा– **यथा यथा** पदलाई **"येन येन आकारेन**– जुन जुन आकारले" भनेर सामान्य रूपले मात्र उल्लेख गरिराखेको हो । यदि इर्यापथको विशेष आकार प्रकारलाई मात्र अपेक्षित भएको भए यस ठाउँमा **"यं यं वा पनारब्भ**- भनिने पदको व्याख्या अर्थसालिनी अर्थकथामा जस्तै **"इदं वुत्तं होति हेट्ठा वुत्तेसु इरियापथेसु येन येन वा आकारेन** यस्तो अर्थ अभिलक्षित हो – अनि फेरि **तल (अगाडि) भनिसकेको इर्यापथ चारवटामध्ये** जुन जुन आकारले" भनेर **निर्धारण विशेषण पद सहित** स्पष्ट हुने गरी कोट्याएर देखाउनु पर्ने भयो ।

साँच्चै हो, धम्मसङ्गणी पालिमा–

यस्मिं समय कामावचरं कुसलं चित्तं उप्पन्नं होति ...पे... रूपारम्मणं वा सद्दारम्मणं वा गन्धारम्मणं वा रसारम्मणं वा फोट्ठब्बारम्मणं वा धम्मारम्मणं वा यं यं वा पनारब्भ–

जुन अवस्थामा कामावचर कुशल चित्त रूपारम्मणलाई, शब्दारम्मणलाई, गन्धारम्मणलाई, रसारम्मणलाई, प्रष्टव्यारम्मणलाई वा धर्मारम्मणलाई, फेरि अर्को किसिमले भन्नुपर्दा जुनसुकै भए पनि यो त्यो **एउटा, एउटा न एउटा आरम्मण गरी** उत्पन्न हुने हो भनेर–

चित्तलाई आरम्मणद्वारा परिच्छेद गरेर देखाइराखेकोमा चित्तको आरम्मण रूपारम्मणबाट शुरु गरेर धर्मारम्मण अन्त भइरहेको छ प्रकार मात्र भएकोले धम्मारम्मणसम्मको कुराद्वारा नै छवटा आरम्मण पूर्ण भइसकेको भएर **"यं यं वा पनारब्भ** = जुनै भए पनि यो त्यो एउटा, एउटा न एउटा आरम्मणलाई आरम्मण गरी" भनिने पछाडिको कुरामा नयाँ आरम्मणद्वारा सीमित गर्न नपर्ने भयो । त्यसैले उक्त पालिको व्याख्या अर्थसालिनी अर्थकथामा–

यं यं वा पनारब्भा'ति एत्थ अयं योजना, हेट्ठा वुत्तेसु रूपारम्मणादीसु रूपारम्मणं वा आरब्भ ॥ पे ॥ धम्मारम्मणं वा आरब्भ उप्पन्नं होति –

फेरि अर्को किसिमले भन्नुपर्‍यो भने, जुनै भए पनि यो त्यो एउटा, एउटा न एउटा आरम्मणलाई आरम्मण गरी भनिने पालिमा

यो बताउन लागेको योजना तरिका हो– तल (अगाडि रूपारम्मणं वा आदिमा) बताइसकेको रूपारम्मण आदि मध्ये रूपारम्मणलाई भए पनि आरम्मण गरी ... धर्मारम्मणलाई भए पनि आरम्मण गरी (चित्त) उत्पन्न हुने हुन्छ – भनेर उल्लेख गरेको छ ।

उक्त व्याख्यामा **हेट्ठा वुत्तेसु रूपारम्मणादीसु** भन्ने आधार विशेषण पदलाई विशेष होश गर्नुपर्दछ । **यं यं वा पन** – भन्ने कुराद्वारा कुनै एउटा अनिश्चित आरम्मण भनेर भने पनि यस क्षेत्रमा त बताएर आइसकेको छवटा आरम्मणबाट अलग्ग अर्को आरम्मण भनेको कुनै पनि छैन । त्यसैले उक्त बताइसकेको छवटा आरम्मणमध्ये अनिश्चित क्रम नभएको एउटा एउटालाई नै ग्रहण गर्नुपर्दछ भनेर थाहा दिन मन लागेकोले "**हेट्ठा वुत्तेसु रूपारम्मणदीसु"–** तल बताइसकेको रूपारम्मण आदि मध्ये भनेको निर्धारण विशेषण पदलाई समेत राखेर स्पष्ट उल्लेख गरिएको छ ।

यथा यथा वा पनस्स भनिने यस ठाउँमा भने यथा यथा येन येन आकारेन भनिने पालि अर्थकथा अनुसार ग्रहण गर्न सकिने आकार तौर तरिका बताएर आइसकेको इर्यापथ चारवटा मात्र भएको होइन, वास्तवमा त उक्त पालि अनुसारले ग्रहण गर्न सकिने ग्रहण गर्न लायक र गर्न हुने शरीरको क्रियाकलाप(स्वभाव) आकार प्रकारहरू सयौं भन्दा बढी नै छन् । त्यसैले नै यस सूत्रको व्याख्या अर्थकथामा "हेट्ठा वुत्तेसु इरियापथेसु" भनी निर्धारण सीमित नगरी **"इदं वुत्तं होति– येन येन आकारेन"** भनेर सामान्य रूपले मात्र उल्लेख गरिराखेको हो ।

हुन योग्य (हुनुपर्ने) अर्थलाई पूर्णरूपले देखाउने व्याख्या

देखाइसकेको टीकाको दोस्रो व्याख्या प्रधान भइरहेको कायको क्रियाकलाप (स्वभाव) सबैलाई **"यथा यथा; तथा तथा"** भनिने पालिद्वारा संग्रह गरी लिन सकिने किसिमले व्याख्या गरिराखेकोले उक्त व्याख्या अनुसार पेट फुल्ने सुक्ने समेत सम्पूर्ण शरीरको शूक्ष्म आकार प्रकार सबै पनि **"यथा यथा वा पनस्स"** आदि वाक्यमा समावेश भएकै भयो । यसरी समावेश भएकोले यस दोस्रो व्याख्या सामान्य किसिमले बताइराख्नु भएको पनि **"यथा यथा वा पनस्स"** आदि देशना पालिमा हुन योग्य

हुन सुहाउने जतिपनि अर्थ सबैलाई सम्पूर्णरूपले नै उल्लेख गर्न सकिने भयो । त्यसैले नै यस व्याख्यालाई दोस्रो स्थानमा राखेर टीकाचार्यले देखाएको हो । अर्थकथा र टीकामा अगाडिको विधिले सन्तोष नभएर दोस्रो तेस्रो फेरि व्याख्या गरिराखेकोमा पछाडि रहेको विधिलाई सबैभन्दा गौरव र मान्यता दिन लायक भएको कुरा ती ग्रन्थकारहरूले नै सूचित गरिराखेका छन् ।

त्यसो भएकोले नै महोपकारक महास्थविर लेदी सयादोले पालिको अर्थ अभिप्राय पूर्णरूपले उपलब्ध हुनसक्ने गरी उक्त टीका व्याख्या दोस्रो विधिलाई नै आधार गरेर (यस परिशिष्ट पृष्ठ २१३–२१४ मा उल्लेख गरिसकेको जस्तै) अनात्म-दीपनी ग्रन्थमा यथा यथा वा पनस्स आदि देशनामा शब्दको अर्थ अभिप्रायलाई पूर्णरूपले उल्लेख गर्नुभयो । हामीले पनि उहाँ सयादोले जस्तै नै सन्तोष मानेर यस निश्चयको ४६–४७ मा उक्त अर्थ अभिप्रायलाई देखाउँदै आएको हो ।

भाविता गर्न लायक धर्म यथार्थ हुनुपर्ने मात्र मुख्य हो

तर पनि उपर्युक्त परवादी व्यक्तिले भने टीकाको पहिलो वाक्यसँग सहमत नभइकन **यथा यथा वा पनस्स** आदि कुरामा समावेश गरिराखेको कारणले गर्दा फुल्नु सुक्नुलाई विपश्यना भाविता गर्न नहुने जस्तै गरी काल्पनिक रूपमा पनि के कस्तो जस्तो गरी निशेध र आक्षेप गरेको छ । वास्तवमा त भाविता गर्न हुने धर्म भयो भने जस्तोसुकै देशनामा समावेश गरेर देखाएता पनि भाविता गर्न नहुने धर्म हुन सक्दैन । भाविता गर्न योग्य धर्म नै मात्र सधैं भइराख्छ । त्यसैले यो त्यो देशनामा समावेश गरेर देखाउने मुख्य होइन; भाविता गर्न हुने धर्म हुनुपर्ने नै मात्र मुख्य भएको छ । यस ठाउँमा स्पष्ट पारेर देखाउँदै छु – भाविता गर्न योग्य धर्म भएर पनि कुनै एउटा धर्मलाई देशनाको स्वरूप अनुसार उल्लेख गरेन भने उक्त धर्मलाई देशनाबाट अलग्ग हुन नदिनको निम्ति अनुकूल ठाउँमा समावेश गरी देखाउनु ग्रन्थकारहरूको कर्तव्य नै हुन्छ ।

यस ठाउँमा साधक नमूना एउटा उल्लेख गरेर देखाउनु पऱ्यो भने– **मत्थलुङ्ग–गिदी(मगज)** भनिने कोट्ठासलाई स्वयं भगवान् बुद्धले

बताउनु भएको पालि स्वरूप अनुसार उल्लेख गरिराखेको छैन; आयुष्मान सारिपुत्र स्थविरले बताउनु भएको भनेको प्रतिसम्भिदा मार्ग पालिमा मात्र देखिन्छ । तर प्रतिसम्भिदा मार्ग पालि स्वरूप अनुसार प्रकट हुने गरी देखाइराखेकोले उक्त गिदी कोट्ठास मुख्यरूपले भाविता गर्न योग्य धर्म नै भएको छ । यसरी भाविता गर्न योग्य धर्म भएकोले उक्त गिदी कोट्ठासलाई भगवान बुद्धको अध्याशय अनुरूपले बुद्धवचन पालिमा समावेश गरेर लिनु अर्थकथा र टीकाचार्यहरूको कर्तव्य भएको छ । त्यसो भएकोले विशुद्धि–मार्ग (१–२३१)मा–

मत्थलुङ्गं अट्ठिमिञ्जेन सङ्गहेत्वा पटिक्कूलमनसिकारवसेन देसितं भनेर मत्थलुङ्गं– गिदी कोट्ठासलाई अट्ठिमिञ्जं- सेतो मासीमा समावेश गरेर भगवान बुद्धले देशना गर्नुभएको कुरा उल्लेख गरिराखेको छ । विशुद्धि-मार्गको व्याख्या महाटीकामा भने निम्न अनुसार समावेश गरेर देखाउनु भयो –

यं वा पनञ्ञम्पि किञ्चीति वा इमिना पालियं मत्थलुङ्गस्स सङ्गहो दट्ठब्बो । (महाटीका १–४०३) ।

यस टीका पालिद्वारा अभिप्रेत अर्थ हो – महाहत्थिपदोपम सुत्त महाराहुलोवाद सुत्त आदिमा पृथ्वीधातुलाई स्वरूप अनुसार उद्धृत गरेर देखाइएकोमा –

"केसा लोमा ॥ पे ॥ उदरियं करीसं यं वा पनञ्ञम्पि किञ्चि अज्झत्तं पच्चत्तं कक्खलं खरिगतं उपादिन्नं भनेर देखाइएको छ ।

त्यसरी देखाइएकोमा **यं वा पन –** आदिद्वारा 'केसादेखि करीसं अन्त रहेको १९–वटा कोट्ठासभन्दा अलग भइराखेको सम्पूर्ण शरीरमा कुनै एउटा कडा खस्रो स्वभाव पनि छन्" भनेर उल्लेख गरिएको छ । उक्त देशनामा स्वरूप अनुसारले नदेखाएको गिदी कोट्ठासलाई उक्त **यं वा पन** द्वारा देखाइएको कोट्ठासमा समावेश गरी लिनुपर्दछ भन्ने मतलब हो ।

यस ठाउँमा थाहा दिन मन लागेको मुख्य अभिप्रेतको कुरा के हो भने– **मत्थलुङ्गं** भनेको गिदी कोट्ठासलाई अर्थकथा अनुसार **अट्ठिमिञ्जं-** सेतो मासीमा समावेश गरेको होस्; चाहे टीका अनुसार

यं वा पन मा समावेश गरेको होस् त्यो मुख्य होइन । भाविता गर्नु हुने धर्म हुनुपर्ने नै मुख्य हो । विधि दुईवटै उचित नै छन् – भनेर ग्रहण गर्न योग्य कारण थाहा दिने नै मुख्य भएको छ । यस अतिरिक्त विशुद्धि–मार्ग ग्रन्थमा **अट्ठिमिञ्जं**- सेतो मासी कोट्ठासमा प्रकटरूपले उद्धृत गरेर देखाइराखेको **मत्थलुङ्गं** –गिदीलाई टीकाचार्यले यं वा पन–मा समावेश गरेर देखाइदिनु भएकोले त्यसलाई भाविता गर्नु हुँदैन, भाविता गर्न अयोग्य भनेर ग्रहण गर्नु हुँदैन भन्न नहुनेलाई पनि थाहा दिनु मुख्य हो । यस अतिरिक्त प्रतिसम्भिदा मार्ग अनुसार भाविता गर्न सकिने गिदी कोट्ठास जुन पद जुन देशना कुरामा जसले समावेश गरेर देखाएको भए पनि भाविता गर्न हुने धर्म नै मुख्य भइरहेको जस्तै त्यसरी नै फुल्ने सुक्ने सँगै शूक्ष्म शरीरको आकार प्रकार वायु रूप पनि सम्प्रजन्य पर्व, धातु मनसिकार पर्व, स्कन्ध देशना, आयतन देशना आदि अनुसार विपश्यना भाविता गर्नु हुने वास्तविक धर्म भएकोले इर्यापथ पर्व **"यथा यथा वा पनस्स"** वाक्यमा समावेश गरेर देखाइराखेको भएर भाविता गर्न नहुने धर्म हुनै सक्दैन । जहिले पनि भाविता गर्न हुने धर्म नै भयो । त्यसैले यसलाई भाविता गर्नु नै हुँदैन भनेर कसैले पनि भन्नु अयोग्य मात्र होइन, भाविता गर्नु हुने धर्म भनेर नै स्वीकार गर्नुपर्ने भइरहेकोलाई पनि जान्न दिने आकांक्षा भएको भयो ।

यति कुरा फुल्ने सुक्ने आदि शूक्ष्म भएको शरीरको आकार प्रकारलाई **"यथा यथा वा पनस्स"** वाक्यमा समावेश गरी देखाइराखेको भाविता गर्न योग्य भएको धर्म भएकोले र समावेश गरी देखाउन योग्य भएकोले कर्तव्य अनुरूप समावेश गरेर देखाइराखेको कुरा स्पष्टरूपले बुझ्नुपर्‍यो ।

अर्को किसिमले समावेश गर्ने विधिको स्पष्टिकरण

यस पुस्तक पृष्ठ नं ४७–मा फेरि अर्को तरिकाले – भनी देखाएर **यथा यथा वा पनस्स** वाक्यमा अर्को किसिमले अर्थ ग्रहण गर्ने विधि देखाउँदै आएको हो । उक्त उल्लेख प्रज्ञावानहरूले अगति नगएर आफूहरूको ज्ञान बुद्धि निरीक्षण र परीक्षण गरी मन पर्‍यो भने स्वीकार गर्नु, मनपरेन भने स्वीकार नगर्नको निम्ति हो । उक्त ग्रहण

गर्ने विधि सम्बन्धमा हामीहरूले कारण देखाइराखेको प्रज्ञावानहरूको निम्ति बुझ्नको लागि काफि भइसकेको भयो । तर मन्द बुद्धि भएका व्यक्तिहरूको निम्ति फेरि स्पष्ट पारेर देखाउँदै छु ।

वा पन सहित देखाइराखेको देशनामध्ये **यं यं वा पनारब्भ–** भनिने धम्मसंगणी पाली वाक्यले अर्को वाक्य सबैमा बताइसकेकोले अरू अर्थलाई लिनुपर्ने मात्र नै रहेको छ। बताइसकेकोलाई नै फेरि ग्रहण गर्ने क्षेत्र नभएको भयो । **यं यं वा पनारब्भ–** भनिने धम्मसंगणी पालिमा भने बताएर आइसकेको आरम्मण छवटाबाट अलग्ग आरम्मण भनेको नभएको भएर बताइसकेकोलाई नै संक्षिप्तरूपले फेरि बताइराखेको स्पष्ट छ । अरू अरू विषयमा भने त्यसरी होइन । बताइसकेको भन्दा छुट्टै अर्को अर्थ पनि भइरहेकोले बताइसकेको भन्दा अलग अर्थ (लाई) अभिप्रेत भइरहेको कुरा जान्नु पर्दछ ।

यस स्मृतिप्रस्थान पालिमा पनि **“अत्थि कायोति वा पनस्स सति पच्चुपट्ठिता होति”** आदि द्वारा र **“ये वा पनस्स ते होन्ति अनत्थकामा”** आदि कुराद्वारा भन्दै आइसकेकोले अर्को अर्थ देखाएको देखिन्छ । यस परिशिष्ट संख्या (२२३) मा देखाइसकेको **“यं वा पनञ्ञम्पि किञ्चि”** आदि वाक्यद्वारा पनि बताइसकेको कोट्ठास–१९–बाट अलग भइरहेको पृथ्वीधातुलाई देखाइराखेको हो भन्ने स्पष्ट देखिन्छ । त्यस्तै नै धम्मसंगणी पालि धेरै ठाउँमा **“ये वा पन अञ्ञेपि अत्थि”** आदि भनी बताइराखेको **ये वा पनक** क्षेत्रमा र अभिधर्म विभङ्ग पालि र सुत्तन्त पालि मध्ये **“यं वा पन** – आदि बताइराखेको **यं वा पनक** क्षेत्रमा बताइसकेको भन्दा अलग्ग भइरहेको अर्थलाई मात्र देखाइरहको कुरा स्पष्ट देखिन्छ । विशेषत; अभिधर्म विभङ्ग पालि पृ. नं (२) आदिमा **“तं तं वा पन रूपं उपादाय”** आदि पालिमा **“तं तं वा पनाति एत्थ न हेट्ठिमनयो ओलोकेतब्बो”** आदि भनी अर्थकथाले व्याख्या गरेकोले पहिले भनिसकेको अर्थ नभएको कुरा, नयाँ अर्थलाई अभिप्रेत गरिरहेको कुरा झन स्पष्ट छ । यस ठाउँमा यथा यथा भनिने आकार वाचक विच्छापद साधक नमूना देखाउने ये यं तं तं – पदहरूसँग मिल्दैन रहेछ भनेर त आलोचना गर्न योग्य छैन । हाम्रो मुख्य अभिप्राय त स्वरूप उल्लेख गरेर देखाएको होस्; आकार

उल्लेख गरेर देखाएको होस् अगाडि र पछाडि स्वरूप देखाउने, आकार देखाउनेसँग समान भएर **वा पन** द्वारा बताइराखेको वाक्य हुनुलाई नै लक्ष्य गरिराखेको भयो । त्यसैले ये वा पन– आदिसँग यथा यथा वा पनस्स समान छैन भनेर आलोचना गर्नु बुद्धिमानहरूको आलोचना होइन । यस ठाउँमा गच्छन्तो वा– आदि अगाडिको वाक्य चारवटा पादद्वारा इर्यापथ चारवटालाई भाविता गर्ने विधि देखाइसकेकोले, यथा यथा वाक्यद्वारा त्यसलाई ग्रहण नगरी शूक्ष्म भएको शारीरिक आकार प्रकारलाई मात्र ग्रहण गरे पनि भाविता गर्नुपर्ने धर्म घट्दै जाने नभएर कुनै एउटा निरर्थक हुने सम्भावना पनि छैन । त्यसैले बुद्धिमानहरूले उक्त अर्को तरिकाले ग्रहण गर्ने विधिलाई आ-आफ्नो स्वज्ञानले परीक्षण र प्रत्यवेक्षण गरेर स्वभाव ज्ञान समावेश भयो भने स्वीकार गर्ने; समावेश भएन भने स्वीकार नगरीकन बस्नु नै उचित हुन्छ। उक्त ग्रहण विधिलाई जबर्जस्ति अति दोषारोपण गरी बिगार्नु आवश्यकता छैन। त्यसरी बिगारे पनि कुनै एउटा पनि विशेष प्रतिफल लाभ हुने सम्भावना हुन सक्दैन ।

आश्वास प्रश्वासमा समावेश गर्नुको कारण

यसको अतिरिक्त यस टिप्पणी भित्र नै फुल्नु सुक्नुलाई वायो धातु छवटामध्ये आश्वास प्रश्वास वायो धातुमा समावेश हुन योग्य कुरा देखाएको छ । त्यसरी देखाइएकोमा पनि फुल्ने सुक्ने वायु (१) अङ्गमंगानुसारि वायु (२) आश्वास प्रश्वास वायु (३) यं वा पन वायु– भनिने यी तीनवटासँग सम्बन्धित भइरहेको छ । तर श्वास प्रश्वाससँग नजिक भएको भएर श्वास प्रश्वासको प्रासंगिक प्रतिफलको रूपमा अति नै स्पष्ट भएकोले श्वास प्रश्वास वायुधातुमा समावेश गरेर देखाएको हो; तर पनि यसरी आश्वास प्रश्वास वायुमा समावेश भइरहेको आनापान शमथ कर्मस्थान भनेर त भनेको होइन । कारण किनभने – आनापान कर्मस्थानको क्षेत्रमा प्रतिसम्भिदा मार्ग विशुद्धि मार्ग आदिमा नाकको टुप्पो, ओंठको माथिल्लो भागमा संघट्टन हुने भित्र आउने बाहिर जाने वायुलाई मात्र भाविता गर्नको निम्ति देखाइराखेकोले हो । साँच्चै हो; उक्त पालि अर्थकथा अनुसार पेटमा भित्र बाहिर गएर चलिरहने भित्र बाहिर जाने वायुलाई भाविता गरे पनि आनापान शमथ कर्मस्थान भन्दैन । तर धातु व्यवस्थापन र विपश्यना कर्मस्थान त हुन

सकिन्छ । किनभने, धातु व्यवस्थापनमा जुनसुकै चारवटा धातु होस्, भाविता गर्न योग्य मात्र होइन विपश्यनामा पनि शरीरको भित्र बाहिर उपादानस्कन्ध सबैलाई भाविता गर्न योग्य भएकोले हो ।

यस ठाउँमा परवादी आलोचक पुद्गलले नाकको टुप्पोमा कागजको टुक्रा टाँसिराख्यो भने भित्र बाहिर गर्ने हावाको कारणले उक्त कागजको टुक्रा चलिरहेको हुन्छ, उक्त चलिरहेको कागजको टुक्रालाई भाविता गर्नु हुन्छ होला त - भनेर आलोचना गरिराखेको देखिन्छ । हामीहरूले त स्पष्ट रूपले थाहापाउन सकिन्छ भने उक्त कागजको टुक्रा मात्र होइन, हलचल हुने सबैलाई भविता गर्नुहुन्छ भनेर निश्चित रूपले जवाफ दिन्छौ । किनभने, टाढा गएर हेरिराख्नु आवश्यक छैन । यस स्मृतिप्रस्थान पालिमा नै **"इति बहिद्धा वा काये कायानुपस्सी विहरति, बहिद्धा वा धम्मेसु धम्मानुपस्सी विहरति"** आदि भनेर भित्र बाहिर सम्पूर्णलाई भाविता गर्नको लागि स्वयं भगवान बुद्धले बताइराख्नु भएको छ होइन त ? भगवान बुद्धको वचनलाई कोहीं बौद्धले शंका गर्न योग्य छ, हटाउन योग्य छ ? यतिले नै पृष्ठ संख्या ५४–५६ मा देखाउँदै आएको टिप्पणी सम्बन्धमा मन्द बुद्धि भएका व्यक्तिहरूको निम्ति फेरि स्पष्टीकरण दिँदै आएको पूर्ण भयो ।

प्रत्युप्रस्थानद्वारा भाविता गर्न योग्य कुरा

यस निश्चय पृष्ठ संख्या ४६-४७ मा वायु धातुको लक्षण, रस, प्रत्युप्रस्थान प्रकट हुने विधिलाई देखाएँ । यसरी देखाउँदै आएको पनि यिनीहरूलाई भाविता गर्न योग्य भएको हुँदा अर्थकथा टीका अनुरूप देखाउँदै आएको हो ।

यसरी देखाउँदै आएकोमा प्रत्युप्रस्थानको सम्बन्धमा "रूपको प्रत्युप्रस्थानलाई विपश्यना भाविता गर्नु हुँदैन भनेर, वायोधातुको प्रत्युप्रस्थानलाई प्रासंगिक प्रतिफल फल प्रत्युप्रस्थान भनेर र प्रज्ञप्ति भनेर" कति नै समय नबित्दै चारवर्ष, पाँचवर्षको भित्रै वितण्डवादी एक समूह व्यक्तिहरूले मिथ्यारूपले कल्पना गर्दै भन्दै आएकोले उक्त मिथ्यावादलाई पनि यस ठाउँमा स्पष्ट गरी शुद्धिकरण गर्न योग्य भएको हुँदा त्यसलाई पनि संक्षिप्तमा स्पष्ट गरी देखाउँदै छु ।

लक्खण–रसादिवसेन परिग्गहेतब्बा – लक्षण रस आदिको हिसाबले पनि परिग्रहण गर्नुपर्दछ – भनेर विशुद्धि मार्ग (२–२२०) को व्याख्या महाटीकामा परिग्गह विधि पन खन्धनिद्देसे वुत्तो एवाति अधिप्पायो–भनी बताइएको छ।

लक्षण, रस आदिको हिसाबले परिग्रहण गर्ने क्रमलाई विशुद्धि मार्ग, स्कन्ध निर्देशमा देखाइसकें। पूर्णरूपले विस्तृत कुरा जान्नु परेमा उक्त स्कन्ध निर्देशमा पल्टाएर हेर्नुपर्दछ भन्ने मतलब हो।

स्कन्ध निर्देशमा हेऱ्यो भने चैतसिक नाम धर्म परिग्रहण क्रमलाई –

फुसतीति फस्सो; स्वायं फुसनलक्खणो; सङ्घट्टन रसो; सन्निपात पच्चुपट्ठानो; आपाथगतविसयपदट्ठानो – इत्यादि हिसाबले –

१) लक्षण २) रस ३) प्रत्युप्रस्थान र ४) पदस्थानको हिसाबले परिग्रहण गर्ने विधि भाविता गर्ने क्रमलाई पूर्णरूपले देखाइएको पाइन्छ।

चित्त (विज्ञान) परिग्रहण गर्ने क्रमलाई पनि चक्षुविज्ञान धातु आदि भनेर सातप्रकारले छुट्याएर भिन्न भिन्न लक्षण, रस, प्रत्युप्रस्थान र पदस्थान चारप्रकारले पूर्ण रूपमा देखाइएको पाइन्छ।

रूपस्कन्ध रूप धर्मलाई परिग्रहण गरिने तरिकालाई पनि महाभूत धातुदेखि त्यस्तै नै लक्षण, रस, प्रत्युप्रस्थान र पदस्थान चारवटै प्रकारले पूर्णरूपले देखाइएको पाइन्छ। ती मध्ये चारवटा धातुलाई यसरी देखाइएको छ।

भूतरूपं चतुब्बिधं पथवीधातु, आपोधातु, तेजोधातु वायोधातूति; तासं लक्खणरस– पच्चुपट्ठानानि चतुधातुववत्थाने वुत्तानि। पदट्ठानतो पन ता सब्बापि अवसेस धातुत्तय पदट्ठाना। (विसुद्धि मार्ग २–७१)।

भूतरूप पृथ्वीधातु, आपोधातु, तेजोधातु र वायोधातु भनेर चार प्रकारका छन्। यिनीहरूको लक्षण, रस, प्रत्युप्रस्थानलाई चतुर्धातु व्यवस्थापनमा देखाइसकें। नदेखाएको पदस्थान अनुसार भन्नुपर्दा उक्त चारवटै धातुबाट बाँकी रहेको धातु तीनवटा नजिकको कारण पदस्थान भयो।(अर्थ)

उपर्युक्त विशुद्धि मार्गद्वारा चारवटा धातुलाई लक्षण, रस, प्रत्युप्रस्थानबाट भाविता गर्ने क्रम चतर्धातु व्यवस्थापनमा देखाइसकेको अनुसारले नै भनेर र पदस्थान हिसाबले मात्र यसबाट बाँकी रहेको अर्को धातु तीनवटा भनेको पदस्थानद्वारा भाविता गर्नुपर्दछ भन्ने मतलब हो । त्यसैले चतुर्धातु व्यवस्थापनमा देखाउँदै आएको भाविता गर्ने क्रमलाई हेर्नुपर्नेछ । हेरेपछि निम्न अनुसार देखिन्छ ।

लक्खणादितोति पथवीधातु किं लक्खणा, किं रसा, किं पच्चुपट्ठानाति एवं चतस्सोपि धातुयो आवज्जेत्वा पथवीधातु कक्खलत्तलक्खणा, पतिट्ठान रसा, सम्पटिच्छन पच्चुपट्ठाना; आपोधातु पग्घरण लक्खणा, ब्रूहनरसा, सङ्गहपच्चुपट्ठाना; तेजोधातु उण्हत्तलक्खणा, परिपाचनरसा, मद्दवानुप्पदान पच्चुपट्ठाना; वायोधातु वित्थम्भनलक्खणा, समुदीरणरसा, अभिनीहार पच्चुपट्ठानाति एवं लक्खणादितो मनसिकातब्बा । (चतुर्धातु–व्यवस्थान व्याख्या विशुद्धि मार्ग – (१–३५६) ॥

लक्षण आदि हिसाबले भनेकोमा पृथ्वीधातुको लक्षण के हो, रस के हो, प्रत्युप्रस्थान के हो ? भनेर यसरी चारवटै धातुलाई आवजर्न गरिसकेपछि पृथ्वीधातु कडा खस्रो लक्षण रहेको भयो, आधार कृत्य रहेको भयो, ग्रहण गर्ने प्रत्युप्रस्थान रहेको भयो । आपो धातु बग्ने लक्षण रहेको भयो, वृद्धि गर्ने कृत्य रहेको भयो, एकढिक्का समूह बनाउने प्रत्युप्रस्थान रहेको भयो । तेजोधातु तातो हुने लक्षण रहेको भयो, छिपाउने कृत्य रहेको भयो, नरम बनाइदिने प्रत्युप्रस्थान रहेको भयो । वायोधातुको टेवा दिने, घचेड्ने लक्षण रहेको भयो, चल्ने हलचल गराउने(धकेल्ने) कृत्यरस रहेको भयो । (भूतरूप समूहलाई) अगाडि लग्ने प्रत्युप्रस्थान रहेको भयो – भनेर यसरी लक्षणादि हिसाबले मनन गर्नुपर्ने भाविता गनुपर्ने भयो । (अर्थ)

भर्खरै उल्लेख गर्दै आएको महाटीका साथै विशुद्धि मार्गको कुराद्वारा नाम धर्मलाई र रूप-धर्मलाई लक्षण, रसद्वारा भाविता गर्न योग्य भए जस्तै प्रत्युप्रस्थानद्वारा पनि भाविता गर्न योग्य भएको र गर्न हुने कुरा बडो स्पष्ट रहेको भयो । त्यति मात्र होइन, पदस्थानद्वारा पनि भाविता गर्न योग्य भएको र गर्न हुने कुरा स्पष्ट छ ।

निम्न अर्थकथा टीकाबाट रूप–धर्मलाई प्रत्युप्रस्थानद्वारा भाविता गर्न योग्य भएको र गर्नु हुने कुरा झन स्पष्ट छ ।

इति रूपन्ति इदं रूपं यत्तकं रूपं इतो उद्धं रूपं नत्थी ति रुप्पनसभावञ्चेव भूतुपादायभेदं रूपञ्च आदिं कत्वा लक्खण रस पच्चुपट्ठान पदट्ठानवसेन अनवसेसरूपपरिग्गहो वुत्तो । (सूत्र महावर्ग अर्थकथा ४७ । संयुत्त अर्थकथा २–४२) ।

इति रूपं भनिने शब्दले "यो रूप हो, यति मात्रै रूप हो, यहाँ भन्दा माथि रूप छैन" भनेर विपरिणाम स्वभावलाई र भूतरूप उपादारूप भेद रहेको रूपलाई आदि गरी लक्षण रस **प्रत्युप्रस्थान** र **पदस्थान**को हिसाबले शेष नरहेको सम्पूर्ण रूपलाई परिग्रहण गर्ने देखाउनु भयो । (अर्थ)

तत्थ लक्खणं नाम तस्स रूप विसेसस्स अनञ्ञसाधारणो सभावो; रसो तस्सेव अत्तनो फलं पत्ति पच्चुयभावो; पच्चुपट्ठानं तस्स परमत्थतो विज्जमानत्ता यथातो ञाणस्स गोचरभावो; पदट्ठानं आसन्नकारणं; तेनस्स पच्चयायत्तवुत्तिता दस्सिता । (महावर्ग अर्थकथाको व्याख्या टीका–४७)

त्यसमध्ये **लक्षण** भनेको त्यस त्यस (पृथ्वी आदि) रूप विशेषण (आपो आदि) अर्को रूपहरूसँग असाधारण भएको (कक्खलत्त आदि) मूल स्वभाव नै हो । **रस** भनेको आफ्नो फललाई प्रत्यय गरेर उक्त रूपको उपकार गर्न जान्ने स्वभाव हो । **प्रत्युप्रस्थान** भनेको उक्त रूपको परमार्थ हिसाबले विद्यमान भइरहेको कारणले जस्तो छ त्यस्तो यथार्थरूपले ज्ञानको गौचर भइरहेको आरम्मणको भाव हो । **पदस्थान** भनेको नजिकको कारण हो । यसले उक्त रूपको कारणसित सम्बन्ध रहेको उत्पत्ति भएको भावलाई देखाएको भयो । (टीकाको अर्थ)

लक्खणरस पच्चुपट्ठानवसेनाति कक्खलत्तादि लक्खणवसेन सन्धारणादि रसवसेन सम्पटिच्छनादि पच्चुपट्ठानवसेन भूतत्तयादिपदट्ठानवसेन च । (संयुक्त टीका २–५०) ।

लक्षण रस प्रत्युप्रस्थान र पदस्थानको हिसाबले भनेको कडा हुने इत्यादि लक्षणको हिसाबले; राम्रोसँग धारण गरीराख्ने इत्यादि रसको

हिसाबले; स्वीकार गर्ने आदि प्रत्युप्रस्थानको हिसाबले र बाँकी रहेको भूतरूप तीनवटा समूह आदि पदस्थानको हिसाबले। (शेष बाँकी नभएको रूपलाई परिग्रहण गर्नेलाई देखाइएको भयो –भन्ने मतलब हो।) (संयुक्त टीकाको अर्थ)

उपर्युक्त सूत्रान्त महावर्ग अर्थकथा टीका, संयुक्त अर्थकथा टीका रूप भाविता गर्नेलाई देखाइराखेको इति रूपं –भनिने पालिको व्याख्याहरू हुन् । उक्त संवण्णेतब्ब पालिले पनि बोधिसत्त्वमा नाम रूप परिग्रह ज्ञान उत्पत्ति भएको तरिकालाई देखाइएको भयो । यसरी पुरै रूपलाई भाविता गर्ने तरिका राम्रोसँग व्याख्या गरिराखेकोले रूपलाई प्रत्युप्रस्थानद्वारा भाविता गर्नु हुने कुरा पनि अति स्पष्ट भइरहेको छ । त्यस्तै नै पदस्थानद्वारा भाविता गर्नु हुने कुरा पनि स्पष्ट नै भइरहेको छ। वेदना आदि नामस्कन्धमा लक्षण, रस, प्रत्युप्रस्थान र पदस्थान द्वारा भाविता गर्नुलाई पनि त्यस त्यस अर्थकथा र टीकामा त्यहिं अनुसारले व्याख्या गरीराखेको छ । त्यसैले नामलाई पनि पदस्थान द्वारा भाविता गर्नु हुने कुरा बडो नै स्पष्ट भइरहेको भयो ।

यस ठाउँमा उल्लेख गरिसकेको सूत्रान्त महावर्ग अर्थकथा, संयुक्त अर्थकथा मध्यय् अनवसेस रूपपरग्गहो – अवशेष बाँकी नरहेको रूपलाई परिग्रहण गर्ने (अनवसेस वेदना सञ्ञा संखार विञ्ञाण परिग्गहो – अवशेष बाँकी नरहेको वेदना, संज्ञा, संस्कार, विज्ञानलाई परिग्रहण गर्ने – यी पदहरू त यहाँ उल्लेख गरिएको पाइंदैन, मूल ग्रन्थमा पाइन्छ।) भनेर रूप र नाम परिग्रहण गर्नेलाई मात्र स्पष्ट रूपले देखाएको भयो। पच्चयपरिग्गहो– कारणलाई परिग्रहण गर्ने भनेर त भनेको छैन। त्यसैले "पदस्थानद्वारा परिग्रहण गर्ने प्रत्यय परिग्रह ज्ञानसँग सम्बन्धित हो"भनी बाहाना गर्नु आवश्यक नभएको भयो । तर त्यसभन्दा बढी स्पष्ट गर्नको निम्ति विभावनी टीकाचार्यको आचार्य हुनुभएका आयुष्मान सारिपुत्र स्थविरले प्रतिपादन गर्नु भएको सारत्थदीपनी टीकालाई पनि उल्लेख गरी देखाउँछु ।

सब्बं तेभूमकं नामरूपं "इदं रूपं, एत्तकं रूपं, न इतो भिय्यो; इदं नामं, एत्तकं नामं, न इतो भिय्यो" ति भूतुपादाय

भेदं रूपं, फस्सादि भेदं नामञ्च लक्खणरस पच्चुपट्ठान पदट्ठानतो ववत्थपेति; कम्माविज्जादिकञ्चस्स पच्चयं परिग्गण्हाति; अयं ञातपरिञ्ञा। (सारत्थ २–१८)।

"यो रूप हो; यति जति मात्र रूप हो; यहाँ भन्दा बढी छैन; यो नाम हो; यति जति मात्र नाम हो; यहाँ भन्दा बढी छैन; भनेर भूतरूप उपादाय रूप भेद भएको रूपलाई र स्पर्श आदि भेद भएको नामलाई (यस) सम्पूर्ण त्रिभूवनमा उत्पन्न भइरहेको नाम रूप समूहलाई लक्षण रस **प्रत्युप्रस्थान** र **पदस्थान** अनुसार छुट्याउने गर्दछ । उक्त नाम रूपको कर्म अविद्या आदि कारणलाई पनि परिग्रहण गर्ने गर्दछ । (यस व्यवस्थापन गर्ने परिग्रहण गर्ने) ञातपरिञ्ञा हो । (अर्थ)

उपर्युक्त टीकामा नामरूपं ... ववत्थपेति भनेको अगाडिको वाक्य द्वारा नामरूप परिग्रह ज्ञानलाई देखाइरहेको छ । कम्माविज्जादिकञ्चस्स पच्चयं परिग्गण्हाति भनेको पछाडिको वाक्यले प्रत्यय परिग्रह ज्ञानलाई देखाइरहेको छ । यसरी भिन्न भिन्न छुट्याएर देखाइएकोले "पदस्थान द्वारा भाविता गर्नुलाई प्रत्ययपरिग्रह ज्ञानसँग सम्बन्धित हो" भनेर भन्नुपर्ने कुरा बिल्कुल नभएकै भयो । त्यति मात्र होइन, विभावनी टीकाचार्यको गुरू हुनुभएका आयुष्मान सारिपुत्र स्थविरले पनि "नाम रूपं ... पदट्ठानतो ववत्थपेति–नाम रूपलाई पदस्थान द्वारा छुट्याइने गर्दछ" भनेर स्पष्ट रूपले देखाइरहेकोले विभावनी टीकामा र पुरानो संग्रह टीकामा पदस्थान व्याख्या नभएकोले अभिधर्मार्थ संग्रह ग्रन्थमा पदस्थान पद हुन योग्य छैन भनेर पनि भन्न नसुहाएको भयो ।

त्यसभन्दा पुरानो त्यसभन्दा बलियो भएको साधक नमूना चाहियो भने सारत्थ दीपनी टीकाचार्यले नै आचार्य धर्मपाल स्थविर भनेर आदर गौरव राखी देखाउन लायक आयुष्मान धर्मपाल स्थविरले प्रतिपादन गर्नु भएको **इतिवुतक अर्थकथा** पृ.संख्या ४७–मा हेर्न सकिन्छ । उक्त अर्थकथामा पनि यस सारत्थदीपनीसँग समान हुने किसिमले भनीराखेको छ । विशेषत: "कम्मा विज्जादिकञ्चस्स पच्चयं परिग्गण्हाति" ठाउँमा "तस्स अविज्जादिकञ्च पच्चयं परिग्गण्हाति" भनी रहेको मात्र विशेषता भयो । तर अर्थमा विशेषता नरहेको भयो । त्यसैले उक्त पालिलाई यहाँ उल्लेख गरेर देखाउँदिन ।

यसरी रूपलाई प्रत्युप्रस्थान द्वारा भाविता गर्नुलाई र नामरूप दुइवटैलाई पदस्थानद्वारा भाविता गर्नुलाई पालि अर्थकथा टीकामा बडो स्पष्टरूपले उल्लेख गरी देखाइराखेकोले "रूपलाई प्रत्युप्रस्थान द्वारा भाविता गर्नु हुँदैन" भनी र "नाम रूप परिग्रह ज्ञानको क्षेत्रमा नाम र रूपलाई पदस्थान द्वारा भाविता गर्नु हँदैन" भनेर आक्षेप गरी भनीराखेको व्यक्तिले सूत्रान्त महावर्ग पालि अर्थकथा टीका, संयुक्त पालि अर्थकथा टीका, विशुद्धि मार्ग अर्थकथा टीका, इतिवुत्तक अर्थकथा ; सारत्थदीपनी टीकालाई आक्षेप गरेको भयो । सत्यलाई असत्य हुने किसिमले, असत्यलाई सत्य हुने किसिमले अनेक अनेक कल्पना गरी भनीराखेकोले प्रज्ञावान सत्पुरुषहरूको हृदयलाई कम्पित गर्नसक्ने वितण्डवाद भएकोले **वितण्डवादी** पुद्गल भावमा पनि पुगेको छ ।

वायुको प्रत्युप्रस्थान पनि परमार्थ नै हो

पच्चुपट्ठानं तस्स परमत्थतो विज्जमानत्ता यथावतो ञाणस्स गोचरभावो –

प्रत्युप्रस्थान भनेको उक्त रूपको परमार्थ अनुसारले प्रकट भइरहेको हुनाले यथार्थ रूपले ज्ञानको गौचर भइरहेको आरम्मणको भाव हो । (सूत्रान्त महावर्ग टीका –४७)

उपर्यक्त टीकामा "परमार्थ अनुसारले प्रकट भइरहेको हुनाले जस्तो छ त्यस्तै ज्ञानको गौचर आरम्मण रहेछ" भनी स्पष्टरूपले भनिराखेको हुनाले वायोधातुको अभिनीहार प्रत्युप्रस्थानलाई पनि परमार्थ अनुसारले विद्यमान रहेको जस्तो छ त्यस्तै ज्ञानमा प्रकट भएर आएको परमार्थ धर्म भनेर नै मात्र जान्नुपर्दछ । वितण्डवादीहरूले साँच्चै प्रज्ञप्ति भनेर त जान्नु हुँदैन, मनमा राख्नु पनि नहुने भयो ।

परमार्थ धर्म भइरहेको मात्र होइन नि, भाविता गनुपर्ने मुख्य धातुसत्य पनि भइरहेकोलाई निम्न महाटीकाद्वारा थाहापाउनु पर्दछ ।

पदट्ठानं पनेत्थ अञ्ञधम्मताय न उद्धटं–पदस्थानलाई त भाविता गर्ने मुख्य धातुबाट अल्लग भइरहेको अर्को धर्म भएकोले यस लक्खणादितो अनुसार भाविता गर्ने विधिमा (अर्थकथाचार्यले) उल्लेख गरेर देखाउन नपर्नेभयो । (महाटीका १–४२०)

विशुद्धि मार्गमा लक्खणदितो अनुसार भाविता गर्ने विधिलाई विस्तृत रूपले देखाइराखेकोमा चारवटा धातुलाई लक्षण, रस, प्रत्युप्रस्थानद्वारा भाविता गर्नुलाई मात्र देखाइएको छ; पदस्थान द्वारा भाविता गर्नुलाई त देखाइएको छैन । त्यसरी पदस्थानद्वारा भाविता गर्नुलाई नदेखाइएको के कारणले भनेर सोध्ने ठाउँ रहेको भएर महाटीकामा उपर्यक्त अनुसार स्पष्ट गरी देखाइराखेको हो । भनाइ के हो भने – पृथ्वी आदि एउटा एउटा धातुको पदस्थान त्यसभन्दा अल्लग अर्को धातु तीनवटा नै भयो । त्यसो भएकोले पृथ्वी धातुलाई भाविता गर्न चाहने व्यक्तिले पृथ्वीको पदस्थान भइरहेको आपो, तेजो, वायो मुख्य भाविता गर्नुपर्ने पृथ्वी धातुबाट अल्लग भएको अर्को धर्म नै रहेको छ । त्यस्तै नै आपोलाई भाविता गर्न इच्छुक व्यक्तिले पृथ्वी, तेजो, वायो; तेजोलाई भाविता गर्न इच्छुक व्यक्तिले पृथ्वी, आपो, तेजो र वायोलाई भाविता गर्न इच्छुक व्यक्तिले पृथ्वी, आपो, तेजो मुख्य भाविता गर्नुपर्ने धातुबाट अल्लग भएको अर्को नै धर्म रहेको छ । त्यसैले मुख्य भाविता गर्नुपर्ने धातुलाई मात्र सिधा सिधा भाविता गर्नको निम्ति देखाइराखेको यस लक्खणादितो अनुसार भाविता गर्ने विधिमा मुख्य भाविता गर्नुपर्ने स्वरूप भइरहेको लक्षण रस प्रत्युप्रस्थानलाई मात्र देखाइराख्यो । मुख्य भाविता गर्नुपर्ने धातुबाट अल्लग भएको अर्को धर्म भइरहेको (बाँकी रहेको धातु तीनवटा भनेको) पदस्थानलाई त देखाइएको छैन भन्ने मतलब हो ।

यस टीकामा छुट्टा छुट्टै भइरहेको एउटा एउटा धातुको पदस्थान भइरहेको अन्य धातु तीनवटालाई अञ्ञधम्म–मुख्य भाविता गर्नुपर्ने धातुभन्दा अल्लग भएको अन्य धर्म–भनी भनिराखेकोले लक्खणदितो अनुसार भाविता गर्ने विधिमा देखाइराखेको लक्षण, रस, प्रत्युप्रस्थान त भाविता गर्नुपर्ने धातुभन्दा अल्लग अर्को धर्म अञ्ञधम्म होइन । मुख्य भाविता गर्नुपर्ने र परमार्थ धातु धर्म नै हो । त्यसैले त्यसलाई लक्खणादितो अनुसार भाविता गर्ने विधिमा देखाएको छ भनेर पनि भनिएको हुनसक्छ । त्यसो भएकोले वायोधातुको लक्षण र रसहरू साँच्चैको परमार्थ वायु भएजस्तै वायोधातुको **अभिनीहार प्रत्युप्रस्थान**लाई पनि **साँच्चैको परमार्थ वायो** भनेर नै दृढरूपले मनमा राख्नुपर्दछ ।

उक्त अभिनीहार प्रत्युप्रस्थान भाविता गर्नुपर्ने भाविता गर्नु हुने मुख्यरूपले भाविता गर्न योग्य पनि भइरहेको साँच्चैको परमार्थवायु

भएकोले भाविता गर्न सुहाउने, गर्न योग्य भएको वायुदेखि अल्लग भएको आनिशंस फल प्रत्युप्रस्थान पनि होइन; भाविता गरिने विपश्यना ज्ञानको अगाडि प्रकट भएर आएको **आकार प्रत्युप्रस्थान** मात्र रहेको छ। निम्नः टीका द्वारा दृढरूपले निर्णय दिनुपर्ने भयो ।

सम्पटिच्छनाकारेन ञाणस्स पच्चुपतिट्ठतीति सम्पटिच्छनपच्चुपट्ठाना – सहजात धर्मलाई स्वीकार गर्ने आकारले ज्ञानको अगाडि प्रकट हुनसक्ने हुँदा सम्पटिच्छन प्रत्युप्रस्थान भनिन्छ। (महाटीका १–४२०)

उपर्यक्त महाटीका पृथ्वीधातुको सम्पटिच्छन प्रत्युप्रस्थान पदलाई व्याख्या गरेर देखाउनु भएको कुरा हो। उक्त कुराले बाँकी भएको आपो, तेजो, वायो धातुको प्रत्युप्रस्थानहरू उपस्थानाकार प्रत्युप्रस्थान मात्र नै भइरहेको कुराले थाहा दिएको छ। त्यसैले नै उक्त धातु तीनवटाको क्षेत्रमा प्रत्युप्रस्थान पदलाई फेरि व्याख्या गरी नदेखाइएको भयो ।

यतिले वायुधातुको अभिनीहार प्रत्युप्रस्थान प्रज्ञप्ति पनि होइन; आनिशंस फल प्रत्युप्रस्थान पनि होइन; आकार प्रत्युप्रस्थान परमार्थ वायु नै मात्र हो; त्यसैले नै उक्त अभिनीहार प्रत्युप्रस्थान द्वारा पनि वायोधातुलाई विपश्यना भाविता गर्नुपर्ने भाविता गर्नु हुने कुरा दृढरूपले होश राख्नसक्ने भयो ।

विशेष होश दिलाउन मन लागेको के हो भने – अहिले हामीहरूले स्पष्ट गर्दै आएको परिशिष्टमा विपश्यना भाविता गर्नु हुने धर्मलाई भाविता गर्नु हुने कुरा स्पष्ट गरी देखाएको र हामीले दोषरोपण गर्न आएकोलाई स्पष्टीकरण दिएको मात्र समावेश गरेको छ; अरुहरूको काम कुरालाई बिगार्ने समावेश छैन; अरुलाई हानि हुनको निम्ति दोषारोपण गर्ने आक्षेप गर्नुलाई पनि समावेश गरेको छैन; परिशुद्ध चेतनाले सरल ढंगले जवाफ दिइराखेकोलाई विशेष होश राख्न दिन मन लागेको छ।

स्मृतिप्रस्थान पालि निश्चयमा परिशिष्ट स्पष्टीकरण यहिं समाप्त भयो ।